# चार्ल्स ग्रेन्डिसन फिनी

(सन् १७९२ - १८७५)

**प्रकाशक**
**ट्याबरनेकल अफ गड मिनिस्ट्रीज**
**बाह्रबिसे-९, सिन्धुपाल्चोक,**
**नेपाल**
**फोन : ०११-४८९००५**
**email: togmission@gmail.com**

पहिलो प्रकाशन : वि.सं. २०७६ (२०१९ A.D.)

अनुवादक : के.एम.दास

लिपिक : बच्चु गजमेर र सहदेव श्रेष्ठ

कम्प्युटर टाइपिङ्ग : सहदेव र शंकर

A Biography of Charles Grandison Finney
(The Men Whom God Trusted)

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| १. जन्म, प्रारम्भिक शिक्षा र उद्धारको खोजी | ५ |
| २. ख्रीष्ट येशूमा मुक्ति | ११ |
| ३. सेवाको सुरुवात | २२ |
| ४. ईश्वरशास्त्रीय शिक्षा र आडम्सको अरू अनुभवहरू | ३८ |
| ५. मिशनरीको रूपमा प्रचारको सेवा | ४६ |
| ६. इभान्स मिल्स, एन्टवर्प र गुभर्नरमा जागृति | ५३ |
| ७. वेस्टेर्न, रोम, युटिका, आबर्न, ट्राई र न्यु लेबनानमा जागृति | ६६ |
| ८. स्टिफेनटवन, विल्मीङ्टन, फिलडेल्फिया र रेडिङ्मा जागृति | ७६ |
| ९. कोलम्बिया, न्यु योर्क सिटी, राचेष्टर, आबर्न, बफ्यालो, प्रविडेन्स र बास्टनमा जागृति | ८५ |
| १०. पास्टरीय सेवा | ९४ |
| ११. ओबेर्लिन उच्च विद्यालयमा गरेको सुरुको परिश्रमहरू | १०३ |
| १२. बास्टन, प्रविडेन्स र राचेष्टरमा जागृति | ११० |
| १३. बेलायतको पहिलो भ्रमण - हार्टफोर्ड, वेस्टेर्न, सिरकुस र राचेष्टरमा जागृति | ११८ |
| १४. बास्टन, बेलायत, स्कटल्याण्ड र ओबेर्लिनमा जागृति - फिनीको जीवनको अन्तिम समयहरू | १२५ |

## धन्यवाद

सर्वप्रथम, सबै आशिष र अनुग्रहको स्रोत हुनुभएको र सबै कुरालाई सिद्ध तुल्याउनुहुने परमप्रभु परमेश्वरलाई नै धन्यवाद दिन चाहन्छौँ। मण्डलीको भक्ति वृद्धिको लागि भनी गरिएको यो कामको लागि प्रार्थना गरिदिनुहुने हरेकप्रति हामी आभारी छौँ, साथै त्रुटि सुधार्न सहयोग गर्नुभएका श्रीमान् जीवन चाम्लिंग, पा.बच्चु गजमेर र डि.सहदेव श्रेष्ठलाई पनि हामी धन्यवाद दिन चाहन्छौँ।

**सन्दर्भ सामग्री**

१. आत्मचरित्र : चार्ल्स फिनी (अध्याय १ – ५)
२. चार्ल्स फिनीको जीवन चरित्र : ए.एम.हिल्स (अध्याय ६ – १४)

# १

# जन्म, प्रारम्भिक शिक्षा र उद्धारको खोजी

परमेश्वर केही हदसम्म मेरो नाम र परिश्रमलाई ख्रीष्ट येशूको मण्डलीको विशाल गतिसँग जोड्न मञ्जुर हुनुभयो, जुन कुरालाई कुनै मानिसहरूले धार्मिक जागृतिको नयाँ युगको रूपमा हेर्थे।

मेरो मनले आफ्नो बारेमा बढी कुरा गर्न मानिरहेको थिएन तर मैले इमानदारीसाथ ती जागृति र त्यससँगको मेरो सम्बन्धको बारेमा बोल्दा, त्यो गर्न बाध्य हुन्छु। हालसालै ओबेर्लिन उच्च विद्यालयका जिम्मेवारी व्यक्तिहरूले यो कुरा मेरो अगाडि ल्याएर यो काम गर्न अनुरोध गरे। उहाँहरूले पनि, ख्रीष्टको लागि र मण्डलीहरूमा १८२१ देखि धेरै वर्षहरूसम्म न्यु योर्क र अन्य ठाउँहरूमा भएको जागृतिको बारेमा असल बुझाइ हुनको लागि पनि त्योसम्बन्धी लेख्न अनुरोध गरे, किनकि त्यो जागृतिलाई सबैभन्दा बढी गलत दृष्टिकोणले हेरिन्थ्यो, र विरोध गरिन्थ्यो।

TOC Mission

धेरैवटा कारणहरूले गर्दा म यो विषयतिर अनिच्छुक हुँदा–हुँदै अगाडि बढ्दैछु। मैले कुनै दैनिकीहरू लेख्ने गरेको थिइनँ र सधैँ मेरो स्मरण शक्तिमा नै भर पर्न परेको छु। स्वाभाविक रूपमा मेरो स्मरणशक्ति राम्रो छ र जागृतिहरूमा मैले देखेको घटनाहरूले मेरो मनमा गहिरो प्रभाव पारेका छन्। मलाई याद छ कि अरूले मैले भन्दा अझै स्पष्ट रूपमा यसको विवरण दिन समय पाउँछन्।

कनेक्टीकट प्रान्तको लिट्चफिल्ड भू–भागको वारेन (Warren) भन्ने ठाउँमा सन् १७९२ अगस्ट २९ तारिखमा मेरो जन्म भयो। म २ वर्षको

हुँदा, मेरो बुवा होनैडा भागमा पर्ने न्यु योर्कमा सर्नुभयो, जुन ठाउँमा प्रायजस्तो जङ्गल नै थियो। त्यहाँको बासिन्दाहरूलाई धार्मिक सेवा पाउने केही मौका थिएन। तिनीहरूको बीचमा थोरै धार्मिक पुस्तकहरू मात्र थिए। मैले सामुदायिक विद्यालयमा पढ्ने मौका पाएँ, गर्मीयाम र जाडोयाम हुँदै, मलाई लाग्छ, १६ वर्षको उमेरसम्म बिताएँ, त्यति बेलाको सामुदायिक विद्यालयको नियमअनुसार नै एउटा सामुदायिक विद्यालयमा पढाउन सक्ने व्यक्ति हुन पुगेँ।



**चार्ल्स फिनी जन्मेको घर - वारेन, कनेक्टीकट**

मेरो आमा बुवा दुवैजना नै धर्मप्रति वास्ता नराख्ने व्यक्तिहरू हुनुहुन्थ्यो, र हाम्रो छिमेकमा पनि धर्मप्रति आशा राख्ने मानिसहरू थोरै थिए। म विरलै प्रचार सुन्थेँ, सो कुनै समय त्यो बाटो जाने सेवकबाट हुन्थ्यो, अथवा कुनै बेला त्यो प्रान्तमा देखा पर्ने अबुझ प्रचारकबाट हुन्थ्यो। मलाई याद छ कि प्रचारकहरू यतिसम्म अबोध थिए कि मानिसहरू सभा सकेर आइसकेपछि प्रचारकको गल्तीहरू र अनर्थक कुराहरू सम्झेर नियन्त्रण हुन नसक्ने गरी हाँसिरहन्थे।

म २० वर्षको हुँदा कनेक्टीकटमा आइपुगेँ र त्यहाँबाट न्यु योर्क सहरको नजिक भएको न्यु जर्सीमा आएर पढाउने काम गर्न थालेँ, मैले अध्यापन गराएँ र सक्दो प्रयाससहित पढेँ; दुईपटक न्यु इङ्ल्याण्ड फर्की आएर माध्यामिक विद्यालयहरूमा केही समय बिताएँ।

मेरो शिक्षक, उहाँले चलाइरहेको उच्च शिक्षण संस्थामा पढ्नुपर्छ

भनी इच्छा व्यक्त गर्नुभयो, जुनचाहिँ दक्षिण प्रान्तमा थियो। मैले उहाँको अनुरोधलाई स्वीकार गरी मेरो पढाइलाई उहाँको निर्देशनमा पूरा गर्ने योजना बनाएँ। मेरो आमा बुवालाई नभेटेको ४ वर्ष भएको थियो; उहाँहरूले तुरुन्तै आफूहरूसँग जेफ्फेर्सन प्रान्तमा जाने कुरामा मेरो मन जित्नुभयो। उहाँहरूसँग गएपछि म सन् १८१८ मा त्यो प्रान्तको स्क्वाएर डब्ल्यु (Squire W) भन्ने व्यक्तिको कानुनी कार्यालयमा विद्यार्थीको रूपमा भर्ना हुने निर्णय लिएँ, जुनचाहिँ एडम्स (Adams) भन्ने ठाउँमा थियो।

यतिखेरसम्म मैले धार्मिक जीवनको लागि चाहेको कुराहरू केही पनि पाएको थिइनँ। न्यु इङ्ल्याण्डमा माध्यमिक विद्यालयमा पढेको समय बाहेक मैले कहिल्यै पनि प्रार्थना गर्ने समूहको बीचमा जीवन बिताएको थिइनँ। यो ठाउँको धार्मिक अवस्था मेरो ध्यानलाई आकर्षण गर्न नसक्ने खालको थियो। त्यहाँको प्रचार एकजना वृद्ध सेवकले गर्नुहुन्थ्यो, जुन व्यक्तिलाई त्यहाँका मानिसहरूले धेरै प्रेमसहितको इज्जत र आदरसँग हेर्थे; तर उहाँले आफ्नो प्रचारहरूलाई पढेर सुनाउँदा त्यसले मेरो मनलाई कुनै पनि प्रभाव पारेको थिएन। उहाँले सधैँ धेरै वर्ष अगाडि लेखेको आफ्नो प्रचारलाई एकनासले पढेर सुनाउनुहुन्थ्यो।

IOG Mission

हामी सभाबाट फर्किसकेपछि धेरै पल्ट मानिसहरूले उहाँको प्रचारको बारेमा राम्रो चर्चा गरेको सुनेको छु र कुनै बेला आफ्नो बीचमा घटेको घटनाहरूलाई दृष्टान्तको रूपमा प्रचार गर्नुभएको हो कि भनी सोच्थेँ। उहाँको प्रचारमा सुख्खा सिद्धान्तको वाद-विवादभन्दा केही बढी कुराहरू देख्यो भने, उहाँले केको बारेमा भन्न खोज्नुभएको थियो भनी बुझ्न मानिसहरूलाई कौतूहल हुन्थ्यो। यही नै मैले सुनेको असल प्रचार थियो। यस्तै प्रचारले धर्मको बारेमा केही नजानेको र वास्ता पनि नगर्ने एक जवान मानिसलाई कति प्रभाव पार्न सक्छ भनी जसले पनि अनुमान गर्न सक्छ।

यस्तो अवस्थामा म कानुनी शिक्षा पढ्नको लागि एडम्स गएको थिएँ, म अविश्वासी जसरी धर्मको कुनै वास्ता नगर्ने अवस्थामा थिएँ। म प्रायः जसो वनले घेरेको ठाउँमा हुर्किएको कारण विश्राम दिनको थोरै महत्त्व दिन्थेँ। धार्मिक सत्यताको पक्का ज्ञान ममा थिएन।

एडम्समा पहिलो पटक लामो समयसम्म शिक्षित सेवकको अधिनमा बसेँ। म गएको थोरै समयभित्र नै प्रिन्स्टन न्यु जर्सीको रेभ.जर्ज डब्ल्यु गेल (Rev. George W. Gale) त्यहाँको प्रस्वीटेरीयन मण्डलीको पास्टर हुनुभयो। उहाँले सिद्धान्तको प्रचार गर्दा क्याल्भेनिष्ट सिद्धान्तको प्रचार गर्नुहुन्थ्यो। उहाँलाई मानिसहरूले कट्टरवादीको रूपमा हेर्थे, तर मैले उहाँबाट कुनै पनि असल शिक्षा प्राप्त गर्न सकिनँ। उहाँ मेरो लागि बीचबाट प्रचार सुरु गर्ने व्यक्ति जस्तै देख्नुहुन्थ्यो भनेर मैले उहाँलाई कुनै बेला भन्थेँ। उहाँको प्रचार सुन्नेहरू सबै उहाँलाई शास्त्री सम्झेको जस्तै देखिन्थ्यो, तर मैले भन्नुपर्दा उहाँको प्रचारले ममा भक्ति वृद्धि हुनुको साटोमा गन्जागोल ल्यायो।

मेरो कार्यालयको नजिकै मण्डलीबाट एउटा प्रार्थना सभा सञ्चालन भइरहेको थियो। म कार्यालयबाट अनुमति पाउन सक्ने समयहरूमा त्यो सभामा सहभागी हुन्थेँ र प्रार्थना सुन्थेँ। मैले प्राथमिक कानुन अध्ययन गर्दा पुरानो लेखकहरूले सामान्य कानुनहरूको जगको रूपमा मोशाको कानुनहरूलाई उल्लेख गर्थे। यसले मेरो उत्सुकतालाई बढायो र मैले आफ्नो लागि एउटा बाइबल किनेँ, यो नै मेरो पहिलो बाइबल थियो; जहाँ–जहाँ मैले बाइबलको वचन उल्लेख भएको देखेँ, तुरुन्तै पानाहरू पल्टाएर त्यसको सम्बन्धमा बुझ्न खोजेँ। यसले बाइबलप्रति ममा नयाँ इच्छा ल्यायो, मैले कहिल्यै नगरेझैँ बाइबल पढ्न र अध्ययन गर्न थालेँ। यद्यपि मैले त्यसको प्रायः कुराहरूलाई बुझ्न सकिनँ।

पास्टर गेल हाम्रो कार्यालयमा बारम्बार आउने गर्नुभएको थियो, र उहाँको प्रचारले मेरो मनमा कस्तो प्रभाव ल्यायो भनी थाहा पाउन इच्छुक भएको जस्तै देखिन्थ्यो। म उहाँसँग खुलस्त रूपमा कुरा गर्थें; र अहिले मलाई लाग्छ दयाविना उहाँको प्रचारहरूलाई मैले आलोचना गरेको थिएँ।

उहाँसँग बातचित गर्दा र प्रश्नहरू सोध्दा, उहाँको आफ्नै मनमा गन्जागोल भएको पत्ता लगाएँ, उहाँ आफैले आफू प्रयोग गर्ने महत्त्वपूर्ण शब्दहरूको अर्थ आफैलाई स्पष्ट पार्न सक्नुभएन। उहाँले बारम्बार प्रयोग गर्ने औपचारिक शब्दहरूको ठीक अर्थ दिनु मलाई असम्भव लाग्थ्यो। उहाँले भन्ने पश्चात्तापको अर्थ के हो? त्यो आफ्नो पापको लागि महसुस गरिने दुःख मात्र हो कि? त्यो आफ्नो मनको निष्क्रिय अवस्था मात्र

TOC Mission

हो कि अथवा त्यसमा व्यक्तिगत तत्वहरू पनि सहभागी हुन्छन्? त्यो मनको परिवर्तन हो भने कुन तरिकाको परिवर्तन हो? उहाँले प्रयोग गर्ने नवीकरण भन्ने शब्दको अर्थ के हो? त्यस्तो शब्द आत्मिक परिवर्तनको लागि प्रयोग गर्दा के अर्थ दिन्छ? उहाँले भन्ने विश्वासको अर्थ के हो? त्यो खाली मनको अवस्था मात्र हो? त्यो प्रमाण नचाहेको विश्वास हो कि अथवा सुसमाचारमा भनिएको कुराहरू सत्य हो भनी मानिलिन गरिने जबरजस्ती? उहाँले भन्ने पवित्रीकरणको अर्थ के हो? त्यसमा कुनै शारीरिक परिवर्तनको समावेश हुन्छ कि अथवा परमेश्वरको प्रभावद्वारा हुने परिवर्तनहरू? कुन अर्थमा उहाँले यी शब्दहरूलाई प्रयोग गर्नुभयो, मैले भन्न सकिनँ न ता उहाँलाई थाहा भए जस्तै लाग्थ्यो?

म बाइबल पढ्दै प्रार्थना सभाहरूमा सहभागी हुँदै पास्टर गेलको प्रचार सुन्दै र उहाँ र मण्डलीको अगुवाहरूसँग बातचित गर्दै जाँदा धेरै सलबलाउन थालेँ। एउटा सानो कुरामा म पक्का थिएँ, त्योचाहिँ मरे भने स्वर्ग जाने अवस्थामा म छैन। धार्मिक कुराहरूमा अनन्त महत्त्व भएको कुनै कुरा हुनुपर्छ भन्ने मलाई लाग्थ्यो; र एउटा कुरामा पक्का भएँ, यदि प्राण अविनाशी नै हो भने स्वर्गको आनन्दको लागि तयार हुन मभित्र एउटा महान् परिवर्तनको आवश्यक हुन्छ। तर ख्रीष्टिय धर्मको सुसमाचार सत्य हो कि अथवा झूटो हो भन्ने कुरामा मेरो मन ठोस निर्णयमा आएको थिएन। यो प्रश्न यति ठूलो थियो, कि मैले विश्राम लिन सकिनँ।

मैले हप्तैपिच्छे सुन्दै आएको उहाँहरूको प्रार्थनाहरूको उत्तर आएको छैन भन्ने यथार्थले अझै मलाई समस्यामा पार्‍यो, हुन त मैले त्यो प्रार्थना गर्ने तरिका र तिनीहरूको आफ्नै टिप्पणीबाट बुझेको थिएँ कि, ती प्रार्थनाहरूको उत्तर आए जस्तै तिनीहरू आफैले ठान्दैन थिए।

मैले बाइबल पढ्दा ख्रीष्ट येशूले प्रार्थना र त्यसको उत्तरको बारेमा के भन्नुभएको छ भनी सिकेँ। उहाँले भन्नुभयो, "माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूको निम्ति उघारिनेछ।" परमेश्वरले माग्ने हरेकलाई, संसारको आमाबुवाहरूले आफ्नो नानीहरूलाई असल थोकहरू दिनुभन्दा अझै बढ्ता गरी आफ्नो पवित्र आत्मा दिनुहुन्छ भनी ख्रीष्टले भन्नुभएको कुरालाई पनि पढेँ। तिनीहरूले सधैँ आफ्नो प्रार्थनामा पवित्र आत्माको अभिषेकको लागि

IOG Mission

मागिरहे तर तिनीहरूले मागेको कुरा पाएको छैन भनी कहिलेकाहीँ मात्र स्वीकार गर्दथे। उहाँहरूले एक–अर्कालाई जागा रहन, धार्मिक जागृतिको लागि प्रार्थना गर्न अर्ती दिन्थे र निश्चित थिए कि हामीहरूले आफ्नो कर्तव्य पूरा गऱ्यौँ र पवित्र आत्माको अभिषेक तीव्र गतिमा खन्याइनको लागि गम्भीरतासाथ प्रार्थना गऱ्यौँ भने परमेश्वरको आत्मा खन्याइने छ र धार्मिक जागृति हुनेछ र पश्चात्तापहीन मानिसहरूको परिवर्तन हुनेछ। तर तिनीहरूको प्रार्थना र सभाहरूमा, त्यस्तो जागृति हुनको लागि कुनै प्रगति गरेको छैन भनी बलियो रूपमा स्वीकार गर्थे।

मैले अझै बाइबल पढ्दै जाँदा तिनीहरूको प्रार्थनाको उत्तर नआउने कारण थाहा हुन आयो। त्योचाहिँ प्रार्थनाको उत्तर पाउनको लागि परमेश्वरले प्रकट गराएको सर्तसँग नमिलेको कारण थियो। तिनीहरूले विश्वाससहित प्रार्थना गरेनन्। यथार्थमा आफूले मागेको कुरा परमेश्वरले दिनुहुन्छ भन्ने आशा राखेनन्।

TOC Mission

यो सोच कुनै बेलासम्म गञ्जागोल पार्ने प्रश्नको रूपमा मनमा रहिरह्यो, २ अथवा ३ वर्षको लडन्तको पछाडि नबुझ्ने कुराहरू जति मेरो मनमा वा पास्टर वा विश्वासीहरूको मनमा भए तापनि बाइबल परमेश्वरको सत्य वचन हो भन्ने कुरामा मेरो मन निश्चित भयो। सुसमाचारको सत्यसम्बन्धी प्रश्नहरूमा यो कुराले मेरो मनलाई शान्त पाऱ्यो।

यो कुरामा पक्का भइसकेपछि, सुसमाचारले भनेको जस्तो मैले ख्रीष्टलाई स्वीकार गर्छु कि अथवा सांसारिक जीवनलाई पछ्याउँछु भन्ने प्रश्नको अघि आमुन्नेसामुन्ने आइपुगेँ। यति बेलाको समयमा मेरो मन पवित्र आत्माद्वारा यति प्रभावित भएको थियो, कि मैले यो प्रश्नको उत्तर नपाएको अवस्थामा लामो समय रहन नसक्ने भएँ।

# २

# ख्रीष्ट येशूमा मुक्ति

मैले सन् १८२१ शरद ऋतुको एक आइतबारको बेलुकी, सकेँ भने परमेश्वरसँग मिलापमा आउने निर्णयको साथ, मेरो प्राणको उद्धारसम्बन्धी प्रश्नको अन्त गर्ने निर्णय गरेँ, तर म कार्यालयको काममा एकदमै व्यस्त थिएँ; ठूलो स्थिरताविना यो विषयलाई प्रभावशाली तरिकाले अगाडि बढाउन सकिँदैन भनी मलाई थाहा थियो। सबै कामहरू र मेरो ध्यानलाई खिच्ने सबै कुराहरूबाट अलग्गिएर मेरो प्राणको उद्धारको लागि गर्नुपर्ने कामको लागि आफैलाई दिन मैले पूर्ण रूपमा निर्णय गरेँ। यो निर्णयलाई आफूले सक्ने गम्भीरता र पूर्णतासहित कार्यान्वियन गरेँ, तर भए पनि कार्यालयमा रहनुपर्ने बाध्यतामा थिएँ। तर परमेश्वरको अनुग्रहले सोमबार र मङ्गलबार मलाई त्यति काम थिएन, यसकारण प्रायः समयहरू बाइबल पढ्न र प्रार्थनामा बिताउन पाएँ।

आफूलाई थाहा नहुँदा–नहुँदै म धेरै घमण्डी थिएँ। म अरूको धारणाहरूको त्यति वास्ता गर्दिन थिएँ। म प्रार्थना गर्दा मन्द स्वरमा गर्थें, त्यो पनि ढोकाको चाबी लगाउने द्वार समेत बन्द गरिसकेपछि, ताकि मैले प्रार्थना गरिरहेछु भन्ने कुरा अरूले थाहा नपाओस्। त्यति बेलासम्म मेरो बाइबल र कानुनका किताबहरू सँगै मेरो टेबलमा थियो, मैले अन्य किताब पढेको थाहा पाएकोमा जसरी लाज लाग्दैन थियो, त्यसरी नै त्यो पढेकोमा पनि लाज लाग्दैन थियो।

तर जुन बेलादेखि मेरो प्राणको उद्धार भन्ने विषयमा लागेँ, त्यति बेलादेखि मेरो बाइबललाई मैले लुकाएँ। मैले बाइबल पढिरहेको समयमा

कोही आयो भने, त्यो मेरो हातमा थिएन भन्ने जस्तै देखिनको लागि त्यसमाथि कानुनको किताबहरूलाई थुपार्थें। म मेरो सेवकलाई भेट्न चाहँदिन थिएँ; किनभने मेरो अवस्थाको बारेमा उहाँलाई थाहा दिने मलाई मन थिएन, साथै उहाँले मेरो अवस्थालाई बुझेर मलाई चाहेको निर्देशन दिन सक्नुहुन्छ भनी विश्वास पनि लागेन। त्यस्तै भएकाले मण्डलीको अगुवाहरू र विश्वासीहरूसँग बातचित गर्न तर्किन्थेँ, मलाई कस्तो महसुस भइरहेछ भन्ने कुराको बारेमा उहाँहरूलाई थाहा दिन मलाई लाज लाग्थ्यो, अर्कोपट्टि उहाँहरूले मलाई गलत बाटोमा डोर्‍याउन सक्छ भन्ने डर पनि लाग्थ्यो। त्यसकारण बाइबलमा नै बाँधिएको महसुस गरेँ।

सोमबार र मङ्गलबार मेरो मनमा आफू दोषी भएको महसुस बढ्दै गयो तापनि अझै हृदय कठोर भएको जस्तै देखिन्थ्यो। मैले एक थोपा आँसु पनि झार्न सकिनँ, प्रार्थना गर्न पनि सकिनँ। मेरो लागि सास फेर्न आवाजभन्दा ठूलो आवाजले प्रार्थना गर्ने वातावरण थिएन; म एकान्त ठाउँमा हुन पाएर आफ्नो मनको कुरालाई ठूलो स्वरले बग्न दिएँ भने प्रार्थनामा आराम पाउँछु जस्तै घरी–घरी लाग्थ्यो। तर म मेरो प्राणको उद्धारको खोजीमा रहेछु भनी कसैको मनमा शङ्का पनि उत्पन्न नहुने गरी यो काम गर्न प्रयत्न गरिरहेको थिएँ।

मङ्गलबार राती म धेरै हडबडाउन थालिसकेको थिएँ र त्यस दिन रात आफू मर्न गइरहेछु जस्तो एउटा अनौठो विचार ममा आयो। मलाई थाहा थियो, म मरेँ भने नरक कुण्डमा डुब्छु तर सक्दो प्रयासले बिहानसम्म आफूलाई शान्त पारेँ। म बिहान चाँडै कार्यालय जानको लागि निस्किएँ तर कार्यालयमा आइपुग्नुभन्दा अघि नै, केही प्रश्नहरू मेरो सामुन्ने आएजस्तै देखिन्थ्यो : यथार्थमा त्यो आफ्नो मनभित्र हुने सोधपुछ जस्तै देखिन्थ्यो, एउटा सानो स्वरले भने जस्तै लाग्थ्यो,

“तिमी के को लागि पर्खिरहेछौ? तिमीले आफ्नो हृदय परमेश्वरलाई दिने प्रतिज्ञा गरेनौ?

तिमी के गर्न खोजी रहेछौ? के तिमी आफ्नो प्रयासले धर्मी बन्ने प्रयास गरिरहेछौ?

यतिखेरको समयमा उद्धारको बारेमा मेरो मनमा भएको सबै प्रश्नहरूको उत्तर आश्चर्यजनक रूपमा मेरो मनले पायो। त्यति बेला ख्रीष्टको प्रायश्चित्तको वास्तविकता र पूर्णता कहिल्यै नभएझैँ स्पष्ट रूपमा देखेँ जस्तै मलाई लाग्छ। उहाँको उद्धारको काम सिद्ध भएको मैले देखेँ र परमेश्वरको नजिक जानको लागि ममा कुनै धार्मिकताको आवश्यकता हुनुको साटोमा ख्रीष्टद्वारा पाइने ईश्वरीय धार्मिकतालाई स्वीकार गर्नुपर्छ भन्ने थाहा पाएँ। उद्धारको सुसमाचार एउटा स्वीकार गर्नुपर्ने प्रस्ताव, जुनचाहिँ आफैमा पूर्ण र परिपक्व छ; र मैले गर्नुपर्ने सबै पाप त्याग्न आफू सहमत हुनु र ख्रीष्टलाई स्वीकार गर्नु मात्र हो। मलाई लाग्थ्यो, उद्धार आफ्नो परिश्रमले पाउने कुरा होइन र पूर्ण रूपमा ख्रीष्ट येशूमा पाउने कुरा हो, जसले मेरो अगाडि आफूलाई परमेश्वर र मुक्तिदाताको रूपमा प्रस्तुत गर्नुभयो।

आफूलाई थाहा नभएको अवस्थामा, मभित्रको आवाजले मलाई कैद गरेको त्यही ठाउँमा, बाटोमा नै उभिरहेको थिएँ। कति लामो समय त्यो अवस्थामा थिएँ भनेर भन्न सक्दिनँ। यो अनौठो प्रकाश मेरो मन अगाडि केही समय रहिरहेपछि यस्तो प्रश्न सोधे जस्तै लाग्थ्यो, "आज यो कुरालाई तिमी स्वीकार गर्छौ?" मैले जवाफ दिएँ, "हो; आज म यो कुरालाई स्वीकार गर्छु अथवा त्यसको प्रयासमा मर्छु"।

गाउँको उत्तरी भागमा एक पहाडमाथि सानो जङ्गल थियो, जहाँ मौसम सफा भएको समयमा घुम्न जाने गर्थें। अहिले अक्टोबर महिना भइसकेको थियो, र त्यहाँ घुम्न जाने समय पनि गइसकेको थियो, यद्यपि आफू एक्लै कसैले नदेख्ने र नसुन्ने ठाउँमा हुनुपर्छ, ताकि आफ्नो मनको कुरालाई प्रार्थनामा परमेश्वरको अगाडि पोखाउन सकिन्छ भन्ने सोचले, कार्यालयमा जानुको साटोमा, त्यो जङ्गलतिर जान लागेँ।

अझै ममा घमण्डीपन प्रकट हुन्थ्यो। म पहाडमा जाँदै गर्दा कसैले मलाई देखेर म प्रार्थना गर्न गइरहेछु भनेर सोच्न सक्छन् भनी लाग्थ्यो, तथापि गएको देखे पनि त्यसरी सोच्न सक्ने व्यक्ति संसारमा कोही पनि छैन। तर मेरो घमण्ड यति ठूलो थियो, र मानिसको डर ममा यति बढी थियो, कि गाउँको मानिसहरूले मलाई देख्न नसक्ने ठाउँसम्म बारको छेउछेउ लुकी माथि गएँ। त्यसपछि म जङ्गलभित्र पसेँ, पहाडको उत्तरपट्टि झण्डै

आधा माइलसम्म गएको जस्तो अहिले मलाई लाग्छ, बीचमा ठाउँ हुने गरी ठूला रूखहरू एक–अर्को माथि तेर्सो लडिरहेको एउटा ठाउँ भेट्टाएँ, त्यहाँ गएर प्रार्थना गर्नको लागि घुँडा टेकैँ। माथि जङ्गलमा जानुभन्दा अगाडि यसो भनेको थिएँ, "म मेरो हृदय परमेश्वरलाई दिन्छु, हैन भने म त्यहाँबाट ओर्लि आउँदिन।" म यसो भन्दै माथि उक्लेको पनि याद छ, "म माथिबाट ओर्ली आउनुभन्दा अघि परमेश्वरलाई मेरो हृदय दिएर मात्र ओर्लिन्छु।"

तर मैले प्रार्थना गर्ने प्रयास गर्दा मेरो हृदयले प्रार्थना गर्न नसकेको देखेँ। मैले ठानेको थिएँ, कसैले नसुन्ने अवस्थामा प्रार्थना गर्न पाएँ भने मात्रै खुलस्त रूपमा प्रार्थना गर्न सक्छु। तर लौ ! मैले त्यस्तो गर्न आउँदा गुँगा भएँ; अर्थात् परमेश्वरलाई भन्न ममा केही कुरा नै छैन अथवा थोरै शब्दहरू भने तापनि त्यो हृदयबाट आएको थिएन। मैले प्रार्थना गर्ने प्रयास गर्दा पातहरूको सरसर आवाज सुनेजस्तै लाग्थ्यो र प्रार्थनालाई रोकेर कोही आउँदैछ कि भनी हेर्थें, यस्तै धेरैपटक गरेँ।

अन्तमा आफू निराश हुनतिर छिटो अघि बढिरहेको देखेँ। मैले आफैलाई भने, "म प्रार्थना गर्न सक्दिनँ। मेरो हृदय परमेश्वरको लागि मरेको छ र प्रार्थना गर्न सक्दिनँ।"। त्यसपछि म जङ्गलबाट फर्कनुभन्दा अघि आफ्नो हृदय परमेश्वरलाई दिने प्रतिज्ञा गरेको कुरा सम्झेर आफैलाई निन्दा गरेँ। मैले प्रयास गर्न आउँदा आफ्नो हृदय परमेश्वरलाई दिन नसक्ने कुरा देखेँ तर मेरो प्राण पछि हट्यो र मेरो हृदयबाट केही कुरा निस्केन। अब समय बितिसकेको महसुस गर्न थालेँ; हुन सक्छ कि परमेश्वरले मलाई त्याग्नुभयो, र अब मेरो लागि कुनै आशा छैन।

परमेश्वरलाई मेरो हृदय दिन्छु अथवा त्यसको प्रयासमा मर्छु भनी हतारमा प्रतिज्ञा गरेँ भन्ने सोचले मलाई थिच्न थाल्यो, त्यसले मेरो आत्मालाई बाँधिएको जस्तै लाग्थ्यो, यद्यपि म आफ्नो प्रतिज्ञालाई भङ्ग गर्न गइरहेको थिएँ। एउटा डुब्ने अनुभव र निराशपना ममा आयो र घुँडामा उभिन नसक्ने गरी धेरै कमजोरी भएको महसुस गरेँ।

त्यही बेला कोही मेरो नजिक आएको जस्तै लागेर आफ्नो आँखाहरू खोलेर हेर्न लागेँ। त्यतिखेर मेरो लागि ठूलो बाधाको रूपमा खडा भएको

मेरो घमण्डीपनलाई छुट्टै रूपमा परमेश्वरले देखाउनुभयो। परमेश्वरको अगाडि मैले घुँडा टेकेको मानिसहरूले देख्दा शर्माउने मेरो दुष्टताको महसुस यस्तो शक्तिशाली तरिकाले मलाई समात्यो कि मैले उच्च स्वरमा चिच्याएर भनेँ, "पृथ्वीमा भएका सबै मानिसहरू र नरकमा भएको सबै दुष्ट आत्माहरू सबै मेरो वरिपरि भए तापनि म यो ठाउँ छोडेर जाँदिन", मैले भने, "यस्तो तुच्छ पापी म घुँडामा उभिएर मेरो पापलाई महान् र पवित्र परमेश्वरको अगाडि स्वीकार गरिरहेको छु; र म घुँडामा भएर मैले दु:खित तुल्याएको परमेश्वरसँग मिलापमा आउन प्रयत्न गरिरहेको कुनै मानिसहरू, म जस्तै पापीहरू, देखेकोमा शर्माउँदछु।" यो मेरो पाप साह्रै नराम्रो र सीमा नभएको जस्तै देखियो, यसले मेरो हृदयलाई परमेश्वरको अगाडि फुटायो।

यतिखेर धर्मशास्त्रको यो वचन ठूलो ज्योतिसँग मेरो मनमा ओर्लेको जस्तो लाग्थ्यो, "तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। जब तिमीहरूले आफ्नो सारा हृदयले मलाई खोज्नेछौ तब तिमीहरूले मलाई खोजेर पाउनेछौ।" तुरुन्तै यो कुरालाई हृदयमा पक्रे, मैले बाइबललाई ज्ञानमा आधारित भएर विश्वास गर्थें तर यो सत्य मेरो मनमा थिएन कि विश्वास बौद्धिक भाव होइन तर स्वेच्छाले गरिने भरोसा हो। त्यति बेला परमेश्वरको विश्वसनीयतालाई आफ्नो अस्तित्वको चेतना जस्तै विश्वास गरेँ। मैले पहिले यी बाइबलको खण्डहरू नपढेको भए तापनि कुनै तरिकाले यो बाइबलको वचन हो भनी मलाई थाहा थियो। मलाई थाहा थियो, कि यो परमेश्वरको वचन हो र उहाँकै आवाज हो, जुन कुरा मैले सुनिरहेको थिएँ। मैले ठूलो स्वरले कराएर भनेँ, "प्रभु, म तपाईंलाई आफ्नो वचनले बाँध्दैछु। अहिले तपाईंलाई थाहा छ कि म सारा हृदयले खोज्दैछु र यहाँ तपाईंलाई प्रार्थना गर्न आएको छु र मेरो प्रार्थना सुन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छ।"

त्यो दिन परमेश्वरलाई मैले गरेको प्रतिज्ञासम्बन्धी प्रश्नहरूलाई यो कुराले हटाए जस्तै देखियो। ईश्वरीय आत्माले, "जब तिमीहरूले आफ्नो सारा हृदयले मलाई खोज्नेछौ" भन्ने कुरामा मेरो ध्यानलाई केन्द्रित गराउन खोजे जस्तै लाग्यो। वर्तमान कालमा भनेको 'जब' भन्ने शब्द मेरो हृदयमा बलियो रूपमा परे जस्तै लाग्यो। मैले प्रभुलाई उहाँको आफ्नो वचनले समातेको छु र उहाँ झूट बोल्न सक्नुहुन्न, यसैकारण मेरो प्रार्थनाको

सुनाइ भयो, र उहाँलाई म भेट्टाउने छु भनी निश्चित भएँ।

त्यसपछि उहाँले मलाई पुरानो र नयाँ करारबाट अरू धेरै प्रतिज्ञाहरू पनि दिनुभयो, विशेष गरी ख्रीष्ट येशूसम्बन्धी अति बहुमूल्य प्रतिज्ञाहरू दिनुभयो। ती प्रतिज्ञाहरू कति बहुमूल्य र सत्य लागेको थियो भन्ने कुरालाई म कहिल्यै पनि शब्दहरूले कसैलाई बुझाउन सक्दिनँ। मैले ती प्रतिज्ञाहरूलाई झूट बोल्न नसक्ने परमेश्वरको घोषणा र गलत हुन नसक्ने सत्यताको रूपमा एकपछि अर्को गरेर लिएँ। ती सबैलाई एउटा डुबिरहेको मानिसले जसरी बलियो रूपमा समातेँ र आफ्नो बनाएँ।

यसरी प्रार्थना गर्दै उचित प्रतिज्ञाहरू पाउँदै लामो समय बिताएँ, कति समय बित्यो मलाई याद छैन। मैले मेरो मन पूर्ण रूपमा भरुञ्जेल प्रार्थना गरेँ, त्यो थाहा पाउनुभन्दा अघि नै, म आफ्नो खुट्टामा उभिएको थिएँ र बिस्तारै सडकतिर हिँडिरहेको थिएँ। उद्धार पाएँ कि भन्ने प्रश्न ममा त्यति उठेको थिएन तर पातहरू र झारहरूको बीचमा हिँड्दै गर्दा मैले जोड दिएर यस्तै भनेको मलाई याद छ, "मैले उद्धार पाएँ भने, म सुसमाचार प्रचार गर्छु।"

म गाउँ जाने सडकमा आइपुग्दा भएको घटनाक्रमको प्रभाव ममा देख्न थाल्यो र मेरो मन अचम्म तरिकाले शान्तिले भरेको थियो। मैले आफैलाई भनेँ, "यो के हो? मैले पवित्र आत्मालाई दुःखित तुल्याएर मबाट हटाएको हुनुपर्ने, आफू दोषी भएको महसुस गुमाएको छु। मलाई मेरो प्राणको फिक्री अलिकति पनि छैन; यो त पक्कै मलाई परमेश्वरको आत्माले त्यागेको कारण नै हुन सक्छ, किन यस्तै भयो? म त आफ्नो प्राणको वास्ता गर्नुबाट कहिल्यै पनि टाढा हुनेछैन भनेर सोचेको थिएँ"।

त्यसपछि म घुँडामा हुँदा परमेश्वरलाई के भनेको थिएँ भन्ने याद आयो, म उहाँलाई आफ्नो वचनले समात्छु भनी भनेको थिएँ, अझ मैले भनेको थुप्रै कुराहरू याद आयो र परमेश्वरको आत्माले मलाई त्याग्नुभयो भन्ने निष्कर्षमा आइपुगेँ। म जस्तै पापीले परमेश्वरको वचनलाई यसरी समात्नु उहाँलाई निन्दित तुल्याउनु नभए तापनि अहङ्कार नै हो। मेरो उत्साहमा पवित्र आत्मालाई दुःखित तुल्याएँ र क्षमा दिन नसक्ने पाप गरेँ भन्ने निष्कर्षमा आएँ।

म शान्तसँग गाउँतिर हिँडें। त्यो अक्टोबर १० तारिख सुखद र रमाइलो दिन थियो। म बिहान खाजा खाने बित्तिकै जङ्गलमा गएको थिएँ र म फर्कंदा, दिउसोको खानाको समय भइसकेको थियो। मैले समय बितेको थाहै पाइनँ, गाउँबाट थोरै समयको लागि निस्केर आए जस्तै मलाई लाग्थ्यो।

तर मेरो मनको शान्त अवस्थाको विवरण कसरी दिऊँ? मैले आफू दोषी भएको महसुसलाई फेरि ल्याउन कोसिस गरेँ, ताकि मैले बोकेको त्यो पापको भारलाई फेरि पाउन सकूँ। तर मेरो पापको महसुस अथवा चेतना पूर्ण रूपमा मबाट हटिसकेको थियो, "यो के हो? म जस्तै महापापीले आफ्नो अपराधलाई महसुस गर्न सकिरहेको छैन?" मैले व्यर्थमा आफ्नो अहिलेको अवस्थाको बारेमा चिन्तित बन्न प्रयास गरेँ। मेरो मन शान्त र शान्तिले भरेको थियो, मैले परमेश्वरको आत्मालाई दु:खित तुल्याएको कारण यो भएको हो कि भनी मेरो शान्त अवस्थाको बारेमा चिन्तित हुन कोशिश गरेँ। तर त्यो अवस्थालाई जुनसुकै दृष्टिकोणले मैले हेरेँ तापनि आफ्नो प्राणको आत्मिक अवस्थाको बारेमा म दु:खित हुन सकिनँ। मेरो मन व्यक्त गर्न नसक्ने जसरी तनावहीन थियो। म यो कुरालाई शब्दहरूमा व्याख्या गर्न सक्दिनँ। परमेश्वरसम्बन्धी सोच मेरो मनमा धेरै मीठो थियो, र अति गहिरो आत्मिक शान्तिले मलाई पूर्ण रूपमा आफ्नो बनाएको थियो। यो एउटा ठूलो रहस्य थियो, तर त्यसले मलाई चिन्तित अथवा गन्जागोल बनाएन।

म कार्यालयमा गएँ र स्क्वाएर डब्ल्यु भोजनको लागि बाहिर जानुभएको रहेछ। मैले मेरो सारङ्गी निकालेर आफूले सधैँ गर्ने जसरी कुनै धार्मिक गीतहरू बजाउन थालेँ। तर मैले त्यो धार्मिक गीतहरू गाउन सुरु गर्न बित्तिकै रुन थालेँ। मेरो हृदय नै तरल पदार्थ जस्तै लाग्यो; र मेरो मनको अवस्था यस्तो थियो, कि मेरो भावना बगिनिस्कँदा आफूले गाएको गीतको आवाज पनि सुन्न सकिनँ। म आश्चर्यचकित भएँ र आफ्नो आँसुलाई रोक्ने प्रयास गरेँ तर सकिनँ। व्यर्थमा आँसु रोक्न प्रयास गरिसकेपछि मैले मेरो वाद्यलाई राखेँ र गाउन छोडेँ।

खानापछि हामी हाम्रो किताबहरू र फर्निचरहरूलाई अर्को कार्यालयमा सार्नुमा व्यस्त भयौँ। हामी यो काममा धेरै व्यस्त भयौँ र मध्यान्हसम्म थोरै

बातचित गऱ्यौँ। तर मेरो मन त्यो गहिरो शान्त अवस्थामा नै रहिरह्यो।

बेलुकी हुनुभन्दा अलिकति अघि, म नयाँ कार्यालयमा एक्लै हुने बित्तिकै त्यो सोचले मलाई समात्यो। जतिसुकै मूल्य चुकाउनु परे तापनि, धार्मिक विषयलाई त्याग्नुहुँदैन भन्ने विचारले फेरि पनि प्रार्थना गर्न प्रयास गरेँ। मेरो प्राणको फिक्री ममा थिएन तरै भए पनि प्रार्थना गरी नै रहे।

बेलुकीसम्म हामीले सबै किताब र फर्निचरहरू मिलायौँ र त्यो बेलुकीलाई एक्लै बिताउने सोचले आगो बाल्ने ठाउँमा ठूलो आगो बालेँ। सबै कुरा मिलेको देखिसकेपछि रातपर्दा स्क्वाएर डब्ल्युले मसंग  बिदा लिएर घर जानुभयो। मैले उहाँलाई ढोकासम्म पुऱ्याएँ र ढोका बन्द गरेर फर्किने बित्तिकै मेरो हृदय फेरि पनि तरल पदार्थ भए जस्तै लाग्यो। मेरो सबै भावनाहरू फेरि पनि माथि उठ्न थाले र बग्न थाले र मेरो हृदयको आवाज यही नै थियो, “म मेरो पूर्ण आत्मालाई परमेश्वरको अगाडि खन्याउन चाहन्छु”। मेरा भावनाहरू यति बलियो रूपमा माथि आउन थाले कि म हतारसहित कार्यालय पछाडिको कोठामा प्रार्थना गर्न गएँ।

कोठामा आगो थिएन र बत्ती पनि थिएन तरै पनि कोठा उज्यालो भए जस्तै लाग्थ्यो। मैले भित्र गएर ढोका बन्द गरेँ। येशू ख्रीष्टलाई आमुन्नेसामुन्ने भेटे जस्तै मलाई लाग्थ्यो, त्यो पूर्ण रूपमा मनको अवस्था हो भनी मैले केही समयसम्म थाहा पाउन सकिनँ। त्यसको ठीक विपरीत अरू मानिसहरूलाई देखे जसरी मैले उहाँलाई देखेँ जस्तो लाग्थ्यो। उहाँले केही पनि भन्नुभएन तर म फुटेर उहाँको खुट्टामुनि पर्ने गरी मलाई हेर्नुभयो। त्यहाँदेखि यताको समयहरूमा भएको मेरो मनको अवस्थालाई एउटा उल्लेखनीय कुरा ठान्छु, किनभने उहाँ मेरो अगाडि उभिनुभयो, र म उहाँको पाउदानमा परेर आफ्नो आत्मालाई उहाँको लागि खन्याएँ, यो कुरा मेरो लागि वास्तविक जस्तै लाग्यो। म बच्चा जसरी ठूलो स्वरले रोएँ र मेरो निस्सासिएको आवाजले आफ्नो अपराधहरूलाई स्वीकार गरेँ र उहाँको पाउहरूलाई मेरो आँसुले धोएको जस्तै लाग्थ्यो तर भए पनि अहिले मलाई याद भएअनुसार उहाँलाई छोएको अनुभवचाहिँ गरेको थिइनँ।

यसरी मैले लामो समय बिताएँ होला तर मेरो मन पूर्ण रूपमा

ख्रीष्टसँगको भेटघाटमा नै केन्द्रित भएको कारणले मैले के भनेको थिएँ भन्ने कुरा मलाई याद छैन। त्यो भेटघाटबाट छुट्टिन सक्ने गरी मेरो मन शान्त भइसकेपछि म कार्यालयको अगाडि कोठामा आइपुगेँ, मैले धेरै दाउराहरू राखेर बालेको आगो झण्डै निभ्न लागिसकेको थियो। तर म आगोको छेउमा बस्न लाग्ने बेलामा मैले पवित्र आत्माको शक्तिशाली बप्तिस्मा पाएँ। त्यसको कुनै चाहना नगरेको र त्यस्तो एउटा कुरा छ भनी मनमा नसोचेको र कसैबाट नसुनेको अवस्थामा, पवित्र आत्मा मेरो शरीर र आत्मा भित्रैसम्म गएजस्तै लाग्ने गरी ममा ओर्लनुभयो। मभित्र विद्युतको प्रवाह भए जस्तै मैले अनुभव गरेँ। त्यो छाल भएर प्रेमको छालको रूपमा आएको जस्तै लाग्थ्यो, मैले यसलाई अरू कुनै तरिकाले व्याख्या गर्न सकिनँ। त्यो परमेश्वरको आफ्नै श्वास जस्तै लाग्थ्यो। अहिले सम्झँदा, त्यो विशाल पङ्खाबाट ममा हावा लागे जस्तै लाग्छ।

मेरो हृदयमा खन्याइएको आश्चर्यपूर्ण प्रेमको बारेमा कुनै शब्दहरूमा अभिव्यक्त गर्न सकिँदैन। म आनन्द र प्रेमले भरिएर ठूलो स्वरमा रोएँ । त्यो छाल एकपछि अर्को गरेर ममा आइरह्यो, आइरह्यो, आइरह्यो। मैले, "यो छाल ममा आइरह्यो भने म मर्छु। प्रभु योभन्दा बढी म थाम्न सक्दिनँ" भनी ठूलो स्वरले भनुञ्जेल आइरह्यो, तर मृत्युको डरचाहिँ ममा थिएन।

यसरी पवित्र आत्माको बप्तिस्मा ममाथि र मभित्र आइरहेको अवस्थामा कति समयसम्म बिताएँ मलाई थाहा छैन। मेरो मण्डलीको साङ्गीतिक झुण्डको एकजना सदस्य राती मलाई भेट्न आउनुभयो (म नै साङ्गीतिक झुण्डको अगुवा थिएँ)। यसरी ठूलो स्वरले मलाई रोइरहेको देखेर भन्नुभयो, "श्रीमान् फिनी, तपाईंलाई केले सताइरहेछ?" केही बेलासम्म मैले उहाँलाई जवाफ दिन सकिनँ। उहाँले फेरि भन्नुभयो, "तपाईं पीडामा हुनुहुन्छ?" सकेसम्म आफूलाई स्थिर बनाएर जवाफ दिएँ, "होइन, तर म जिउन नसक्ने गरी धेरै आनन्दित छु।"

उहाँ कार्यालय छोडेर फर्की जानुभयो, एकैछिनमा हाम्रो कार्यालयको ठीक अगाडि पसल भएको एकजना चर्चको एल्डरलाई लिएर आउनुभयो। त्यो एल्डर गम्भीर हुनुहुन्थ्यो, र म उपस्थित भएको ठाउँहरूमा होशियारी हुनुहुन्थ्यो, र उहाँ हाँसेको विरलै देखेको थिएँ। उहाँ भित्र आउँदा, त्यो जवान मानिस मलाई भेट्दा जस्तो थिएँ त्यही अवस्थामा नै थिएँ। उहाँले

मलाई कस्तो भइरहेछ भनी सोध्नुभयो, मैले उत्तर दिन थालेँ। केही कुरा भन्नुको सट्टामा खित्का छोडेर उहाँ हाँस्न थाल्नुभयो। उहाँको हृदयभित्रदेखि आइरहेको हाँसोलाई रोक्नु असम्भव जस्तै देखिन्थ्यो।

छिमेकमा एकजना जवान मानिस थियो, जोसँग म नजिक थिएँ। ऊ उच्च शिक्षाको लागि तयार हुँदै थियो। हाम्रो पास्टरले उसँग धेरैपटक धर्मसम्बन्धी कुरा गर्नुभयो, र ऊ मेरो कुरा सुनेर गलत बाटोमा हिँडिरहेछ भनी चेतावनी दिनुभयो भन्ने कुरा मैले पछि थाहा पाएको थिएँ। पास्टरले त्यो जवान मानिसलाई, म (फिनी) एउटा धर्मलाई वास्ता नगर्ने मानिस र मसँग मिलेकोमा उनी बाटो बिराउँछन् र उद्धार पाउँदैनन् भनी भन्नुभएको थियो। तर मैले उद्धार पाइसकेपछि त्यो जवान मानिसले पनि उद्धार पाए।

म त्यो एल्डर र अर्को मानिसलाई मेरो मनको अवस्था बताइरहेको हुँदा त्यो जवान मानिस पनि कार्यालयमा आइपुग्यो। म उतापट्टि फर्केर बसिरहेको थिएँ, त्यसकारण ऊ ढोकाबाट भित्र छिरेको पनि मलाई थाहा भएन। उसले मेरो कुराहरूलाई आश्चर्यचकित भएर सुनिरह्यो र ऊ भुइँमा परेर, वेदनामा भरेर ठूलो स्वरले भनियो, "मेरो लागि प्रार्थना गरिदिनुहोस् !" चर्चको एल्डर र अर्को सदस्य उनको छेउमा घुँडा टेकेर उनको लागि प्रार्थना गरे र तिनीहरूले प्रार्थना गरिसकेपछि मैले पनि उनको लागि प्रार्थना गरिदिएँ। एकछिनपछि तिनीहरूले मलाई एक्लै छोडेर फर्की गए।

म केही समयपछि कुनै चिन्ताविना तर अहिलेको मेरो अनुभवको बारेमा बुझ्न नसक्ने अवस्थामा नै ओछ्यानमा गएँ। मैले पवित्र आत्माको बप्तिस्मा पाए तापनि मेरो मनको प्रश्नहरूले मलाई प्रष्ट देख्न नदिँदा परमेश्वरसँग मेरो मिलाप भयो भन्ने निश्चयताविना नै सुत्न गएँ। म चाँडै निदाएँ, तर मेरो हृदयभित्र बगिरहेको ईश्वरीय प्रेमको ठूलो बगाइको कारण म एकैछिनमा ब्युझेँ, म प्रेमले यति भरेको थिएँ कि म सुत्नै सकिनँ। म फेरि निदाएँ र त्यसै गरी फेरि ब्युझेँ। म जब ब्युँझन्छु मनमा त्यही प्रश्नहरू उठ्छन् र परमेश्वरको प्रेम कम भए जस्तै लाग्छ तर फेरि निदाउने बित्तिकै न्यानो भएको महसुस गर्छु र फेरि ब्युँझन्छु। यसै गरी मध्यरातसम्म बिताएँ, त्यसपछि मीठो निद्रा पाएँ।

बिहान ब्युँझदा सूर्य उदय भएर आफ्नो किरणलाई मेरो कोठामा

खन्याइरहेको थियो। त्यो किरणले ममा पारेको प्रभावलाई शब्दहरूले व्याख्या गर्न सक्दिनँ। तुरुन्तै हिजो राती मैले पाएँ जस्तै फेरि पनि पवित्र आत्माको बप्तिस्मा पाएँ। मैले ओछ्यानमा घुँडा टेकेँ र आनन्दले ठूलो स्वरमा रोएँ, र त्यो पवित्र आत्माको बप्तिस्मा पाएकोले गर्दा अति आनन्दित भएर परमेश्वरको अगाडि मेरो आत्मालाई खन्याउनुभन्दा अरू केही गर्न नसक्ने भएर केही समय बिताएँ। बिहानको बप्तिस्मा सँगसँगै परमेश्वरको आत्माले मधुर स्वरमा हप्काएर "तिमी शङ्का गर्छौ? तिमी शङ्का गर्छौ?" भने जस्तै लाग्थ्यो, मैले चिच्याएर भनेँ "होइन! म शङ्का गर्दिन, म शङ्का गर्दिन।" त्यसपछि परमेश्वरको आत्माले मेरो आत्मालाई पूर्ण रूपमा आफ्नो बनाउनुभयो भन्ने सत्यतालाई मैले शङ्का गर्न असम्भव हुने गरी परमेश्वरले मलाई स्पष्ट पारिदिनुभयो।

यो अवस्थामा, विश्वासद्वारा धर्मी हुनु भन्ने सिद्धान्तलाई एउटा वर्तमान अनुभवको रूपमा थाहा पाएँ। मैले त्यसलाई सुसमाचारको आधारभूत सिद्धान्तको रूपमा मात्र हेर्थें। यथार्थमा त्यसको खास अर्थ के हो भन्ने कुरा म जान्दिन थिएँ। तर अहिले "त्यसकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग मिलाप भएको छ।" भन्ने वचनको अर्थ के हो भनी बुझ्न सक्छु। सबै दोषहरू पूर्ण रूपमा मेरो मगजबाट हट्यो। त्यही बेलादेखि मैले कुनै दोष अथवा दण्डको आज्ञाको महसुस गर्न सकिनँ, जति प्रयास गरे पनि त्यसलाई ल्याउन सकिनँ। मेरो दोषी भएको महसुस हट्यो, मेरो पाप हट्यो र मैले कहिल्यै पाप नगरे जस्तै महसुस गर्नुबाहेक अरू कुनै कुराको महसुस गर्न सकिनँ।

मैले चाहेको प्रकाश यही नै थियो। मैले विश्वासद्वारा धर्मी भएको अनुभव गरेँ र मैले बुझ्न सक्नेसम्म पाप गरेको छैन भन्ने अवस्थामा थिएँ। म सधैँ पाप गरिरहेछु भन्ने महसुसको साटोमा मेरो हृदय प्रेमले भऱ्यो र मेरो कचौरा आशिष् र प्रेमले भरेर बगिनिस्क्यो । मैले यो अनुभवको बारेमा अर्थात् धर्मी ठहरिएको अनुभवको बारेमा कसैलाई केही कुरा बताइनँ।

३

# सेवाको सुरुवात

बिहान म कार्यालयमा गएको थिएँ, त्यहाँ फेरि पनि प्रेम र उद्धारको बलियो छाल ममाथि आउन थाल्यो। त्यति बेला स्क्वाएर डब्ल्यु आइपुग्नुभयो। मैले उहाँलाई उद्धारको सम्बन्धमा दुई–चारवटा शब्दहरू भनेको थिएँ। उहाँ आश्चर्यचकित भएर मलाई हेर्नुभयो, र अहिले मलाई याद भएअनुसार केही पनि जवाफ दिनुभएको थिएन। उहाँले शिर निहुराउनुभयो, र केही समय त्यही ठाउँमा बसिसकेपछि कार्यालय छोडेर जानुभयो। मैले त्यसपछि त्यसको बारेमा वास्ता गरिनँ, तर पछि थाहा पाएँ कि मैले भनेको त्यही शब्दहरूले उहाँलाई तरवारले जस्तै छेडेको थियो, र उहाँले उद्धार नपाउन्जेल त्यसको प्रभावबाट छुट्टिनुभएन।

डब्ल्युले कार्यालय छोडेर जाने बित्तिकै डिकन 'बि.' कार्यालयमा आउनुभयो, र भन्नुभयो, "श्रीमान् फिनी, तपाईंलाई याद छ? आज मेरो मुद्दा बिहान १० बजे छानबिन गरिन्छ? तपाईं तयार हुनुहुन्छ होला?" उहाँको पक्षमा मुद्दा लड्न मलाई अधिकार दिइएको थियो। मैले उहाँलाई जवाफ दिएँ, "डिकन 'बि.' प्रभु येशू ख्रीष्टले उहाँको मुद्दा लड्नको लागि मलाई अधिकारमा राख्नुभएको छ, त्यसकारण म तपाईंको मुद्दा लड्न सक्दिनँ।" उहाँ आश्चर्यचकित भएर मलाई हेर्नुभयो, र भन्नुभयो, "तपाईं के भन्नुहुन्छ?" मैले उहाँलाई थोरै शब्दहरूले जवाफ दिएर भनेँ कि ख्रीष्ट येशूले मलाई आफ्नो कामको लागि नियुक्त गर्नुभएको छ, र येशूको मुद्दा मैले लड्नुपर्ने हुन्छ, अनि उहाँले आफ्नो मुद्दाको लागि अरू कसैलाई खोज्नुपर्ने हुन्छ र म गर्न सक्दिनँ। उहाँले शिर झुकाउनुभयो, र केही जवाफ नदिईकन जानुभयो। एक दिनपछि मैले झ्यालबाट बाहिर

हेर्दा डिकन 'बी.' सडकमा उभिरहनुभएको थियो, र कुनै गहिरो सोचमा डुबे जस्तै देखिन्थ्यो। उहाँ जानुभयो, र तुरुन्तै आफ्नो मुद्दा फेरबदल गर्नुभयो। त्यसपछि उहाँले आफूलाई प्रार्थनामा समर्पित गराउनुभयो, र पहिलेको समयहरूभन्दा धेरै नै उच्च धार्मिक जीवन बिताउनुभयो।

म तुरुन्तै भेटेजति हरेकसँग उहाँहरूको प्राणसम्बन्धी कुरा गर्न कार्यालयबाट निस्केर बाहिर गएँ। मैले सुसमाचार प्रचार गरेको परमेश्वरले चाहनुभयो, र त्यो अहिल्यै नै सुरु गर्नुपर्छ भनी मलाई लाग्यो, र त्यो कुरा मेरो मनबाट हटेन। मलाई लाग्थ्यो कि सुसमाचार प्रचार गर्नु मेरो लागि परमेश्वरको आज्ञा हो।

म पहिलो पटक आफू दोषी भएको महसुस गर्दा, एउटा कुरा मेरो मनमा आएको थियो, त्योचाहिँ मैले उद्धार पाएँ भने, आफूले साह्रै मन पराउने पेसालाई त्यागेर सुसमाचार प्रचार गर्न जानु मेरो कर्तव्य हुन्छ। यो कुरा पहिले मेरो लागि बाधा थियो। मैले मेरो पेसाको लागि धेरै कष्ट सहेँ, समय लगानी गरेँ, अहिले म इसाई हुँदा सुसमाचार प्रचार गर्नु मेरो कर्तव्य हुन्छ भनी थाहा पाउँदा मैले सोच्नुपर्ने भए। यद्यपि अन्तमा यो प्रश्नलाई परमेश्वरको हातमा छोडिदिने निर्णयमा आएँ। मैले कानुनको अध्ययन सुरु गर्नुमा परमेश्वरको कुनै सम्बन्ध छैन, र उहाँको अगाडि कुनै सर्त राख्ने अधिकार मलाई छैन। त्यसैले सेवक हुनु भन्ने सोचलाई मैले छोडी राखेँ। मैले जङ्गलमा प्रार्थना गरेर फर्की आउँदा मेरो मनमा त्यो सोच फर्की आएको थियो।

तर अहिले पवित्र आत्माको बप्तिस्मा पाइसकेपछि सुसमाचार प्रचार गर्न म तयार भएँ। होइन ! अरू कुनै पनि काम गर्ने इच्छा ममा छैन भन्ने कुरा थाहा पाएँ, कानुनको अध्ययनलाई अगाडि बढाउन मलाई इच्छा लागेन। त्यो दिशाको सबै कुराहरू बन्द भए;  यी सबै कुराहरूले मलाई आकर्षण गरेन, विशेष मलाई पैसा कमाउने मन पनि थिएन। सांसारिक सुखविलासतिर मलाई कुनै भोक–तिर्खा थिएन। मेरो पूर्ण मन ख्रीष्ट येशू र उहाँको उद्धारले भरिएको थियो। संसारको प्रभाव अति नै थोरै थियो। प्राणको उद्धारको तुलनामा कुनै पनि कुरालाई राख्न सक्दैन जस्तै मलाई लाग्यो, मरिरहेको संसारको लागि ख्रीष्टलाई उच्च पारिराख्नु जस्तो खुशी दिने काम अथवा परिश्रम कुनै छैन जस्तै लाग्यो।

यो प्रभाव ममा छँदा मैले भेट्ने जो व्यक्तिसँग पनि ख्रीष्टको कुरा गर्ने अटुट निर्णय गरेँ। सबैभन्दा पहिले जुत्ता सिलाउने मान्छेको पसलमा पुगेँ; जो एकदमै भक्ति गर्ने व्यक्ति हुनुहुन्थ्यो, जसलाई मैले मण्डलीमा सबैभन्दा बढी प्रार्थना गर्ने व्यक्ति ठान्थेँ। उहाँले त्यति बेला एकजना मण्डलीको एल्डरको छोरोसँग कुरा गरिरहनुभएको थियो, जसले संसारमा भएका सबै नै स्वर्ग जान्छन्, चाहे पनि नचाहे पनि, किनभने येशूले सबैको पापको ऋण तिरिसक्नुभयो भनी मान्ने विश्ववाद (Universalism) सिद्धान्तको पक्षमा तर्क गर्दै थियो। त्यो जुत्ता सिलाउने व्यक्तिले मतिर फर्केर सोध्नुभयो, "मिस्टर फिनी ! यो जवान मानिसको विवादित कुरा तपाईंलाई कस्तो लाग्छ?" त्यसपछि त्यो जवान मानिसको कुरा मलाई बताउनुभयो। मलाई जवाफ यति चाँडै आयो कि एकैछिनमा उसको विवादलाई अर्थहीन बनाइदिएँ। त्यो जवान मानिस उसको विवाद अर्थहीन भएको देखेर केही जवाफ नदिईकन बाहिरियो। तर मैले हेर्दा बाटोतिर जानुको सट्टामा पसलको उतापट्टि गएर बार नाघेर बारी पार गरेर जङ्गलमा गयो। बेलुकीसम्म उसको बारेमा मैले केही सोचिनँ, बेलुकी ऊ उद्धार पाएको व्यक्ति भएर आयो र आफ्नो अनुभवलाई बतायो। उसको भनाइअनुसार ऊ जङ्गलभित्र गएर आफ्नो सारा हृदय परमेश्वरलाई दिएको थियो।

त्यो दिन मैले धेरै व्यक्तिहरूसँग कुरा गरेँ र मलाई विश्वास छ कि पवित्र आत्माले हरेकलाई छाप लगाउनुभयो। मसँग कुरा गरिसकेपछि उद्धार नपाएको कसैलाई पनि मैले भेटिनँ। बेलुकीको समयमा, उद्धार पाएका मेरो साथीको परिवारले मलाई उहाँको घरमा निम्त्याउनुभयो। त्यो परिवारमा साथीको श्रीमतीकी बहिनी एकजना थिइन्, जसले उद्धार पाएकी थिइनन्, र उहाँहरूको टाढाको आफन्त एकजना जवान मानिस पनि थियो, जो रक्सी बनाउने कारखानामा काम गर्थ्यो। ऊ पनि संसारमा भएको सबैले उद्धार पाउँछन् भन्ने विश्ववाद (Universalism) सिद्धान्तलाई पछ्याइरहेका थिए।

हामी सबैजना मिलेर चिया पिउन बस्यौँ। उहाँहरूले मलाई चियाको लागि प्रार्थना गर्न अनुरोध गर्नुभयो। यो काम मैले कहिल्यै नगरे तापनि संकोच नमानीकन तुरुन्तै प्रार्थना सुरु गरेर परमेश्वरसंग आशिष् मागेँ। मैले सुरु मात्र गरेको थिएँ, त्यो जवान मानिसको अवस्था मेरो आँखा

अगाडि आयो, म भावविभोर बनी रुन थालेँ र अगाडि बढ्न सकिनँ। मेरो वरिपरि बसेका सबै थोरै समयसम्म नि:शब्द भए। म रोइरहेको समयमा त्यो जवान मानिस आफ्नो ठाउँबाट उठेर हतार–हतार आफ्नो कोठामा गएर ढोका बन्द गरे। भोलिपल्ट बिहानसम्म मैले उसलाई देखिनँ। बिहान ऊ ख्रीष्टमा आफ्नो आशा राख्ने उद्धार पाएको व्यक्ति भई निस्के र धेरै वर्षसम्म परमेश्वरको हातमा प्रयोग हुने सुसमाचारको एक असल सेवक भएर काम गरे।

त्यो दिनभर मेरो उद्धारले गाउँभरि ठूलो हलचल ल्यायो। मानिसहरू विभिन्न कुराहरू सोच्न थाले। बेलुकी कुनै पनि पूर्व–निर्णय नभएको अवस्थामा मानिसहरू सधैँ प्रार्थना सभा हुने ठाउँमा गए। मेरो उद्धारले गाउँ आश्चर्यचकित भयो। कुनै समय अघि, चर्चको कुनै विश्वासीहरूले मलाई एउटा प्रार्थनाको विषयको रूपमा राख्ने प्रस्ताव अघि सारेका थिए, तर मिस्टर गेलले, म धार्मिक कुराहरूमा बढी ज्ञान हासिल गरेर कठोर भइसकेको कारण उद्धार पाउनु असम्भव छ भनी इन्कार गर्नुभयो भन्ने कुरा मैले पछिबाट थाहा पाएँ। साथ–साथै म सङ्गीत झुण्डको अगुवा भएकोमा र जवान मानिसहरूलाई पवित्र सङ्गीत सिकाएकोमा आफू निरुत्साहित भएको कुरालाई बताउनुभयो, र तिनीहरू बढी मेरो प्रभावमा परेको कारण उद्धार पाउँछन् भनी आफूले विश्वास नगरेको कुरालाई पनि बताउनुभयो भनी थाहा पाएँ।

थुप्रै रुष्ट मानिसहरू मेरो पछाडि लुकेको कुरा मैले उद्धार पाएपछि थाहा पाएँ। श्रीमान् ‘क.’ भन्ने व्यक्ति जसको श्रीमती ख्रीष्टमा समर्पित हुनुहुन्थ्यो, आफ्नो श्रीमतीलाई बारम्बार भन्नुहुन्थ्यो, “इसाई धर्म सत्य हो भने, तिमीहरूले किन फिनीलाई परिवर्तन गर्न हुँदैन? तिमीहरूले फिनीलाई परिवर्तन गर्न सक्छौ भने म पनि यो धर्ममा विश्वास गर्छु।”

एउटा बुढेसकालको वकिल श्रीमान् ‘ख.’ एडम्समा बसोबास गर्नुहुन्थ्यो, मैले उद्धार पाएको हल्ला सुनेर यो सबै तन्त्र मात्र हो, म कहाँसम्म इसाईहरूलाई भुलाउन सक्छु भनी हेरेको मात्र हो भनी भन्नुभयो।

तर मानिसहरू एकमन भएर आराधना गर्ने स्थलमा भेला हुन थाले, म आफै पनि त्यहाँ गएँ। त्यहाँको सेवक र गाउँका मुख्य मानिसहरू त्यहाँ

भेला भइसकेका थिए। तर सभालाई सुरु गर्न कोही तयार भएनन्, त्यति बेलासम्म घरचाहिँ भरिसकेको थियो। म कसैको प्रतीक्षा नगरी उठेँ र भनेँ, "इसाई धर्म परमेश्वरबाट आएकै हो।" मैले अझै मेरो अनुभवबाट, जुन कुराहरू आवश्यक पर्छ भनी लागेको थियो, ती सबै बताउन लागेँ। त्यो सभाघरमा श्रीमान् 'क.', जसले आफ्नो श्रीमतीलाई मैले विश्वास गरेँ भने आफू पनि विश्वास गर्ने कुरा गर्नुभएको थियो, र श्रीमान् 'ख.' दुवैजना उपस्थित हुनुहुन्थ्यो। जे कुरा बताउन परमेश्वरले मलाई अगुवाइ गर्नुभयो, त्यही कुराहरूले मानिसहरूलाई प्रभाव पार्न थाल्यो। श्रीमान् 'क.' आफ्नो ठाउँबाट उठेर भीडको बीचबाट कठिनाइसहित आफ्नो टोपीलाई बिर्सेर घरतर्फ जानुभयो। श्रीमान् 'ख.' पनि ऊ बौलायो भन्दै निस्कनुभयो। त्यसमा कुनै गल्ती भएन तर उहाँ (श्रीमान् 'ख.') खलबलिनुभयो, त्योचाहिँ पक्का हो।

मैले बोलिसक्ने बित्तिकै श्रीमान् गेल उठ्नुभयो, र आफ्नो गल्ती स्वीकार गर्नुभयो। उहाँले, मेरो लागि प्रार्थना गर्न मण्डलीले प्रस्ताव राख्दा तिनीहरूलाई आफूले निरुत्साहित पारेको कुरालाई स्वीकार गर्नुभयो। साथै उहाँले मैले उद्धार पाएको कुरालाई सुन्ने बित्तिकै आफूले तुरुन्तै त्यो कुरालाई विश्वास गरिनँ भनी जवाफ दिएको कुरालाई पनि स्वीकार गर्नुभयो। उहाँले आफूमा विश्वास नभएको कुरालाई नम्रतासहित भन्नुभयो। मैले कहिल्यै पनि सभाहरूमा सबैको सामुन्ने प्रार्थना गरेको थिइनँ, तर श्रीमान् गेलले बोलिसक्ने बित्तिकै मलाई प्रार्थना गर्न अगाडि बोलाउनुभयो। मैले स्वतन्त्र भएर प्रार्थना गरेँ। हामी त्यो दिन बेलुकी असल संगति गरेर त्यो दिनदेखिको दिनहरूमा लामो संगति गर्न थाल्यौँ। सेवकाई चारैतिर फैलिन थाल्यो।

म जवानहरूको अगुवा भएको कारण उहाँहरूका लागि एउटा सभा राखेँ, जुन सभामा मैले चिनेका सबै जवान जवानीहरू सहभागी भए। मैले उहाँहरूका उद्धारका लागि परिश्रम गरेँ, अनि परमेश्वरले मेरा सबै परिश्रममा आशिष् खन्याउनुभयो। तिनीहरूले छिटो-छिटो एक-अर्कोपछि उद्धार पाउन थाले। तिनीहरूमध्ये एकजना मात्र बाँकी रहेसम्म सेवा अगाडि बढ्दैगयो।

सेवा सबै वर्गका मानिसहरूको बीचमा, त्यो गाउँभन्दा बाहिर सबै

दिशाहरूमा फैलिन थाल्यो। एक हप्ताभन्दा पनि बढी मेरो हृदय यति भरेको थियो, कि मलाई खान र सुत्न पनि इच्छा भएन। संसारले नपाएको असल खान्की आफूले पाएको अनुभव गरिरहेको थिएँ। भोजन र निद्राको आवश्यकताको महसुस भएन, मेरो हृदय परमेश्वरको प्रेमले भरेर बगिरहेको थियो। अब विश्राम लिइन भने मेरो मन खलबलिन सक्छ भन्ने अवस्थामा पुग्ने बेलासम्म मैले यसरी नै असल दिनहरू बिताएँ। त्यो दिनदेखि मेरो परिश्रममा धेरै होशियारी भएँ, र भोजन खान्थेँ र आफूलाई आवश्यक परेअनुसार निद्रा मा समय बिताउथेँ।

परमेश्वरको वचनले अचम्मको शक्तिसँग काम गऱ्यो, मैले एउटा व्यक्तिसँग बोल्ने थोरै शब्दहरूले पनि उनीहरूको हृदयलाई वाणले जस्तै घोचेको देखेर छक्क पर्थें।

केही समयपछि म मेरो बुवालाई भेट्न हेन्डरसनमा गएँ। उहाँले उद्धार पाउनुभएको थिएन। हाम्रो परिवारमा भाइले धेरै समय पहिले नै उद्धार पाइसकेको थियो। बुवा मात्र बाँकी हुनुहुन्थ्यो। मैले बुवालाई गेटमा नै भेटेँ र उहाँले मलाई "कस्तो छौ चार्ल्स? "भनी सोध्नुभयो। मैले जवाफ दिएँ, "म सञ्चै छु बुवा, शरीर र आत्मा दुवैमा। बुवा, अब तपाईं धेरै वृद्ध हुनुभयो, तपाईंका छोराछोरीहरू सबै हुर्केर गइसके, तर कहिल्यै बुवाको घरमा एउटा प्रार्थना भएको हामीले सुनेका छैनौँ।"

बुवाले शिर निहुराउनुभयो, र उहाँको आँखाबाट आँसु बग्न थाल्यो, अनि जवाफ दिनुभयो : "मलाई थाहा छ चार्ल्स, भित्र आऊ, तिमी आफै प्रार्थना गर।"

हामी भित्र गयौँ, मैले प्रार्थना सुरु गरेँ; मेरो आमा र बुवा धेरै प्रभावित हुनुभयो, थोरै समयमा नै दुवैजना परिवर्तन हुनुभयो। मेरी आमाले पहिले नै परमेश्वरमाथि आस्था राख्नुहुन्थ्यो, जस्तो मलाई लाग्थ्यो तर हाम्रो परिवारमा कसैलाई त्यो कुरा थाहा थिएन।

म त्यो ठाउँमा दुई–तीन दिन बसे जस्तै लाग्छ र मैले भेट्न सक्ने हरेकसँग कुरा गरेँ। त्यहाँ एउटा ब्याप्टिस्ट (Baptist) मण्डली थियो, जहाँ एकजना सेवक पनि हुनुहुन्थ्यो, र अर्को सेवक विनाको सानो कांग्रिगेस्नल

(Congregational) मण्डली पनि थियो। भोलिपल्ट सोमबारको राती त्यो नगरमा मासिक प्रार्थना सभा थियो। त्यो नगर नैतिकतामा धेरै नै पिछडिएको र धार्मिक आस्थालाई गुमाउँदै गइरहेको थियो।

त्यो मासिक प्रार्थना सभामा मेरो कान्छो भाइ सहभागी हुन्थ्यो, र त्यसको बारेमा मलाई पछि बताएको थियो। थोरै मानिसहरू सहभागी हुने भएकाले, दुवै मण्डलीका केही विश्वासीहरू एउटा घरको बैठक कोठामा भेला हुन्थे।

त्यो कांग्रिगेस्नल मण्डलीको डिकन एकजना वृद्ध र कमजोरी मानिस हुनुहुन्थ्यो; जसको नाम डिकन 'म' थियो। उहाँ शान्त स्वभावको व्यक्ति हुनुहुन्थ्यो, र भक्ति गर्ने व्यक्तिको नाममा चिनिनुहुन्थ्यो। तर त्यो विषयको बारेमा विरलै कुरा गर्नुहुन्थ्यो। उहाँले सेवा सञ्चालन गर्दा बाइबलबाट पाठ गर्नुहुन्थ्यो, त्यसपछि सबै मिलेर गीत गाउँथे, त्यसपछि डिकन 'म' ले आफ्नो स्थानबाट उठेर प्रार्थनामा अगुवाइ गर्दा अरू सबै उहाँको वरिपरि घुँडा टेक्थे।

मेरो भाइले भनेअनुसार, डिकन 'म' ले सधैँ झैँ सानो स्वरले प्रार्थना सुरु गर्नुभयो, र चाँडै नै जोशिएर उहाँको स्वर बढ्दै गयो, र भावनाले भरेर कम्पायमान हुनुभयो। उहाँले प्रार्थनालाई अगाडि बढाउँदै जानुभयो, र गहिरिएर जान थाल्नुभयो।

त्यही नै बेला अरू सबै विश्वासीहरूले लामो सास फेर्दै, रुँदै र दु:ख व्यक्त गर्दै प्रार्थना गरे। डिकनले आफ्नो सम्पूर्ण बल रितिउन्जेल प्रार्थनामा सङ्घर्ष गर्नुभयो। उहाँले अन्त गर्दा मेरो भाइले भन्यो, "त्यो कोठामा भएको कोही पनि आफ्नो ठाउँबाट उठ्न सकेनन्"। उहाँहरू रुन र पश्चात्ताप गर्न, र परमेश्वरको अगाडि पग्लन मात्र सके। यो सभाबाट परमेश्वरको काम नगरको चारैतिर फैलिँदै गयो। यसरी नै एडम्सलाई केन्द्रविन्दु बनाएर परमेश्वरको काम देशभरिकै सबै नगरहरूमा फैलिँदै गयो।

म स्क्वाएर डब्ल्युलाई मेरो विश्वासको बारेमा बताएँ, साथै उहाँलाई, म प्रार्थना गरिरहँदा नै परिवर्तन भएको कुरालाई पनि बताएको थिएँ।

मैले उद्धार पाएको थोरै समयमा नै त्यस्तै वातावरणमा नै उद्धारको थुप्रै घटनाहरू घटेको कुरा मैले सुनें; मानिसहरू त्यसरी जङ्गलमा प्रार्थना गर्न गएर परमेश्वरसँग मिलापमा आए।

हाम्रो सभाहरूमा ती मानिसहरूले एकपछि अर्कोले आफ्नो अनुभवहरू बताएको स्क्वाएर डब्ल्युले सुन्दा उहाँले सोच्नुभयो, "म प्रार्थना गर्न जङ्गलमा गएर उहाँहरू जसरी नै सधैँ भनिने तरिकाले गवाही बाँड्न चाहँदिनँ, मलाई प्रार्थना गर्नको लागि मेरो घरमा एउटा बैठक कोठा छ।" यो महत्त्वहीन कुरा भए पनि उहाँको घमण्डीपना त्यसमा नै स्थापित भएको कारण उहाँ परमेश्वरको राज्यमा प्रवेश गर्न सक्नुभएको थिएन।

मेरो सेवाको अनुभवमा यसरी घटनाहरू मैले सामना गरेको छु, जुन परिस्थितिमा एउटा पापी मान्छेको हृदय एउटा महत्त्वहीन प्रश्नमा बाँधिएर घमण्ड गरिरहेको हुन्छ, त्यस्तै परिस्थितिहरूमा त्यो पापी मानिसले आफ्नो विवादको त्यो कुरालाई त्याग्नुपर्छ, होइन भने ऊ परमेश्वरको राज्यमा कहिल्यै प्रवेश गर्दैन। मैले कुनै व्यक्तिहरूलाई चिनेको छु, जसले धेरै हप्ताहरू यस्ता कुरामा अडिएर परमेश्वरको आत्मासँग लडन्त गर्दै रहेका थिए, तर जुन बेलासम्म उहाँहरूले यो कुरालाई त्याग्नुभएन, त्यति बेलासम्म उहाँहरूले उन्नति गर्न सक्नुभएन। यस्तै व्यक्तिहरूमध्ये, मैले थाहा पाएको पहिलो व्यक्ति स्क्वाएर डब्ल्यु नै हुनुहुन्थ्यो।

पहिलेको समयहरूमा त्यो प्रश्न, प्रार्थना गर्दा सधैँ आफ्नो अगाडि आएको उहाँले उद्धार पाइसकेपछि बताउनुभयो। उहाँलाई यसरी निर्णय गर्न लगाएको आफ्नो घमण्ड मात्रै हो भनी उहाँलाई देखाएको थियो, जुन निर्णयले उहाँलाई परमेश्वरको राज्यबाट बाहिर राखेको थियो। तर उहाँ आफैले त्यो कुरालाई स्वीकार गर्न सक्नुभएन, र आफूलाई र परमेश्वरलाई यो घमण्ड होइन भनी विश्वास गराउन सकभर पूरै प्रयत्न गर्नुभयो। एकरात उहाँले आफ्नो बैठक कोठामा परमेश्वरको अनुग्रहको लागि प्रार्थना गर्नुभयो, तर बिहान पहिलेको भन्दा झन् दु:खित भएको अनुभव गरेको बताउनुभयो। अन्तमा उहाँ परमेश्वरले आफ्नो प्रार्थना सुन्नुभएन भनी क्रोधित हुनुभयो, र आफैलाई हत्या गर्न परीक्षित हुनुभयो। त्यो काम गर्नको लागि आफ्नो साथमा भएको सानो छुरीलाई प्रयोग गर्न परीक्षित हुनुभयो, र त्यो परीक्षाले आफूमाथि विजय नपाओस् भनी त्यो सानो छुरी

हराउने गरी आफूभन्दा टाढा फ्याँक्न बाध्य हुनुभयो। एकदिन राती उहाँ सभाघरबाट फर्कँदा त्यो विचारले यतिसम्म थिचिनुभयो, कि जङ्गलमा प्रार्थना गर्न नजानु आफ्नो घमण्ड होइन भनी आफैलाई र परमेश्वरलाई प्रमाणित गराउन निर्णय गर्नुभयो, र उहाँले एउटा हिलो भएको खाडल खोज्नुभयो, जसको बीचमा घुँडा टेक्नुभयो, र आफूमा घमण्डीपन छैन भनी प्रमाणित गराउन खोज्नुभयो। यसरी धेरै हप्ताहरू उहाँले सङ्घर्ष गरेरै बिताउनुभयो।

एकदिन मध्यान्हको समयमा म मेरो कार्यालयमा मण्डलीको दुईजना एल्डरहरूको साथमा बसिरहेको थिएँ। त्यतिखेरको समय जुत्ता सिलाउने पसलमा भेटेको जवान मानिस आतुरसहित कार्यालयमा आए र आश्चर्यसहित भने, "स्क्वाएर डब्ल्युले उद्धार पाउनुभयो।" र उनी अघि बढे, "म प्रार्थना गर्न जङ्गलमा गएको थिएँ र उपत्यकामा कसैले ठूलो स्वरले चिच्याइरहेको सुनेँ। म त्यो को हो भनी हेर्नको लागि पहाडको टुप्पोमा गएँ र स्क्वाएर डब्ल्यु उच्च स्वरले गीत गाउँदै यताउता हिँडिरहेको मैले देखेँ र उहाँ छिन–छिनमा रोक्नुहुन्थ्यो, र पूरा बलले ताली बजाउनुहुन्थ्यो, र चिच्याउनुहुन्थ्यो, 'म मेरो उद्धारकर्ता परमप्रभुमा रमाउनेछु।' त्यसपछि फेरि हिँड्दै, गाउँदै, रोकिँदै र चिच्याउँदै रहनुभयो।" यो कुरालाई बताउँदै गर्दा हामीले स्क्वाएर डब्ल्यु पहाडबाट ओर्लेर आइरहेको देख्यौँ। उहाँ कार्यालयमा आइपुग्नुभयो, र चिच्याउनुभयो, "मैले पाएँ ! मैले पाएँ !" जोडले ताली बजाउनुभयो, र घुँडा टेकेर परमेश्वरलाई धन्यवाद दिनुभयो। त्यसपछि उहाँको मनमा खेलिरहेका कुराहरूलाई र किन यो आशा पहिले पाउन सकिएन भन्ने कुरालाई पनि बताउन लाग्नुभयो। जुन बेला उहाँले जङ्गलमा नजाने निर्णयलाई त्याग्नुभयो, उहाँको मन स्वतन्त्र भयो। उक्त जङ्गलमा गएर प्रार्थना गर्न घुँडा टेक्दा परमेश्वरको आत्माले शब्दहरूमा उच्चारण गर्न नसक्ने आनन्दले उहाँलाई भर्नुभयो, जसको परिणाम त्यो जवान मानिसले देखेको घटना थियो। त्यसपछि स्क्वाएर डब्ल्युले परमेश्वरको लागि उभिने निर्णय गर्नुभयो।

वसन्त ऋतुको समयतिर मण्डलीका पुराना विश्वासीहरू भक्तिमा कमजोर हुँदै गए। मैले सधैँ नै बिहानै उठेर सभाघरमा प्रार्थनामा समय बिताउने बानी गरेको थिएँ र अन्त्यमा केही दाजुभाइहरूलाई मेरो साथमा बिहान प्रार्थनामा समय बिताउन मञ्जुरी गराउन सफल भएँ। बिहानको

झिसमिसे उज्यालोमै भेला हुन्थ्यौँ। मेरा मण्डलीको सेवकलाई त्यो प्रार्थनामा सहभागी गराउन प्रयत्न गर्थें।

तर उहाँहरू चाँडै नै पछि पर्न थाल्नुभयो, र म उहाँहरूको घरमै गएर उठाउन जानुपर्थ्यो। म धेरैपल्ट उहाँहरूको घरको वरिपरि गएर उहाँहरूलाई उठाउँथें; जो व्यक्तिहरू प्रार्थनामा सहभागी हुन्छन् भनी मलाई लाग्थ्यो र प्रार्थनामा महत्त्वपूर्ण समय बिताउने आशा राख्थें, त्यो विश्वासी दाजुभाइहरू अनिच्छुकतासहित सहभागी हुन थाले। जुन कुराले मलाई परीक्षा गऱ्यो। एकदिन बिहान दाजुभाइहरूको घरहरूमा पुगेर उहाँहरूलाई उठाउँदै गएँ र सभाघरमा फर्केर आइपुग्दा थोरै व्यक्तिहरू मात्र त्यहाँ जम्मा भएका थिए। हाम्रो मण्डलीको सेवक श्रीमान् गेल मण्डलीको ढोका अगाडि उभिरहनुभएको थियो। म त्यहाँ पुग्दा अचानक परमेश्वरको महिमा म र मेरो वरिपरि अचम्म तरिकाले चम्क्यो। भर्खरै बिहान हुन थालेको थियो, तर एउटा असल ज्योति मेरो आत्मामा चम्क्यो र म झण्डै भुइँमा घोप्टो परेँ। यो ज्योतिमा मैले प्रकृतिका सबै थोकहरू, मानिस जाति बाहेक, परमेश्वरलाई प्रशंसा र आराधना गरिरहेको देखेँ। त्यो ज्योति सूर्यको उज्यालो जसरी सबै दिशामा चम्किरहेको थियो। त्यो आँखाको लागि धेरै नै बढी उज्यालो थियो। अहिले पनि मलाई याद छ, म त्यति बेला घोप्टिएर आँसु बगाउन थालेँ, कारण मानिस जातिले मात्र परमेश्वरलाई प्रशंसा चढाएन। पावलले दमस्कसको बाटोमा देखेको ज्योति कस्तो थियो भन्ने कुराको अनुभव म आफैले गर्न पाएँ। त्यो मैले लामो समय सहन सक्ने ज्योति थिएन।

म त्यसरी ठूलो स्वरले रुन थाल्दा श्रीमान् गेलले "के भयो, भाइ, फिनी?" भनी सोध्नुभयो, तर मैले थाहा पाएँ उहाँले त्यो ज्योति देख्नुभएन र खासै रुनुको कारण पनि बुझ्न सक्नुभएन। त्यसैले म थोरै बोलेँ, मलाई लाग्छ यति मात्र भनेँ कि मैले परमेश्वरको महिमालाई देखेँ र परमेश्वरप्रति मानिसहरूले गर्ने व्यवहार सोचेर मैले थाम्न सकिनँ। मैले देखेको उहाँको महिमाको दर्शनलाई शब्दहरूले व्याख्या गर्न सकिन्छ जस्तो मलाई लागेन। मैले रोएर नै त्यो दर्शनलाई प्रकट गरेँ र त्यो मबाट गयो र मेरो मन शान्त भयो।

म जवान उमेरमा, इसाई हुँदा, धेरैपटक परमेश्वरसँग समय बिताउथेँ,

जुन कुरालाई शब्दमा बताउन सक्दिनँ। प्रायःजसो त्यो समयमा अन्त हुँदाखेरी मनमा एउटा यस्तो आवाज सुन्थेँ, "जाऊ तिमी यो कुरालाई कुनै पनि मानिसलाई नभन।" तर म त्यो कुरालाई बुझ्दिन थिएँ, धेरैपटक मेरो विश्वासी दाजुभाइहरूलाई हिजोसम्मको मेरो अनुभवहरूलाई बताउन प्रयास गर्थें। पछि मैले बुझेँ कि परमेश्वर र मेरो बीचमा हुने कुराहरूलाई अरूलाई भन्न हुँदैन। त्यो कुरालाई उनीहरूले बुझ्न सक्दैन थिए, उहाँहरू छक्क पर्नुहुन्थ्यो, र कुनै बेला, विश्वास गर्नुभएन जस्तो पनि लाग्थ्यो। चाँडै नै मैले चुप रहन सिकेँ र स्वर्गीय अनुभवहरूलाई बताउन कम गरेँ।

मैले प्रार्थनामा धेरै नै समय बिताएँ। कुनै बेला मलाई निरन्तर प्रार्थना गरे जस्तो लाग्थ्यो। त्यो मेरो लागि लाभदायी थियो। व्यक्तिगत रूपमा, उपवासमा धेरै दिन बारम्बार बिताउन इच्छा लाग्थ्यो। ती दिनहरूमा म पूर्ण रूपमा परमेश्वरसँग रहन्थेँ। त्यसको लागि जङ्गलमा डुल्थेँ, सभाघरमा बस्थेँ वा एकान्त ठाउँ खोजेर जान्थेँ।

कुनै बेला मैले उपवासमा गलत तरिकाहरू अपनाउँथेँ। आफैलाई जाँच्नुपर्छ भन्ने सोचसहित मेरो सेवकहरूले सिकाए जसरी आफैलाई जाँच्नमा समय बिताउथेँ। मेरा सोचहरूलाई जँचाउनको लागि मेरो हृदयलाई हेर्थें। त्यसपछि मेरो उद्देश्यहरूलाई जाँच्थेँ। मेरो मनको अवस्थाको लागि पनि यो बाटो अपनाउँदा मेरो दिन कुनै उपलब्धिविना अन्त भएको भेट्टाएँ। त्यसपछि मैले यो किन हुँदैछ भन्ने कुरालाई सफासँग बुझ्न थालेँ। मेरो ध्यानलाई ख्रीष्टबाट हटाएर मनको उद्देश्य र विचारहरूलाई जाँच्न ममा केन्द्रित बनाउँदा मेरो परमेश्वरप्रतिको इच्छाहरू कम हुँदै गयो। त्यसपछि उपवासमा बस्दा परमेश्वरको आत्माको अगुवाइमा म आफैलाई छोडेँ। उहाँले मलाई सिकाउन र अगुवाइ गर्न पूर्ण रूपमा दिएँ, यही कुरा उच्चस्तरमा लाभदायी भएको मैले पाएँ। परमेश्वरको उपस्थितिमा रमाउन नसकेको अवस्थामा आफू जिउन सक्दिनँ भनी थाहा पाएँ। कुनै बेला मलाई बादलले घेर्दा मैले विश्राम लिन सकिनँ, पढ्न सकिनँ र कुनै कुरामा ध्यान केन्द्रित गर्न सकिनँ, जुन बेलासम्म मेरो आत्मा र परमेश्वरको बीचमा भएको बादल हट्दैन त्यति समयसम्म मलाई यस्तै नै हुन्थ्यो।

म मेरो पेसालाई धेरै प्रेम गर्थें तर मैले पहिले नै भने जसरी उद्धार

पाइसकेपछि, त्यो दिशा अन्धकार भयो। मलाई कानुनसम्बन्धी काम गर्ने कुनै इच्छा भएन र अरूको मुद्दा मिलाउने काम दुर्गन्ध आउने र आक्रमक लाग्यो।

परमेश्वरले मेरो जीवनको सुरुको दिनहरूमा धेरै कुराहरू मलाई सिकाउनुभयो। विशेष गरी प्रार्थनाको आत्माको धेरै सत्यहरूलाई सिकाउनुभयो। मैले उद्धार पाएको थोरै दिनहरूमा, एकजना स्त्री जसको घरमा म पहिले बस्थेँ, उनी इसाई थिइनन् तर उनको श्रीमान्चाहिँ इसाई हुनुहुन्थ्यो, र उहाँ स्क्वाएर डब्ल्युको भाइ हुनुहुन्थ्यो। उहाँ एकदिन हाम्रो कार्यालयमा आउनुभयो, र भन्नुभयो, "मेरो श्रीमतीलाई आजको रात काट्न पनि कठिन छ।" यो कुराले मलाई वाणले घोचे जस्तै घोच्यो। मैले बुझ्न नसक्ने प्रकारको बोझ ममा आयो र त्यसको साथ त्यो स्त्रीको लागि प्रार्थना गर्ने तीव्र इच्छा पनि भयो। त्यो बोझ यति ठूलो थियो, कि तुरुन्तै कार्यालय छोडेर उहाँको लागि प्रार्थना गर्न सभाघरमा गएँ। त्यहाँ मैले सङ्घर्ष गरेँ तर केही बोल्न सकिनँ, मैले ठूलो स्वरले गहिरो रूपमा विलाप मात्र गर्न सकेँ।

मैले पर्याप्त समय मण्डलीमा बिताएँ तर स्वतन्त्र भएको महसुस भएन। म कार्यालयतिर फर्केर आएँ तर शान्त बन्न सकिनँ, दु:खित भएर कोठामा हिँडिरहेँ। म फेरि सभाघरमा फर्केर गएँ र सङ्घर्ष गर्दै रहेँ। लामो समयसम्म प्रार्थनालाई परमेश्वरको अगाडि लाने प्रयत्न गरेँ तर शब्दहरू निस्केनन्। मैले रुन र विलाप गर्न मात्र सकेँ र भन्न चाहेको कुराहरूलाई शब्दमा व्याख्या गर्न सकिनँ। म कार्यालयमा फर्कें र आत्मामा विश्राम नपाएको कारण तेस्रो पल्ट सभाघरमा फर्कें। यो पल्ट परमेश्वरले मलाई जित्ने बल दिनुभयो। मेरो बोझलाई उहाँमा राख्न सकेँ र त्यो स्त्री मर्दिनन् भन्ने निश्चयता मनमा पाएँ, वास्तवमा उनी आफ्नो पापमा मर्दिनन् भन्ने निश्चयता पाएँ।

म आफ्नो कार्यालयमा फर्कें। मेरो मनमा शान्ति थियो। म तुरुन्तै विश्राम लिन गएँ। भोलिपल्ट बिहानै त्यो स्त्रीको श्रीमान् हाम्रो कार्यालयमा आउनुभयो। मैले उहाँको श्रीमतीको बारेमा सोध्दा हाँस्दै भन्नुभयो, "उनी जीवितै छिन्। उनी आज बिहान धेरै राम्रो भएकी छिन्।" मैले जवाफ दिएँ, "दाइ उनी रोगले मर्ने छैन। तपाईंले यो कुरामा विश्वास गर्न

सक्नुहुन्छ र उनी आफ्नो पापमा कहिल्यै मर्ने छैन।" मलाई यो कुरा स्पष्ट गरिएको थियो, र उनी निको हुन्छिन् भन्ने कुराको कुनै शङ्का लागेको थिएन। उनी साँच्चै नै निको भइन् र ख्रीष्टमा उद्धार पनि पाइन्।

सुरुमा यो अनुभवलाई मैले बुझ्न सकिनँ। तर केही समयपछि एकजना विश्वासी दाइले धर्मशास्त्रको वचनद्वारा मेरो अनुभवलाई बुझाउनुभयो। केही समयपछि अर्को एउटा अनुभव मैले पाएँ, जसले पनि यही सत्यलाई प्रष्ट पार्छ। मैले अघि नै एउटा जवान स्त्रीको बारेमा कुरा गरेको थिएँ, जसले उद्धार पाएकी थिइनन्। उसको बारेमा इसाईहरूको बीचमा धेरै कुरा हुन्थ्यो। उनी एउटा सुन्दर जवान स्त्री थिइन् र धार्मिक कुराहरूमा ज्ञान प्राप्त गरेकी थिइन्, तरै पनि उनी आफ्नो पापमा नै थिइन्।

म र मण्डलीको एकजना एल्डरले उनलाई प्रार्थनाको विषय बनाउन सहमत भयौँ र उनले उद्धार नपाउन्जेल अथवा नमरुन्जेल अथवा हामी हाम्रो प्रतिज्ञालाई पूरा गर्न नसक्ने अवस्थामा पुगुन्जेल बिहान, दिउँसो र बेलुकी उसको विषयलाई अनुग्रहको सिंहासन अघि लाने निर्णय गऱ्यौँ। उसको लागि मैले जति प्रार्थना गरेँ त्यति नै अझै प्रार्थना गर्ने मन भयो, चाँडै नै त्यो एल्डरले यस विषयमा आफ्नो प्रार्थनाको आत्मालाई गुमाउँदै गरेको पाएँ। तर यो कुराले मलाई निरुत्साहित तुल्याएन। म प्रार्थनामा लागिरहन्थेँ साथै पाएका हरेक मौकामा उनीसँग उद्धारको बारेमा कुरा गर्थें।

एकदिन बेलुकीको समयमा उनलाई भेट्न घरमा बोलाइएको थियो। म ढोकाको छेउमा पुग्दा, भित्र झगडा भइरहेको आवाज सुनेँ र म पर्खिबसेँ। एकछिन पछि त्यो घरको एकजना स्त्रीले एउटा किताबको च्यातिएको भाग हातमा नै लिएर ढोका खोलिन्। उनले च्यातिएको भागलाई मेरो अगाडि देखाएर भनिन्, "श्रीमान् फिनी तपाईंलाई कस्तो लाग्छ मेरो बहिनीले विश्ववादी सिद्धान्तलाई पछ्याउन लागेकी त होइन?" त्यो किताब विश्ववादी सिद्धान्तलाई स्थापित गर्ने किताब थियो। आफ्नो बहिनीले त्यो किताब एकान्तमा पढिरहेको देखेर त्यसलाई खोस्न खोज्दा भएका झगडा नै अघि मैले सुनेको झगडा थियो।

मैले यो खबर सुन्ने बित्तिकै उनको घरभित्र पसिन। यो कुराले मलाई

त्यो मर्न लागेकी स्त्रीको खबर सुन्दा भए जस्तै घोचेको थियो, र पीडाले मलाई भरिदियो। म घरतिर फर्किरहँदा मेरो मनको बोझले दबिएर आफ्नो खुट्टा लरखराएको जस्तो लाग्यो र मैले सङ्घर्ष गरेँ, विलाप गरेर दुःखित भएँ तर आफ्नो विषयलाई शब्दहरूद्वारा व्यक्त गर्न सकिनँ तर आँसु बगाउन र विलाप गर्न मात्र सकेँ।

त्यो जवान स्त्रीले उद्धार पाउनुको सट्टामा विश्ववादी सिद्धान्तलाई पछ्याउन लागेको कुरा थाहा पाएपछि आफू आश्चर्यचकित भए जस्तै लाग्यो, अब विश्वासद्वारा यसमाथि विजय प्राप्त गर्न नसके जस्तै उनको लागि अब परमेश्वरको अगाडि जान नसक्ने जस्तै लाग्यो। यो विषयमा परमेश्वर र मेरो बीचमा ठूलो बादल आएको जस्तै लाग्यो तरै भए पनि पवित्र आत्माले मभित्र सङ्घर्ष गर्दै र उच्चारण गर्न नसक्ने विलाप गर्दै हुनुहुन्थ्यो।

त्यो रात विजयी प्राप्त नगरीकन नै विश्राम लिन बाध्य भएँ। बिहान उज्यालो हुने बित्तिकै म ब्युँझेँ र मेरो मनमा आएको पहिलो कुराचाहिँ त्यो जवान स्त्रीका लागि फेरि पनि परमेश्वरको अनुग्रह खोज्नु थियो। म तुरुन्तै उठेँ र घुँडा टेक्ने बित्तिकै त्यो कालो बादल हट्यो। म फेरि उनको लागि प्रार्थनामा रहेँ। मैले बिन्ती चढाउने बित्तिकै परमेश्वरले मलाई भन्नुभयो, "हो।" उहाँले कानले सुन्ने गरी बोल्नुभएको थियो भने त्यति सफा सुन्दिन थिएँ होला, तर उहाँले मेरो आत्मामा बोलेको स्पष्ट सुनियो, मैले तुरुन्तै पीडाबाट छुटकारा पाए। मेरो मन ठूलो शान्ति र आनन्दले भरियो र उनले उद्धार पाउँछिन् भन्ने पूर्ण निश्चयताको महसुस गरेँ।

तापनि समयको बारेमा म एउटा गलत निष्कर्षमा आइपुगेँ, जुन कुरा म प्रार्थनामा रहँदा मेरो मनमा आएको थिएन। मैले उनले तुरुन्तै उद्धार पाउँछिन् भनी ठान्थे तर त्यस्तो भएन। उनले आफ्नो पापमा अझै धेरै महिनाहरू बिताइन्। म निराश भएँ र साँच्चै नै यो विषयमा मैले परमेश्वरलाई जितेँ कि जितीनँ भन्ने प्रश्नमै लरबराएँ। तर कुनै समयपछि एउटा विश्ववादी प्रचारकलाई झूटो प्रमाणित गर्न गरेको प्रचार सुनेर तिनले उद्धार पाइन्।

मैले उद्धार पाएपछि एकजना न्यायाधीश, जो त्यो ठाउँको मुख्य व्यक्ति

हुनुहुन्थ्यो, जसको साथमा म थोरै समयको लागि बसोबास गर्थें, एकदिन उहाँले गहिरो रूपमा आफू पापको भागीदार भएको महसुस गर्नुभयो। उहाँ त्यो प्रान्तको व्यवस्थापिका संसद हुनुहुन्थ्यो। उहाँको लागि म दैनिक रूपमा प्रार्थना गर्थें। उहाँको पापको महसुस गहिरो हुँदै गयो तर दिन-दिनै उहाँले समर्पण गर्ने कामलाई पर सार्दै जानुभयो। उहाँको लागि मेरो चिन्ता बढ्दै गयो।

एकदिन उहाँको राजनैतिक साथीहरूले उहाँसँग एउटा लामो बैठक गरे। त्यो दिन बेलुकी उहाँको विषयलाई परमेश्वरको अगाडि लाने प्रयास गरें कारण मेरो मन उहाँको उद्धारप्रति धेरै हतारिन्थ्यो। म प्रार्थनामा एकदमै परमेश्वरको नजिक पुगेको थिएँ। प्रभु येशूसँग त्यति नजिक सम्बन्धमा भएको अरू कुनै समय मलाई याद छैन। उहाँको उपस्थिति यति वास्तविक थियो, कि म प्रेम र कृतज्ञता र खुशीको आँसुमा डुबिरहेको थिएँ। यो अवस्थामा मैले उहाँको लागि प्रार्थना गर्ने प्रयास गरें। मैले त्यस्तो गर्ने बित्तिकै मेरो मुख बन्द भयो। उहाँको लागि प्रार्थनामा एक शब्द बोल्न पनि असम्भव लाग्यो। "मलाई एउटा पीडाले समात्यो" मैले पहिले यो एउटा परीक्षा हो भनी सोचें तर ढोका मेरो अगाडि बन्द थियो। मलाई प्रभुले, "त्यो विषयको बारेमा अब उप्रान्त नबोल्" भनी भने जस्तै लाग्यो। व्यक्त गर्न नसकिने अवस्थासम्म मलाई यो कुराले दु:खित तुल्यायो। यसबाट मैले के बुझ्ने मलाई थाहा भएन।

भोलिपल्ट बिहान मैले उहाँलाई भेटें र परमेश्वरकोलागि आत्मसमर्पण गर्ने बारेमा सोधें, उहाँले मलाई भन्नुभयो, "श्रीमान् फिनी, म व्यवस्थापिका सभाबाट फर्केर आउन्जेल यो विषयको बारेमा केही गर्न सक्दिनँ। मैले मेरो राजनीतिक साथीहरूलाई व्यवस्थापिका संसदमा केही काम गरिदिने प्रतिबद्ध गरेको छु। जुन कुराहरू ख्रीष्टिय विश्वाससँग मेल खाँदैनन् र म अलबानीबाट नफर्कुन्जेल यो कुरामा ध्यान नदिने प्रतिज्ञा गरेको छु।"

त्यो दिनको अघिल्लो बेलुकीको प्रार्थनाको समयदेखि नै उहाँको लागि प्रार्थना गर्ने आत्मा मबाट हटेको थियो। उहाँले मलाई आफूले गरेको कुराहरू भनिसकेपछि मैले कारण पनि बुझें। उहाँमा आफू दोषी भएको महसुस हटिसकेको थियो, र परमेश्वरको आत्मा उहाँबाट हटिसक्नुभएको थियो। त्यो समयदेखि उहाँ झन् कठोर र लापर्बाही जीवन जिउनुभयो।

व्यवस्थापिका संसदको समय आइपुग्दा उहाँ जानुभयो, र वसन्त ऋतुमा फर्किंदा विश्ववादी सिद्धान्त पछ्याउने पागल जस्तै भएर फर्कनुभयो। म उहाँलाई पागल जस्तै भन्दैछु कारण उहाँले आफ्नो निर्णय कुनै प्रमाण वा वादविवादको निष्कर्षको रूपमा नगरीकन मलाई यसो भन्नुभयो, "म यो निष्कर्षमा आएँ, बाइबलमा यो शिक्षा पाएर होइन तर यस्तो सिद्धान्तलाई शारीरिक मनले प्रतिरोध गर्ने भएर। यो सिद्धान्तलाई सामान्यतः विरोध गरिन्छ र त्यो कुराले प्रमाणित गर्छ कि योचाहिँ शारीरिक र उद्धार नपाएको मनको लागि बेस्वादको छ।" यो कुरा मेरो लागि आश्चर्यचकित पार्ने विषय थियो। तर उहाँ आफ्नो पापमानै रहनुभयो, र अन्तमा विश्ववादी सिद्धान्तमा विश्वास राख्ने व्यक्ति भएर नै मर्नुभयो।

४

# ईश्वरशास्त्रीय शिक्षा र आडम्सको अरू अनुभवहरू

मैले उद्धार पाउने बित्तिकै पास्टरलाई सहायताको लागि बोलाएँ र हामीले प्रायश्चित्तको बारेमा लामो बातचित गऱ्यौँ। उहाँ प्रिन्सटनमा ईश्वरशास्त्र पढेको विद्यार्थी हुनुहुन्थ्यो, र प्रायश्चित्तको बारेमा सीमित धारणा राख्ने व्यक्ति हुनुहुन्थ्यो। प्रायश्चित्तचाहिँ चुनिएकाहरूको लागि मात्र हो र अरूको लागि होइन भन्ने धारणा बोक्नुहुन्थ्यो। हाम्रो बातचित आधा दिनसम्म भएको थियो।

येशू ख्रीष्ट चुनिएकाहरूको लागि स्वर्गीय नियमअनुसारको अक्षरश: सजाय भोग्नुभयो भन्ने धारणा उहाँले बोक्नुहुन्थ्यो। उहाँले चुनिएकाहरूले भोग्नुपर्ने न्यायसंगत दण्डको लागि दु:ख भोग्नुभयो। प्रतिशोधात्मक न्याय (Retributive justice) अनुसार चुनिएका हरेकले भोग्नु पर्ने दण्डलाई उहाँले भोग्नुभयो। मैले यो अनर्थक भनेर अस्वीकार गरेँ, किनभने त्यसो हो भने येशू ख्रीष्टले चुनिएका हरेकले गरेको असीमित खराब कामका लागि समान रूपमा दण्ड भोग्नुभयो। उहाँले यो सबै नै सत्य भनेर जोड गर्नुभयो। उहाँले भन्नुभयो, "चुनिएकाहरूको ऋण येशूले तिर्नुभयो, र प्रतिशोधात्मक न्यायलाई पूर्ण रूपमा सिद्ध तुल्याउनुभयो।" तर मलाई चाहिँ येशूले सार्वजनिक न्यायलाई (Public Justice) मात्र पूरा गर्नुभएजस्तै लाग्थ्यो र त्यति मात्र ईश्वरीय शासनले माग्न सक्थ्यो।

म फेरि ईश्वरशास्त्रमा बच्चा नै थिएँ। म धार्मिक कुराहरूमा र धर्मशास्त्रको कुराहरूमा भर्खरैको भए तापनि उहाँले भोग्नुभएका

धारणाहरूलाई धर्मशास्त्रको आधारमा लिनुभएको होइन जस्तो लाग्थ्यो र मैले उहाँलाई त्यो कुरा भने। यी विषयहरूसम्बन्धी पढ्न मसँग धर्मशास्त्र बाहेक अरू केही पनि थिएन। यो विषयसम्बन्धी धर्मशास्त्रमा जे पाए, ती कुराहरूलाई कानुनी किताबहरूलाई जसरी पढ्थेँ र आफूले बुझेअनुसार त्यसलाई व्याख्या गर्थें। स्थापित भएको प्रायश्चित्तको सिद्धान्तलाई आधार मानेर धर्मशास्त्रको वचनलाई व्याख्या गर्दा उहाँले यो धारणा पाउनुभए जस्तो लाग्थ्यो। उहाँले लिनुभएको धारणाहरूलाई कहिल्यै सुनिन। उहाँको यो कुराहरूलाई सुनेर म छक्क परेँ र सकेसम्म इन्कार गरेँ।

धर्मशास्त्रले सुसमाचार सुन्ने हरेकले पश्चात्ताप गर्न र त्यसलाई विश्वास गर्न र उद्धार पाउनलाई माग राख्दैन ? भनी मैले सोधेँ। उहाँले धर्मशास्त्रले त्यो माग राख्छ भनी स्वीकार गर्नुभयो; त्यस्तै हो भने अरूलाई नदिईने तर चुनिएकाहरूलाई मात्र दिइने उद्धारलाई अरूले कसरी विश्वास गर्ने र स्वीकार गर्ने भनी मैले सोधेँ । उहाँको अधिनमा रहेर धर्मशास्त्र अध्ययन गरुञ्जेल यो कुराको बारेमा विवाद गरिरह्यौँ।

वसन्त ऋतुमा हाम्रो चर्चका पुराना सदस्यहरू परमेश्वरप्रतिको भक्ति र प्रार्थनामा कमजोर हुँदै गएका थिए। यो कुराले मलाई र उद्धार पाएकाहरूलाई धेरै सतायो। यतिखेरको समयमा "पवित्र जागृति पुन:जागरण पारिएको" भन्ने शीर्षकमा एउटा लेख पत्रिकामा पढेँ। त्यसमा एउटा ठाउँमा हिउँदमा सुरु भएको जागृति वसन्त ऋतुमा सेलाउँदै गएको र पवित्र आत्मा खन्याइनका लागि गरिएको तीव्र प्रार्थनाले गर्दा शक्तिशाली रूपमा यो पुन: जागरण भएको कुरा बताएको थियो, यो लेखले मलाई आँसुको बाढीमा पुऱ्यायो।

म त्यति बेलाको समयमा श्रीमान् गेलसँग बस्थेँ। उहाँलाई त्यो लेख देखाएँ, प्रार्थना सुन्नु र उत्तर दिनुमा भएको ईश्वरीय सद्‌गुणले प्रभावित भएँ र आडम्समा हुने भनिएको परमेश्वरको काममा जागृति ल्याउन गरिने प्रार्थनाको सुनुवाइ हुन्छ र उत्तर पाइन्छ भन्ने कुरामा निश्चित भएँ। म एक सानो बालक जसरी रुँदै सभाघरमा गएँ, मेरो भावना देखेर श्रीमान् गेल चकित हुनुभयो, परमेश्वरले आफ्नो कामलाई पुन: जागरण गराउनुहुन्छ भनी विश्वास व्यक्त गर्नुभयो। मलाई जसरी नै यो लेखले उहाँलाई पनि प्रभाव पाऱ्यो।

जवान जवानीहरूको पछिल्लो सभामा ईश्वरीय काममा जागृतिको लागि हामी सबैले सूर्योदय, मध्यान्ह र सूर्यास्तमा आफ्नो कोठामा एक हप्तासम्म प्रार्थना गर्ने र फेरि एक हप्तापछि भेट हुँदा अरू के गर्नुपर्ने भन्ने बारेमा सोच्ने प्रस्ताव राखेँ। जागृतिको लागि कुनै माध्यम अपनाइएको थिएन तर प्रार्थनाको आत्मा यो नयाँ विश्वासीहरूमाथि अचम्म तरिकाले खन्याइएको थियो। एक हप्ता हुनुभन्दा अगाडि नै, उनीहरू मध्येमा कसैले यो प्रार्थनाको समयलाई अनुसरण गर्दा आफ्नो पूरै बललाई गुमाएँ र आफ्नो खुट्टामा खडा हुन पनि सक्दैन थिए, कोठाभित्र आफ्नो घुँडामा पनि उभिन सक्दैन थिए। तिनीहरू भुइँमा घोप्टो परेर लडिरहन्थे र शब्दहरूमा व्याख्या गर्न नसकिने सुस्केराहरूमा पवित्र आत्मा खन्याइनको लागि प्रार्थना गरिरहन्थे भन्ने कुरा थाहा पाएका थिए।

परमेश्वरले पवित्र आत्मा खन्याउनुभयो, र त्यो हप्ता पूरा हुनुभन्दा अघि नै सबै सभाहरू मानिसहरूले खचाखच भरिन्थ्यो। मलाई लाग्छ कुनै पनि जागृति सभामा नभए जसरी धार्मिक कुराहरूप्रति मानिसहरूको इच्छा र चाहना बढ्यो।

अब भन्न गइरहेको कुराहरू भन्न मलाई दु:ख लाग्छ, एउटा गल्ती भयो, सायद मैले भन्नुपर्दा एउटा पाप गऱ्यो; हाम्रो मण्डलीको पुरानो सदस्यहरूबाट यो भएको थियो। यसले एउटा ठूलो अनिष्ट निम्त्यायो। कुनै वृद्ध मानिसहरूले जवान मानिसहरूको बीचमा भइरहेको गतिलाई विरोध गर्न थालेको कुरा मैले थाहा पाएँ। उनीहरूले यो कुरामा डाह गर्न थाले र यसलाई बुझ्न भने सकेनन्। जवान मानिसहरू यसरी धेरै अघि सर्नु र मण्डलीको पुरानो सदस्यहरूलाई साथमा लान खोज्नु सही बाटो छोडेको हो भनी तिनीहरूले ठाने। यो मनको अवस्थाले पवित्र आत्मालाई दु:खित तुल्यायो। यसको केही समयभित्रमा नै ती पुराना सदस्यहरूको बीचमा बेमेल हुन थाल्यो र जागृतिलाई विरोध गर्नको लागि उठेकाहरूका लागि त्यसले ठूलो अनिष्ट निम्त्यायो।

जवान विश्वासीहरू बलियो रूपमा रहिरहे, मैले थाहा पाएअनुसार उनीहरू सबै कुरामा बलिया थिए र प्रभावशाली इसाईहरू थिए।

सन् १८२२को वसन्त ऋतुमा म एकजना प्रस्वीटेरीयन सेवकको

अधिनतामा सुसमाचारीय सेवकाईको लागि रहेँ। कुनै सेवकहरूले मलाई ईश्वरशास्त्र पढ्न प्रिन्सटन जाने सल्लाह दिनुभयो, तर मैले इन्कार गरेँ। उहाँहरूले कारण सोद्धा आर्थिक अवस्थाले मलाई साथ दिएन भनी बताएँ। यो सत्य थि,यो तर मेरो सबै खर्च आफूहरूले बेहोरीदिने भन्ने कुरा राखे। मैले जान अझै इन्कार गरेँ, उनीहरूले मलाई कारण सोधेर जबरजस्ती गर्दा मैले स्पष्टसँग उहाँहरूलाई भने, जुन प्रभावमा उहाँहरू हुनुभयो, त्यसमा आफू रहन चाहदिन भनी बताएँ र उहाँहरूले गलत शिक्षा पाउनुभयो, र ख्रीष्टको सेवक कस्तो हुनुपर्छ भन्ने नमुना म बोक्छु त्योअनुसार उहाँहरू छैन भन्ने बताएँ। मैले यो कुरा अप्ठ्यारो मान्दै भनेको थिएँ तर इमानदारीसाथ भन्दा मैले नभनी रहन पनि सकिनँ। उहाँहरूले मेरो पास्टरलाई मेरो अध्ययनको हेरचाह गर्ने जिम्मा दिए। उहाँले मलाई आफ्नो पुस्तकालय प्रयोग गर्ने अनुमति दिनुभयो, र मेरो धर्मशास्त्रीय अध्ययनमा चाहिने सहायता गर्छु भनी भन्नुभयो।

मेरो अध्ययनमा मेरो शिक्षक हुनुभएको उहाँ झण्डै विवादको पात्र मात्र बन्नुभयो। उहाँले पैतृक पाप अथवा मानिसको प्राकृतिक स्वभाव नै अनैतिक थियो भन्ने परम्परागत सिद्धान्तलाई पछ्याउनुहुन्थ्यो। मानव जातिले पश्चात्ताप गर्न र विश्वास गर्न अथवा परमेश्वरले चाहेको कुनै पनि काम गर्न सु–समाचारले मागे जस्तै जीवन बिताउन सक्दैन तर उनीहरूले सबै खराब गर्न स्वतन्त्र छन्, जति पनि पाप गर्न सक्छन् तर असल गर्नुचाहिँ उहाँहरूलाई स्वतन्त्र छैन र परमेश्वरले मानवको पापमय स्वभावको लागि उसलाई दोषी ठहऱ्याउनुभएको छ। यसैले र आज्ञा उलङ्घन गरेकाले अनन्त मृत्यु पाउन योग्य भएका छन् भन्ने धारणाहरू उहाँले बोक्नुहुन्थ्यो।

मानिसको मनमा पवित्र आत्माको प्रभाव भौतिक रूपमा नै हुन्छ। मानिसको प्राणमा पवित्र आत्माले सोझै काम गर्नुहुन्छ र पुनःजन्मिनुमा आफ्नो पक्षबाट मानिसले गर्ने केही छैन भन्ने धारणाहरू बोक्नुहुन्थ्यो, छोटकरीमा भन्नुपर्दा, उहाँले बोक्नुभएको सबै धारणाहरू मानिस प्राकृतिक रूपमा नै पापमय स्वभावको छ भन्ने विचारबाटै आएको देखिन्थ्यो।

पश्चात्ताप, पुनर्जन्म, विश्वास, प्रायश्चित्त र दासत्वमा परेको मानिसको निर्णय गर्ने क्षमता र अन्य यो सम्बन्धित सिद्धान्तहरूमा उहाँको धारणालाई

मैले स्वीकार गर्न सकिनँ। उहाँ यी धारणाहरूमा धेरै कठोर हुनुहुन्थ्यो, र यसै कुरालाई प्रश्नविना मैले स्वीकार गरिन भन्ने कुरामा असहनशील हुनुभयो।

तर मण्डलीको एकजना व्यक्ति हुनुहुन्थ्यो, जससँग म खुलस्त रूपमा आफ्नो मनका कुराहरूलाई व्यक्त गर्थें। उहाँ एल्डर "एच" हुनुहुन्थ्यो, जो अतिभक्ति गर्ने र प्रार्थना गर्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँले प्रिन्सटनको धारणाहरू सिक्नुभएको थियो, र क्याल्भनिजम सिद्धान्तहरूलाई बलियो रूपमा विश्वास गर्नुहुन्थ्यो। तरैपनि हामी धेरैपल्ट लामो बातचितमा बस्थ्यौँ र मेरो कुराहरू ठीक हो भनी उहाँ सन्तुष्ट हुनुभयो। उहाँले धेरैपटक मेरो अध्ययनमा र श्रीमान् गेलसँगको विवादमा मलाई बलियो बनाउनको लागि साथै जे आइपरे तापनि मेरो सुसमाचार प्रचार गर्ने मेरो निर्णयमा स्थिर गराउनको लागि मसित प्रार्थना गर्न मलाई डाक्नुहुन्थ्यो।

श्रीमान् गेलसँगको मेरो अध्ययनपछि म ठूलो निराशसहित फर्केको अवस्थाहरूमा उहाँ मेरो कोठामा जानुहुन्थ्यो; राती अबेरसम्ममा प्रकाश शक्तिको लागि साथै परमेश्वरको पूर्ण इच्छालाई स्वीकार गरेर त्यसलाई पालन गर्ने विश्वासको लागि हामीले परमेश्वरलाई पुकार्थ्यौं। उहाँ मेरो कोठाबाट तीन माइल टाढाको गाउँमा बस्नुहुन्थ्यो, र उहाँ बारम्बार मसित राती दश एघाह्र बजेसम्म रहेर त्यसपछि हिँडेर घर जानुहुन्थ्यो। प्रिय वृद्ध मानिस! उहाँले मेरो लागि आफू जीवित रहुन्जेल दैनिक रूपमा प्रार्थना गर्नुहुन्थ्यो भनी विश्वास गर्न धेरै कारणहरू छन्।

म सेवामा लागिसकेपछि मेरो प्रचारको बारेमा ठूलो विरोध खडा भएको थियो। त्यति बेलाको समयमा एकपल्ट एल्डर एचलाई भेटेको थिएँ। उहाँले त्यो विरोधको बारेमा सांकेतिक रूपमा कुरा गर्नुभयो, र भन्नुभयो, "मेरो प्राण यति ठूलो बोझले भरिएको छ कि म तिम्रो लागि दिनरात प्रार्थना गरिरहेको छु, तर म निश्चित छु कि अगाडि बढ्दै जान परमेश्वरले सहायता गर्नुहुनेछ।" उहाँले भन्नुभयो, "अगाडि बढ्दै जानु मेरो भाइ फिनी परमेश्वरले तिमीलाई छुटकारा दिनुहुनेछ।"

मैले ईश्वरशास्त्रीय अध्ययनलाई अगाडि बढाउने क्रममा श्रीमान् गेलसँगको छलफलपछि मलाई जाँचेर सुसमाचारको प्रचारक हुन अनुमति

दिनको लागि मण्डलीका अगुवाहरूको समूहलाई आडम्समा बोलाइयो। योचाहिँ सन् १८२४ को मार्च महिनामा थियो। मलाई जाँच्ने क्रममा उहाँहरूसँग एउटा ठूलो सङ्घर्ष हुनसक्ने देखेँ तर उहाँहरू धेरै नै नरम भइसकेको मैले पाएँ। बातचितहरूमा, प्रार्थनामा र सभाहरूमा दिएको मेरो शिक्षाहरूमा प्रकट भएको आशिषले उहाँहरूलाई धेरै होशियारी बनायो। त्यस्तो नभएको खण्डमा उहाँहरू मसँग धेरै नै विवादमा जान सक्नुहुन्थ्यो। मलाई जाँच्ने क्रममा उहाँहरूको धारणासँग विवादमा आउनसक्ने प्रश्नहरूलाई छोड्नुभयो। मेरो जाँच भइसकेपछि मलाई प्रचार गर्ने अनुमति दिनको लागि एक मनको भई मत दिनुभयो।

त्यो सभामा पहिलो पटक रेभ.डेनिएल न्याशलाई (Rev. Daniel Nash) देखेँ, जो फादर (पादरी) न्याश भनेर चिनिनुहुनथ्यो। उहाँ प्रस्वीटरी समूहका सदस्य हुनुहुन्थ्यो। मेरो जाँचलाई सुन्नको लागि धेरै मानिसहरू भेला भएका थिए। म अलि ढिलो पुगेँ र एकजना मानिसलाई देखेँ, जो पुलपिटमा उभिएर मानिसहरूसँग बोलिरहे जस्तै लाग्यो। म भित्र आउँदै गर्दा उहाँले मलाई हेरीरहनुभएको मैले देखेँ र मण्डली भित्र आउँदै गरेको अरूलाई पनि हेरीरहनुभएको थियो।

म आफ्नो स्थानमा पुगिसकेपछि उहाँको स्वरलाई सुन्दा उहाँले प्रार्थना गरिरहेको थाहा पाएँ। परमेश्वरको अगाडि प्रार्थना गर्दा मानिसहरूसँग बोलेको जसरी सभाघरको चारैतिर हेरिरहेको देखेर म छक्क परेँ। साँच्चै त्यो प्रार्थना जसरी पनि सुनिएन, त्यति बेला उहाँ ख्रीष्टिय विश्वासमा धेरै चिसो हुनुभएको थियो, र पछि हटेको अवस्थामा हुनुहुन्थ्यो।

अर्को विश्राम दिनमा, प्रचारकको अनुमति पाएपछि, श्रीमान् गेलको साटोमा प्रचार गरेँ। मैले पुलपिटबाट निस्कने बित्तिकै उहाँले भन्नुभयो, "श्रीमान् फिनी, तपाईं जहाँ गए तापनि तपाईं मेरो सहायतामा ईश्वरशास्त्रको अध्ययन गर्नुभयो भनी थाहा दिँदा म धेरै नै शर्माउँछु।" यो कुरा उहाँले मलाई बारम्बार भनिरहनुभएको थियो, र मैले खास जवाफ दिइन। आफ्नो शिर निहुराएर निरुत्साही भई गएँ।

पछिल्लो समयहरूमा उहाँले यो विषयलाई फरक तरिकाले हेर्नुभयो, र हाम्रो हरेक बातचितद्वारा आफूले आशिष् पाएको मलाई भन्नुभयो। उहाँले

TDG Mission

मसँग गरेको व्यवहारमा भएको भुलहरूलाई खुलस्त रूपमा स्वीकार गर्नुभयो, र मैले उहाँको कुरा सुनेको भए बिग्रिन्थे भनी भन्नुभयो।

श्रीमान् गेलको शिक्षामा अर्को एउटा अधुरो कुरा थियो, जुन कुरालाई म आधारभूत ठान्दछु। उहाँ साँच्चै नै ख्रीष्टमा परिवर्तन हुनुभएको थियो भने, उहाँलाई पुलपिट र समाजमा शक्तिशाली बनाउने पवित्र आत्माको स्वर्गीय अभिषेकलाई पाउन चुक्नुभयो। जुन कुराले आत्माहरूलाई उद्धारमा डोऱ्याउँछ। उहाँले सेवकाईमा सफल हुन अति आवश्यक हुने पवित्र आत्माको बप्तिस्मा पाउन चुक्नुभयो।

ख्रीष्टले आफ्नो प्रेरितहरूलाई प्रचार गर्न आज्ञा दिँदा उहाँले तिनीहरूलाई माथिबाट आउने शक्तिलाई प्राप्त नगरुञ्जेल यरूशलेममा नै पर्खिरहन भन्नुभयो। त्यो शक्ति सबैले थाहा पाएअनुसार पेन्तिकोसको दिनमा उहाँहरूमाथि खन्याइएको पवित्र आत्माको बप्तिस्मा थियो। यो सेवकाईको सफलताको लागि नभई नहुने योग्यता हो। मैले त्यति बेला र अहिले पनि त्यो बप्तिस्मालाई आश्चर्यको काम गर्न चाहेको शक्तिको रूपमा ठानेको छैन। आश्चर्यको काम गर्ने शक्ति र अन्यभाषाको बरदानहरू मानिसहरूमा भएको स्वर्गीय बोलाहटको प्रमाण दिनको लागि मात्र हो। तर पवित्र आत्माको बप्तिस्माचाहिँ स्वर्गीय शुद्धिकरण ल्याउने अभिषेक हो, जसले स्वर्गीय प्रकाश ल्याउँछ र विश्वास, प्रेम, शान्ति र शक्तिले भर्छ, ताकि उहाँहरूको शब्दहरू दुईधारे शक्तिशाली तरवार झैँ परमेश्वर विरोधीहरूको हृदयमा पस्छ। योचाहिँ सफल सेवकाईको लागि नभई नहुने योग्यता हो। ख्रीष्टलाई पापी संसारमा प्रचार गर्दा यो योग्यतालाई धेरै कम महत्त्व दिएकोमा म छक्क पर्छु र आजसम्म दुःखित छु। पवित्र आत्माको प्रत्यक्ष शिक्षाविना एउटा मानिसले सुसमाचार प्रचार गर्नुमा उन्नति गर्नु असम्भव छ। उसले सुसमाचारलाई एउटा अनुभवको रूपमा र धर्मलाई चेतनासँग सम्बन्धित कुराको रूपमा प्रस्तुत गरेन भने उसको सन्देश र सिद्धान्तहरू सुसमाचारबाट धेरै टाढा हुन्छ भन्ने कुराचाहिँ सत्य हो।

श्रीमान् गेल पछिको समयहरूमा आफू खासै परिवर्तन नभएको निष्कर्षमा आउनुभयो। उहाँ असल व्यक्ति हुनुहुन्थ्यो, र आफ्नो सिद्धान्तहरूलाई इमानदारीपूर्वक पछ्याउनुभयो, यस कुरालाई म शङ्का

TOC Mission

गर्दिन। तर उहाँ आफ्नो शिक्षा, ईश्वरशास्त्र र सिद्धान्तशास्त्र र प्रयोगात्मक शैली, यी सबैमा अधुरो नै हुनुहुन्थ्यो। उहाँबाट सेवा पाइरहेको समयहरूमा मैले उहाँको आत्मिकी अवस्थालाई थाहा पाएअनुसार सुसमाचारले प्रदान गर्ने शान्ति उहाँमा थिएन।

मैले बताएका कुराहरूबाट पढ्ने व्यक्तिले नठानोस् कि मैले श्रीमान् गेललाई प्रेम गरिनँ। म उहाँप्रति उच्च आदर राख्छु र प्रेम गर्छु। उहाँको मृत्यु हुने दिनसम्म हामी दुवैजना बलियो सम्बन्ध भएको साथीहरू नै थियौँ। मैले भनेका सबै कुराहरू उहाँको धारणाहरू सम्बन्धित मात्र थिए र मलाई लाग्छ ती कुराहरू भन्न उचित छन्, मलाई दुःख लाग्छ, म आजको धेरै सेवकहरूलाई पनि त्यही कुरा भन्न बाध्य छु। उहाँहरूको ईश्वरशास्त्रीय धारणाहरू जस्तो भए तापनि मलाई लाग्छ, सुसमाचार प्रचार गर्नुमा उहाँहरूको प्रयोगात्मक शैलीहरू साँच्ची नै पूर्ण रूपमा अधुरो छ। सेवकाईको तयारीमा अभिषेक र पवित्र आत्माको शक्तिको अभाव मुलतः अधुरो कुरा हो। आलोचन गर्नको लागि मैले यो कुरा भनेको होइन तर मेरो मनमा लामो समय अघिदेखि स्थापित भएको र जुन कुराको सम्बन्धमा मैले लामो समय विलाप गरेको थिएँ, त्यसैलाई सत्यको रूपमा लेखिराख्न चाहन्छु। यहाँ र अन्य देशहरूमा जति सेवकाईहरूसँग परिचित हुँदै गएँ, मलाई लाग्छ कि सबै तालिम र शिक्षा र अनुशासन यी सबै हुँदा पनि सुसमाचारलाई असल तरिकाले प्रस्तुत गर्ने प्रयोगात्मक शैली र त्यसको अन्तिम चरणलाई सुनिश्चित गर्न अपनाउने तरिकाहरूमा र विशेष गरी पवित्र आत्माको शक्तिमा उहाँहरू अधुरो नै छन्।

TOC Mission

५

# मिशनरीको रूपमा प्रचारको सेवा

सेवकाईको लागि चाहिने नियमित तालिमहरू प्राप्त गरेको अवस्थामा, ठूलो बजार र शहरहरूमा परिश्रम गर्न मलाई इच्छा थिएन र चाहिनँ पनि बोकिनँ साथै परिपक्व मण्डलीहरूको बीचमा प्रचार गर्न पनि मन भएन। नयाँ बस्तीहरू, बिद्यालयहरू, बगैंचाहरू र खेतीकिसान गर्ने ठाउँहरूमा प्रचार गर्ने निर्णय गरेँ । प्रचार गर्नको लागि अनुमति प्राप्त गर्ने बित्तिकै, जुन ठाउँमा मैले परिश्रम गर्ने सोच बनाएको थिएँ, त्यो ठाउँमा मलाई परिचय गराइदिनको लागि मात्रै ओनैडा(Oneida)मा भएको एउटा मिशनरी सोसाइटीबाट छ महिना त्यहाँ काम गर्ने आज्ञा पत्र प्राप्त गरेँ। जेफ्फर्सन प्रान्तको उत्तरमा भएको लिरे (Le Ray) शहरको इभान्स मिल्स (Evan Mills) भन्ने ठाउँमा आफ्नो परिश्रम सुरु गरेँ।

TOC Mission

यो ठाउँमा मैले दुईवटा मण्डलीहरू भेट्टाएँ, एउटा मण्डली सेवकविना विश्वासीहरू बाट नै संचालन हुने मण्डली थियो (जुनलाई अंग्रेजी भाषामा कांग्रिगेस्नल चर्च भनिन्छ) र अर्को ब्याप्टिस्ट मण्डली थियो, जुनमा एकजना सेवक हुनुहुन्थ्यो। मैले मेरो प्रमाण –पत्रहरू डिकनहरूलाई देखाएँ, उहाँहरू खुशी हुनुभयो, र तुरुन्तै आफ्नो कामलाई सुरु गरेँ। उहाँहरूको लागि भेला हुने सभाघर थिएन, त्यसैले दुवै मण्डलीहरू पालैसँग ढुंगाले बनाएको एउटा ठूलो विद्यालयको भवनमा संगति गर्थे। ब्याप्टिस्टहरूले एक आइतबार भवनलाई प्रयोग गरे भने अर्को आइतबार मैले कांग्रिगेस्नल मण्डलीको लागि पाउँथे तर बेलुकीको समयमा भवनलाई आफ्नो इच्छाअनुसार प्रयोग गर्न पाउथेँ। त्यसैले इभान्स मिल्स र त्यहाँदेखि १६ अथवा १८ माइल उत्तरमा भएको एन्टवर्प भन्ने गाउँहरूको बीचमा

पालै–पालो गर्दै आइतबारको दिनहरूलाई सेवामा प्रयोग गर्थ्यौं।

मैले इभानमिल्समा भएको विद्यालय भवनमा प्रचार सुरु गरेँ। मानिसहरू धेरै उत्साहसाथ खचाखच भएर मेरो प्रचार सुन्न भेला भए। उहाँहरूले मेरो प्रचारलाई प्रशंसा गर्नुभयो, र आफूहरू बनिन्छौँ र एउटा जागृति हुन्छ भन्ने आशा गर्नुभयो। हरेक प्रचारमा प्राय:जसो मानिसहरू पश्चात्ताप गरेको घटनाहरू घट्थ्यो तर साझा रूपमा सबैमा पश्चात्ताप भएको थिएन।

यस्तै अवस्था देखेर म असन्तुष्ट भएँ र दुई–तीन हप्ताको प्रचार र बेलुकीको धेरैवटा संगति पछि, एक दिन बेलुकीको सङ्गतिमा मैले उहाँहरूलाई केही कुराहरू बताएँ। मैले भनेँ, म त्यहाँ उहाँहरूको उद्धारलाई सुनिश्चित गराउन आएको हो, र मेरो प्रचार, जसलाई उहाँहरूले धेरै प्रशंसा गर्नुहुन्थ्यो, त्यो उहाँहरूलाई खुशी पार्न नभएर पश्चात्तापमा डोहो-याउन थियो, र उहाँहरू मेरो प्रचार सुनेर कति खुशी हुनुभयो भन्ने कुरा, उहाँहरूले मेरो मालिकलाई इन्कार गरिरहुन्जेल मेरो लागि महत्त्वपूर्ण हुँदैन। कि ममा वा उहाँहरूमा केही समस्या छ र जुन प्रकारको भावना मेरो प्रचारप्रति व्यक्त गर्नुभयो, त्यो उहाँहरूको लागि भलाइ ल्याउने कुरा होइन र उहाँहरूले सुसमाचारलाई ग्रहण नगरेको अवस्थामा म मेरो समय उहाँहरूसँग बिताउने छैन। त्यसपछि म उहाँहरूलाई अब्राहामको नोकरको, “अब तपाईंहरू मेरा मालिकसँग दया र सत्यको व्यवहार गर्नुहुन्छ भने मलाई भन्नुहोस्। होइन भने पनि मलाई भन्नुहोस्, र म दाहिने–देब्रे जता हुन्छ लागुँला।” भन्ने शब्दहरूलाई उल्लेख गरेर त्यो प्रश्नलाई उहाँहरूतिर फर्काएँ र उहाँहरू के निर्णय गर्नुहुन्छ भन्ने कुरा बताउन अनुरोध गरेँ। उहाँहरूले ख्रीष्टलाई पछ्याएर उहाँको सेवा गर्न इच्छुक हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा थाहा पाउने मेरो इच्छा थियो, ताकि उहाँहरूप्रतिको मेरो परिश्रम व्यर्थ नजाओस्। मैले उहाँहरूलाई भनेँ, “मैले सुसमाचार प्रचार गर्दैछु भनी तपाईंहरूले मान्नुहुन्छ र त्यसलाई विश्वास गर्छौं भनी भन्नुहुन्छ। अब तपाईंहरू त्यस कुरालाई ग्रहण गर्नुहुन्छ ? तपाईंहरूको व्यवहारको अर्थ त्यसलाई ग्रहण गर्छौं हो कि, इन्कार गर्छौं ? गर्नुहुन्न भनी भन्नुहुन्छ भने भन्नुहोस् अथवा गर्छौं भनी भन्नुहुन्छ भने पनि भन्नुहोस्, ताकि म दाहिने–देब्रे जता हुन्छ लागुँला।”

उहाँहरूले मैले भनेको कुरालाई राम्रोसँग बुझ्नुभयो भनी थाहा हुने

TOG Mission

गरी मैले समय लिएर सबै कुरा बताएँ। यी कुराहरूलाई बताउन मैले अपनाएको तरिकालाई देखेर उहाँहरू छक्क पर्नुभयो। त्यसपछि मैले उहाँहरूलाई भनेँ, "अब मैले तपाईंहरूको मनको कुरा थाहा पाउनुपर्छ, जस–जसले ख्रीष्टलाई पछ्याउने निर्णय गर्नुभयो, र परमप्रभुसँग मिलापमा आउने करार बाँध्नुहुन्छ, उहाँहरू आ–आफ्नो ठाउँमा खडा हुनुहोस् र जस–जसले इसाई नहुने निर्णय गर्नुभयो, र त्यो जानकारी मलाई अनि ख्रीष्टलाई दिन चाहनुहुन्छ, उहाँहरू बसिरहन सकिन्छ।" उहाँहरूले एक–अर्कालाई हेर्नुभयो, र मलाई पनि हेर्नुभयो, र मैले सोचेको जस्तो नै सबै बसिरहनुभयो।

उहाँहरूलाई एकछिन हेरिरहेपछि मैले भनेँ, "तपाईंहरू पक्का हुनुहुन्छ। तपाईंहरूको निर्णयमा उभिनुभयो। तपाईंहरूले ख्रीष्ट र उहाँको सुसमाचारलाई इन्कार गर्नुभयो; यो कुराको साक्षी तपाईंहरू आफै हुनुहुन्छ र तपाईंहरू सबैको विरोधमा परमेश्वर साक्षी हुनुहुन्छ। यो कुरा स्पष्ट भयो, र तपाईंहरूको जीवनकालभरि नै यो कुरालाई याद गर्न सकिन्छ कि साझा रूपमा ख्रीष्टको विरोधमा यो काम गर्नुभयो, र भन्नुभयो, 'हामी यो मानिस ख्रीष्ट येशूलाई हामीमाथि शासन गर्न दिँदैनौँ। '" उहाँहरूको माझमा मैले ल्याउन चाहेको कुरा यही नै थियो, र मेरो सम्झनाअनुसार करिब–करिब यी शब्दहरूलाई नै प्रयोग गरेको थिएँ।

मैले उहाँहरूलाई यसरी दबाब दिँदा उहाँहरू रिसाउन थाल्नुभयो, र सबैजना ढोकातिर लाग्नुभयो। उहाँहरू हिँड्न थाल्दा मैले रोकेँ र रोकेको देखेर उहाँहरू फर्केर हेर्नुभयो, र मैले भनेँ, "तपाईंहरूको लागि म दुःखित छु र परमेश्वरको इच्छा भएमा तपाईंहरूलाई भोलि राति म फेरि एकपल्ट प्रचार गर्नेछु।"

ब्याप्टिस्ट चर्चको डिकन "एम सी" बाहेक सबैजना जानुभयो। कांग्रिगेस्नल मण्डलीको सदस्यहरू अलमल्ल परेको मैले देखेँ। उहाँहरूको सङ्ख्या धेरै कम थियो, र उहाँहरू विश्वासमा धेरै कमजोरी हुनुहुन्थ्यो। मलाई लाग्छ, डिकन एम सी बाहेक दुवै मण्डलीको सबै सदस्यहरू चकित हुनुभयो, र मेरो बेढङ्गले मैले सबै कुरा नष्ट पारेँ भन्ने विचारमा उहाँहरू आएको जस्तै लाग्थ्यो। डिकन एम सी मकहाँ आएर हात समातेर हाँस्दै भन्नुभयो, "भाइ फिनी तपाईंले उहाँहरूलाई ठीक तरिकाले

IOC Mission

बाँध्नुभयो। उहाँहरू अहिले यतिकै विश्राम लिन सक्दैनन्, यो कुरालाई विश्वास गर्नुहोस्; उहाँहरू सबैजना निरुत्साहित हुनुभएको छ, तर मचाहिँ होइन। म विश्वास गर्छु, तपाईंले गर्नुपर्ने ठीक काम गर्नुभएको छ र हामी यसको नतिजा देख्नेछौँ।" मलाई पनि त्यही लागिरहेको थियो। आफूले गरेको कामलाई एकान्तमा सम्झेर हेर्दा डर लाग्ने स्थानमा नै उहाँहरूलाई पुऱ्याउने मेरो विचार थियो, तर त्यो बेलुकी र भोलिपल्ट उहाँहरू क्रोधित भइरहनुभएको थियो।

भोलिपल्ट बिहान त्यहीँ ठाउँमा उपवास प्रार्थनामा दुवैजना छुट्टा–छुट्टै एकान्तमा समय बिताउने र दिउँसो दुवैजना सँगै प्रार्थना गर्ने निर्णय म र डिकन एम सी ले गऱ्यौँ। त्यो दिनमा मैले थाहा पाएँ, कि मानिसहरूले मलाई अपमान गरेर, ताडना दिएर बिदाइको पत्र दिने धम्की दिइ रहनुभएको थियो। कसै–कसैले मलाई श्रापेर भन्दै थिए, कि उहाँहरूलाई मैले शपथ खान लगाएर परमेश्वरको सेवा नगर्ने प्रतिज्ञा गर्न बाध्य तुल्याएँ र साझा रूपमा ख्रीष्ट र उहाँको सुसमाचारलाई इन्कार गर्ने प्रतिज्ञामा पुऱ्याएँ। योचाहिँ मैले सोचेको भन्दा खासै बढी थिएन। मध्यान्हमा डिकन एम सी र म बगैँचामा गएर मध्यान्हको पूरै समयलाई प्रार्थनामा बितायौँ। बेलुकी हुने बेलामा परमेश्वरले हामीलाई विजयको प्रतिज्ञा दिनुभयो। हामी दुवैजनाले प्रार्थनामा परमेश्वरलाई जितेको र त्यो रात परमेश्वरको शक्ति मानिसहरूको बीचमा प्रकट हुन्छ भन्ने कुरामा पक्का भएको अनुभव गऱ्यौँ। बेलुकी सभाको समय नजिकिँदा हामी त्यो जङ्गलबाट गाउँतिर लाग्यौँ। आराधना गर्ने ठाउँ हामी जानुभन्दा अघि नै मानिसहरूले खचाखच भरिसकेको थियो; र जो–जति त्यहाँ जानुभएको थिएन, उहाँहरू पनि हामी गएको देखेर आ–आफ्नो पसल र व्यापारहरू बन्द गरेर, अनि खेलिरहेकाहरू आफ्नो खेलहरूलाई बन्द गरेर सभाघरलाई झन् भरिदिए।

प्रचारको बारेमा मैले केही सोचेको थिइन, त्यति बेलाको समयहरूमा मेरो आदत नै यस्तै थियो। पवित्र आत्मा ममाथि हुनुहुन्थ्यो, र प्रचार गर्ने समय आउँदा मैले प्रचार गर्नुपर्ने कुराहरू मलाई थाहा हुन आउँछ भनी म निश्चित थिएँ। सभाघर भरिएको देखिसकेपछि, म उठेँ, मेरो सम्झनाअनुसार गीत गाउने जस्तो कुनै औपचारिक सुरुवातविना, उहाँहरूको बीचमा यो शब्दहरू बोलेँ: "धर्मी मानिसहरूलाई भन, कि तिनीहरूलाई असल हुनेछ, किनकि तिनीहरूले आफ्नो सुकर्मको फल पाउनेछन्। दुष्ट मानिसहरूलाई

धिक्कार! तिनीहरूमाथि सर्वनाश परेको छ, किनकि तिनीहरूको हातले गरेको कामको प्रतिफल तिनीहरूले पाउनेछन्।"

परमेश्वरको आत्मा ममाथि शक्तिसँग आउनुभयो, कि उहाँहरूमाथि बिजुली पठाएको जस्तै भयो। झन्डै एक-डेढ घण्टा परमेश्वरको वचन आयो र त्यो वचनले आफ्नो विरोधमा भएको सबै कुरालाई बगायो। त्यो आगो र हथौडा जस्तै थियो; र प्राण र आत्मालाई भाग-भाग हुने गरी छेड्ने तरवार जस्तै थियो। मैले आम समूहमा पश्चात्तापको काम भइरहेको देखेँ। धेरैले आफ्नो शिर पनि उठाउन सकेनन्। मैले अघिको दिनको राति उहाँहरूले गरेको निर्णय बदल्न आह्वान गरिनँ तर मेरो प्रचारको अवधिभरि नै उहाँहरू परमेश्वरको विरोधमा नै खडा भइरहनुभएको छ भन्ने मानिलिएर प्रचार गरेँ।

मानिसहरू निस्किरहेको बेलामा मैले भवनको एउटा कुनामा एकजना स्त्रीलाई उनको साथीहरूले हातमा थामिरहेको देखेँ। उनी बेहोस हुन लागेको थिइनन् तर उनी बोल्न सकिरहेकी थिइनन्। उनी विचलित भएको उनको मुहारमा देखियो र आफू बोल्न नसकेको कुरा मलाई बुझाइन्। मैले उनको साथीहरूलाई, उनलाई घरमा लगेर प्रार्थना गर्न र परमेश्वरलाई काम गर्न दिन सुझाव दिएँ। उनी सबैले चिनेको एउटा मिशनरीको बहिनी सुश्री जी र उनी धेरै वर्ष अघिदेखि नै मण्डलीको एउटा असल विश्वासी पनि हुन् भन्ने कुरा तिनीहरूले बताए।

TOC Mission

त्यो रात म आफ्नो वासस्थानमा जानुको सट्टामा, एउटा परिवारको निमन्त्रणालाई स्वीकार गरेर त्यो रात परिवारसँगै बिताएँ। रातको समयमा म सधैँ बस्ने ठाउँमा मलाई खोज्न अशान्तिमा भएको परिवारहरूले धेरैपल्ट मान्छेहरू पठाएको बिहान मैले थाहा पाएँ। त्यसैले म अचानक सबै मानिसहरूको बीचमा जानुपर्ने भयो, र जहाँ-जहाँ गएँ, ती सबै ठाउँमा मानिसहरूले पापको लागि पश्चात्ताप गरिरहेको र प्राणको वेदनामा भएको मैले देखेँ।

सोह्र घण्टा बोल्न नसक्ने अवस्थामा भएको सुश्री 'जी' को मुख खुल्यो र उसलाई एउटा नयाँ गीत पनि दिइएको थियो। दलदले हिलोबाट उनले छुटकारा पाइसकेकी थिइन् र उसको खुट्टाहरू चट्टानमाथि बसालिएको

थियो, र धेरैले त्यो देखेर डराए। यो घटनाले मण्डलीको विश्वासीहरूको बीचमा एउटा ठूलो काम सुरु गरायो। आफू आठ वर्षसम्म मण्डलीको सदस्य भएर बसे तापनि अन्तमा आफू ढाँटिएको कुरा सुश्री 'जी' ले बताइन्, तर अघिल्लो रातको प्रचार सुन्दा आफू खासै साँचो परमेश्वरलाई नचिनेको कुरा थाहा पाएको उनले बताइन्। अघिल्लो रात परमेश्वरको बारेमा आफूले सुनेअनुसार उहाँको स्वरूपलाई सोच्दा एउटा किरा जस्तै आफ्नो आशा मरेको उनले बताइन्। परमेश्वरको पवित्रताको बारेमा प्रकट गराउँदा त्यसले एउटा विशाल छाल जस्तो आफैलाई आफू खडा भएको स्थानबाट बगाएको र आफ्नो आशा क्षणिकमा नाश भएको उनले बताइन्।

यो ठाउँमा, डेइसम (Deism) सिद्धान्तलाई पछ्याउने समाजमा उच्च स्थानमा रहेका केही मानिसहरू पाएँ। उहाँहरू मध्येमा एकजनाले होटेल चलाउँदै हुनुहुन्थ्यो, र अरू समाजमा आदरणीय व्यक्तिहरू थिए र साधारण मानिसहरूको ज्ञानभन्दा बढी ज्ञान भएकाहरू थिए। तर भइरहेको जागृतिलाई विरोध गर्न उनीहरू एकसाथ मिलेको देखियो। विश्राम दिनमा उहाँहरू मेरो प्रचार सुन्न आउने भएकोले उहाँहरूको सिद्धान्तको जराहरूलाई पक्का गरेर उहाँहरूको आवश्यकताअनुसार एउटा प्रचार तयार गरेँ। "मलाई अलिकति सहनुहोस् र म तपाईंहरूलाई परमेश्वरको पक्षमा अझै भन्नुपर्ने कुराहरू देखाउनेछु। टाढादेखि म मेरो ज्ञान ल्याउनेछु, अनि मलाई बनाउनुहुनेलाई धार्मिकताको श्रेय दिनेछु।" (अय्यूब–३६:२–३) भन्ने वचनबाट प्रचार सुरु गरेर उहाँहरूको सम्पूर्ण सिद्धान्तको जगहरूलाई निर्मूल पारेँ। मैले प्रचार अन्त गर्दा उहाँहरूको समूहको व्यक्ति, जो होटेल चलाउनुहुन्छ, उहाँ म कहाँ आएर यसो भन्नुभयो : "श्रीमान् फिनी, मलाई चित्त बुझ्यो। तपाईंले मेरो सबै गाह्रो विषयहरूको उत्तर दिनुभयो। अब तपाईं मेरो साथमा मेरो घरमा जानुपर्छ, म तपाईंसित बातचित गर्न चाहन्छु।" मलाई याद भएअनुसार उहाँहरूको समूहमा भएको प्राय: सबै परिवर्तन भए। यो ठाउँमा मैले पादरी न्याशलाई भेटेँ। मैले प्रचारको अनुमति पत्र प्राप्त गर्ने समयमा उहाँ पनि त्यो सभामा हुनुहुन्थ्यो, र आँखा खोलेर प्रार्थना गरिरहनुभएको थियो। सभा सकेर फर्केपछि उहाँको आँखाहरू पाक्यो र धेरै हप्ताहरू उहाँलाई अँध्यारो कोठामा थुनेर राख्नुपर्ने भयो। उहाँले पढ्न लेख्न सक्नुभएन र पूरै समयलाई प्रार्थनामा दिनुभयो भनी मैले पछि सुन्न पाएँ। उहाँको आत्मिक जीवनमा एउटा ठूलो परिवर्तन आयो र उहाँ आत्मा बचाउन हिँड्नुभयो।

'इभान्स मिल्स' भन्ने ठाउँमा उहाँ आइपुग्दा प्रार्थनाको शक्तिले भरिनुभएको थियो। उद्धार नपाएका मानिसहरूको नामको सूची तयार गरेर दैनिक प्रार्थना गरिरहनुभयो, र कोही बेला दिनमा धेरैपल्ट प्रार्थना गर्नुभयो। उहाँसँग प्रार्थना गर्दा र उहाँले सभाहरूमा प्रार्थना गरेको सुन्दा, उहाँको प्रार्थनाको वरदान अचम्म लाग्दो र विश्वास आश्चर्यपूर्ण छ भन्ने कुरालाई थाहा पाएँ।

त्यस गाउँको एक कुनामा रक्सीको भट्टी चलाउने 'डी' भन्ने एकजना व्यक्तिको घर थियो। जागृतिलाई विरोध गर्ने सबै मानिसहरू जमघट हुने ठाउँको रूपमा उसको घर थियो। त्यो भट्टी निन्दित ठाउँ थियो, र त्यो मानिस आफै पनि दुष्ट र ईश्वरहीन थिए। ऊ बाटोभरि जागृतिको विरोध गर्दै हिँड्थ्यो र बाटोमा इसाईहरूलाई देख्दा खराब शब्दहरूले निन्दा गर्थ्यो। उसको घरको ठीक अगाडि एकजना उद्धार पाएको जवान इसाईको घर थियो। हरेकपल्ट ऊ बाहिर निस्कँदा 'डी' ले उसलाई सराप्ने र उसको मनलाई चोट पुऱ्याउने खराब शब्दहरू प्रयोग गरी निन्दा गर्थ्यो। त्यसैले गर्दा आफू आफ्नो घर बेचेर अर्को ठाउँमा जाने विचारमा भएको कुरा उसले मलाई बतायो। पादरी न्याशले हामी 'डी' को बारेमा कुरा गरेको सुन्नुभयो, र तुरुन्तै उसको नामलाई आफ्नो सूचीमा राख्नुभयो। उहाँ एक–दुइ दिन त्यो सहरमा रहनुभयो, त्यसपछि अरू ठाउँहरूमा परिश्रम गर्न जानुभयो।

धेरै दिन नबित्दै एक दिन हामी सभा चलाइरहेको बेला त्यो दुष्ट मानिस 'डी' भित्र आए। ऊ समस्या ल्याउन आएको छ भनी मानिसहरू डराए। मैले उसको मुहारलाई हेरिरहें; ऊ विरोध गर्न आएको छैन, तर ठूलो मनको पीडामा छ भनी छिट्टै पत्ता लगाएँ। ऊ गाह्रोसित कुर्सीमा बसे। थोरै समयमा त्यहाँबाट काम्दै उठेर मकहाँ आएर केही कुरा बोल्न अनुमति मागे। मैले अनुमति दिएपछि कहिल्यै नसुनेको एउटा मुटु फुटेको पश्चात्ताप उसको मुखबाट आयो।

उसको पश्चात्तापले धेरैको हृदयलाई तोड्यो र परमेश्वरको कामलाई शक्तिशाली रूपमा अगाडि बढाउन एउटा माध्यम भयो। त्यसपछि म त्यहाँ रहुन्जेल हरेक प्रार्थना सभाहरू उसकै घरमा भयो, जुनचाहिँ पहिले एउटा भट्टी थियो।

## ६

# इभान्स मिल्स, एन्टवर्प र गुभर्नरमा जागृति

फिनीले प्रचार गरिरहेको ठाउँको नजिकै एउटा जर्मनीहरूको बस्ती थियो, र एउटा मण्डली पनि थियो। बालक बप्तिस्माको विधिलाई पछ्याउँदै हृदयको परिवर्तनविना उनीहरू साधारण ख्रीष्टिय जीवन जिउँथे।

त्यस मण्डलीका मानिसहरूले फिनीको प्रचार सुनेर आफ्नो मण्डलीमा प्रचार गर्न निम्तो दिए। उहाँ त्यहाँ गएर "पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन।" भन्ने पदबाट प्रचार गर्नुभयो। उहाँले पहिले केचाहिँ पवित्रता होइन भन्ने देखाउनुभयो, र उहाँहरूले पवित्रता मानिरहने कुराहरू यथार्थमा पवित्रता होइन भन्ने कुरालाई बताउनुभयो। दोस्रो उहाँले, पवित्रता के हो भन्ने कुरालाई देखाउनुभयो। तेस्रो परमप्रभुलाई देख्नु भनेको के हो र किन पवित्रताविना कसैले उहाँलाई देख्न सक्दैन र उहाँको उपस्थितिमा जान सक्दैन भन्ने कुरालाई देखाउनुभयो। उहाँको प्रचारपछि पवित्र आत्माले उहाँहरूलाई दायाँबायाँ काट्न थाल्नुभयो।

यो समय कटनीको समय थियो। मानिसहरू आफ्नो कटनीको कामलाई छोडेर अपरान्ह १ बजे घर भरिने गरी भेला भएका थिए। पूर्ण समाज पश्चात्तापमा थियो, र आफूले पछ्याएको धर्मले उद्धार दिँदैन भन्ने थाहा पाएर पश्चात्ताप गरेर उद्धार पाए। फिनीले त्यहाँ घटेका दुईवटा घटनाहरू बताउनुभएको छ; एउटाचाहिँ, एउटी अस्वस्थ स्त्रीको बारेमा, जसलाई पढ्न लेख्न आउँदैन थियो, तापनि परमेश्वरको वचनप्रतिको तृष्णाले गर्दा, बिरामी अवस्थामै ३ माइल हिँडेर सभामा आएर उद्धार पाइन् र एक उल्लेखनीय प्रार्थना गर्ने व्यक्ति बनिन्। अर्की स्त्री जसलाई

पढ्न–लेख्न आउँदैन थियो, र परमेश्वरको वचन पढ्न नपाउँदा अति दु:खित भएर येशूलाई पढ्न सिकाउनुहोस् भनी प्रार्थना गरिन्। प्रार्थना पछि उसले सोचिन् आफू पढ्न सक्छु र आफ्नो नानीहरूको नयाँ करार लिएर विद्यालयको शिक्षिका कहाँ गएर ठीकसित पढेर सुनाइन्। यो जागृतिले गर्दा दुईवटा मण्डली भवनहरू त्यो ठाउँमा स्थापित भए।

यो जागृतिको माध्यमहरू प्रचार, प्रार्थना, सभाहरू, धेरै व्यक्तिगत प्रार्थना र बुझ्न खोज्ने नयाँ विश्वासीहरूलाई व्यक्तिगत सल्लाह र भेटघाट, यी मात्र थिए। अरू कुनै पनि माध्यमहरू प्रयोग भएन। झूटो शिक्षा, फुट, विरोधहरू र दुष्टआत्मा यस्ता कुराहरूको लागि ठाउँ थिएन।

श्रीमान् फिनी एउटा सावधानी प्रचारक र शिक्षक हुनुहुन्थ्यो, र आकर्षण गर्ने भावनाहरूमा सन्तुष्ट हुनुहुन्नथियो। फिनीले मानिसहरूलाई आफ्नो गल्ती र कर्तव्य देखाउनुहुन्थ्यो, र उहाँहरूको पाप र कठोर हृदयलाई निर्मूल पार्ने एउटा असल ईश्वरशास्त्रको प्रचार गर्नुहुन्थ्यो। यो जागृतिको समयहरूमा एल्डरहरूको समूह (प्रस्वीटेरी) भेला भएर उहाँलाई अभिषेक गरियो।

फिनीले काम सुरु गर्दा उहाँको स्वास्थ्य बिग्रिसकेको थियो, खोक्दा रगत छाद्नुहुन्थ्यो, र उहाँ थोरै समय मात्र बाँच्नुहुन्छ भनी सबैले ठान्थे। श्रीमान् गेलले उहाँलाई हप्तामा आधा घण्टा मात्र प्रचार गर्ने आदेश दिनुभयो, तर फिनीचाहिँ घोडामा सवार गरेर एक सहरदेखि अर्को सहर र एक बस्तीदेखि अर्को बस्ती गर्दै यात्रा गर्नुभयो, र हरेक दिन साथै लगभग हरेक रात परिश्रम गर्नुभयो; उहाँको प्रचारहरू मध्यम दुई घण्टासम्म हुन्थ्यो। ६ महिनाभित्र उहाँको स्वास्थ्य पूर्ण रूपमा सुध्रियो, उहाँको फोक्सोले राम्रोसँग काम गर्न थाल्यो र कुनै पनि थकाइको अनुभव नगरीकन सेवा गर्न पाउनुभयो। उहाँले यसरी लेख्नुभयो: "मैले खुल्ला ठाउँहरूमा प्रचार गरेँ, विद्यालयहरूको बीचमा प्रचार गरेँ र एउटा महिमित जागृति त्यो सबै भागहरूमा फैलिरहेको छ।"

"प्रचार गर्ने मेरो तरिकाको कारण मलाई हप्काउने र इन्कार गर्ने धेरैजना सेवकहरूलाई भेट्ने गर्थें। जीवनको सामान्य घटनाहरूलाई उदाहरणको रूपमा प्रयोग गरेर प्रचार गर्ने कुराको बारेमा उनीहरूले मलाई हप्काए।

मैले सरल र थोरै शब्दहरूमा प्रचार गरेँ। तर उद्धार पाउनुभन्दा अघि विभूषित शब्दहरूलाई प्रयोग गर्ने गर्थें। तर म सुसमाचार प्रचार गर्न आउँदा मैले ध्यानसित अध्ययन गरेँ, एकपट्टि खराब शब्दहरूलाई छोड्न र अर्कापट्टि मेरो विचारलाई सरल भाषामा व्यक्त गर्न, ताकि मानिसहरूले मेरो कुरालाई स्पष्ट बुझोस्; यो कुरामा मलाई बढी चिन्ता लाग्थ्यो।"

फिनी फेरि पनि सेवकहरूको सभामा सहभागी हुनुभयो। उहाँहरूले तुरुन्तै उहाँलाई प्रचार गर्न दिने निर्णय गरे। पुलपिट पुरानो खालको थियो, र भित्तासँग जोडिएको थियो; फिनीलाई त्यो सजिलो भएन, उहाँ उठेर खुल्ला स्थानमा आउनुभयो, आफ्नो हृदयलाई खन्याएर एउटा प्रचार गर्नुभयो। एकजना सेवक उठेर फिनीलाई भन्नुभयो: "श्रीमान् फिनी, तपाईं हाम्रो बाटोमा आउनुभयो भने, तपाईंले हाम्रो स्कुल भवनहरूमा प्रचार गरेको म चाहन्छु। हाम्रो मण्डलीमा तपाईंलाई प्रचार गर्न दिने इच्छा मलाई छैन। तर स्कुल घरहरू, जुन गाउँभन्दा बाहिर छन्, तपाईं त्यहाँ प्रचार गरेको म चाहन्छु।"

तिनीहरूले आरोप लगाएर भन्थे: "मैले पुलपिटको मर्यादालाई बिगार्दै छु र सेवकको कामको लागि एउटा कलङ्क हुँ, र मैले भट्टीमा बोल्ने वकिल जस्तै बोल्दछु। पाप र पापीहरूको बारेमा बोल्नु सट्टामा 'तिमी' भन्ने शब्द प्रयोग गर्दैछु र 'नरक' भन्ने शब्दलाई यति जोडले प्रयोग गर्दैछु कि त्यसैले मानिसहरूलाई त्रसित तुल्यायो। साथै तिनीहरूले भन्थे कि मैले मानिसहरूलाई अब बाँच्नको लागि एकछिन पनि नरहेको जस्तो हतार गराउँदै छु र मैले मानिसहरूलाई बढी दोष्याउँदछु। एकजना ईश्वरशास्त्रमा उच्च शिक्षा हासिल गरेको व्यक्तिले भन्नुभयो, कि पापीहरूलाई दोष्याउनुको सट्टामा उनीहरूको लागि रुन आफूलाई बढी मन लाग्छ। मैले जवाफ दिएँ, तिनीहरू पापमय स्वभावका छन् र पाप तिनीहरूमाथि सारिएको छ र तिनीहरू केही गर्न सक्दैनन् भनी तपाईं मान्ने भएकाले तपाईंको कुरा मलाई अनौठो लागेन।"

"मैले प्रचार गर्दै गएँ, परमेश्वरले आफ्नो आशिष् जतातते थप्दै जानुभयो, आफू जस्तै म पनि प्रचार गर्नुपर्छ भन्ने सेवकहरूलाई मैले यसो भन्थेँ: 'अझै उत्कृष्ट बाटो मलाई देखाउनुहोस्, तपाईंको सेवाको परिणामहरू मलाई देखाउनुहोस्। तपाईंले मेरोभन्दा उत्कृष्ट बाटो पाउनुभएको छ भन्ने

कुराको प्रमाण दिने गरी त्यो परिणामहरू मेरोभन्दा बढी छन् भने त्यो बाटो म अपनाउँछु। मेरो सेवाको परिणामहरूले मेरो धारणा र प्रचारको तरिकालाई न्यायसङ्गत छन् भनी प्रमाणित गराउँदा, म त्यसलाई त्याग्छु भनी तपाईं आशा गर्नुहुन्छ? म सबै कुरालाई असल तुल्याउन चाहन्छु, तापनि तपाईंको कुरा सही मेरो कुरा गलत छ भन्नको लागि चाहिने असल प्रमाणहरू नपाउन्जेल मैले तपाईंहरूको तरिकाले सुसमाचार प्रचार गर्दिन।' म एउटै कुरालाई विभिन्न तरिकाले व्याख्या गरेर डोऱ्याउने काम गरिरहेको छु भनी आरोप लगाउँथे र शिक्षित समूहले मेरो कुरालाई मन पराउँदैन भनी भन्थे। मेरो प्रचारद्वारा न्यायाधीशहरू, वकिलहरू र धेरै शिक्षित मानिसहरू उद्धार पाएका छन् भन्ने कुरा थाहा हुन आउँदा चाँडै नै उनीहरू चुप भए।

**एन्टवर्पमा जागृति**

इभान्स मिल्सको उत्तर दिशामा एन्टवर्प भन्ने एउटा गाउँ थियो। त्यो गाउँपालिकाको प्राय: भागहरू अग्देन्सबर्गको एउटा जमिनदारको हातमा थियो, जसले त्यहाँको बस्ती बढाउनलाई एउटा सभाघर बनाइदिनुभयो। त्यो सभाघरलाई ताल्चा लगाएर एकजना होटेलको मालिकले चाबी बोक्नुभयो। त्यो ठाउँमा सेवा सञ्चालन गर्न खोजेको एकजना प्रस्वीटेरीयन एल्डरलाई बाटोमा रहने विश्ववाद सिद्धान्त मान्नेहरूले अवरोध गरेर सभाघर पुग्नै दिएनन्। सेवाहरू बन्द भएको थियो, शैतानले त्यो ठाउँलाई शासन गरिरहेको जस्तै देखिन्थ्यो; फिनी त्यो ठाउँमा जानुभयो, र त्यहाँ तीनजना प्रार्थना गर्ने स्त्रीहरूलाई भेटाउनुभयो। तिनीहरूले त्यो ठाउँमा सेवा चलाउन सक्दैन भनी डराउँथे तापनि त्यस मध्येमा एकजनाले आफ्नो पसलको अगाडिको भागलाई सेवाको लागि दिनुभयो। फिनी गाउँभरि निम्तो दिँदै जानुभयो, र शुक्रबारको रात फिनीको वचन सुन्नलाई १३ जना भेला भए। त्यो दिन फिनीले शबाथको दिनमा सेवा सञ्चालन गराइने छ भनी सूचना दिनुभयो, र त्यसको लागि उहाँ आफैले स्कुलको भवनलाई लिनुभयो। शनिबारको दिनमा उहाँ गाउँभरि जानुभयो, र जहाँ गए तापनि मानिसहरू एक-अर्कालाई श्रापिरहेको र अशुद्ध शब्दहरू प्रयोग गरिरहेको भेट्टाउनुभयो। आफू नरकको सिमानामै आएको जस्तो अनुभव गर्नुभयो, किनकि त्यति अश्लील शब्दहरू त कहिल्यै सुन्नुभएको थिएन। उहाँलाई एउटा डरले समात्यो। उहाँ प्रार्थना गर्न जानुभयो, र

उत्तर नआउन्जेल प्रार्थनामा पर्खिरहनुभयो: “नडराऊ, तर बोल्दै जाऊ, र कसैले तिमीलाई आक्रमण गरेर हानि गर्न सक्नेछैन, किनकि यस सहरमा मेरा धेरै मानिसहरू छन्।”(प्रेरित१८:९–१०) यो जवाफ आएपछि उहाँले डरबाट छुटकारा पाउनुभयो। आइतबारको बिहान उहाँ जङ्गलमा जानुभयो; आफूले सन्तुष्टि पाउन्जेल ती मानिसहरूको लागि प्रार्थना गरिरहनुभयो, र उहाँको प्रार्थना सक्दा सभाको समय भइसकेको थियो। सभाघर मानिसहरूले भरिएको थियो, र उहाँले यूहन्ना ३:१६ बाट प्रचार सुरु गर्नुभयो। परमेश्वरले आफ्नो प्रेमको सट्टामा उनीहरूबाट पाएको दुर्व्यवहारलाई देखाएर प्रचार गर्नुभयो। हिजोको दिनमा आफूले देखेको दृश्यहरूलाई बताएर उहाँले भन्नुभयो, “मलाई नरकको सिमानामा आएको जस्तै भएको छ।”

“उहाँहरू सबैलाई हप्काउन मन लागेको थियो, तापनि उनीहरूले गलत नठान्ने गरी दयाको साथ; परमेश्वरप्रतिको मेरो प्रेमले गर्दा उनीहरूले उहाँलाई गरेको दुर्वचनले मेरो मनमा पीडा ल्यायो। तिनीहरूमाथि एकैचोटी असिना र प्रेम खन्याउन पाए हुन्थ्यो, जस्तो लाग्यो। मानिसहरू प्रचार सुन्दा डराए। उनीहरूलाई मेरो प्रचार ठक्करको कारण भएन तर तिनीहरू सबै रुन थाले, म पनि रोएँ। त्यो दिनदेखि जहाँ जतिखेर मैले सभाको घोषणा गरे पनि मानिसहरूको भीडले सभाघर भरियो, काम शक्तिशाली रूपमा अगाडि बढ्यो।”

हामीले फिनीबाट सिक्नुपर्ने शिक्षा यो हो, कि यी परमेश्वरको कठोर सत्य र न्यायहरूलाई प्रचार गर्दा आँसु बग्ने आँखाहरू र दयाको हृदयको साथ प्रचार गर्नुपर्छ।

तेस्रो शबाथको दिनमा फिनी प्रचार गर्न तयार हुँदा, एउटा वृद्ध मानिस एन्टवर्पमा आएर आफ्नो ठाउँमा भएको एउटा विद्यालयमा आएर प्रचार गर्न बोलाउनुभयो, जहाँ कुनै पनि आराधना सेवा सञ्चालन भएकै थिएन। त्यहाँदेखि ३ माइल टाढा भएको त्यो ठाउँमा भोलि बेलुका ५ बजे सेवा सञ्चालन गर्ने निर्णय भयो। भोलिपल्ट विद्यालय मानिसहरूले भरेको थियो। फिनीले एउटा गीत उठाउनुभयो, गीतको लयलाई छोडेर मानिसहरूले उच्च स्वरमा गाए, फिनी सुन्न नसकेर आफ्नो कानहरू थुन्न बाध्य हुनुभयो। आशाहीन अवस्थामा घुँडामा परेर प्रार्थना गर्न थाल्नुभयो।

प्रभुले स्वर्गको झ्याल खोलेर प्रार्थनाको आत्मा उहाँमाथि खन्याउनुभयो, ताकि फिनी आफ्नो हृदयलाई प्रार्थनामा खन्याउनुभयो।

उहाँ घुँडाबाट उठ्दा परमेश्वरले उहाँलाई एउटा वचन दिनुभयो, "उठ, यस ठाउँबाट गइहाल, किनभने परमप्रभुले यो सहर नष्ट पार्नुहुनेछ।" यो वचन ठीक कुन ठाउँमा छ भन्ने कुरा आफूले सम्झिन सकिनँ भनी तिनीहरूलाई भन्नुभयो, तर अगाडि बढाउँदै अब्राहाम र लोत र सदोमको विनाशको बारेमा बताउनुभयो। उहाँले व्याख्या गरिरहँदा मानिसहरू आफूप्रति क्रोधित हुनुभएको देख्नुभयो, र अन्त गर्ने बेलामा, यो ठाउँमा अहिलेसम्म कुनै पनि आराधना सेवा सञ्चालन भएको छैन भनी आफूलाई थाहा छ र त्यसैले यहाँका मानिसहरू ईश्वरहीन नै हुनुपर्छ भनी ठान्न आफू बाध्य भएको कुरा बताउनुभयो। आफ्नो हृदय फुट्ने गरी बल लगाएर त्यो वचनको महत्त्वलाई बुझाउन खोज्नुभयो। अचानक सभाघर निःशब्द भयो, मानिसहरू कुर्सीबाट लड्न थाले, घुँडा टेकेर दयाको लागि रुन थाले।

"मेरो हातमा तरवार भएको भए पनि, जुन प्रकारले उहाँहरू कुर्सीबाट लडे, त्यस्तै प्रकारले म काट्न सक्दिनँ थिएँ। दुई मिनेटभित्र सबै मानिसहरू आफ्नो घुँडामा अथवा घोप्टो परेको अवस्थामा पुगे। सबैले आफ्नो लागि प्रार्थना गर्न थाले। मलाई निम्तो दिएको वृद्ध मानिस आश्चर्यचकित भएर भवनको बीचमा बसिरहेको देखेँ। मैले उच्च स्वरले कराएर उहाँलाई भने 'तपाईं प्रार्थना गर्न सक्नुहुन्न?' उहाँले तुरुन्तै घुँडा टेक्नुभयो, र आफ्नो आत्मालाई प्रार्थनामा उच्च स्वरले परमेश्वरको अगाडि खन्याउनुभयो। मानिसहरूले त्यो आवाजलाई सुनेनन्, त्यसपश्चात् मैले उच्च स्वरले भने, 'तपाईंहरू नरक पुगिसक्नुभएको छैन, मलाई तपाईंहरूलाई ख्रीष्टकहाँ डोऱ्याउन दिनुहोस्'।"

फिनीले यो घटनाको बारेमा पछि स्पष्ट बुझ्नुभयो: त्यो समाज अति नै दुष्ट थियो, ताकि तिनीहरू एकसाथ मिलेर आफ्नो ठाउँलाई सदोम भनी बोलाउँथे र त्यो ठाउँमा इसाई एकजना मात्र हुनुहुन्थ्यो, जसले फिनीलाई निम्तो दिनुभएको थियो, र उहाँलाई (वृद्ध मानिस) लोत भनी बोलाउँथे। त्यसैले पवित्र आत्माको प्रेरणाद्वारा फिनीले अब्राहाम, लोत र सदोमको बारेमा प्रचार गर्दा तिनीहरू रिसाएका रहेछन्।

फिनीले एक–एक गर्दै हरेकलाई ख्रीष्टकहाँ डोऱ्याउनुभयो, र तिनीहरूले शान्ति पाए। आफू अर्को सेवामा जानु परेकाले यो सेवालाई त्यो वृद्ध मानिस श्री. क्रासको हातमा जिम्मा दिएर जानुभयो। "मानिसहरू धेरै इच्छुक थिए र त्यहाँ धेरै चोट परेका आत्माहरू भएकाले सभालाई अन्त गर्न सकेन र सभा रातभरि सञ्चालन भयो। बिहान हुँदा, अझै त्यहाँ मानिसहरू घोप्टो परेको अवस्थामा लडिरहेका थिए, दिनमा विद्यालयको लागि ठाउँ खाली गरिदिन तिनीहरूलाई नजिकमा भएको घरहरूमा लगियो।" फिनीले फेरि त्यो ठाउँमा प्रचार गर्नुभयो, र त्यो समाज ताजा भयो।

एन्टवर्पमा सेवा चलाउन प्रयास गरेको एल्डरलाई बाटोमा अवरोध गर्ने त्यो विश्ववाद मान्ने मानिसहरू रहेको ठाउँमा फिनी प्रचार गर्ने निम्तो पाएर जानुभयो। उहाँमा सधैँ देखिने त्यो पवित्र साहसीपनको साथ "सर्पहरू, साँभे सर्पका बच्चा हो, तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ?" भन्ने वचन लिएर प्रचार गर्नुभयो। अघिको घटनामा भए जसरी नै सबै पश्चात्ताप गर्न थाले र एक मनले परमेश्वरप्रति फर्के।

यस्तो दुष्ट समाजहरूमा फिनीले सफलता पाउनु पछाडि भएको रहस्यलाई हामी बिर्सनुहुँदैन। पहिलो कुरा फिनी पवित्र आत्माले भरिनुभएको थियो, दोस्रो कुरा कठोर सत्यलाई प्रचार गर्नुमा उहाँमा भएको साहस र विश्वासको नाप उहाँकै हृदयको दयाको नापसँग बराबर थियो। उहाँको हप्काइले आफ्नो काम गरिसकेपछि आँसुसहित परमेश्वरको प्रेम र ख्रीष्टको प्रायश्चित्त गर्ने दयालाई अगाडि राख्नुहुन्थ्यो। साथै उहाँको प्रचार धर्मशास्त्रको वचनहरूले भरेको हुन्थ्यो।

सन् १८२४ अक्टोबर महिना, उहाँको उद्धारको लागि प्रार्थनामा समय बिताएकी, असल गुणहरू भएकी लिडिया एन्ड्रियलाई विवाह गर्नुभयो। विवाहको तीन दिनपछि शबाथको दिनलाई इभान्स मिल्समा बिताएर अर्को हप्ता फर्किआउने गरी जानुभयो, तर जागृति धेरै ठाउँमा सुरु भयो, र प्रचार गर्न धेरै ठाउँहरूबाट निम्तो पाएर उहाँ रातदिन काममा व्यस्त हुनुभयो। त्यसपछिको वसन्त ऋतुसम्म आफ्नो श्रीमतीलाई भेट्नुभएन।

यो कुराको बारेमा प्राध्यापक राइटले यसरी लेख्नुभयो: "कुनै पनि भावनाको वास्ता नगरीकन फिनीले यो गर्नुभयो भनी हामी भन्छौँ भने

त्योचाहिँ हामीले फिनीलाई गर्ने अन्याय हुन जान्छ; तर उहाँको यो श्रीमतीबाट टाढा भएको घटनालाई आफ्नो बोलावटप्रतिको समर्पणता भनी नै हामी बुझ्नुपर्छ; किनभने उहाँको पछिको जीवनको समयहरूमा उहाँ प्रेमसहित परिवारप्रति पनि समर्पित हुनुहुन्थ्यो, आवश्यकविना उहाँहरूबाट टाढा रहनुभएन।

वसन्त ऋतुको सुरुवातमा १०० माइल टाढा रहेको आफ्नो श्रीमतीकहाँ फर्की जान यात्रा सुरु गर्दा, आफ्नो घोडाहरूलाई विश्राम दिन लिरेसवइल भन्ने ठाउँमा रोक्नुभयो। उहाँ त्यहाँ भएको कुरा मानिसहरूले चाँडै थाहा पाए र १ बजे प्रचार गर्न उहाँलाई बिन्ती गरे, उहाँले सो गर्नुभयो। मानिसहरूको इच्छालाई देखेर त्यो रात त्यहाँ रहन बाध्य हुनुभयो, दिनैपिच्छे मानिसहरू उद्धार पाउँदै जाँदा काम छोडेर जान उहाँलाई आँट आएन। आफ्नो सट्टा अर्को एकजना व्यक्तिलाई पठाएर श्रीमतीलाई आफूकहाँ ल्याउनुभयो। ठूलो भीडले उद्धार पायो, त्यसमध्येमा त्यो समाजको मुख्य व्यक्ति न्यायाधीश श्रीमान् 'सी.' ले पनि उद्धार पाउनुभयो।

### गुभर्नर

उहाँले एन्टवर्पमा सेवा गरिरहँदा त्यहाँदेखि १२ माइल टाढा भएको गुभर्नर भन्ने ठाउँको मानिसहरूले फिनीको सभाहरूलाई बिगार्ने धम्की दिए। उहाँले त्यसको वास्ता गर्नुभएन, तर पनि कुनै महिनाहरूपछि पवित्र आत्माले, उहाँ प्रार्थनामा रहँदा, गुभर्नरमा गएर प्रचार गर्नुपर्छ र परमेश्वरले आफ्नो आत्मा खन्याउनुहुन्छ भनी स्पष्ट रूपमा बोल्नुभयो। त्यसपछि उहाँले गुभर्नरको एकजना मानिसलाई भेट्नुभयो, र आफ्नो दर्शनको बारेमा उहाँलाई बताउनुभयो। त्यो मानिसले फिनीलाई एउटा पागललाई हेरे झैँ हेरे, तर फिनीले, घरमा जानु र म आउने कुरा बताउनु र साथै पवित्र आत्मा खन्याउनुहुने हुँदा त्यसको लागि तयार गर्नु भनी इसाई दाजुभाइहरूलाई भन्नु भनी तिनलाई पठाउनुभयो।

पादरी न्याशले फिनीसँग मिलेर काम गर्न सुरु गरिसक्नुभएको थियो, र ठाउँ र आत्मिक परिस्थितिलाई बुझेर आफूलाई खबर दिन उहाँले अगाडि पठाउनुभयो। आफू तोकिएको यो दिनमा आउँछु भन्ने कुरालाई बताउन उहाँलाई फेरि एकपल्ट फिनीले पठाउनुभयो।

फिनीले लेख्नुभएको छ: "मानिसहरू सभा हुने ठाउँमा भेला भएका थिए। परमेश्वरले मलाई वचन दिनुभयो, र म पुलपिटमा गएर मेरो हृदयलाई खन्याएँ। वचनले शक्तिशाली रूपमा प्रभाव पाऱ्यो।" उहाँको यो वाक्यचाहिँ उहाँको फलदायीपूर्ण सेवाको समयहरूमा हरेक सभाको बारेमा व्याख्या गर्न प्रयोग गर्ने वाक्यको रूपमा रह्यो। उहाँले परमेश्वरबाट नै प्रकाश पाउनुहुन्थ्यो। प्रचार के गर्ने भन्ने कुराको पूर्व अध्ययन नगरेको हुँदा–हुँदै हरेकपल्ट परमेश्वरले उहाँलाई वचन दिनुहुन्थ्यो। उहाँले प्रचार गर्दा साँच्ची नै आफ्नो आत्मालाई खन्याएर प्रचार गर्नुहुन्थ्यो, र त्यो वचनले तुरुन्तै शक्तिशाली रूपमा प्रभाव पार्न पवित्र आत्माले काम गर्नुहुन्थ्यो। हाम्रो बीचमा यस्तो आत्माले भरेका प्रचारकहरू धेरै भएको भए असल हुन्थ्यो।

त्यो गाउँको होटेलचाहिँ विश्ववादको सिद्धानतलाई मान्ने डा.'स' को हातमा थियो। पहिलो प्रचार पश्चात् फिनीले डा.'स' र उहाँको साथीहरूलाई एउटा पसलमा भेट्टाउनुभयो, तिनीहरू बहस गर्ने इच्छामा त्यहाँ पर्खिरहेका थिए। फिनीले केही सर्तहरू राखेर बहसको लागि समर्थन दिनुभयो। पहिलो कुरा, एकपल्ट एक विषयलाई मात्र लिनुपर्ने, दोस्रो,कसैले कुरा गरिरहेको हुँदा अरू बीचमा नबोल्ने, तेस्रो, ठट्टा नगर्ने र इज्जत र इमानदारीसाथ विवाद गर्ने। फिनीले अनन्त दण्ड बाइबलको सिद्धान्त हो भनी तिनीहरूलाई देखाउनुभयो। विश्ववाद मान्नेहरूले भने: अनन्त दण्ड दिनु अन्याय हो र बाइबल धर्मशास्त्रले त्यस्तै सिकाउँछ, भने त्यो सत्य हुन सक्दैन। फिनीले अन्तमा, अनन्त दण्ड दिनुमा भएको न्यायलाई प्रमाणित गराउनुभयो। चाँडै तिनीहरूलाई अप्ठ्यारो लाग्न थाल्यो, एक गरी अर्को पसल छोडी हिँड्न थाले, अन्तमा तिनीहरूको अगुवा मात्र बाँकी रहनुभयो, उहाँले केही बोल्न सक्नुभएन, फिनीले विनम्रतासाथ आफ्नो व्यतिगत उद्धारमा ध्यान दिन उहाँलाई बिन्ती गर्नुभयो, र शुभ बिहानको कामना दिएर पठाउनुभयो।

डाक्टर घरमा जानुभयो, पीडामा घरभित्र हिँडिरहनुभयो, अन्तमा आँसुसहित श्रीमतीलाई भन्नुभयो, "फिनीले मेरो हतियारलाई मेरै टाउकोतिर फर्काउनुभयो।" चाँडै उहाँले, आफैलाई ख्रीष्टको हातमा सुम्पिदिनुभयो, र थोरै दिनहरूभित्र जागृतिले उहाँको साथीहरू सबैलाई एक–अर्को गरी उद्धारमा डोऱ्यायो।

ब्याप्टिस्टहरूले जागृतिलाई विरोध गर्न थाले, त्यसबाट उत्साह पाएको कुनै जवान मानिसहरूले धेरै कठोरता र तितोपनसहित कामलाई विरोध गरे। पादरी न्याश र फिनीले सल्लाह गरि प्रार्थनामा बाहेक अरू कुनै तरिकाले यो विरोधलाई जित्न सक्दैन भनी निर्णय गरे। दुवैजना प्रार्थना गर्नको लागि जङ्गलतिर गए र विजय प्राप्त भएको अनुभव नहुन्जेल प्रार्थनामा समय बिताए। प्रार्थनापछि उहाँहरू निश्चित भए कि पृथ्वी अथवा नरकबाट आउने कुनै पनि शक्तिले जागृतिलाई रोक्न सक्दैन।

फिनीले प्रचार गर्नुभयो, पादरी न्याशले निरन्तर प्रार्थना गरिरहनुभयो। एक शबाथ दिनको सभामा ती जवान मानिसहरू सबै परमप्रभुको आत्माको विरोधमा त्यहाँ उपस्थित भए। "जे तिनीहरूले देख्न पाए, त्यो ठट्टा गर्न नसक्ने गरि आदरणीय थियो, तापनि तिनीहरूको कठोर मुहार र घमन्ड सबैको अगाडि स्पष्ट थियो।" पादरी न्याशले गम्भीरतासहित उहाँहरूको लागि प्रचार गर्नुभयो, र तिनीहरूको गल्ती र त्यसले ल्याउने खतराको बारेमा कडा रूपमा यी शब्दहरूले बताउनुभयो, "अब मेरो कुरालाई याद गर जवान मानिसहरू, परमेश्वरले एक हप्ताभित्र तिमीहरूको समूहलाई तोड्नुहुन्छ; कि तिमीहरू मध्येमा कसैलाई उद्धारमा डोर्‍याएर अथवा तिमीहरू मध्येमा कसैलाई नरकमा पठाएर, उहाँले यो निश्चय नै गर्नुहुन्छ, किनभने परमप्रभु नै मेरो परमेश्वर हुनुहुन्छ।" त्यसपश्चात् उहाँ घुँडामा पर्नुभयो, र पीडासहित प्रार्थना गर्नुभयो।

सभाघर मृत्यु घर जस्तै निःशब्द थियो, र मानिसहरू आफ्नो शिर झुकाइरहेका थिए। पादरी न्याशले आफ्नो महान् विश्वासद्वारा एक हप्ताभित्र कसैलाई उद्धारमा डोर्‍याउनपर्ने अथवा नरक पठाउनुपर्ने ठाउँमा परमेश्वरलाई पुर्‍याउनुभयो, फिनी पनि दुःखित हुनुहुन्थ्यो। त्यो हप्ता मङ्गलबार बिहान त्यो समूहको अगुवाको हृदय तोडियो र उसले उद्धार पायो र त्यो हप्ताभित्र नै त्यो समूहका प्रायः सबैले ख्रीष्टलाई पाए।

पादरी न्याश फिनी जसरी नै अद्वितीय र अचम्मको व्यक्ति हुनुहुन्थ्यो, र एउटा अचम्म प्रकारको घनिष्ठ सम्बन्ध परमेश्वरको साथ राख्नुहुन्थ्यो। फिनीलाई विरोध गर्ने सबैले पादरी न्याशलाई पनि विरोध गर्थे। उहाँलाई विरोध गर्नेहरूले, पादरी न्याशले गुप्तमा प्रार्थना गर्न जान्नुहुन्न भन्ने आरोप लगाउँथे, किनकि उहाँको उच्च स्वरको प्रार्थना जङ्गलभित्र भए तापनि

अथवा कोठाभित्र भए तापनि सबैले सुन्थे। एकदिन बिहान सदा जसरी प्रार्थना गर्न पादरी न्याश बाटोबाट ५० फुट जतिभित्र रूखहरूको बीचमा एकान्तमा जानुभयो। त्यहाँबाट टाढा भएको एकजना व्यक्तिले त्यो आवाज सुन्यो र थाहा पायो कि त्यो आवाज न्याशको प्रार्थनाको आवाज हो। त्यो प्रार्थनाको शब्दहरूले तीर जस्तै उसको हृदयलाई छेडियो र ऊ पीडामा पर्‍यो। अन्तमा निको पार्ने येशूको हातद्वारा उद्धार पायो।

फिनी गुभर्नरबाट डिकेल्ब भन्ने गाउँमा जानुभयो, त्यहाँ प्रस्वीटेरीयन र मेथोडिस्टहरू थिए। कुनै समय अघि मेथोडिस्टहरूद्वारा भएको जागृतिको समयमा मानिसहरू परमेश्वरको सामर्थ्यमा परेर भुइँमा घोप्टो परेको घटनाहरू घटेका थिए, जसलाई प्रस्वीटेरीयनहरूले असल ठानेनन् र त्यो जागृतिलाई विरोध गरेका थिए, त्यसपछि उहाँहरूको बीचमा असल सम्बन्ध भएन। फिनी त्यहाँ प्रचार गर्न जानुभयो, र प्रचार गर्दा एकजना मानिस कुर्सीबाट लड्नुभयो। पुरानो तितोपनको झगडा फेरि सुरु हुन्छ कि भनी फिनी डराएर त्यो कुरामा अप्ठ्यारो मान्नुभयो, तर अहिले लडेकोचाहिँ प्रस्वीटेरीयन चर्चको एउटा मुख्य व्यक्ति हुनुहुन्थ्यो। त्यो जागृतिको समयहरूमा धेरै यस्तो घटना घटे र हरेकपल्ट ती प्रस्वीटेरीयनहरू मध्येमा एकजना नै हुन्थ्यो। यी घटनाहरूले प्रस्वीटेरीयनहरूलाई विनम्र तुल्यायो र उनीहरू गल्ती स्वीकार गरेर, परमेश्वरको कामको लागि भलाइ हुने गरी एकतामा आए। त्यो मण्डलीको एकजना एल्डरले पवित्र आत्माको बप्तिस्मा पाउनुभयो। अग्देन्सबर्गमा भएको प्रस्वीटेरीयन चर्चबाट कुनै मुख्य व्यक्ति शबाथ दिनको सभामा सहभागी हुन त्यहाँ आएका थिए। त्यस मध्येमा एल्डर ‘स’ पनि हुनुहुन्थ्यो। भर्खरै पवित्र आत्माको अभिषेक पाएको एल्डर ‘भ’ ले ‘स’ लाई आफ्नो घरमा निम्तो दिनुभयो।

खाना खान बसेको बेलामा एल्डर ‘स’ले ‘भ’लाई सोध्नुभयो, “तपाईंले कसरी यो आशिष् पाउनुभयो।” ‘भ’ले जवाफ दिनुभयो: “म परमेश्वरसँग झूट बोल्न छोडेँ, मेरो इसाई जीवनभरि जे कुरा पाउनको लागि मलाई पूर्ण इच्छा थिएन, त्यो कुरालाई मागेर म परमेश्वरको अगाडि नाटक गर्थें; अइमानदारीता साथ अरूले जे मागेको देखेँ, त्यही माग्थेँ र परमेश्वरको अगाडि झूट बोल्थेँ। जुन बेला मैले निर्णय गरेँ कि अब उप्रान्त साँचो हृदयबाट आएको कुरा बाहेक अरू केही परमेश्वरको अगाडि बोल्दिन, तुरुन्तै परमेश्वरले प्रार्थनाको उत्तर दिनुभयो, पवित्र आत्मा ममाथि ओर्लेर

आउनुभयो, र म पवित्र आत्माले भरिएँ।"

एल्डर 'स', जसले खाना खान सुरु गर्नुभएकै थिएन, आफ्नो कुर्सीलाई पछाडि धकेल्नुभयो, र घुँडामा परेर आफू परमेश्वरको अगाडि झूट बोलेको कुरालाई स्वीकार गर्न थाल्नुभयो, र आफू प्रार्थना र इसाई जीवनमा पाखण्डी भएर जिएको कुरामा पश्चात्ताप गर्न थाल्नुभयो। तुरुन्तै पवित्र आत्मा उहाँमाथि ओर्लिनुभयो, र उहाँले थाम्न सक्नेसम्म भरिदिनुभयो।

आत्माले भरिएर उहाँ मण्डलीभित्र दौडेर जानुभयो, फिनीलाई अँगालो मारेर रुँदै भन्नुभयो, "परमप्रभुले तिमीलाई आशिष् दिउन्, परमप्रभुले तिमीलाई आशिष् दिउन्!" उहाँले मानिसहरूकहाँ पवित्र आत्माको सामर्थ्यले बोल्न थाल्नुभयो, र जताततै मानिसहरूको हृदय पग्लिन थाल्यो, जस मध्येमा उहाँको छोरो पनि हुनुहुन्थ्यो। फिनीको लागि कोटको लुगा नाप्न आएको एकजना रोमन क्याथोलिकले तुरुन्तै उद्धार पाउनुभयो, र गवाही दिन थाल्नुभयो। सभामा जताततै मानिसहरू उद्धार पाउन थाले। पवित्र आत्माले आफ-से-आफ पापीहरूलाई पश्चात्ताप गर्न लगाएर उद्धारमा डोऱ्याउने परमेश्वरको उद्धारको कामलाई फिनी बसेर हेरिरहन मात्र पाउनुभयो, प्रचार गर्नै पाउनुभएन। अग्देन्सबर्गबाट आएका मानिसहरू फर्किंदा, बाटोमा भएका मानिसहरूसँग बातचित गरे, प्रार्थना गरे र परमेश्वरको काम फैलिएर त्यो सहरसम्म पुग्यो।

हामी देख्छौँ, पवित्र आत्माको बप्तिस्मा पाउनको लागि प्रार्थना गर्ने असङ्ख्य मानिसहरू छन्, तर तिनीहरूले त्यो आशिष् पाउनको लागि मूल्य चुकाउन र कर्तव्य पूरा गर्न आफ्नो हृदयमा तयार हुँदैनन्। पाप, संसार र आफ्नो निम्ति मरेर पवित्र हृदयसाथ आजीवन परमप्रभुको निम्ति जिउन तयार हुनेहरूको लागि नै यो आशिष् हो।

अक्टोबर महिनामा फिनी आफ्नो श्रीमतीलाई साथमा लिएर सेवकहरूको सभामा सहभागी हुनको लागि युटिका (Utica) जानुभयो। यो यात्राले पछिका समयहरूमा अझै महान् कामहरू हुनको लागि बाटो बनायो। त्यो यात्राभन्दा अघि फिनीले प्रार्थनाको समयहरूमा उल्लेखनीय अनुभवहरू पाउनुभएको थियो। हामीले बताइरहेका यी जागृतिहरू सबै प्रार्थनाको आत्मा र शक्तिद्वारा नै गरिएको थियो। फिनीले लेख्नुभएको छ: "इसाईहरूचाहिँ

आफ्नो बीचमा हुन सक्ने कट्टरपन र बेढङ्गका कामहरूदेखि सजग थिए र तुरुन्तै अगुवाइ र नियन्त्रणको लागि प्रार्थनामा समय बिताउँथे। भर्खरै उद्धार पाएकाहरू प्रार्थनामा धेरै समय बिताउनु सामन्य कुरा थियो, र कुनै समयहरूमा आफ्नो वरिपरि भएको मानिसहरूको प्राणको उद्धारको लागि, आफ्नो शरीरको शक्ति नरित्तेसम्म रातभरि प्रार्थना गर्न पवित्र आत्माद्वारा तिनीहरू विवश थिए।"

फिनीले लेख्नुभयो: "मेरो अनुभवको बारेमा बताउनुपर्दा, प्रार्थनामा समय नबिताइकन म केही गर्न सक्दिनँ। एकदिनको लागि होस्, अथवा एक घण्टाको लागि होस्, अनुग्रह र अन्तरबिन्तिको आत्मालाई मैले गुमाएँ भने आफूले कुशल पूर्वक प्रचार गर्न नसकेको र व्यतिगत बातचितद्वारा प्राण बचाउन नसकेको अवस्थामा आफैलाई पाउँथेँ। सेवकहरूको सभामा जानुभन्दा धेरै हप्ता अगाडिदेखि नै प्रार्थनामा बलियो रूपमा लागिरहन्थेँ र कुनै नयाँ अनुभवहरू पाएको थिएँ। अजम्मरी प्राणहरूको बोझले मलाई यति थिचिरहेको थियो, कि म नरोकी प्रार्थनामा धेरै समय बिताउन विवश भएको थिएँ। कुनै अनुभवहरू मेरो लागि नयाँ थियो, म छक्क पर्थें। कुनै बेला ममा अन्तरबिन्तीको आत्मा आउँथ्यो र म परमेश्वरलाई भन्थेँ कि उहाँले मेरो लागि प्रार्थनाको उत्तर दिने प्रतिज्ञा गर्नुभएको छ, त्यसैले मेरो बिन्तीलाई उहाँले इन्कार गर्न सक्नुहुन्न र इन्कार गर्ने छैन पनि। उहाँले मेरो बारम्बारको प्रार्थनालाई पक्कै सुन्नुहुन्छ भन्ने विश्वास लाग्थ्यो, ताकि उहाँलाई म भन्थेँ: 'आशा छ कि तपाईंले मलाई अस्वीकार गर्न सक्छ भनी सोच्नुहुन्न। तपाईंको विश्वसनीय प्रतिज्ञाहरू लिएर म आएको छु, मलाई अस्वीकार गर्न सक्नुहुन्न।' अविश्वास मेरो लागि भन्न नसक्ने गरी अनर्थक थियो। मैले पीडा र विश्वाससहित दैनिक गर्दै आएको मेरो प्रार्थनाहरूको उत्तर परमेश्वरले दिनुहुन्छ भन्ने कुरामा म निश्चित थिएँ।"

"मलाई लाग्थ्यो उत्तर नजिकै ढोकाको छेउमै छ; मैले आत्मिक जीवनमा बलियो भएको अनुभव गरेँ र अन्धकारको शक्तिहरूसँग एउटा शक्तिशाली लडन्त लड्न हतियार भिरेँ र साथै एउटा शक्तिशाली पवित्र आत्माको अभिषेकको लागि आशा गरेँ।" परमेश्वरले आफ्नो छोरालाई निराश पार्नुभएन।"

७

# वेस्टेर्न, रोम, युटिका, आबर्न, ट्राई र न्यु लेबनानमा जागृति

## वेस्टेर्न

युटिकामा भएको सेवकहरूको सभाबाट फर्किंदा फिनीले आफ्नो पुरानो शिक्षक गेललाई भेट्नुभयो, उहाँलाई आफूसँग आएर प्रचार गर्न अथवा भेटघाटको लागि आउनै पर्छ भनी जिद्दी गर्नुभयो। गेल अस्वस्थ भइसक्नुभएको थियो, र वेस्टेर्न गाउँको नजिकै एक ठाउँमा  बसोवास गर्नुहुन्थ्यो। त्यहाँ भएको प्रस्वीटेरीयन चर्चमा तोकिएको कुनै प्रचारकहरू थिएनन् र पास्टर पनि थिएन। एउटा एल्डरद्वारा सञ्चालन भएको प्रार्थना सभामा उहाँहरू सहभागी हुनुभयो। हरेक एल्डरले परमेश्वरलाई दु:खित आवाजमा भन्न थाले कि उहाँहरू कति वर्षहरूदेखि उत्तर नपाईकन प्रार्थना सभा सञ्चालन गर्दै आउनुभयो; यसरी प्रार्थनाद्वारा सबै सुख्खापनको जिम्मेवारी परमेश्वर नै हो भनी बताए; यो कुराले फिनीको हृदयलाई उत्तेजित पाऱ्यो। उहाँ उठ्नुभयो, र उहाँहरूले प्रार्थनामा प्रयोग भएको वाक्यहरूलाई नै लिएर प्रचारमा अघि बढ्नुभयो। फिनी भन्नुहुन्छ: “आफ्नो हृदयहरूलाई तीव्र रूपमा उहाँहरूले जाँच्नुपर्छ भनी बताउन परमेश्वरले मलाई प्रेरणा दिनुभयो।” परमेश्वरलाई खिज्याउन भेला भएको हो भनी उहाँले उहाँहरूलाई सोध्नुभयो। “उनीहरू सबै रुन थाले, पश्चात्ताप गरे र आफ्नो हृदयलाई परमेश्वरको अगाडि तोडे।” अर्को शबाथ दिनमा त्यहाँ प्रचार गर्न उहाँलाई बिन्ती गरे। शुक्रबारको दिनमा फिनीले प्रार्थनामा धेरै परिश्रम गर्नुभयो, र दिनभरि प्रार्थनामा बिताएर परमेश्वरलाई बलियो रूपमा समात्नुभयो। आइतबारको दिनमा सभाघर मानिसहरूले भरेको थियो, र

उहाँले प्रचार गर्नुभयो, र परमेश्वर शक्तिको साथ मानिसहरूमाथि ओर्ली आउनुभयो, र सबैले आफ्नो बीचमा जागृति सुरु भएको कुरालाई अनुभव गरे। त्यो सहरको वरिपरि धेरै ठाउँहरूमा प्रचार गर्न समय तोक्नुभयो। योभन्दा अघिको जागृतिमा भएको अचम्मको घटना र अनुभवहरू यहाँ पनि भए। काम यति विशाल रूपमा फैलिएर गयो, कि मानिसहरू रोमबाट (न्यु योर्क प्रान्तको) पनि उहाँको सभामा सहभागी हुन आउँथे।

## रोम (न्यु योर्क प्रान्तको एउटा सहर)

रोममा भएको पास्टर रेभ. मोसेस गिल्लेटले फिनीको प्रचार सुन्न आउनुभयो। दोस्रो पटक फिनीको प्रचार सुनिसकेपछि उहाँले भन्नुभयो: "भाइ फिनी, मलाई लाग्छ कि मेरो हातमा नयाँ बाइबल छ। मैले प्रतिज्ञाहरूलाई अहिले जसरी कहिल्यै बुझेको थिइन। मेरो मन यी कुराहरूले भरिएको छ, प्रतिज्ञाहरू अहिले मलाई ताजा भएको छ। फिनीले थाहा पाउनुभयो, परमेश्वरले रेभ. गिल्लेटलाई आफ्नो मानिसहरूको बीचमा एउटा महान् कामको लागि तयार गर्दै हुनुहुन्छ।

वेस्टेर्नमा जागृति भइरहेको बेलामा गिल्लेटले फिनीलाई आफ्नो ठाउँमा प्रचार गर्न जान निम्तो दिनुभयो, र उहाँको अनुपस्थितिमा आफू यहाँ रहेर काम गर्ने कुरा बताउनुभयो। फिनी यो कुरामा अनिच्छुक हुनुहुन्थ्यो, तापनि जानुभयो। तीनपल्ट आइतबारको दिनमा प्रचार गर्नुभयो, वचनले तुरुन्तै काम गर्न थाल्यो; गहिरो पश्चात्तापले मानिसहरूको शिर झुक्यो। सोमबारको दिन पास्टर फर्केर आउनुभयो, मानिसहरूलाई सल्लाह दिनको लागि फिनीको सल्लाहमा एउटा सभाको आयोजना गर्नुभयो। त्यो सभामा फिनी आउनुहुन्छ भन्ने कुरालाई उहाँले बताउनुभएन, उहाँ आफै आश्चर्यचकित हुने गरी सभाघर मानिसहरूले भरियो र मण्डलीको मुख्य जवान मानिसहरू पनि त्यहाँ भेला भएका थिए। मानिसहरू यति गहिरो रूपमा पश्चात्ताप गरिरहेका थिए कि त्यो भावना नियन्त्रण गर्न नसक्ने गरी फुट्ने खतरा देखियो। फिनी मानिसहरूको प्राणमा काम भइरहेको बेलामा त्यसलाई बाधा ल्याउने कुराहरू गर्नुबाट होशियारी हुनुहुन्थ्यो। उहाँ उठेर थोरै शब्दहरूमा शान्त रूपमा केही कुरा बोल्नुभयो; बलियो मानिसहरू पनि पीडाले भरिएर आफू बसेको ठाउँमा छटपटाइरहेका थिए। फिनीले यो कुराको बारेमा लेख्नुभएको छ : "यस्तै घटनालाई कहिल्यै नदेखेका

मानिसहरूलाई पवित्र आत्माको सामर्थ्यमा सत्यको शक्ति कस्तो हुन्छ भन्ने कुरा महसुस गर्न असम्भव नै हुन्छ, यो साँच्ची नै दुईधारे तरवार नै हो। आफ्नो हृदयलाई तलास गर्नुपर्छ भन्ने कुराको बारेमा साधारण बातचितद्वारा बताउँदा त्यसले ल्याउने पीडा र वेदना सहन नसक्ने देखियो।"

यस्तै घटनालाई कहिल्यै नदेखेकाले पास्टर चकित हुनुभयो, र भन्नुभयो, "हामी के गरौँ? हामी के गरौँ?" फिनीले आफ्नो हात पास्टर गिल्लेटको काँधमा राख्नुभयो, र सानो स्वरले भन्नुभयो, "शान्त रहनुहोस्।" त्यसपछि पश्चात्ताप गरिरहेका मानिसहरूलाई येशूकहाँ फर्काउनुभयो, र एकछिन मौन रहेर उहाँहरूलाई प्रार्थनामा सानो स्वरले अगुवाइ गर्नुभयो। यी सबै पापीहरूलाई आफ्नो प्राणको उद्धारको लागि ख्रीष्टले आफ्नो रगतद्वारा दिने उद्धारलाई स्वीकार गर्न अगुवाइ गर्नुहोस् भनी आफ्नो उद्धारकर्तालाई अन्तर्विन्ती गर्नुभयो।

उहाँ आफ्नो घुँडाबाट उठ्नुभयो, र भन्नुभयो: "अब दया गरी एक-अर्कोसँग केही नबोलिकन घरमा जानुहोस्; शान्त रहन कोसिस गर्नुहोस्, भावनात्मक नहुनुहोस् र आफ्नो कोठामा जानुहोस्।" उहाँ धेरै होशियारी हुनुहुन्थ्यो, एकजना जवान मानिस भुइँमा लड्यो, त्यसपछि उसको केही साथीहरू पनि उसको वरिपरि लडे। मानिसहरू रुँदै र लामो सास फेर्दै बाटोमा हिँडे।

भोलिपल्ट बिहान चारै दिशाबाट मानिसहरूले फिनी र पास्टरलाई आफ्नो घरमा आउने निम्तो दिए। जुनसुकै घरमा उहाँहरू गए तापनि वरिपरिका मानिसहरू हतारसित आउँथे र घर भरिन्थ्यो। कुनै घरहरूमा मानिसहरू घुँडामा उभिरहेका र घोप्टो परिरहेका भेट्टाए। मध्यान्हको समयमा, एउटा ठूलो होटेलको खाना खाने कोठा मानिसहरूको भीडले भरियो। त्यहाँको दृश्य असाधारण थियो। बलियो मानिसहरू पनि हृदय चिढिएको अवस्थामा थिए र तिनीहरूलाई बोकेर घर लानुपर्थ्यो। सभा रात परुन्जेलसम्म सञ्चालन भयो, र धेरै मानिसहरूले उद्धार पाए। भोलिपल्ट होटेलभन्दा ठूलो सरकारी भवनमा सेवा सञ्चालन भयो, र त्यो पनि भीडले भऱ्यो। उहाँहरूले त्यो दिन सल्लाह र सुझाव दिँदै बिताउनुभयो। अरू ठूलो भवन नपाएकाले त्यसपछिको सभाहरू मण्डली भवनमा नै सञ्चालन भयो। हरेक दिन बेलुकी फिनीले प्रचार गर्नुभयो, झन्डै

बीस दिन लगातार उहाँले यसरी प्रचार गर्नुभयो। त्यहाँ भएको शिक्षित मानिसहरू र मुख्य नागरिकहरूले धर्मलाई अँगाले; वरिपरिको ठाउँको सेवकहरू त्यहाँ भेला हुन थाले र भइरहेको काम देखेर आश्चर्यचकित भए। पास्टर गिल्लेटले बताएअनुसार बीस दिनभित्र पाँच सय मानिसहरूले उद्धार पाएका थिए र त्यो ठाउँ पहिलेको जस्तै रहेन।

## युटिका (Utica)

रोममा भएको कामको बारेमा सुनेर युटिकाको मानिसहरू धेरै उत्साहित भए। रोमको एउटा मुख्य नागरिक युटिकामा भएको एउटा बैङ्कको अध्यक्ष हुनुहुन्थ्यो, उहाँ इसाई हुनुहुन्नथियो। उहाँले फिनीको प्रचार पहिलो पटक सुन्दा आफ्नो परिवारलाई भन्नुभयो: "यो मानिस एउटा पागल हो र यसले सहरलाई आगोमा जलाए पनि आश्चर्य मान्ने केही पनि छैन।" उहाँ त्यसपछिको सभाहरूमा जानुभएन, सभाहरू अगाडि बढ्दै गयो। बैङ्कको निर्देशकहरूको बैठक, जुन रोममा भएको थियो, एकजनाले रोमको परिस्थितिको बारेमा खिसी गरेर उहाँलाई केही कुरा बताउनुभयो। अध्यक्षले जवाफ दिनुभयो: "तपाईंहरूले जे भन्नुहोस्, रोममा भएको परिस्थिति पछाडि केही उल्लेखनीय कुराहरू छन्। पक्कै यो मानिसको शक्ति र सीपमा उत्पन्न भएको होइन; मैले यसलाई बुझ्न सकेको छैन, तपाईंले भन्नुहुन्छ, यो चाँडै घट्न थाल्छ। शङ्का नभएको कुराचाहिँ यो चाँडै घट्न थाल्छ अथवा मानिसहरू बौलाउँछन् । तर यसमा केही दिव्य कुरा छैन भने, भइरहेको भावको व्याख्या कुनै पनि दर्शनशास्त्रले दिन सक्दैन।

अध्यक्ष त्यहाँ आएको थाहा पाएर फिनी र पास्टरले उहाँलाई प्रार्थनाको विषय बनाएर प्रार्थना गर्न थाले। दुई हप्ता पछाडि अध्यक्ष सभामा सहभागी हुन आउनुभयो, र फिनीको पवित्र आत्माको अभिषेकले भरिएको प्रचार सुनेर पश्चात्ताप गर्नुभयो, र उद्धार पाउनुभयो।

युटिका जिल्लाको उच्च अधिकृत (Sheriff) एकजना आफ्नो कामको निम्ति आउनुभयो। उहाँको भनाइअनुसार, उहाँले पुरानो कुलो पार गरिसकेपछि उहाँमाथि एउटा अनौठो प्रभाव आयो; परमेश्वरप्रतिको एउटा गहिरो विचारले उहाँलाई समात्यो, जसलाई उहाँले आफूबाट हटाउन

सक्नुभएन। त्यो भागको पूर्ण वातावरण नै परमेश्वरले भरिएको अनुभव उहाँले गर्नुभयो। होटेलको व्यक्तिले पनि त्यही नै बताउनुभयो, र सबैले त्यही अनुभव गरे जस्तै देखिन्थ्यो। त्यस्तो परमेश्वरप्रतिको गहिरो भय, गम्भीरता र सहरमा त्यस्तो एउटा अवस्था हुन्छ भनी उहाँले कहिल्यै सोच्नुभएको थिएन। उहाँ चाँडै रोम छोडेर फर्किनुभयो, तर केही हप्ताभित्र युटिकामा उद्धार पाउनुभयो।

पास्टर गिल्लेटको श्रीमती मिशनरी मिल्सको बहिनी हुनुहुन्थ्यो, जसको भक्ति र जोसद्वारा अमेरिकन बोर्ड अफ फारिन मिसन्स भन्ने संस्था स्थापना भएको थियो। उहाँ धेरै दिनहरूसम्म गहिरो पश्चात्तापमा पर्नुभएको थियो, र कतै बौलाउनुहुन्छ, कि भनी अरू डराउँथे। फिनी एक दिन उहाँहरूको घरमा जाँदा, आफूलाई उद्धार छैन भन्दै फिनीलाई प्रार्थना गरिदिन माग्नुभयो। उद्धारको लागि फिनीको प्रार्थनामाथि भरोसा राखेको कारण उहाँको लागि प्रार्थना गर्नु लाभदायी हुँदैन भनी फिनी अचानक उठेर बातचित गर्ने कोठामा जानुभयो। त्यो सुन्दा उहाँ बेहोस भए जस्तै लड्नुभयो, तर एकछिन पछि उहाँ उज्यालो मुहारसहित यस्तो भन्दै बातचित गर्ने कोठामा आउनुभयो, "श्रीमान् फिनी, मैले उद्धारकर्ता पाएँ, मैले उद्धारकर्ता पाएँ।"

यी सबै घटनाहरू युटिकामा पुग्यो, त्यो सहरमा भएको एकजना स्त्री, ईश्वरहीन सहरको उद्धारको बोझले भरिनुभयो, र लगातार दुई दिन दुई रात आफ्नो सम्पूर्ण शक्ति रित्तुन्जेल प्रार्थना गर्नुभयो; परमेश्वरको आत्माले आफ्नो सेवकको लागि बाटो तयार गर्दै हुनुहुन्थ्यो। युटिकाको प्रस्वीटेरीयन चर्चको पास्टर डा. अइकेन्ले फिनीलाई निम्तो दिनुभयो। वचनले तुरुन्तै काम गर्न थाल्यो र त्यो ठाउँ पवित्र आत्माको प्रभावले भरियो; काम शक्तिशाली रूपमा फैलिँदै गयो। पहिले उद्धार पाउने व्यक्ति जिल्लाको उच्च अधिकारी (Sheriff) नै हुनुहुन्थ्यो। फिनी जुन होटेलमा बस्नुभयो, त्यही नै धार्मिक कामको केन्द्र बन्न पुग्यो। होटेलमा मनोरञ्जनको कार्यक्रमहरू बन्द भए र धेरैपटक, त्यहाँ एक छाक खाना खान आउने अथवा एक रात बस्न आउने यात्रीहरू आफू दोषी भएको महसुस गरेर त्यहाँबाट जानु अघि उद्धार पाएर गए। व्यापारको लागि वरिपरिको ठाउँहरूबाट आउने व्यापारीहरू त्यहाँ आउँदा सबै पसलहरूमा धार्मिक कुराहरू मात्र गरिरहेको देखेर रिसाउँथे, तर तिनीहरू पनि चाँडै

नै आफ्नो प्राणको पीडामा परेर परमेश्वरको अगाडि शिर झुकाए।

रोम र युटिकामा भएको अचम्मको कामहरूको बारेमा न्युबर्गमा भएको एकजना घमन्डी संस्कारित शिक्षिकाले सुन्नुभयो, र आफ्नो स्कुललाई दुई हप्ताको लागि बिदा दिएर आफै हेर्न त्यहाँ आउनुभयो। त्यहाँ आउँदा आफू दोषी छु भन्ने कुराको अनुभव शक्तिशाली रूपमा उहाँमाथि आयो र उहाँले अचम्म तरिकाले उद्धार पाउनुभयो। त्यसपछिको कुनै समयभित्र नै उहाँले श्रीमान् गुलिकसंग (Gulick) विवाह गरेर मिशनरी भएर सेन्डवीच आइल्याण्डमा (Sandwich Islands) सेवा गर्न जानुभयो, र त्यहाँ एउटा महान् काम ख्रीष्टको लागि गर्नुभयो।

ओनाइडामा भएको सेवकहरूको समूह भेला भयो, र त्यसको अन्तिम दिनमा एकजना सेवकले भइरहेको जागृतिको बारेमा कडा तरिकाले विरोध गर्नुभयो, जुन कुरा त्यहाँ भएको अन्य इसाईहरूलाई स्तब्ध र दु:खित तुल्यायो। सबै मिलेर त्यो सेवकको बोलीले ल्याएको खराब प्रभावको विरोधमा परमेश्वरले काम गरून् भनी प्रार्थनामा विलाप गरे। भोलिपल्ट बिहान त्यो सेवकलाई आफ्नो ओछ्यानमा मरेको अवस्थामा भेट्टाए।

### कारखानाको घटना

श्रीमान् फिनीको सालो, नजिकको गाउँमा भएको, एउटा कपास कारखानाको निरीक्षक हुनुहुन्थ्यो; जुन ठाउँलाई अहिले न्यु योर्क मिल्स भनिन्छ। फिनी निम्तो पाएर त्यहाँ जानुभयो, र बेलुकी एउटा विद्यालयको भवनमा प्रचार गर्नुभयो, त्यो भवन प्राय: कारखानामा काम गर्ने मानिसहरूको भीडले नै भरेको थियो, र परमेश्वरको वचनले शक्तिशाली रूपमा काम गऱ्यो। भोलिपल्ट बिहान फिनी कारखानामा हेर्न जानुभयो, उहाँ शान्त रूपमा भित्र हिँड्दै गर्दा काम गर्नेहरूको बीचमा हलचल भइरहेको उहाँले देख्नुभयो। एउटा कोठामा धेरै जवान स्त्रीहरू काम गरिरहेका थिए, त्यस मध्येमा दुईजना फिनीलाई देखेर उहाँको बारेमा केही कुरा गरिरहेका थिए। एकजना स्त्रीले छुटेको धागोलाई बाँध्ने प्रयास गरिरहेकी थिइन्, उनको हात कामिरहेकाले बाँध्न सकिनन्। फिनीले लेख्नुभएको छ: "म त्यो स्त्रीको नजिक आइपुग्दा गम्भीरतासाथ तिनलाई हेरेँ। उनले मलाई देखिन्

र घोप्टो परेर आँसुले भरिन्। त्यो भाव धुलो फैले जस्तै एकै छिनमा कोठाभरि फैलियो र कोठामा भएको सबै रुन थाले। त्यसको प्रभाव कारखानाभरि फैलियो। त्यो कारखानाको मालिक इसाई हुनुहुन्नथियो; तर भइरहेको परिस्थितिलाई देखेर निरीक्षकलाई भन्नुभयो, 'कारखानालाई बन्द गर, मानिसहरूलाई धार्मिक कुरामा ध्यान दिन देऊ। कारखाना चल्नुभन्दा प्राणको उद्धार महत्त्वपूर्ण छ।" कारखाना तुरुन्तै बन्द भयो, र सबैजना एउटा ठूलो कोठामा जम्मा भए र फिनीले प्रचार गर्नुभयो। फिनीले यसरी लेख्नुभएको छ: "म कहिल्यै सहभागी नभएको एउटा शक्तिशाली सभा भयो, त्यो। जागृति कारखानामा अचम्मको शक्तिसाथ फैलियो, केही दिनहरूमा नै सबैले उद्धार पाए।" त्यो कारखानामा सयौँजना काम गरिरहेका थिए।

थियोडर वेल्ड (Theodore Weld) भन्ने नाम भएको, हेमेल्टन विश्व विद्यालयमा पढ्ने विशेष वरदानहरू भएको एकजना जवान मानिस सभाहरूलाई जाँच्न आउनुभयो, र देखेर भन्नुभयो, यो धार्मिक कठोरपन मात्र हो र आफ्नो साथीहरूलाई आफू यो कुराको पछि लाग्ने छैन भनी भन्नुभयो। उहाँले फिनीको प्रचार एकपल्ट मात्र सुन्नुभएको थियो, तर फिनीलाई भेट्दा एक घण्टासम्म उहाँलाई बेइज्जत गर्नुभयो। फिनीले त्यो जवान मानिसको प्राणको बारेमा थोरै शब्द बोल्नुभयो, र त्यहाँबाट जानुभयो। त्यो रात उहाँ पीडा, रिस र विद्रोहले भरेर हिँड्नु र घोप्टो पर्नु पालैपालो गर्दै आफू दोषी भएको अनुभव गर्दै रात बिताउनुभयो। बिहान हुने बेलामा एउटा दबाब उहाँमाथि आयो र उहाँ भुइँमा लड्नुभयो; अन्तमा आफ्नो हृदय परमेश्वरलाई दिनुभयो, पछिको रातको सभामा सहभागी भएर विनम्रता साथ गवाही बाँड्नुभयो, र त्यो दिनदेखि उहाँ एउटा असल सहायक हुनुभयो, र धेरै वर्षहरूसम्म शक्तिशाली आत्मा जित्ने व्यक्तिको रूपमा जीवन बिताउनुभयो।

जागृति रोम र युटिकालाई केन्द्र बनाएर सबै दिशाहरूमा फैलियो। एक ठाउँमा उद्धार पाएको पाँच सयजना मध्येमा आठ महिनापछि हेर्दा एकजना पनि पछि हटेको थिएन। एकजना प्रस्वीटेरीयन सेवकले यो जागृतिलाई वर्णन गर्दै निकालेको पर्चामा प्रस्वीटेरीयन चर्चहरूमा मात्र तीन हजारजनाले उद्धार पाएको कुरालाई बताउनुभएको छ। फिनी परमेश्वरले आशिष् दिनुभएको आफ्नो प्रचारको बारेमा यसो भन्नुहुन्छ:

"मैले सधैँ प्रचार गर्ने सिद्धान्तलाई नै यो जागृतिको समयहरूमा प्रचार गरेँ। पापीहरूलाई अनुग्रहद्वारा नयाँ हृदय पाउन प्रार्थना गर्न भन्नुको सट्टामा हामीले उनीहरू आफैले नै नयाँ हृदय र नयाँ आत्मा बनाउनुपर्छ भनी बतायौँ र परमेश्वरको अगाडि तुरुन्तै गर्नुपर्ने समर्पणताको बारेमा जोड दियौँ। अहिले नै तिनीहरूको हृदयलाई विश्वास गर्न दिन र तुरुन्तै ख्रीष्टप्रतिको भक्ति, विश्वास, प्रेम र ख्रीष्टिय आज्ञाकारीतामा जिउने जीवनमा तुरुन्तै प्रवेश हुनुपर्छ भनी पवित्र आत्माले तिनीहरूसँग लडन्तमा भएको कुरालाई बतायौँ। समर्पित हुनुभन्दा अगाडि उहाँहरूले गर्दै आएको सबै कुरा पाप हो र परमेश्वरले त्यो तिनीहरूबाट चाहेको कुरा होइन, तर तिनीहरूले पश्चात्तापलाई ढिलो गरेर पवित्र आत्मालाई विरोध गर्दै जिइरहेका थिए भन्ने कुरालाई देखाउने प्रयास गऱ्यौँ।

## आबर्नमा (Auburn) जागृति

सन् १८२६ मा आबर्नमा भएको फस्ट प्रस्वीटेरीयन चर्चको पास्टर डा. ल्यानसिङ युटिकामा भएको जागृतिलाई हेर्न आउनुभयो, र फिनीलाई आफूसँग गएर सेवा गर्ने आग्रह गर्नुभयो, र फिनीले मान्नुभयो। उहाँ त्यो ठाउँमा जाँदा त्यहाँ रहेको ईश्वरशास्त्रीय विश्वविद्यालयमा पढाउने कुनै प्राध्यापकहरूले जागृतिलाई विरोध गरिरहेका थिए भन्ने कुरा थाहा पाउनुभयो।

अरू ठाउँहरूमा जस्तै नै आबर्नमा पनि परमेश्वर आफ्नो दासको साथमा रहनुभयो। प्रस्वीटेरीयन चर्चको एल्डर पदमा भएको एकजना चिकित्सक पवित्र आत्मा आफूमाथि आएको कारणले भुइँमा लड्नुभयो। एकजना विश्ववादीले यो कुराहरूलाई विरोध गर्दै आफ्नो श्रीमतीलाई सभामा जान दिनुभएन। उहाँको श्रीमती प्रार्थनामा आफ्नो श्रीमान्को लागि लड्नुभयो, र अन्तमा पवित्र आत्माको प्रेरणाले त्यो व्यक्ति आफ्नो श्रीमतीलाई लिएर मण्डलीमा जानुभयो। फिनीलाई यो कुराको बारेमा केही थाहा थिएन। उहाँ दिनभरि मानिसहरूसँग भेटघाट गर्दै सल्लाह दिँदै बिताउनुभयो, र सदा जस्तै केही प्रचार तयार नगरीकन पुलपिटमा जानुभयो। परिचय दिने क्रममा उहाँले कहिल्यै प्रचार नगरेको वचन उहाँको मनमा आयो। त्यो दुष्ट आत्मा लागेको एकजना मानिसले बोलेको वचन थियो, जसले चिच्याएर भने, "हामीलाई छोडिदिनुहोस्।" त्यो वचनलाई पापीहरू जो

आफैलाई परमेश्वरले छोडिदिएको चाहन्छन् र अरूलाई पनि परमेश्वरबाट टाढा राख्छन्, तिनीहरूको व्यवहारसँग तुलना गरेर असल तरिकाले स्पष्ट पार्न परमेश्वरले फिनीलाई सहायता गर्नुभयो। प्रचार भइरहेको बेलामा त्यो विश्ववादी मानिस कुर्सीबाट लडे र यति डरलाग्दो तरिकाले चिच्याए कि प्रचारलाई बन्द गर्नुपर्ने भयो। ऊ ठूलो स्वरले रोयो र आफ्नो पापलाई स्वीकार गर्‍यो, त्यसलाई देखेर भवनमा भएको हरेकले आँसु बगाए। विश्ववादीले थोरै समयमा आफूले पाएको क्षमामा आनन्द मनायो।

डा. ल्यानसिङको मण्डलीको सदस्यहरू संसारपट्टि ढल्केका थिए र तिनीहरूलाई देख्ने उद्धार नपाएकाहरूले वस्त्र, शृङ्गार र सांसारिकपनमा तिनीहरू धेरै अगाडि भएको कुरामा दोष लगाउँथे। फिनीले सदा जस्तै मण्डलीमा परिवर्तन ल्याउने खालको प्रचार गर्नुभयो। शबाथको दिनमा ती कुराहरूको बारेमा विस्तारित रूपमा प्रचार गर्नुभयो, र पास्टरलाई प्रार्थना गर्न निम्तो दिनुभयो। पास्टर प्रचारले अति नै प्रभावित हुनुभयो; प्रार्थना गर्नुभन्दा अघि त्यसलाई पछ्याउनको लागि सबैलाई आग्रह गर्नुभयो। त्यति नै बेला एकजना मानिस उठ्यो र छुट्टै स्वरले भन्यो, श्रीमान् ल्यानसिङ, तपाईं आफै शृङ्गारेको सर्ट र सुनको औँठी लगाएर र तपाईंको श्रीमती र परिवारको स्त्रीहरू सदा जसरी फेसनदार जस्तै वस्त्र पहिरेर अगाडि बसिरहेको हुँदा तपाईंको यो आग्रहले केही लाभ ल्याउने छैन।" यो कुराले तुरुन्तै डा. ल्यानसिङलाई मर्न लागे जस्तै देखिनुभयो। उहाँ आफै पुलपिटको अगाडि पसारिनुभयो, र सानो बच्चा जस्तै रुनुभयो। सबै मानिसहरूले आफ्नो शिर झुकाए र धेरैले रोए, बीच-बीचमा हुने लामो सासको आवाज र सुस्केरा बाहेक भवन गहिरो रूपमा शान्त थियो।

डा. ल्यानसिङ एउटा असल व्यक्ति हुनुहुन्थ्यो। उहाँ बाल्यकालदेखि नै त्यस्तो शृङ्गारेको सर्ट लगाउने बानी गर्नुहुन्थ्यो; उहाँले लगाएको औँठी एकदमै सानो थियो, र त्योचाहिँ उहाँको मरेको श्रीमतीले आफ्नो खातिर लगाउनुपर्छ भनी छोडिगएको औँठी थियो। यी कुराहरू ठेस लाग्ने कारण बन्छ भनी उहाँले कहिल्यै सोच्नुभएन, तर उहाँले भन्नुभयो: "यी कुराहरू बाधाको रूपमा रहन्छ भने अबदेखि म लगाउने छैन।" मण्डलीले आफू पछि हटेको कुरालाई साझा रूपमा स्वीकार गर्‍यो। गल्ती स्वीकार्ने पत्रलाई पढेर सुनाउँदा सबै खडा भएका थिए र धेरैले आँसु बगाइरहेका थिए। मण्डली पुनर्जीवित भयो; जागृति वरिपरि ठाउँहरूमा पनि फैलियो।

## ट्राईमा जागृति

रेभ डा. बीम्यान र उहाँको समूहले फिनीलाई ट्राईमा आएर परिश्रम गर्न निम्तो दिए। सन् १८२६ को शरद ऋतु र हिउँदलाई फिनीले त्यो सहर र वरिपरिको ठाउँमा बिताउनुभयो। यो ठाउँको बारेमा फिनीले थोरै कुराहरू लेख्नुभएको छ; तर त्यहाँको जागृति शक्तिशाली थियो भन्ने कुरालाई बताउनुभएको छ। त्यो ठाउँमा फिनीले धेरै विरोधीहरूलाई सामना गर्नुपर्ने थियो। त्यहाँको सेवकहरूको समूहले डा. बीम्यानलाई परीक्षण गर्ने निर्णय गऱ्यो; तर अन्तमा उहाँमाथि कुनै दोष लगाउने ठाउँ तिनीहरूले पाएनन्। विश्वासीहरू निरन्तर प्रार्थनामा लागिरहे र जागृति सबै बाधाहरूमाथि विजय पाएर फैलिँदै गयो। एउटा बैङ्कको कर्मचारीले आफ्नो बैङ्कको अध्यक्षको लागि प्रार्थना गर्न पवित्र आत्माद्वारा बोझ पाउनुभयो; सभा सकिँदा उहाँ आफ्नो घुँडाबाट उठ्न सक्नुभएन। बैङ्कको अध्यक्षले चाँडै उद्धार पाउनुभयो। यस्ता घटनाहरूले फिनीद्वारा भइरहेको जागृतिमा प्रार्थनाले निभाएको मुख्य भूमिकाको बारेमा बताउँछ।

## न्युलेबनानमा जागृति

एउटी जवान स्त्री कोलम्बियामा भएको न्यु लेबनानबाट, आफू सहभागी हुने एउटा नृत्यको कार्यक्रमको लागि, लुगा किन्न ट्राईमा आउनुभएको थियो। उहाँको एकजना आफन्तले, जो भर्खरै उद्धार पाएको थियो, फिनीको सभामा सहभागी हुनको लागि उहाँलाई आग्रह गरे। सुरुमा उहाँको हृदय विरोध गर्ने भावनाले भरेको थियो, तर चाँडै नै आफू दोषी भएको महसुस गर्नुभयो, र पूर्ण रूपमा उद्धार पाउनुभयो। उहाँ घरमा फर्किनुभयो, तर नृत्यको कार्यक्रममा सहभागी हुन होइन, तर आफ्नो मण्डलीलाई फिनीको जागृति सभाको लागि तयार पार्न; उहाँको घरबाट नै काम सुरु गर्नुभयो। उहाँको बुवा जो प्रस्वीटेरीयन चर्चको एल्डर हुनुहुन्थ्यो, उहाँ नै पहिलो फल हुनुभयो। समाजको मुख्य व्यक्तिहरू प्रायः सबैले उद्धार पाए। जोन टी. एव्री भन्ने एउटा जवान मानिसले पनि उद्धार पाउनुभयो, जो पछिको समयहरूमा प्रख्यात सुसमाचार प्रचारक हुनुभएको थियो; जसले यो किताबको लेखक ए. हेच. मिल्स बाल्यकालमा हुँदा उहाँको मण्डलीमा परिश्रम गर्नुभएको थियो।

८

# स्टिफेनटवन, विल्मीङ्टन, फिलडेल्फिया र रेडिङ्मा जागृति

## (सन् १८२७ - १८३०)

न्यु लेबनानको सभामा स्टिफेनटवनबाट आएको एकजना जवान स्त्रीले (सुश्री ‘एस’) फिनीको प्रचार सुन्नुभयो, र अति प्रभावित भएर आफ्नो ठाउँमा आउन निम्तो दिनुभयो। फिनी आफू व्यस्त भएकाले पहिले इन्कार गर्नुभयो, तर त्यो ठाउँको बारेमा उहाँको हृदय जोसले भरियो। त्यहाँ एउटा मात्र प्रस्वीटेरीयन मण्डली थियो, जुनमा एकजना सेवकले सेवा दिनुहुन्थ्यो। मण्डलीमा भएकाहरू परमेश्वरलाई त्यागेर गए र सेवक आफै पनि नास्तिक बन्नुभयो। त्यो मण्डलीमा एकजना मात्र अविवाहित व्यक्ति हुनुहुन्थ्यो; जसले फिनीलाई निम्तो दिनुभयो। त्यो ठाउँको मानिसहरू प्रायः सबै नै पश्चात्तापहीन कठोर भइसकेका थिए। कुनै पनि घरमा पारिवारिक प्रार्थना हुँदैन थियो।

आउने आइतबारको दिउँसो प्रचार गर्ने समय फिनीले तोक्नुभयो, यहाँ एउटा अचम्मको घटना घट्यो। फिनीले आफैलाई बग्गीमा (घोडा गाडा) लाने व्यक्तिलाई सोध्नुभयो: “तपाईंसँग भरपर्दो घोडा छ?” चालकले जवाफ दिएर भन्नुभयो, “हजुर, हो एकदम। के कारणले तपाईंलाई यो प्रश्न उठाउन लगायो?”

फिनीले भन्नुभयो: “किनभने, यदि परमेश्वर स्टिफेनटवन गएको चाहनुहुन्छ भने, शैतानले सकेको खण्डमा त्यसलाई रोक्ने प्रयास गर्छ;

तपाईंसँग भरपर्दो घोडा छैन भने शैतानले मलाई मार्न त्यसलाई प्रयोग गर्न खोज्छ।" भन्नको लागि अनौठो कुरा, कहिल्यै नभए झैँ त्यो दिन त्यो घोडा दुईपल्ट भाग्यो र उनीहरूलाई मार्न खोज्यो। घोडाको मालिकले अचम्म मान्नुभयो, र यसरी कहिल्यै भएको थिएन भनी भन्नुभयो; तर उहाँहरू समयमा स्टिफेनटवन पुग्नुभयो।

मानिसहरू गम्भीरतासाथ ध्यानसित सुन्न तयार भएका थिए। सुश्री 'एस' ले भोलिपल्टको पूरै रातलाई प्रार्थनामा बिताउनुभयो। प्रार्थनाको आत्मा शक्तिशाली रूपमा फिनीमाथि पनि आउनुभयो। त्यो यति शक्तिशाली रूपमा फैलियो र यति उत्तर ल्यायो कि त्यसपछि प्रचारिएको परमेश्वरको वचनले बलियो मानिसहरूको हृदयलाई पनि काट्यो र बलहीन तुल्यायो। प्रान्तको चुनावको दिनको बेलुकी भोट माग्नको लागि त्यहाँ आएर दिनभरि बसिरहेको एकजना मानिस आफू दोषी भएको कुराको महसुस यति बलियो रूपमा गर्नुभयो, कि आफू बसेको ठाउँबाट उठ्नै सक्नुभएन। अर्को मानिस पनि त्यही परिस्थितिमा बसिरहनुभएको थियो। त्यो मण्डलीको सेवक जो नास्तिक हुनुभएको थियो, धेरै कठोरतासाथ परमेश्वरको कामलाई विरोध गर्नुभयो, र कहिल्यै पनि सभामा सहभागी हुनुभएन। अन्तमा जागृति अघि बढिरहेको हुँदा भयानक तरिकाले मर्नुभयो। त्यसपछि उहाँद्वारा सुरु भएको विरोध र त्यसको प्रभाव सबै हट्यो। उहाँको प्रभावको कारण सभामा सहभागी नभएका १६ जना सदस्य भएको परिवार र अर्को १७ जना सदस्य भएको परिवार दुवैले उद्धार पाए। जागृतिको विशेष गुणहरू शक्तिशाली प्रार्थनाको आत्मा, पापको महसुस, शक्तिशाली रूपमा अचानक हुने उद्धार, महान् प्रेम र प्रशस्त आनन्द, इमानदारीतासाथ गरेको भक्ति र अरूको लागि प्रार्थनामा परिश्रम भन्ने कुराहरू थिए। सहरको प्रायः सबै मानिसहरू मण्डलीभित्र आए र सहरको नैतिकता पुनः स्थापित भयो।

**विल्मीङ्टन**

रेभ. गिल्बेर्ट विल्मीङ्टन, डेलवेरबाट आफ्नो बुवालाई भेट्नको लागि न्यु लेबनानमा आउनुभएको थियो; त्यहाँ फिनीको प्रचार सुन्नुभयो। उहाँले फिनीलाई आफूसँग विल्मीङ्टन जान अनुरोध गर्नुभयो। रेभ. गिल्बेर्ट क्याल्भिनिस्टिक सिद्धान्तलाई पछ्याउनुहुन्थ्यो, र आफ्नो मानिसहरूलाई

यतिसम्म तालिम दिनुभएको थियो, कि जागृतिको लागि केही गर्दा हामी परमेश्वरको हातबाट उहाँको कामलाई खोस्छौँ भनी मानिसहरू डराए। उहाँहरूको सिद्धान्तअनुसार परमेश्वरले आफ्नो समयमा पापीहरूलाई बचाउनुहुन्छ; त्यसै भएकाले जागृतिलाई अगाडि बढाउने विचारमा तिनीहरूलाई तुरुन्तै पश्चात्ताप गर्नुपर्छ भनी आग्रह गर्दा, त्योचाहिँ मानिसहरूलाई मानव शक्तिले इसाई बनाउनु हो, त्यो परमेश्वरको हातबाट उहाँको कामलाई खोसेर उहाँलाई अनादर ल्याउने कुरा हो।

फिनीले सदा जसरी निडरतासहित, "नयाँ हृदय र नयाँ आत्मा लेओ। तिमीहरू किन मर्छौ?" भन्ने वचनबाट प्रचार गर्नुभयो। उहाँले तिनीहरूलाई नयाँ हृदय भनेको के हो र त्यो पाउनको लागि पापीको कर्तव्य के हो भन्ने कुरा देखाउनुभयो। उहाँले दुई घण्टा प्रचार गर्नुभयो; सभाघर मानिसहरूले भरेको थियो, र मानिसहरू नयाँ सन्देश सुनेर आश्चर्य माने। कोही हाँसे, कोही रोए, कोही रिसाए, तर तिनीहरू सबै यति मुग्ध भएका थिए कि सबै आफ्नो स्थानबाट खडा भएका थिए। फिनीले लेख्नुभएको छः "उनीहरूको धारणा जसरी नै मानिस पूर्ण रूपमा शक्तिहीन भएको हो भने पापको लागि उसलाई दोषी ठहराउन मिल्दैन भन्ने कुरालाई देखाउन प्रयास गरेँ। आदममा मानिसले आज्ञाकारी हुने सबै शक्तिलाई गुमाएर आफ्नै क्रियाले नभएर आदमको कामले गर्दा आज्ञाकारी हुनु उसको लागि असम्भव छ भने, उसले गर्न नसक्ने कुरामा उसलाई दोषी ठहराउनु मूर्खता हो। यस्तै हो भने प्रायश्चित्त अनुग्रह हुन सक्दैन, तर परमेश्वरले मानिसलाई यस्तो दयनीय र दुर्भाग्यपूर्ण ठाउँमा राख्नुभएको कारण त्यो मानिसप्रति परमेश्वरले तिर्नुपर्ने ऋण हुन पुग्छ भन्ने कुरालाई देखाउन मेहनत गरे। क्याल्भिनिजम सिद्धान्तमा भएको अनौठा कुराहरू र त्यसले ल्याउने परिणामहरूको बारेमा विरोध गर्न नसक्ने गरी स्पष्ट रूपमा देखाउन परमेश्वरले मलाई सहायता गर्नुभयो।"

पास्टर आफैले प्रचारमा भएको सत्यतालाई स्वीकार गर्नुभयो, र बाहिर निस्कँदा एकजना सदस्यलाई भन्नुभयो, "मलाई क्षमा गर्नुहोस्, मैले कहिल्यै साँचो सुसमाचार प्रचार गरिनँ।" त्यो दिनदेखि काम अगाडि बढ्दै गयो। पास्टर र सदस्यहरू आत्मा जित्नमा असल व्यक्ति बन्न पुगे।

**फिलडेल्फिया (सन् १८२८-१८३०)**

यी समयहरूमा फिलडेल्फियामा भएको प्रस्वीटेरीयन मण्डलीको पास्टर डा. पेट्टर्सनले फिनीलाई आफ्नो मण्डलीमा प्रचार गर्न निम्तो दिनुभयो। त्यसपछि फिनी दैनिक डुङ्गामा यात्रा गरेर फिलडेल्फियामा एक रात र विल्मीङ्टनमा एक रात गरी पालैपालो गर्दै प्रचार गर्नुभयो। वचनले फिलडेल्फियामा शक्तिशाली रूपमा प्रभाव पार्‍यो। फिनीले आफ्नो पूर्ण समय त्यो सहरमा दिनुपर्छ भनी महसुस गर्नुभयो।

एक दिन डा. पेट्टर्सनले भन्नुभयो: "भाइ फिनी, तपाईंको धारणा र तपाईंको प्रचारको बारेमा यहाँको प्रस्वीटेरीयन सेवकहरूले थाहा पाए भने, ब्वाँसोलाई खेदे झैँ तपाईंलाई यो सहरबाट खेद्नेछन्।" फिनीले जवाफ दिनुभयो: "म केही गर्न सक्दिनँ। अरू सिद्धान्तहरू प्रचार गर्दिन। यदि मलाई तिनीहरूले सहरबाट खेद्छन् भने खेदून् र त्यसको जिम्मेवारी आफै लिऊन्। तर तिनीहरूले मलाई निकाल्न सक्छ भन्ने विश्वास मलाई लाग्दैन।"

फिनी भन्नुहुन्छ, "मैले विवादास्पद प्रचार गरिनँ, तर सन्तहरू र पापीहरू दुवैलाई शिक्षा दिने क्रममा सत्यलाई सरल तरिकाले प्रचार गरेँ, ताकि भेदभाव गर्ने ईश्वरशास्त्रीहरू बाहेक अरू सबैको ध्यानलाई आकर्षण गर्न सकूँ।" एक रात फिनीले, "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थता पनि एउटै हुनुहुन्छ–मानिस, ख्रीष्ट येशू। उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो।" भन्ने वचनबाट प्रचार गर्नुभयो। यो वचनबाट उहाँले प्रायश्चित्तको गुण र सर्वव्यापकताको बारेमा प्रचार गर्नुभयो। यो प्रचारले यति ध्यान आकर्षण गर्‍यो र उत्साह ल्यायो कि उहाँले सातवटा बेलुकी विभिन्न मण्डलीहरूमा त्यसलाई नै लगातार प्रचार गर्नुभयो।

एउटा मण्डली बाहेक त्यो सहरमा भएको सबै प्रस्वीटेरीयन मण्डलीहरूमा महिनौंसम्म प्रचार गर्नुभयो। परिणामहरू यति असल भएको देखेर उहाँलाई सहरको बीचमा एउटा मुख्य स्थान लिन आग्रह गरे। सहरमा सबैभन्दा ठूलो भवन भएको जर्मन मण्डलीलाई प्रयोग गर्न

अनुमति लिएर त्यसमा महिनौंसम्म (झन्डै दुई वर्ष ) प्रचार गर्नुभयो। त्यो भवनमा तीन हजार मानिसहरू अट्थे।

सन् १८२९ को वसन्त ऋतुमा रूख काट्नेहरू, रूख काट्ने ठाउँबाट नाउमा नदी मार्फत डेलावेर आइपुगेथे। सहरमा आइपुगेको उनीहरू मध्येमा धेरैले जागृतिको बारेमा सुन्न पाए र फिनीको सभाहरूमा सहभागी भएर उद्धार पाए। तिनीहरू फर्केर आफ्नो रूख काट्ने ठाउँमा पुगेर त्यो उद्धारको घटनाको बारेमा सुनाए र त्यसद्वारा धेरैजना मानिसहरूले ख्रीष्टलाई पाए। सन् १८३१ मा त्यहाँबाट तीनजना मानिसहरू फिनीलाई भेटेर आफ्नो समूहको लागि कसरी एउटा सेवक पाउन सकिन्छ भनी सोध्न आबर्नमा आए। जागृति अस्सी माइलसम्म रूख काट्ने ठाउँहरूमा नदीको छेउ–छेउमा फैलिएको र पाँच हजारभन्दा बढी मानिसहरू उद्धार पाएको तिनीहरूले बताए।

फिलडेल्फियामा भएको एउटा घटना हो। एकजना जर्मनको मानिसले फिनीको सभाहरूलाई विरोध गर्नुहुन्थ्यो, तर उहाँको श्रीमतीले सेवामा सहभागी भएर उद्धार पाउनुभयो। आफ्नो श्रीमती इसाई भइन् भनी थाहा पाउँदा सभामा सहभागी हुन निषेध गर्नुभयो। तिनले फिनीलाई यसको बारेमा सोधिन्। फिनीले जवाफ दिएर भन्नुभयो, "सोझो भएर सकभर बाधा आउनबाट जोगिनु, तर आफ्नो श्रीमान्‌को इच्छालाई पूरा गर्न परमेश्वरप्रतिको कर्तव्यलाई कहिल्यै नत्याग्नु।" तर श्रीमान् नास्तिक भएकाले उहाँले त्यो सल्लाहलाई सुरक्षासहित पछ्याउन सक्नुभएन।

उहाँ फेरि पनि सभामा जानुभयो, र श्रीमान्‌ले मारी दिने धम्की दिए; त्यसलाई व्यर्थको कुरा ठानेर फेरि पनि जानुभयो। उहाँ फर्किआउँदा श्रीमान् क्रोधित भइरहनुभएको थियो, र ढोका बन्द गरेर मारेरै छाड्छु भनी कसम खानुभयो। उहाँ माथिल्लो तल्लातिर भाग्नुभयो; बत्ती लिएर श्रीमतीलाई पछ्याउन खोज्दा एउटा नोकरले त्यसलाई निभाइदियो। अँध्यारोमा उहाँ पछाडिको सिँढीद्वारा ओर्लेर तल्लो कोठा पुगी झ्यालबाट निस्केर साथीको घरमा रात बिताउनुभयो। श्रीमान्‌को क्रोध शान्त भयो, होला भनी सम्झेर बिहानै फर्कि आउनुभयो। श्रीमान् क्रोधले सबै सामग्रीहरूलाई फुटाएको कारण घर लथालिङ्ग थियो। घरभित्र आउने बित्तिकै श्रीमान्‌ले छुरी लिएर फेरि मार्न आउनुभयो। उज्यालो भएकाले कतै उम्किन पाउनुभएन।

अन्तिम कोठामा पुगिसकेपछि श्रीमान्‌लाई सामना गर्न फर्किनुभयो, र घुँडा टेकेर सहायताको लागि परमेश्वरलाई पुकार्नुभयो। परमेश्वरले उहाँको श्रीमान्‌लाई बाँध्नुभयो। उहाँले श्रीमतीलाई एकछिन हेर्नुभयो, र आफ्नो छुरीलाई फ्याँकिदिएर भुइँमा लडेर, दया पाउनको लागि रुनुभयो। उहाँले आफ्नो पापलाई परमेश्वर र श्रीमती दुवैको अगाडि स्वीकार्नुभयो, र दुवैलाई क्षमा माग्नुभयो। त्यो समयदेखि उहाँ अचम्म तरिकाले बदलिएको व्यक्ति बन्नुभयो, र एउटा गम्भीर इसाई हुनुभयो; साथै फिनीको नजिकको व्यक्ति बन्नुभयो। फिनीले उहाँहरूलाई मण्डलीमा स्वीकार गर्नुभयो, र उहाँहरूको छोराछोरीहरूलाई बप्तिस्मा पनि दिनुभयो।

उद्धारको लागि पश्चात्तापको आवश्यकता भए तापनि मानिसको पापमय स्वभावले उसलाई पश्चात्ताप गर्न नसक्ने तुल्याएको हुन्छ; त्यसै भएकाले पश्चात्ताप परमेश्वरबाट नआउन्जेल, पश्चात्ताप आउनको लागि प्रार्थना गरिरहनुपर्छ भन्ने सिद्धान्तले नै त्यति बेलाको समयमा जरा गाडिएको थियो; जुन कुरालाई फिनीले विरोध गर्नुहुन्थ्यो।

फिनी भन्नुहुन्छ: "पश्चात्ताप गर्नुहोस् भनी मानिसहरूको बीचमा चिच्याउने कामलाई मैले रोक्न नसकेको देखेँ। पश्चात्तापको लागि प्रार्थना गरिरहनु कर्तव्य पूरा गर्ने तरिका होइन। त्यस्तो शिक्षाहरूले मलाई अति नै दु:खित तुल्याउँथ्यो, र मेरो परिश्रमको प्रायः भागहरू त्यसलाई सुधार्नुमा र पापीहरूले परमेश्वरले आज्ञा गरेको कुरालाई तुरुन्तै गर्नुपर्छ भन्ने प्रभाव ल्याउनुमा जान्थ्यो।"

" 'एकजना पापी मानिसले परमेश्वरको आत्माको काम यसमा केही छैन त?' भनी सोध्नुभयो; मैले जवाफ दिएँ: 'छ, यथार्थ रूपमा भन्नुपर्दा यो तपाईंबाट हुने कुरा होइन। तपाईं जे गरेको उहाँ चाहनुहुन्छ, त्यो गर्न लगाउनको लागि परमेश्वरको आत्मा तपाईंसँग लड्दै हुनुहुन्छ। बाहिरी परिवर्तनको लागि नभएर हृदय परिवर्तनको लागि तपाईंलाई पश्चात्तापमा र विश्वासमा डोऱ्याउन उहाँ तपाईंसँग लड्दै हुनुहुन्छ'।"

"तर मण्डलीले अति नै जोड दिएर आन्तरिक परिवर्तनको लागि बाहिरबाट सुरु गर्न सिकाउँछ। म सधैँ नै यसलाई गलत ठान्छु, साथै यो अति खतरापूर्ण कुरा हो। मैले विभिन्न उमेरको हजारौँ पापीहरूलाई भेटेको

छु, जसले यो भ्रममा परेर आफू केही गर्नको लागि बोलाएको होइन भनी ठानेर, नयाँ हृदय पाउन प्रार्थना गर्दै नैतिकताको जीवन जिउँदै, आफ्नो बाइबल पढ्दै, सभाहरूमा सहभागी हुँदै जीवन बिताउँछन्। अनुग्रहलाई प्रयोग गर्ने भन्ने नाउँमा आफ्नो परिवर्तन र सबै जिम्मेवारीलाई परमेश्वरको हातमा छोडिदिन्छन्।"

**रेडिङ्मा जागृति (सन् १८३०)**

फिनी फिलडेल्फियाबाट रेडिङ्मा जानुभयो। त्यहाँ थुप्रै जर्मनीहरूका मण्डलीहरू थिए र एउटा प्रस्वीटेरीयन चर्च पनि थियो; जसको पास्टर डा. गृरले फिनीलाई निम्तो दिनुभएको थियो। मण्डलीको एकजना एल्डर हुनुहुन्थ्यो; जसले हिउँदभरि नृत्यको कार्यक्रमहरू आयोजना गर्नुहुन्थ्यो। फिनीले पास्टरलाई त्यो कार्यक्रम सबै बन्द हुन्छ अथवा उहाँलाई पुलपिटमा आउन दिनु हुँदैन भनी भन्नुभयो। उहाँले धेरै दिनहरू त्यहाँ प्रचार गर्नुभयो, र उद्धारप्रति चिन्तित भएका र तुरुन्तै त्यो विषयमा एउटा निर्णयमा आउने इच्छा भएकाहरूको लागि मात्रै एउटा सभा आयोजना गर्नुभयो। सभा सञ्चालन हुने हल मानिसहरूको भीडले भरियो। पश्चात्तापको लागि प्रार्थनामा पर्खिरहनुपर्छ भन्ने उहाँहरूको गलत धारणा र बुझाइलाई फिनीले निर्मूल पार्नुभयो। तुरुन्तै सबै पापलाई त्यागेर, ख्रीष्ट येशूमा भएको परमेश्वरको दयामा आफैलाई समर्पित गराएर पूर्ण रूपमा परमेश्वरको लागि जिउन इच्छा भएकाहरूलाई घुँडा टेकेर परमेश्वरले चाहेको कुरा गर्न अनुरोध गर्नुभयो। धेरै सङ्ख्यामा मानिसहरूले घुँडा टेके –धनी र गरिब उच्च र नीच वर्ग सबैले। मृत्यु भए जस्तै सभाघर शान्त भयो, जसलाई रुने, लामो सास फेर्ने र सुस्केराको आवाजले मात्र तोड्थ्यो; फिनीले प्रार्थना गर्नुभयो।

एक दिन बिहान एकजना सिपालु वकिल आफ्नो उद्धारप्रति गहिरो चिन्ता बोकेर फिनीलाई भेट्न आउनुभयो। आफू प्रिन्सटन उच्च विद्यालयमा विद्यार्थी हुँदा आफू र आफ्नो एकजना साथी दोषी भएको अनुभव गर्दै, उच्च विद्यालयको अध्यक्ष डा. असबेल ग्रिनलाई उद्धार पाउन आफू के गर्नुपर्छ भनी सोध्न गएको कुरालाई बताउनुभयो। डा. असबेलले तिनीहरूलाई बाइबल पढ्न, नयाँ हृदय दिऊन् भनेर परमेश्वरलाई प्रार्थना गर्न र अगाडि बढिरहन सल्लाह दिएर भन्नुभयो: "परमेश्वरको आत्माले

तिमीहरूलाई परिवर्तन गर्नुहुन्छ अथवा तिमीहरूलाई छोडेर जानुहुन्छ, र तिमीहरू आफ्नो पापमा फर्किन्छौ।"


फिनीले यी सबै कसरी अन्त भयो भनी सोध्नुभयो; वकिलले जवाफ दिनुभयो, "त्यो विषयमा भएको हाम्रो चाहना सबै गुमाउन्जेल, उहाँले बताएअनुसार हामीले गरिरह्यौँ।" उहाँले आँसु बगाउन थाल्नुभयो, र भन्नुभयो: "मेरो दुईजना साथीहरू मतवालाहरूको चिहानमा छन्, र मैले पश्चात्ताप गर्न सकिनँ भने म पनि त्यहाँ नै हुन्छु।" परमेश्वरले उहाँ (वकिललाई) जे गर्नुपर्छ भनी चाहनुभएको छ, त्यो परमेश्वरले गर्नुहुन्न भनी फिनीले उहाँलाई देखाउनुभयो। परमेश्वरले उहाँ पश्चात्ताप गरेको चाहनुभएको छ, तर परमेश्वरले उहाँको लागि पश्चात्ताप गर्न सक्नुहुन्न; विश्वास गर्नुपर्छ भनी चाहनुभएको छ; तर उहाँको सट्टामा परमेश्वरले विश्वास गर्न सक्नुहुन्न; समर्पित हुनुपर्छ भनी चाहनुभएको छ, तर उहाँको सट्टामा परमेश्वरले त्यो गर्न सक्नुहुन्न। पापीलाई पश्चात्ताप गर्न लगाउनु र नयाँ हृदय हुनका लागि दिनुभएको पवित्र आत्माको कामको बारेमा फिनीले देखाउनुभयो। पवित्र आत्माले आफ्नो पाप देख्न सहायता गर्नुहुन्छ र यसलाई त्यागिदिन र आउने क्रोधबाट उम्कन आग्रह गर्नुहुन्छ, यही तरिकाले नै परमेश्वरले एउटा मानवमा काम गर्नुहुन्छ भन्ने कुरालाई फिनीले वकिललाई देखाउनुभयो। परमेश्वरले त्यसपश्चात्, उद्धारकर्ता, प्रायश्चित्त र उद्धारको योजना प्रस्तुत गराएर त्यसलाई स्वीकार गर्न आग्रह गर्नुहुन्छ भनी फिनीले भन्नुभयो।

वकिलले तुरुन्तै घुँडा टेक्नुभयो, र आफ्नो हृदय परमेश्वरलाई दिनुभयो, र भन्नुभयो : "डा. ग्रिनले यो कुरा हामीलाई बताएको भए तुरुन्तै हामी सबैले उद्धार पाउने थियौँ, तर मेरो साथीहरू उद्धारविना नै मरे। कति अचम्मको दया यो! मैले उद्धार पाएँ।"

एक रात फिनीको प्रचारद्वारा एउटा दुष्ट मानिसले आफू दोषी भएको थाहा पाउनुभयो, र सभाबाट घर जानुभयो। घरमा उहाँ यति पीडाको अनुभव गर्दै तड्पिन थाल्नुभयो, कि उहाँको परिवारले उहाँ मर्नुहुन्छ भनी सोचेर फिनीलाई बोलाउन एकजना मानिस पठाए। फिनी घरको नजिक आइपुग्नुभन्दा अघि नै त्यो मानिसको पीडाको चिच्याहटलाई सुन्नुभयो।

फिनी भन्नुहुन्छः "म घरभित्र जाँदा त्यो मानिस भुइँमा बसिरहेको र उहाँको श्रीमतीले श्रीमान्‌को शिरलाई थामिरहेको देखेँ। उहाँको मुहार अनौठो भएको देखेँ। दोषी भएको महसुसमा पीडामा भएको मानिसहरू धेरैलाई देखेको छु; तर उहाँको अवस्था देखेर म स्तब्ध भएँ, त्यो व्याख्या गर्न नसक्ने थियो। उहाँ पीडाले छटपटाइरहनुभएको थियो, दाँत किट्दै, जिब्रो टोक्दै बस्नुभएको थियो। उहाँले मलाई देखेर चिच्याएर भन्नुभयो, 'श्रीमान् फिनी म उद्धारविना हराइरहेको छु! म एउटा उद्धार नपाएको मानिस हुँ।' म स्तब्ध र आश्चर्यचकित भएँ र भनेँ, 'दोषको महसुस यस्तै हुन्छ भने, नरक कस्तो हुन्छ होला?' तर मैले चाँडै नै उहाँको ध्यानलाई उद्धारतिर फर्काएर उद्धारकर्तालाई अगाडि राखेँ र उहाँलाई स्वीकार गर्न आग्रह गरेँ; तब उहाँले शान्ति पाउनुभयो।"

नृत्यको आयोजना गर्ने एल्डर, उहाँको परिवार र सम्पूर्ण मण्डली ख्रीष्टतिर फर्किनुभयो। एउटा रक्सी बनाउने मानिसले उद्धार पाए र आफ्नो रक्सी बनाउने कारखानालाई नाश गरे।



चार्ल्स फिनी प्रचार गर्दै

## ९

# कोलम्बिया, न्यु योर्क सिटी, राचेष्टर, आबर्न, बफ्यालो, प्रविडेन्स र बास्टनमा जागृति

**(सन् १८३० - १८३२)**

सन् १८३० को गर्मीयाममा न्यु योर्कको कोलम्बियामा सभा सञ्चालन गर्न फिनीलाई आग्रह गरे। त्यहाँ एउटा ठूलो जर्मन मण्डली थियो, त्यसमा भएकाहरूमा दशजनाले मात्रै हृदय परिवर्तन हुनुको बारेमा थाहा पाएका थिए। त्यहाँको जवान पास्टरले एकजना जर्मनको ईश्वरशास्त्रीबाट ईश्वरशास्त्र सिकेका थिए। उहाँको एकजना साथी धार्मिक कुराहरूमा बढी चासो बोक्ने हुनुहुन्थ्यो, र एकान्तमा प्रार्थना गर्ने हुनुहुन्थ्यो। उहाँको शिक्षकले शङ्का गर्नुभयो, र यो कुराको बारेमा बुझ्न आउनुभयो। उहाँले त्यो जवान मानिसलाई चेतावनी दिएर यो खतरनाक बानी हो र यो बाटो अपनाएकोमा उहाँ बौलाउनुहुन्छ, भनी भन्नुभयो, र त्यसको दोष उहाँमाथि नै रहन्छ भनी बताउनुभयो। जवान पास्टरले बताएअनुसार त्यो साथी कुनै समय अघिसम्म धर्महीन भएर नै जिएको थियो। उहाँ (पास्टरको साथी) सेवक भएर काम सुरु गर्दा साधारण रूपमा बप्तिस्मा लिएर सेवामा नियुक्त हुनुभयो, र भक्तिको जीवनमा केही कुराको आवश्यक छैन भनी ठान्नुहुन्थ्यो। तर उहाँको आमा धेरै भक्ति गर्ने नारी हुनुहुन्थ्यो, र आफ्नो छोरा साँचो रूपमा उद्धार नपाईकन नै सेवा गर्न गएको देखेर दु:खित हुनुभयो। आमाको प्रार्थना र प्रभावले उहाँमा दोष (आफू दोषी भएको) महसुस भयो, र उहाँले पनि उद्धार पाउनुभयो; त्यसपश्चात् उहाँको श्रीमतीले पनि उद्धार पाउनुभयो। त्यो साथीले फिनीलाई प्रचार गर्न निम्तो दिनुभयो, र उहाँको प्रचारलाई आनन्दसहित सुन्नुभयो; पूर्ण

मण्डली परमेश्वरपट्टि फर्कियो र जागृति यति बलियो रूपमा फैलियो कि त्यो सहरको प्रायः मानिसहरूले उद्धार पाए।

## न्यु योर्क सिटी

न्यु योर्क सिटीमा वास गर्ने एन्सन ओ. फेल्पस (Anson O. Phelps), जो उदार चित्तले दिनुमा चिनिनुभएको थियो, फिनीलाई कुनै मण्डलीले आफ्नो सहरमा निम्तो दिएको छैन भनी थाहा पाएर, एउटा खाली मण्डली भवनलाई भाडामा लिएर त्यहाँ प्रचार गर्न तुरुन्तै आउन आग्रह गर्नुभयो। फिनी त्यहाँ जानुभयो, र यति शक्ति र सफलतासहित प्रचार गर्नुभयो, कि तीन महिना बित्नुभन्दा अघि श्रीमान् फेल्पसले प्रिन्स स्ट्रीट सडकमा एउटा मण्डली भवन किन्नुभयो, र फिनीले एक वर्षसम्म झन्डै हरेक रात भवन खचाखच भएको अवस्थामा प्रचार गर्नुभयो। प्रख्यात वकिलहरू र मुख्य व्यापारीहरू धेरैजना र अन्य धेरै मानिसहरूले परमेश्वरलाई पाए। उद्धार पाएको व्यक्तिहरूद्वारा नयाँ मण्डलीको सुरुवात भयो, जो अन्य कुनै पनि मण्डलीमा आबद्ध थिएनन् । त्यो वर्ष अन्त हुनुभन्दा अगाडि त्यो सहरको धेरै सेवकहरूले आफ्नो मण्डलीमा फिनीले प्रचार गरेको चाहन थाले।

न्यु योर्क सहरमा भएको आर्तर  टचापन भन्ने एकजना परोपकारी, फिनी त्यहाँ आउँदा उहाँको साथी हुनुभयो, जुन सम्बन्ध उहाँहरूको जीवनभरि रहिरह्यो। उहाँको भाइ लुविस बास्टनमा हुनुहुन्थ्यो, र उहाँ युनिटेरियन सिद्धान्त (त्रिएकत्वलाई इन्कार गर्ने सिद्धान्त) मान्नुहुन्थ्यो। उहाँले युनिटेरियनहरूको पत्रिकामा पढ्नुभयो, कि फिनी एउटा आफैलाई येशूको ब्रिगेडियर जर्नेल भनी घोषणा गर्ने बौलाएको कट्टरपन्थी हुनुहुन्छ। यस्तै र यस्तो प्रकारको अरू विवरणहरूलाई उल्लेख गरी आफू यो कुराहरूलाई प्रमाणित गर्न सक्छ भनी आफ्नो दाइ आर्तरसँग पाँच सय डलर(अहिलेको समयमको लगभग पचास हजार डलर बराबर) बाजी राख्नुभयो। आर्तरले जवाफ दिनुभयो: "लुविस तिमीलाई थाहा छ, बाजी राख्ने काम म गर्दिन, तर विश्वसनीय साक्षीहरूद्वारा फिनीको बारेमा बताएको यी कुराहरू सत्य भनी तिमीले प्रमाणित गऱ्यौ भने, म तिमीलाई पाँच सय डलर दिन्छु। यो कुराको बारेमा छानबिन गर्न तिमी अगाडि बढ्नुपर्छ भन्ने इच्छा लिएर म यो प्रस्ताव राख्दछु। यी सबै कुराहरू पूर्ण

रूपमा भरपर्न नसक्ने कुराहरू हुन् भनी तिमीले थाहा पाएको म चाहन्छु।"

लुविस  टचापनले युनिटेरीयन सिद्धान्त मान्ने एकजना सेवकलाई फिनीको बारेमा बताएको कुराहरूलाई स्थापित गर्न अदालतमा स्वीकार योग्य हुने खालको प्रमाणहरू खोज्न जिम्मा दिनुभयो, र चाहेको खण्डमा पाँच सय डलर खर्च गर्ने अनुमति पनि दिनुभयो। लगनशीलतासाथ महिनौंहरू होशियारीपूर्वक प्रयास गरे तापनि त्यस्तो केही प्रमाणहरू भेटिएन। यो कुराले लुविस  टचापनलाई परिवर्तन गरायो, र उहाँ दोषको महसुस गरेर युनिटेरियन विश्वासबाट साँचो विश्वासमा फर्किनुभयो। उहाँ पनि आफ्नो जीवनकालभरि फिनीको असल मित्र भइरहनुभयो।

**राचेष्टर (१८३१)**

सन् १८३१ मा फिनी थोरै समयको विश्रामको लागि न्यु योर्कबाट आफ्नो ससुराली जानुभयो। राचेष्टरमा भएको प्रस्वीटेरीयन चर्चमा, जुनमा सेवक थिएन, बोल्नलाई मण्डलीले आग्रह गरे। त्यति बेला मण्डलीमा र मण्डलीहरूको बीचमा फूट भइरहेको थियो। फिनी र उहाँको श्रीमती आफ्नो सामानहरू तयार गरेर, युटिकाबाट सन्तहरूलाई बोलाएर, कुन ठाउँमा सेवा गर्न जाने भन्ने कुराको अगुवाइ पाउन प्रार्थना गरे। उहाँहरू जानको लागि धेरै ठाउँहरू उचित थियो; त्यस मध्येमा सबैभन्दा कम महत्त्व भएको चाहिँ राचेष्टर थियो।

न्यु योर्क र फिलडेल्फियाको तुलनामा राचेष्टर कम आशा गर्न सक्ने ठाउँ हो भन्ने कुरामा सबै सन्तहरू एक मनका थिए। फिनीलाई पनि त्यस्तै लाग्यो, भोलि बिहान न्यु योर्क जाने निर्णयसहित सबै छुटेर गए; तर उहाँ विश्राम गर्नुभन्दा अगाडि परमेश्वरसँग एकान्तमा समय बिताउँदा राचेष्टर जानु परमेश्वरको इच्छा हो भन्ने प्रभाव उहाँमाथि पऱ्यो। बिहान उहाँ डुङ्गामा चढेर पूर्वतिर जानुको सट्टामा पश्चिमतिर जानुभयो।

चाँडै नै सबै इसाईहरू एकतामा आउन थाले। एउटा प्रख्यात वकिलको श्रीमती, जो सभ्य समाजको र समाजमा बढी प्रभाव पार्ने खालको महिला हुनुहुन्थ्यो, पहिलो उद्धार पाउने व्यक्ति हुनुभयो। उहाँ सांसारिक जीवन जिउँदै हुनुहुन्थ्यो; सामाजिक सम्बन्ध र त्यसमा भएको मोज–मज्जामा

बढी इच्छा राख्नुहुन्थ्यो, र आउने हिउँदमा समाजमा हुने रमझम सबैको बाधा जागृति बन्न पुग्छ भनी फिनी आएकोमा दु:खित हुनुभएको थियो। उहाँको उल्लेखनीय परिवर्तनले उहाँको ओहोदामा भएको मानिसहरूको बीचमा चहलपहल मच्चायो।

फिनीले लेख्नुभयो: "अहिलेको समयहरूमा 'चिन्तितहरूको कुर्सी' भन्ने नाम पाएको तरिकालाई राचेष्टरमा जानुभन्दा अगाडि, जागृतिलाई बढाउने तरिकाको रूपमा कुनै विरल परिस्थितिहरूमा बाहेक अन्य समयहरूमा मैले प्रयोग गरेको थिइन। मैले कुनै बेला सभामा भएको मानिसहरूलाई खडा हुन आग्रह गर्थें; तर मैले यो बारम्बार गरेको थिइन; यो विषयमा अध्ययन गर्दा पापीहरूलाई सभामा खडा गराउनको लागि कुनै माध्यमको आवश्यकता भएको मैले महसुस गरेँ। मेरो अनुभव र अध्ययनबाट, विशेष उच्च ओहोदामा भएकाहरूमा भएको घमन्डले आफू पापको लागि दु:खित भएको कुरालाई अरूले थाहा पाउँछन् भन्ने डर पैदा गर्थ्यो, र उहाँहरूको लागि सबैभन्दा मुख्य बाधा यही नै थियो।

उहाँहरूले तुरुन्तै आफ्नो हृदय परमेश्वरलाई दिनुपर्छ भन्ने प्रभाव ल्याउनको लागि केही गरिनुपर्छ भन्ने जस्तो पनि मलाई लाग्यो; जुन कुराले उनीहरूलाई साझा रूपमा आफैलाई ख्रीष्टको सेवामा समर्पण गर्न लगाउँछ। मैले उनीहरूलाई साझा सभाहरूमा खडा हुन निम्तो दिँदा त्यसले उत्तम प्रभाव ल्याएको मैले पाएँ। उनीहरूलाई साझा रूपमा भक्तिहीन समूहको बीचबाट बोलाएर आफ्नो खराब मार्ग त्याग्ने घोषणा गर्न लगाएर र साझा रूपमा आफैलाई परमेश्वरको लागि समर्पण गर्न कुनै तरिकाको आवश्यक भएको मैले महसुस गरेँ; मैले यो तरिकालाई पहिलोपल्ट राचेष्टरमा प्रयोगमा ल्याएँ।"

त्यस प्रख्यात वकिलको श्रीमतीले उद्धार पाएको केही दिनहरूपछि फिनीले सभाहरूमा आफ्नो पापलाई त्यागेर आफैलाई परमेश्वरको हातमा समर्पण गर्न इच्छा भएकाहरूलाई, त्यस्ताहरूको लागि तोकिएको कुर्सीमा आएर बसिदिन बोलाउनुभयो, र तिनीहरूको लागि विशेष प्रार्थना गर्नुभयो। धेरै मानिसहरू उठेर आए, त्यस मध्येमा केही मानिसहरू प्रमुख व्यक्तिहरू थिए। परमेश्वरले उच्च ओहोदाको मानिसहरूलाई ध्यान दिनुभएको छ भन्ने कुरा चाँडै थाहा हुन आयो। फिनीको सभाहरू उच्च ओहोदाको

मानिसहरूले भरिन थाले। वकिलहरू, चिकित्सकहरू, व्यापारीहरू र धेरै बुद्धिजीवीहरू जागृतिमा बढी आकर्षित भए, र सजिलोसँग परमेश्वरको प्रभाव मुनि आए। त्यो सहरभरि भएको धेरै वकिलहरू, प्रायः सबै न्यायाधीशहरू, बैङ्कका कर्मचारीहरू, व्यापारीहरू, मेकानिकहरू र उच्च ओहोदामा भएका पुरुष र स्त्रीहरू परिवर्तन भए। यो जागृतिमा प्रार्थनाको आत्माले अचम्म तरिकाले काम गर्‍यो; प्रार्थनाको आत्मा शक्तिशाली रूपमा मानिसहरूमाथि आउनुभयो, र धेरै मानिसहरू प्रार्थना गर्नुबाट अलग रहन नसकेर सभाहरूमा सहभागी नभई प्रार्थनामा समय बिताउँथे।

फिनीले उद्धार पाउने बेलामा, त्यो जागृतिमा श्रीमान् एबेल क्लारीले पनि उद्धार पाउनुभएको थियो, र प्रचार गर्न अनुमति पत्र प्राप्त गर्नुभएको थियो, तर उहाँ प्रार्थनाको आत्माले भरिएर मानिसहरूको प्राणको उद्धारको बोझले यति दबिनुभएको थियो, कि आफ्नो सम्पूर्ण समय शक्तिलाई प्रार्थनामा दिनुहुन्थ्यो, र प्रचार गर्नै सक्नुहुन्न थियो। उहाँ यति बोझले दबिनुभएको थियो, कि घरीघरी उभिन नसक्ने अवस्थामा पुग्नुहुन्थ्यो, र पीडाले सुस्केराउँदै छट्पटिनुहुन्थ्यो। उहाँ राचेष्टरमा आएर, फिनीले उहाँ त्यहाँ हुनुहुन्छ भन्ने कुरा थाहा पाउनुभन्दा अघि, फिनीको लागि प्रार्थनामा केही दिनहरू बिताउनुभयो। उहाँ जोसँग रहनुभयो, त्यो मानिसले फिनीलाई यसरी बताए: "उहाँ सभामा जान सक्नुहुन्न। उहाँ प्रायः सबै समय दिन र रातमा पनि प्रार्थना गरिरहनुहुन्छ, त्यो पनि यति वेदनासहित प्रार्थना गर्नुहुन्छ कि त्यसलाई कसरी बुझ्ने मलाई थाहै भएन। कोही बेला उहाँ घुँडामा पनि रहन सक्नुहुन्न तर भुइँमा घोप्टो परेर सुस्केराउँदै प्रार्थना गरिरहनुहुन्छ; जुन तरिका देख्दा म छक्क पर्छु।" पादरी न्याश र तीनजना डिकनहरू पनि त्यही तरिकाले फिनीको लागि प्रार्थना गर्न आफैलाई दिनुभएको थियो।

फिनीको शक्तिशाली प्रचार र निरन्तर भइरहने यस्तो प्रार्थनाहरूमा परमेश्वरले अचम्म तरिकाले आशिष् दिनुभयो। यो परमेश्वरको शक्तिशाली कामलाई देख्नको लागि प्रमुख मानिसहरू र सेवकहरू राचेष्टरको वरिपरि भएको सहरहरू र अन्य प्रान्तहरूबाट आए र तिनीहरू फर्किने बेलामा जागृतिको आगोलाई साथमा लिएर गए। परमेश्वरको काम छाल जस्तै सबै दिशामा फैलियो। फिनी, राचेष्टरलाई केन्द्र बनाएर, त्यहाँबाट वरिपरिको सहरहरूमा जानुहुन्थ्यो; केही दिनहरू प्रचार गरिसकेपछि फर्केर राचेष्टरमा

नै आउनुहुन्थ्यो। राचेष्टरको प्रस्वीटेरीयन मण्डलीमा बाह्रसय मानिसहरू थपिए र अन्य मण्डलीहरूमा पनि धेरै सङ्ख्यामा मानिसहरू थपिए।

यो काम यति महान् थियो, कि न्यु इङ्ल्याण्ड र अन्य प्रान्तहरूमा भएका सेवकहरू र इसाईहरूको ध्यानलाई आकर्षण गऱ्यो र अहिलेसम्म देशले नदेखेको शक्तिशाली जागृतिलाई अगाडि बढाउनको लागि यो कामको ख्याति नै परमेश्वरको हातमा एउटा प्रभावशाली हतियार भयो। डा. बीचरले भन्नुभयो: "यो एउटा परमेश्वरको महान् काम हो। छोटो अवधिमा भएको संसारले कहिल्यै नदेखेको महान् जागृति हो। यो महान् जागृतिको परिणाम स्वरूप एक लाखजना मानिसहरू मण्डलीमा समर्पित भएको विवरण पाइन्छ। मण्डली र धर्मको इतिहासमा यो एउटा अतुलनीय घटना हो। विगतको कुनै पनि वर्षहरूमा यस्तो एउटा महान् जागृति भएको विवरण हामीसँग छैन।"

न्यु लेबनानमा भएको सम्मेलनपछि फिनीको कामको विरोध कम हुँदै गयो। राचेष्टरमा त्यस्तो केही पनि सामना गर्नुपरेन। सेवकहरू र ईश्वरहीन पापीहरू समेतले यो काम परमेश्वरको हो भनी बुझे। फिनीले एउटा विद्यालयमा प्रचार गर्नुभयो, धेरै सङ्ख्यामा विद्यार्थीहरूले परमेश्वरलाई पाए। तिनीहरू मध्येमा चालीसजना सेवक बन्न पुगेको कुरा पछि थाहा हुन आयो। त्यो सहरमा भएको एउटा मात्र चलचित्र मन्दिर गाई बस्तु पाल्ने ठाउँ बन्यो।

**आबर्नमा जागृति**

राचेष्टरमा फिनीले ६ महिना परिश्रम गर्नुभयो, त्यसपछि स्केनक्टडिमा भएको युनियन विश्वविद्यालयको अध्यक्ष डा. नाटले आफ्नो विद्यार्थीको साथमा गएर परिश्रम गर्नको लागि फिनीलाई अनुरोध गर्नुभयो। फिनी वृद्धि भइरहेको जागृतिमा गरेको परिश्रमद्वारा पूर्ण रूपमा थाकिसक्नुभएको थियो, र यस्तै अवस्था भयो भने उहाँ मर्नुहुन्छ भनी मानिसहरूले ठान्थे, तर फिनी स्केनक्टडितिरको यात्रा सुरु गर्नुभयो। सडक नराम्रो थियो, र बग्गीको यात्रा थकाइपूर्ण भएकाले विश्राम लिनको लागि आबर्नमा रोकिनुभयो। उहाँ त्यहाँ हुनुहुन्छ भन्ने कुरा मानिसहरूले थाहा पाए। एउटा लामो निवेदन लेखेर समाजको प्रमुख मानिसहरूमध्ये धेरैले, जो सन्

१८२६ मा उहाँको कामलाई विरोध गरेका थिए, सही गरे; तिनीहरूले विगतको विरोधलाई वास्ता नगरेर त्यहाँ रहेर सुसमाचार प्रचार गर्न बिन्ती गरे।

फिनीले परमेश्वरको बोलावटलाई महसुस गर्नुभयो, र त्यहाँ रहेर हप्तामा चारपल्ट प्रचार गर्ने समर्थन दिनुभयो; बिग्रिरहेको उहाँको स्वस्थपनसहित उहाँले आँट गर्न सक्ने यति नै थियो। दोस्रो शबाथको दिनमा भीडको बीचमा बसिरहेको एबेल क्लारीको गम्भीर मुहार देख्नुभयो। क्लारी फिनीको लागि प्रार्थना गर्न त्यहाँ आउनुभएको थियो, र राचेष्टरमा जसरी प्रार्थनामा लड्नुभयो, त्यस्तै प्रकारको आत्मासहित वेदनाले भरिएको सुस्केराहरूमा प्रार्थना गर्नुभयो। पाँच वर्षभन्दा अघि फिनीको कामलाई विरोध गर्ने समूहको प्रमुख व्यक्ति नै पहिलो व्यक्ति भएर 'चिन्तितहरूको कुर्सी' मा आएर बस्नुभयो। निवेदनमा सही गरेको पाँच सयजना मध्येका प्रायः सबैले उद्धार पाए।

**बफ्यालो**

उहाँ आबर्नबाट बफ्यालोमा जानुभयो। काम त्यहाँ पनि आबर्न र राचेष्टरमा भए जसरी उच्च ओहोदाको मानिसहरूको बीचमा प्रभावशाली भयो। रेभ. डा. लार्ड, जो त्यति बेला वकिल हुनुहुन्थ्यो, त्यहाँ उद्धार पाएकाहरूमा एकजना हुन्। सहरको एकजना धनी मानिसले उहाँको कामलाई अति नै विरोध गरे। पापीहरूले स्वेच्छाले गर्ने दुष्टतामाथि विजय पाउन भएको एक मात्र बाधा तिनीहरू आफै पूर्ण रूपमा इसाई बन्न इच्छा नबोकेको कारण हो भन्ने फिनीको धारणालाई त्यो मानिसले उग्रतासहित विरोध गरे। त्यो धनी मानिसले यो शिक्षा झूटो हो भनी भन्थ्यो, र आफ्नो जीवनमा आफू इसाई हुन इच्छा भएको आफैलाई थाहा छ, तर परमेश्वरले आफूलाई त्यसरी गरिदिनुभएन भनी भन्थ्यो।

त्यो धनी मानिसले पछि आफू दोषी भएको महसुस गऱ्यो र प्रार्थना गर्न प्रयास गर्दा, "तपाईंको इच्छा पूरा होस्" भनी आफूले प्रभुको प्रार्थना गर्न नसकेको थाहा पायो। आफूले हृदयमा परमेश्वरलाई विरोध गरिरहेको महसुस गऱ्यो र आफ्नो जीवनमा ख्रीष्ट येशूले शासन गरेको आफूले नचाहेको र त्यो इच्छा पनि नभएको महसुस गऱ्यो। अन्तमा त्यो

मानिसले आफ्नो हृदय परमेश्वरलाई दिए र फिनीको शिक्षालाई स्वीकार गरे र खुशीसाथ उहाँलाई सहायता पनि गरे। शरद ऋतुमा फिनी त्यहाँबाट प्रविडेन्समा जानुभयो।

## प्रविडेन्स

यहाँ पनि अनुग्रहको काम तुरुन्तै सुरु भयो। चाखलाग्दो तरिकाले अगाडि बढ्यो; तर कुनै हामीलाई थाहा नभएको कारणले उहाँको तीन हप्ताको बसाइँले, अरू ठाउँमा जसरी परिणाम बटुल्न अपुग भयो। त्यति बेलाको समयहरूमा देशमा सम्प्रदायको सिमानाहरू बलियो रूपमा स्थापित भएको हुन्थ्यो; पछिको समयहरूमा डी.एल. मूडिले सेवा गर्दा मण्डलीहरू एकतामा आएर निम्तो दिन्थे, त्यसरी फिनीको पालोमा दिँदैनथे; त्यस्तै प्रकारको परिस्थिति आउनको लागि समय आएको थिएन। फिनी एउटा सहरमा जाँदा कठोरवाद, साम्प्रदायिकता, डाहा साथै क्याल्भिनिजम, युनिटेरियनिजम, विश्ववाद र शैतान यी सबै थोकसँग लड्न पर्थ्यो। तापनि धरै मानिसहरूले उद्धार पाए, र उद्धार पाएकाहरूमध्ये कुनै मानिसहरू जीवनभर त्यो सहरको इसाईहरूको लागि असल अगुवा भएर सेवा गरे।

## बास्टन (सन् १८३६)

फिनीले प्रविडेन्समा सेवा गरिरहँदा बास्टनमा भएको सेवकहरू सबै मिलेर डा. विस्नेरलाई (Wisner), जो ओल्ड साउथ चर्चको (Old South Church) पास्टर हुनुहुन्थ्यो; जासुस गरेर विवरण दिनको लागि प्रविडेन्समा पठाए। यो कुराले अन्तमा फिनीलाई बास्टनमा निम्तो दिने अवस्थामा पुऱ्यायो। डा. लैम्यान बीचर बाउडाइन स्ट्रिट कांग्रीगेस्नल चर्चको पास्टर हुनुहुन्थ्यो; उहाँले नै पाँच वर्ष अगाडि न्यु इङ्ल्याण्डभरि सबै ठाउँमा फिनीलाई विरोध गर्ने धम्की दिनुभएको थियो। उहाँको छोरा एडवार्ड बीचरले, जो पार्क स्ट्रिट चर्चको पास्टर हुनुहुन्थ्यो, सन्ताउन्न वर्षपछि सन् १८८९ नोभेम्बर ६ तारिखमा यसरी लेख्नुभयो: "फिनीलाई बास्टनमा प्रचार गर्ने निम्तो दिँदा म पार्क स्ट्रिट चर्चको पास्टर थिएँ। मैले उहाँलाई प्रचार गर्न निम्तो दिएँ; उहाँले मेरो अनुरोध स्वीकार गर्नुभयो, र मैले कहिल्यै नसुनेको एउटा प्रभावशाली र शक्तिशाली प्रचार गर्नुभयो। उहाँले दिने आह्वानको शक्तिलाई कसैले सोच्न पनि सक्दैन। आजको

दिनसम्म मेरो कानहरूमा त्यो गुन्जिरहेको छ।"

डा. लैम्यान बीचर आफ्नो समयहरूमा एउटा शक्तिशाली प्रख्यात प्रचारक हुनुहुन्थ्यो। उहाँको कान्छा छोरा हेन्ड्रिवार्ड बीचरले यो शताब्दीको शक्तिशाली प्रचारक भन्ने ख्यातिले विश्वलाई भर्नुभएको थियो। डा. एडवार्ड बीचरले धेरैपटक आफ्नो बुवा र भाइको प्रचार सुन्नुभएको छ र त्यति बेलाको सबै प्रख्यात प्रचारकहरूसँग परिचित हुनुहुन्थ्यो। उहाँले नै फिनीको बारेमा भन्नुभएको थियो: "कहिल्यै नसुनेको शक्तिशाली र प्रभावशाली प्रचार फिनीले गर्नुभयो।"

बास्टनको धार्मिक विश्वास फरक खालको थियो। त्यहाँका मानिसहरू आत्मसन्तुष्टि हुने, आफैलाई उच्च ठान्ने, स्वतन्त्र विचार भएको र जहाँ गए तापनि, जस्तो प्रकारको विश्वास भए तापनि, सबै स्वर्ग जान्छन् भन्ने एउटा अनौठो विचार बोक्ने मानिसहरू त्यहाँ थिए। अरू ठाउँमा जागृतिको समयहरूमा जसरी प्रार्थनाको आत्माले काम गरेको थियो, त्यसरी यहाँका उद्धार पाएका मानिसहरूको बीचमा काम भएन।

# १०

# पास्टरीय सेवा (न्यु योर्क सिटी)

## (सन् १८३२ - १८३५)

फिनीले एउटा सुसमाचार प्रचारकको रूपमा, बीचमा थोरै हप्ताहरू मात्र विश्राम लिएर, दस वर्ष परिश्रम गरिसक्नुभयो। अहिले उहाँको तीन छोराछोरीहरू भइसकेका थिए र तिनीहरूलाई साथमा लिएर सबै ठाउँमा जान सक्नुभएन। उहाँको शारीरिक बल पनि लगातारको परिश्रमले गर्दा घटिसकेको थियो। न्यु योर्क सिटीमा आएर पास्टरको रूपमा सेवा गर्ने अनुरोध पाउनुभयो। प्रार्थना गरिसकेपछि त्यसलाई स्वीकार गर्नुभयो।

श्रीमान् लुविस  टचापन र अन्य इसाई दाजुभाइहरूले च्याटम स्ट्रिट चलचित्र मन्दिरलाई बन्धकमा लिएर चर्चको रूपमा परिवर्तन गर्नुभयो। मुख्य हलको अगाडि तीनवटा ठूलो लामो कोठाहरू थिए, त्यसलाई प्रार्थना सभा र शिक्षा दिने कोठाको रूपमा तयार गरे।

फिनीले लेख्नुभयो: “मैले मेरो मण्डलीका सदस्यहरूलाई चारैतिर फैलिएर बस्न आदेश दिएँ, र प्रचार सकिँदा गहिरो प्रभावमा परेको कोही छ कि भनी हेर्न होसियार रहन बताएँ; कसैलाई देखेको खण्डमा बातचित र प्रार्थनाको लागि रोक्न बताएँ। उहाँहरू आफूले पाएको शिक्षामा इमानदारी हुनुभयो; र हरेक सभामा वचनले कसलाई प्रभाव पारिरहेछ भनी हेरिरहन्थे। आफ्नो डरलाई पछाडि हटाएर प्रभावमा परेको जस्तै देखिने जोसित पनि बोल्न चाहिने विश्वास उहाँहरूमा थियो। यो तरिकाले धेरैलाई उद्धारमा डोऱ्यायो। उहाँहरूले प्रभावमा परेकाहरूलाई

छुट्टै कोठामा निम्त्याएर बातचित र प्रार्थना गर्थे; र यसरी हरेक प्रचारको फललाई बटुले।"

सन् १८३२ मा फिनीले काम सुरु गर्नुभयो। तुरुन्तै परमप्रभुले आफ्नो आत्मा खन्याउनुभयो, र एउटा विशाल जागृति त्यो वसन्त ऋतु र गर्मीयाममा फैलियो। मध्य गर्मीयामको समयमा त्यो सहरले कहिल्यै अनुभव नगरेको महामारी हैजा देखा पर्‍यो। एक दिन फिनीले आफ्नै घरको अगाडि पाँचवटा लास लगेको देख्नुभयो। मर्नेहरूको सङ्ख्या बढ्दै गए पनि आफ्नो मानिसहरूलाई छोडेर जान अनिच्छुक भएर फिनी त्यहाँ नै रहनुभयो। अन्तमा उहाँ आफै रोगमा पर्नुभयो, र उहाँलाई निको पार्नको लागि प्रयोग गरेको तरिकाले उहाँको शरीरमा ठूलो असर पार्‍यो; जसबाट स्वस्थ हुनको लागि लामो समय लाग्यो। अर्को वसन्त ऋतुमा प्रचार गर्न सक्ने हुनुभयो, र लगातार बीस दिन रात्रि सभाको आयोजना गर्नुभयो। परमेश्वरको आत्मा खन्याइनुभयो; पाँच सयजनाभन्दा बढी मानिसहरूले उद्धार पाए। उहाँको मण्डली यति विशाल भयो, कि अर्को एउटा स्वतन्त्र मण्डली स्थापना गर्न एक भाग मानिसहरूलाई छुट्याएर पठाइयो। फिनीले लेख्नुभयो: "मण्डली प्रार्थना गर्ने र काम गर्ने मण्डली थियो। उहाँहरू सबै पूर्ण एकतामा हुनुहुन्थ्यो; पापीहरूसँग बातचित गर्न तालिम प्राप्त गर्नुभएको थियो, समर्पित र प्रभावशाली ख्रीष्टको मण्डली हुनुहुन्थ्यो। जतिखेर बोलाए पनि तुरुन्तै आएर गल्लीहरू र सडकहरूमा गएर प्रचार सुन्न मानिसहरूलाई बोलाएर ल्याउँथे। दाजुभाइ–दिदीबहिनी दुवैले यो काम गर्नुहुन्थ्यो।

म पहिलोपल्ट च्याटम स्ट्रिट मण्डलीमा आउँदा मैले अन्य चर्चहरूमा भएको इसाईहरूलाई बोलाएर मण्डली भर्न चाहिनँ; किनभने मेरो उद्देश्य संसारमा भएकाहरूलाई मण्डलीभित्र ल्याउनु हो भनी दाजुभाइहरूलाई बताएँ। भक्तिहीनहरूलाई परमेश्वरमा ल्याउनु नै मेरो चाहना थियो; त्यसो भएकाले हामीले त्यस्ता मानिसहरूको बीचमा परिश्रम गर्‍यौँ, र परमप्रभुको आत्माले सफलता पनि दिनुभयो।"

जब–जब उहाँको मण्डली सङ्ख्यामा धेरै ठूलो हुन्थ्यो; तब उहाँले एउटा समूहलाई नयाँ मण्डली स्थापना गर्न पठाउनुहुन्थ्यो। तीन वर्षको अन्तरालमा उहाँद्वारा भएको जागृतिमा उद्धार पाएकाहरूबाट मात्र सातवटा

मण्डली स्थापना भयो।

त्यो समय अन्त हुने बेलामा कांग्रिगेस्नल (प्रोटेस्टेन्ट) मण्डलीलाई अनुशासित तुल्याउन उहाँको साथीहरूले अपनाउन थालेको प्रस्वीटेरीयन ढाँचाको नियमहरूले ल्याएको समस्याहरूप्रति उहाँ अति नै असन्तुष्ट हुनुभयो, र ब्रडवे टच्याबरनेकल भन्ने नाउँको मण्डली भवन बनाएर सेवा गर्न जानुभयो। फिनीले प्रस्वीटरीबाट (एल्डरहरूको समूह) बिदा लिएर कांग्रिगेस्नल सेवामा जानुभयो। उहाँ सुरुमा प्रस्वीटेरीयन भएको चाहिँ एउटा दुर्घटना भन्न सकिन्छ। उहाँहरूको विश्वासको सारलाई उहाँले कहिल्यै पनि स्वीकार गर्नुभएन र उहाँहरूको मण्डलीलाई अनुशासन गर्ने तरिकाहरू पनि बोझिलो थियो। कांग्रिगेस्नल मण्डलीमा उहाँको मन मिल्यो। ब्रडवे टच्याबरनेकल, जुन फिनी, डा. जोसेप पी. ताम्सन, र डा. विलियम एम. टेलरको अधिनतामा थियो, अमेरिकाको एउटा प्रमुख प्रभावशाली मण्डली थियो। न्यु योर्क सिटीमा प्रकाशित हुने प्रस्वीटेरीयन समूहको साप्ताहिक न्यु योर्क अब्सरवेर (New York Observer) फिनीलाई विरोध गर्ने श्रीमान् नेटिलतनको पक्षमा थिए र उहाँको पक्षको सबै कुरा छापिन्थ्यो, र त्यो विरोधको जवाफमा लेखिने केही पनि छापिँदैन थियो। जागृतिको विरोधमा लामो समयदेखि फैलाइरहेको गलत धारणाको कारण फिनी र उहाँको साथीहरू निरुत्साहित भए। सर्वोच्च अदालतको न्यायाधीश जोनस प्लाट र अरू मिलेर फिनीलाई भेट्नुभयो, र त्यो साप्ताहिकको जवाफ दिनको लागि अर्को एउटा पत्रिका, द न्यु योर्क एभान्जलिस्ट (The New York Evangelist) भन्ने नाममा प्रकाशन गर्ने योजना अगाडि राख्नुभयो, जसको 'जागृतिको साथीहरू' र 'नैतिक परिवर्तन' भन्ने खण्डले सर्वसाधारणसँग सम्पर्क गर्न सहायता गर्छ। दुई अथवा तीन परीक्षण पछि रेभ. जासुअ लिविटले सम्पादकको जिम्मा लिनुभयो। पत्रिका, फिनीको प्रभावद्वारा धेरै ठाउँमा फैलिन थाल्यो।

सन् १८३४ जनवरी महिनामा फिनीको स्वाथ्य फेरि बिग्रिन थाल्यो र स्वास्थ्य सुधारको लागि मेडिटेरेनियनमा समुद्र यात्रा गर्नुभयो। माल्टा र शिसिलीमा एक हप्ता बिताउनुभयो। श्रीमान् लिविटले दासत्वको कुरालाई पत्रिकामा उठाउन सुरु गर्नुभयो। फिनीले यात्रा सुरु गर्ने बेलामा चिन्तासहित त्यो कुरालाई ध्यान दिनुभयो, र दासत्वको विरोधमा छिट्टै अगाडि नबढ्न फिनीले लिविटलाई सल्लाह दिनुभयो। घर फर्किने यात्रामा उहाँको मन

जागृतिसम्बन्धी धेरै कुराले भरियो। उहाँ लेख्नुहुन्छ: “देशभरि नै जागृति कम हुन्छ भन्ने डर मलाई लाग्यो; जुन विरोधहरू गरिन्थ्यो, ती कुराहरूले पवित्र आत्मालाई दु:खित तुल्याएको हुन सक्छ भन्ने डर लाग्यो। मेरो स्वास्थ्य पूर्ण रूपमा बिग्रे जस्तै मलाई लाग्यो र जागृतिको यो कामलाई लिएर अगाडि बढाउने कुनै पनि सेवकहरू मैले पाएको छैन। जागृतिको बारेमा भएको यो मेरो धारणाले मलाई सतायो र एक दिन म विश्राम गर्नै सकिनँ। मेरो प्राण व्याकुलताले भरिएको थियो; त्यो दिनभरिलाई मैले प्रार्थनामा कोठा अथवा जहाजको छतमा अति वेदनासहित बिताएँ। साँच्ची नै भन्नुपर्दा मेरो प्राणको बोझले मलाई थिचेको अनुभव गरेँ। मेरो मनको कुरालाई बाँडचुँड गर्न जहाजमा कोही पनि थिएन; ममाथि भएको चाहिँ प्रार्थनाको आत्मा हो; यस्तै प्रकारको अनुभव मैले पहिले पनि पाएको थिएँ, तर यति लामो समय र यति विशाल रूपमा कहिल्यै अनुभव गरेको थिइन। आफ्नो काममा अगाडि बढी रहन र चाहे जस्ता साधनहरू तयार गर्न परमेश्वरलाई बिन्ती गरिरहेँ। त्यो जुलाई महिनाको सुरुवातमा भएको गर्मीयामको लामो दिन थियो; दिनभरिको व्यक्त गर्न नसक्ने प्राणको वेदनापछि मध्यरातमा मेरो मनले शान्ति पायो। सबै कुरा असल हुनपुग्छ भनी विश्वास गर्ने ठाउँमा पवित्र आत्माले मलाई डोऱ्याउनुभयो। साथै परमेश्वरले मेरो अझै एउटा काम बाँकी राख्नुभएको छ र परमेश्वर आफ्नो काममा अगाडि बढ्नुहुन्छ र त्यसमा उहाँले चाहेको जिम्मा निभाउनको लागि मलाई शक्ति दिनुहुन्छ भन्ने कुरा पनि बताउनुभयो। तर उहाँको यो अगुवाइले मलाई कहाँ पुऱ्याउँछ भन्ने कुराको बारेमा मलाई केही पनि थाहा थिएन।”

उहाँको प्रार्थनाको उत्तर परमेश्वरले कसरी अनौठो र अचम्म तरिकाले दिनुभयो भन्ने कुरालाई हामी हेर्नेछौँ। उहाँ न्यु योर्कमा आइपुग्दा, उहाँको साथीहरूले जुलाई महिनाको चार तारिख, दास राख्नुको बारेमा एउटा बैठक बसेको थाहा पाउनुभयो। यो कुरालाई खराब मानिसहरूले गलत तरिकाले फैलाएर ब्रडवे  ट्याबरनेकल मण्डली एउटा मिश्रण भएको मण्डली भन्ने नाम दिए, जुनमा सेतो र कालो मानिसहरू छाडा तरिकाले एक–अर्काको नजिक बस्न कर गरिन्छ भनी फैलाए। कुनै दुष्ट मानिसहरूले  टयाबरनेकलमा आगो लगाएर छतलाई जलाइदिए। वारुणकर्मीहरू यस्तै मनस्थितिमा पुगेका थिए कि आगो निभाउन इन्कार गरे। त्यही समय श्रीमान् लिविटले पनि फिनीले बताए जसरी होशियारी

अपनाउनुभएन र चाहेको भन्दा धेरै अगाडि बढ्नुभयो; त्यसले गर्दा पत्रिकाको ग्राहकहरूको सङ्ख्या दिनमा पचास अथवा साठ्ठीको गतिमा घट्न थाल्यो। फिनी फर्केर आउँदा लिविटको अभिवादनको शब्दहरू यही नै थियो: "मैले इभान्जलिस्टलाई सखाप गरेँ; तपाईंले केही गर्नुभएन भने यो जनवरी महिनासम्म मात्र चल्छ।" फिनीले आफ्नो स्वास्थ्य राम्रो नभएकाले आफूले के गर्न सक्छ भनी थाहा छैन, तर प्रार्थनाको विषयको रूपमा त्यसलाई राख्छु भनी बताउनुभयो।

धार्मिक पत्रिकाको आवश्यकता, जहाजमा हुँदा वेदनाको प्रार्थना र त्यसपछि न्यु योर्कमा गरेको प्रार्थना, यी कुराहरूले आजसम्म गरेको भन्दा एउटा प्रभावशाली काम ख्रीष्टको राज्यको लागि गर्न फिनीको लागि बाटो बनायो। एक–दुई दिनपछि जागृतिसम्बन्धी फिनीले बोल्ने प्रचारलाई पत्रिकामा छाप्न लिविटलाई सल्लाह दिनुभयो। लिविटले त्यसपछिको हप्ताको प्रकाशनमा त्यसको बारेमा सूचना दिनुभयो, र त्यसले चाहे जस्तै परिणाम ल्यायो। नयाँ ग्राहकहरू थपिन थाले; जुन गतिमा घटेको थियो, त्योभन्दा बढी गतिमा ग्राहकहरू थपिए। फिनीले अर्को हप्तादेखि हरेक हप्ता, बताए जसरी नै प्रचार गर्न सुरु गर्नुभयो, र हिउँदसम्म गर्नुभयो। ती प्रचारहरू तयारीविना गर्नुहुन्थ्यो, र सामान्य एक घण्टादेखि एक घण्टा पैँतालिस मिनेटसम्म प्रचार हुन्थ्यो। श्रीमान् लिविटले त्यो प्रचारलाई टिपेर मुख्य विषयहरूलाई नफेरीकन सही तरिकाले पत्रिकामा ल्याउनुहुन्थ्यो।

फिनीले लेख्नुभयो: "यी प्रचारहरू पछि किताबको रूपमा छापिए र 'जागृतिको बारेमा फिनीको प्रवचनहरू' भन्ने नाममा प्रकाशित भए। जति छिटो छाप्न सकिन्छ त्यति छिटो छाप्दा बाह्र हजारवटा किताबहरू बिक्री भए र ख्रीष्टको महिमाको लागि भन्न चाहन्छु, यो किताब फेरि बेलायत र फ्रान्समा छापिएको थियो। यो किताब वेल्स, फ्रेन्च र जर्मन भाषाहरूमा अनुवाद भए र युरोपेली देशहरू सबैमा वितरण भयो, साथै बेलायतले शासन गर्ने सबै ठाउँमा पुग्यो। मलाई लाग्छ, कि अङ्ग्रेजी भाषा जहाँ–जहाँ बोलिन्छ ती सबै ठाउँहरूमा यो किताब पाइन्थ्यो। वेल्स भाषामा यो किताब अनुवाद भइसकेपछि त्यहाँ आएको एउटा महान् जागृतिको बारेमा त्यहाँ भएको कांग्रिगेस्नल सेवकहरूको कमिटीले मलाई पत्रद्वारा जानकारी दियो। लन्डनमा भएको एकजना प्रकाशकले आफ्नो बुवाले यो किताबको अस्सी हजार प्रतिहरू छापेर प्रकाशन गरेको कुरा मलाई बताउनुभयो। यो

जागृतिको प्रवचन, जुन अल्प र कमजोरी थियो, बेलायत, स्कटल्याण्ड, वेल्स, युरोप, क्यानडा, नोवा स्काटिया र अमेरिकाभरि साथै सानो–सानो टापुहरूमा पनि जागृतिलाई अगाडि बढाउन एउटा हतियारको रूपमा प्रयोग भएको मैले थाहा पाएँ।"

"बेलायत र स्कटल्याण्डमा यो जागृतिद्वारा प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा उद्धार पाएको धेरैजना सेवकहरूलाई भेट्न पाउँदा खुशी भएको अनुभव मैले धेरैपल्ट गर्न पाएँ। अघिल्लो पल्ट म विदेश जाँदा, तीनजना सेवकहरूलाई भेटेको थिएँ, जो उच्च विद्यालयमा पढिरहँदा मेरो जागृतिको प्रवचनहरू पढेर सेवक बन्न पुगेको कुरालाई पछि बताए। यो जागृतिको प्रवचन किताबलाई पढेको मात्र नभएर त्यसबाट अति नै आशिष् पाएको मानिसहरूलाई बेलायतमा भएको सबै सम्प्रदायको बीचमा पाएँ। न्यु योर्क एभान्जलिस्ट पत्रिकामा यो प्रकाशित हुँदा, देशभरि धेरै ठाउँहरूमा त्यसले जागृति ल्यायो।"

"तर यी सबै मानिसको बुद्धिबाट आएको होइन। परमेश्वरले जागृतिलाई अगाडि बढाउन केही गरून् र उहाँको इच्छा भएमा मलाई त्यो दिशातिर अगाडि बढ्न प्रयोग गरून् भनी म समुद्रको यात्रामा हुँदा गरेको दिनभरको वेदनाको प्रार्थनालाई पढ्नेले सम्झोस्। त्यो दिन मलाई पूर्ण निश्चयता थियो, कि मेरो प्रार्थनाको उत्तर आउँछ, त्यो दिनदेखि आजसम्म जेजति कुराहरू भएको छ ती सबै त्यो दिनको प्रार्थनाको उत्तर हो भनी म मान्छु। म पापमय र कुनै पनि तरिकाले योग्य नभएको अवस्थामा हुँदा–हुँदै पनि प्रार्थनाको आत्मा एउटा स्वर्गीय अनुग्रहको रूपमा ममाथि आउनुभएको थियो। उहाँले मेरो प्राणलाई विजय पाउन्जेल प्रार्थनामा थिची रहनुभयो, र ख्रीष्ट येशूमा भएको असीमित अनुग्रहद्वारा धेरै वर्षहरूसम्म त्यो दिनको परमेश्वरसँगको लड़न्तले ल्याएको परिणामलाई हेर्न पाएको छु। त्यो दिनको वेदनाको उत्तर स्वरूप उहाँले प्रार्थनाको आत्मा मलाई दिँदै आउनुभएको छ।"

फिनी न्यु योर्कमा फर्किंदा च्याटम स्ट्रिट मण्डलीमा परिश्रम गर्न जानुभयो। परमेश्वरको काममा तुरुन्तै जागृति आयो र अगाडि बढ्यो; हरेक सभामा मानिसहरूले उद्धार पाए। मण्डली वृद्धि हुँदै गयो र आफ्नो प्रभावलाई चारैतिर फैलायो। त्यति समयभित्र ब्रडवे टचाबरनेकलको

भवन बन्यो। मण्डली आफ्नो नयाँ भवनमा सऱ्यो र परमेश्वरको आत्मा त्यहाँ पनि ओर्ली आउनुभयो, र फिनी पास्टर भएर त्यो मण्डलीमा काम गरुन्जेल जागृति भई नै रह्यो।

उहाँ न्यु योर्कमा हुँदा आफूलाई ईश्वरशास्त्र पढाइदिनको लागि धेरै विद्यार्थीहरूले निवेदन दिए। उहाँ पहिले नै धेरै व्यस्त हुनुभएको कारण त्यो काम सुरु गर्न गाह्रो थियो। तर  टचाबरनेकल बनाएको दाजुभाइहरूले यो कुरालाई पहिले नै मनमा राखेर ईश्वरशास्त्र पढाउनको लागि एउटा कोठा तयार गर्नुभएको थियो। निवेदनहरू धेरै आएकाले फिनीले त्यो कोठामा वर्षमा एकपल्ट एउटा कक्षा सञ्चालन गर्ने निर्णय गर्नुभयो, र इच्छा भएकाहरू आफै त्यसमा आएर सहभागी हुनुपर्ने व्यवस्थापन पनि गर्नुभयो।

तर त्यो कक्षा सुरु गर्नुभन्दा अगाडि नै सिन्सिनाटीमा भएको लेन् थियोलोजिकल सेमिनरी (Lane Theological Seminary), जसको अध्यक्ष डा. बीचर हुनुहुन्थ्यो; विद्यार्थीहरूको बीचमा भएको दास प्रथासम्बन्धी छलफललाई समितिको सदस्यहरूले निषेधित गर्दा सेमिनरी फुटेर गयो।

यो घटना घट्दा श्रीमान् आर्तर  टचापनले ती जवान मानिसहरूलाई ईश्वरशास्त्रमा भएको आफ्नो धारणा सिकाउन र तिनीहरूलाई पश्चिम भागहरूमा प्रचार गर्नको लागि तयार गर्न, सक्छ भने फिनी त्यहाँ जानुपर्छ भनी प्रस्ताव राख्नुभयो, र त्यसको सम्पूर्ण खर्च आफूले बेहोर्ने कुरा पनि बताउनुभयो। फिनीको हृदयलाई त्यसले छोयो; उहाँले मानिसहरूलाई शक्तिसाथ सुसमाचार प्रचार गर्न तालिम दिने इच्छा बोक्नुभएको थियो; साथै ती विद्यार्थीहरूमध्ये धेरैजनाले फिनीद्वारा भएको जागृतिमा उद्धार पाएका थिए, तर न्यु योर्कको कामलाई कसरी छोडेर जाने भन्ने कुरा उहाँलाई थाहा भएन।

यी सबै भइरहेको बेला, सन् १८३५ जनवरी महिनामा, न्यु योर्कमा फिनीलाई भेटेर ओहायोमा भएको ओबेर्लिन उच्च विद्यालयमा ईश्वरशास्त्र पढाउनलाई मनाउन ओबेर्लिन उच्च विद्यालयको संस्थापक रेभ. जोन जे शिप्हेर्ड र अध्यक्ष रेभ. एशा महन् आए। फिनीले ओबेर्लिनमा पढाएको खण्डमा लेन् सेमिनरीको विद्यार्थीहरू त्यहाँ जान राजी भए। फिनी

TOG Mission

ओबेर्लिन उच्च विद्यालयमा ६ महिना, र न्यु योर्कमा ६ महिना बिताउने कुरामा न्यु योर्कमा भएको दाजुभाइहरू सहमत भए।

फिनीले दुईवटा सर्त राख्नुभयो, एउटा समितिको सदस्यहरूले उच्च विद्यालयको आन्तरिक कुराहरूमा बाधा ल्याउनु हुँदैन र सम्पूर्ण कुराहरूलाई शिक्षकहरूको हातमा छोडिदिनुपर्छ; अर्कोचाहिँ जुन सर्तमा गोरो जातिका मानिसहरूलाई विद्यालयमा भर्ना गरिन्छ, त्यही सर्तमा अन्य रङ्ग भएको मानिसहरूलाई पनि भर्ना गर्नुपर्छ; कुनै पनि भेदभाव गर्नुहुँदैन। धेरै आन्तरिक लडन्तपछि उच्च विद्यालयले यी कुराहरूलाई स्वीकार गऱ्यो।


फिनीले यो नयाँ काम सुरु गर्न आनाकानी गर्नुभयो। सुसमाचार प्रचार गर्ने कामलाई छोड्नु उहाँलाई गाह्रो थियो, साथै नयाँ ठाउँमा धेरै विरोधहरूको पनि सामना गर्नुपर्छ भनी थाहा थियो। उच्च विद्यालयलाई चाहेको भवन र अन्य सामग्रीहरूको लागि चाहेको आर्थिक स्रोत तयार गर्न पनि गाह्रो हुन्छ भनी उहाँलाई थाहा थियो।

TOC Mission

फिनी भन्नुहुन्छ: "आर्तर टयापनको हृदय न्यु योर्क सहर जति नै ठूलो थियो; अझै भन्नुपर्दा संसार जति कै ठूलो। यी समस्याहरूलाई मैले उहाँको अगाडि राख्दा आर्तर टयापनले भन्नुभयो: 'भाइ फिनी, मेरो वार्षिक आम्दानी एक लाख डलर हुन्छ (आजको समयमा एक करोड डलर) तपाईंले त्यो काम सम्हाल्नको लागि ओबेर्लिन उच्च विद्यालयमा जानुभयो भने, त्यहाँको भवन, पुस्तकालय र अन्य कुराहरूको लागि मेरो पूरै आम्दानीलाई, मेरो परिवारलाई पाल्न चाहेको बाहेक, त्यो कामको लागि दिन्छु; ताकि तपाईंले आर्थिक कुराको चिन्ता गर्न नपरोस्'।" यो कुराले फिनीलाई निर्णयमा पुऱ्यायो र उहाँ हिउँदलाई न्यु योर्क चर्चमा बिताउने र गर्मीयामलाई ओबेर्लिनमा बिताउने गरी सन् १८३५ को गर्मीयाममा ओबेर्लिन जानुभयो।

फिनीको शिक्षा र प्रचार पाएको बीस हजार विद्यार्थीहरू देशको चारैतिर गए, र अगुवाहरू काम गरेर विकास भइरहेको उत्तर-पश्चिम भू-भागलाई सही तरिकाले तयार गर्नुमा प्रयोग भए।

डा. जी. रइटले फिनीको जीवन चरित्र लेख्दा यसरी लेख्नुभयो: "फिनीको प्रभावले उच्च विद्यालयमा विभिन्न ठाउँ र रङ्गका मानिसहरू सहभागी हुने तुल्यायो। डेभिड लिविङ्स्टनले मिशनरी यात्रा सुरु गर्नुभन्दा अगाडि सन् १८३९ मा लन्डनमा पर्खिरहँदा आफ्नो पहिलो तीन महिनाको तलबलाई स्कटल्याण्डमा भएको आफ्नो भाइलाई पठाएर ओबेर्लिनमा पढ्न जान आग्रह गर्नुभयो। भाइले सो गर्नुभयो, र सन् १८४५ मा स्नातक उपाधि लिनुभयो।"



ओबेर्लिन उच्च विद्यालयको एक भागको चित्र (सन् १८३८)


TOG Mission

# ११

# ओबेर्लिनमा गरेको सुरुको परिश्रमहरू

लेन् सेमिनरीका विद्यार्थीहरू, आफ्नो आरामदायिक ठाउँहरूलाई छोडेर काठले बनाएको कोठाहरू भएको ओबेर्लिन उच्च विद्यालयमा पढ्न आए। फिनी आउने थाहा पाउँदा चारैतिरबाट विद्यार्थीहरू त्यहाँ पढ्न आउन थाले। त्यति विद्यार्थीहरूलाई अटाउने ठाउँ त्यहाँ भएन। यो कुरा थाहा पाएर फिनीले एउटा एक सय मिटर चौडाइ भएको पाल ल्याउनुभयो, जसको बीचमा भएको खम्बामा सजाएको एउटा कपडामा “परमप्रभुका निम्ति पवित्र” भन्ने शब्दहरू ठूलो अक्षरमा लेखेको थियो। यो पाल सुरुको समयहरूमा अति उपयुक्त थियो।

TOC Mission



श्रीमान्  टच्यापनले गरेको प्रतिज्ञालाई उच्च विद्यालयको समितिलाई थाहा नदिने भन्ने सहमति फिनी र  टच्यापनको बीचमा भएको थियो; ताकि समितिले ओबेर्लिन उच्च विद्यालयलाई चाहेको आर्थिक कुराहरू सङ्कलन गर्न नछोडोस्। भवन बनाउने काम अगाडि बढी रहँदा सन् १८३७ मा देशभरि आर्थिक सङ्कट आयो, र सबै व्यापारीहरूलाई सखाप पाऱ्यो। आर्तर  टच्यापन र अरू जो–जति सहायताको लागि प्रतिज्ञा गरेका थिए, सबै त्यो गर्नुमा असफल भए। शिक्षकहरू आर्थिक सहयोगहीन भए, र उच्च विद्यालय तीस हजार डलर ऋणमा पऱ्यो। दास प्रथालाई हटाउन प्रयास गरेकाले उच्च विद्यालयलाई धेरैले विरोध गरे।

विद्यालयको आवश्यकताहरू अति नै बढी थियो, र आफ्नो पूर्ण बलले सबैले परमेश्वरलाई पुकारे। फिनी जागृतिले गर्दा बेलायतमा प्रख्यात भएकाले आर्थिक सहयोग जुटाउनका लागि एउटा समितिलाई विद्यालयको तर्फबाट बेलायत पठायो। त्यस समितिले ६ हजार पाउन्ड सिलिङ र तीस हजार डलर ल्यायो; जसद्वारा विद्यालय ऋणबाट मुक्त भयो। यसरी फिनीद्वारा परमेश्वरले ओबेर्लिनलाई बचाउनुभयो। फिनीको साथीहरूले आफूले सक्ने सहायता गरे तापनि केही वर्षहरूसम्म दरिद्रता र धेरै परीक्षाहरूसँग लड्न शिक्षकहरू बाध्य भए। कुनै बेला दैनिक आवश्यकता कसरी पूरा हुन्छ भन्ने पनि उहाँहरूलाई थाहा भएन।

FOG Mission

पछिको समयहरूमा फिनीले त्यो अवस्थाहरूको बारेमा यसरी लेख्नुभयो: "एकपल्ट हिउँदमा मेरो परिवारको आवश्यकतालाई आपूर्ति गर्न मैले कुनै माध्यम देखिनँ। थ्याङ्स गिभिङ् डे (Thanks Giving Day – वार्षिक रूपमा मनाउने एक विशेष दिन) आयो र हामी यति गरिब अवस्थामा थियौँ कि एउटा गाई किन्नको लागि सुसमाचारको यात्रामा प्रयोग गर्ने बाकसलाई बेच्न बाध्य भएँ। त्यो दिन बिहान हाम्रो आवश्यकताहरू सबैलाई परमेश्वरको अगाडि राख्यौँ। सहायता आएन भने त्यो नआउनु नै असल भनी ठान्छु, र परमेश्वरले उत्तम देख्ने जुनसुकै बाटो अपनाए पनि त्यसमा आफू पूर्ण सन्तुष्टि हुन्छु भनी प्रार्थनालाई अन्त गरेँ। म प्रचार गर्न गएँ, सधैँ झैँ नै मेरो प्रचारमा म आफै रमाएँ। त्यो मेरो प्राणको लागि आशिष्को दिन थियो। मानिसहरू पनि प्रचार सुन्दा अति रमाएको मैले देखेँ।

सभा सकेपछि म मण्डलीको दाजुभाइहरूसँग बातचितमा केही समय अलमलेँ, र मेरो श्रीमती घर फर्किन्। म घर फर्किंदा हातमा एउटा खुल्ला पत्र बोकेर श्रीमती ढोकामा उभिरहेकी थिइन्। म नजिक जाँदा उनले हाँस्दै भनिन् ‘मेरो प्रिय उत्तर आयो ‘ र दुई सय डलरको चेकको साथमा श्रीमान् जोशिया च्यापिनले पठाएको पत्रलाई मेरो हातमा दिइन्। उहाँ अघिको गर्मीयाममा आफ्नो श्रीमतीकोसाथ यहाँ आउनुभएको थियो। मैले मेरो आवश्यकताको बारेमा उहाँलाई केही पनि बताइन, र कसैलाई त्यो बताउने आदत पनि मलाई थिएन। तर पत्रमा विद्यालय आर्थिक समस्यामा परेको कुरा र म आवश्यकतामा रहेको कुरा आफूले थाहा पाएको लेख्नुभएको थियो। भविष्यमा पनि आफूले सहायता गर्ने कुराको बारेमा पनि खबर दिनुभएको थियो। धेरै वर्षहरूसम्म उहाँले मलाई वार्षिक ६ सय डलर पठाउने गर्नुभयो, र त्यसद्वारा मैले जीविका चलाएँ ।”

धेरै मानिसहरूलाई परमप्रभुकहाँ फर्काएको यो राजकुमारको बारेमा सोच्नुहोस्; जसले पन्ध्र वर्षको अति ठूलो परिश्रमपछि पनि आफ्नो बाकसलाई नबेचिकन एउटा गाई किन्न नसक्ने गरी गरिब हुनुहुन्थ्यो! उहाँ एउटा सावधान र विशुद्ध र बुद्धिमान कामदार हुनुहुन्थ्यो। उहाँ सेवामा जति वरिष्ठ हुनुभयो, त्यति वकिलको काम अथवा व्यापारमा हुनुभएको भए, उहाँको जीवन कति फरक हुन्थ्यो होला! धेरै मानिसहरूले र सेवकहरूको समूहले ख्रीष्टको राज्य र सेवामा महान् रूपमा प्रयोग हुने कुरालाई चाहन्छन्। तर ध्यानसित मूल्याङ्कन गर्नेले थाहा पाउँछन् कि त्यसरी शक्तिशाली रूपमा प्रयोग हुनेहरूले त्यसको मूल्य आत्मबलिदान, पीडा, अभाव, वेदना र आँसुद्वारा तिर्छन्। अति सक्षम रूपमा परमेश्वरको राज्यमा परिश्रम गर्नेहरू उहाँहरूको ज्यालाको अधिकांश भाग यो संसारमा पाउँदैनन्। महान् रूपमा प्रयोग हुनु भन्ने कुराको लागि मूल्य चुकाउनुपरेको हुन्छ; तर प्रायः मानिसहरू त्यो मूल्य चुकाउन तयार हुँदैनन्।

तीन वर्षसम्म फिनीले आफ्नो गर्मीयाम ओबेर्लिन उच्च विद्यालयमा बिताएर हिउँदलाई न्यु योर्कमा भएको मण्डलीमा बिताउनुहुन्थ्यो; हरेक हिउँदमा न्यु योर्कमा एउटा आशिष्मय जागृति हुन्थ्यो। ओबेर्लिनमा उहाँ रहँदा त्यहाँ पनि लगातार जागृति हुन्थ्यो। तर चाँडै उहाँको स्वास्थ्य कमजोर भयो, र उहाँले दुवै मध्येमा एउटा जिम्मेवारलाई त्याग्न पर्ने देख्नुभयो। बताउन अनौठो कुरा हो; वनको बीचमा भएको भर्खरै सुरु

TOG Mission

भएको विद्यालयप्रतिको चासो महानगरमा भएको मण्डलीको भन्दा उहाँमा बढी थियो। त्यहाँ भएको विद्यार्थीहरूबाट तयार गर्न सक्ने असल शिक्षक र प्रचारकहरूद्वारा आफूले परमेश्वरको राज्यको लागि बढी काम गर्न सक्छ भन्ने निर्णयमा आउनुभयो।

ब्रडवे टचाबरनेकलमा उहाँले पास्टरीय सेवा गरेको अन्तिम दुईवटा हिउँदहरूमा उहाँले इसाईहरूलाई शृंखलाबद्ध प्रवचन दिनुभयो; जुन कुराहरू श्रीमान् लिविटले एभान्जलिस्ट पत्रिकामा प्रकाशन गर्नुभयो। यी कुराहरू किताबको रूपमा अमेरिका र युरोपमा प्रकाशित भए। यी प्रवचनहरू उहाँको मनमा भइरहेको गहिरो खोजीको परिणामहरू थिए। परमेश्वरको आत्माले पवित्रीकरण भन्ने विषयमा उहाँको मनमा काम गर्दै हुनुहुन्थ्यो।

उहाँको प्राणको अनुभवहरूको बारेमा उहाँले यसरी लेख्नुभएको छ: "धेरै इसाईहरूले यी प्रवचनहरूलाई सुसमाचारको व्याख्या भनी बुझ्नुको सट्टामा व्यवस्थाको व्याख्या भनी ठान्दछन्। मेरो लागि व्यवस्था र सुसमाचार दुवै जीवनको एउटै कानुन हो; व्यवस्थाको आत्मालाई उलंघन गर्नु, सुसमाचारको आत्मालाई उलंघन गर्नु हो। उच्चस्तरको ख्रीष्टिय अनुभवहरू मानिसको विवेक र हृदयलाई परमेश्वरको व्यवस्थाद्वारा अति गम्भीरतासाथ तलास गर्नुबाट हुने परिणाम हो भन्ने कुरामा म धेरै समय अघिदेखि सन्तुष्ट भएको छु। लामो समयको मेरो परिश्रमले मलाई सिकायो कि इसाईहरू र मण्डलीको पुरानो सदस्यहरूको मुख्य कमजोरीपना अनुग्रहमा अति थोरै प्रगति गर्नु हो। उनीहरू भर्खरै उद्धार पाएकाहरूभन्दा चाँडै नै पछि हट्छन्। जुन जागृतिद्वारा मैले उद्धार पाएँ, त्यसमा पनि यो कुरा सत्य भएको थियो। उनीहरू भर्खरै उद्धार पाएको हुँदा जुन धारणाहरूको प्रभावमा उनीहरू परे, त्यसद्वारा नै यी सबै भएको भन्ने मलाई लाग्छ।"

"विश्वास र प्रेममा मेरो आफ्नै जीवनमा भएको अस्थिरताले मलाई अति ठूलो असन्तुष्टि भएको अवस्थामा पुऱ्यायो। इमानदारीतासाथ सत्य कुरा गर्नुपर्दा परमेश्वरको अनुग्रहको महिमाको लागि मैले भन्नुपर्छ कि अरू इसाईहरूले जुन कुराहरूद्वारा लडेका थिए, ती कुराहरूमा लड्न परमेश्वरले मलाई दिनुभएन। तर बारम्बार मैले परीक्षाहरूको सामु कमजोरी

TOC Mission

रहेको महसुस गरेँ र घरी–घरी धेरै दिनहरूलाई उपवास र प्रार्थनामा बिताउनु आवश्यक हुन्थ्यो, र धेरै समय मेरो आत्मिक जीवनलाई सुधार्न बिताउनु पर्थ्यो, ताकि जागृतिलाई अगाडि बढाउन सक्षम तरिकाले परिश्रम गर्न सक्ने गरी दिव्य सत्यलाई बुझ्न परमेश्वरसँग भएको सम्बन्धलाई कायम गर्न सकूँ।"

"मेरो परिश्रमद्वारा मैले बुझेको ख्रीष्टिय मण्डलीको अवस्थालाई हेर्दा, अहिलेसम्म ख्रीष्टिय मण्डलीले थाहा पाएको भन्दा उत्तम र स्थिर रहने कुरा केही छ कि भनी खोज्नमा म अगाडि बढेँ। अझै उच्चस्तरको इसाई जीवन जिउन सुसमाचारले इसाईहरूलाई कुनै माध्यम दिएको छैन हो कि भनी खोजेँ। मेथोडिस्ट दाजुभाइहरूले पवित्रीकरणको बारेमा लिने धारणाहरूको बारेमा मलाई केही थाहा थियो। तर उनीहरूको पवित्रीकरणको धारणा झन्डै अथवा पूर्ण रूपले चेतनाको अवस्थासँग दाँजिएको जस्तै मलाई लाग्यो, उहाँहरूको शिक्षालाई मैले स्वीकार्न सकिनँ। तर एउटा उच्च र स्थिर इसाई जीवनलाई प्राप्त गर्न सक्छ र त्यो सबै इसाईहरूको अख्तियार हो भन्ने कुरामा मेरो मन सन्तुष्ट हुनुन्जेल त्यो विषयसम्बन्धी मेरो हातमा परेको सबै स्रोतहरू र धर्मशास्त्रलाई ध्यानसित खोज्नुमा म आफैलाई दिएँ। यसले इसाई परिपक्वताको बारेमा दुईवटा प्रवचन दिने ठाउँमा मलाई पुऱ्यायो।"

"न्यु योर्कमा अन्तिम हिउँद बिताउँदा मेरो प्राणलाई ताजा तुल्याउन परमेश्वर प्रसन्न हुनुभयो। हृदयको गहिरो खोजको समयपछि, परमेश्वरले सधैँ गर्ने गरी मलाई एउटा विशाल ठाउँमा ल्याउनुभयो, र एउटा दिव्य आनन्द मेरो प्राणमा दिनुभयो। त्यो हिउँदमा म पूर्ण रूपमा फुटेको थिएँ; यति धेरै फुटेको थिएँ कि धेरै समयसम्म मेरो पाप र ख्रीष्ट येशूमा भएको परमेश्वरको प्रेमलाई सम्झेर म ठूलो स्वरले रोइरहेँ। त्यो हिउँदमा यस्तो घटनाहरू घरीघरी भयो, र त्यसको परिणाम स्वरूप मेरो आत्मिक शक्ति अति नै ताजा भयो, र इसाईहरूको अख्तियार र परमेश्वरको अनुग्रहको प्रशस्तताको बारेमा मेरो धारणाहरू फराकिलो भए।"

फिनी ओबेर्लिन उच्च विद्यालयमा पढाउन तयार हुँदै गर्दा, हड्सन उच्च विद्यालयको समितिले उहाँलाई आफ्नो उच्च विद्यालयमा लैजान प्रयास गऱ्यो। हड्सन उच्च विद्यालय, भवन र अन्य कुराहरूको सुविधासँगको

थियो, तापनि फिनीले निम्न अवस्थामा भएको ओबेर्लिनमा पढाउने निर्णय गर्नुभयो। पछिको समयहरूमा, वर्षौंहरू हड्सन उच्च विद्यालयले ओबेर्लिन उच्च विद्यालयको विरोधमा काम गरी रह्यो। डा. बीचरले, जो हड्सन उच्च विद्यालयको मुख्य व्यक्ति हुनुहुन्थ्यो, फिनीको विरोधमा धेरै काम गर्नुभयो, तर परमेश्वरले ती सबै कुरालाई असफल तुल्याउनुभयो।

हड्सन उच्च विद्यालयबाट आएको विरोधको बारेमा फिनीले यसरी लेख्नुभएको छ: "हामी आफ्नो काममा लागि रह्यौँ र चुप रहनुमा नै हाम्रो बल छ भनी महसुस गर्‍यौँ; हाम्रो विचार गलत भएन। यस्तो विरोधहरूले हामीमाथि विजय पाउनु परमेश्वरको योजना होइन भन्ने कुरामा निश्चित थियौँ।" अर्को ठाउँमा उहाँले यसरी लेख्नुभएको छ: "हामी आफ्नो काममा लागि रह्यौँ, जति विद्यार्थी राखेर काम गर्न सक्छौँ भनी हामीलाई थाहा हुन्थ्यो, त्यतिजना मात्र राख्यौँ। हाम्रा हातहरू परिश्रमले भरिएका थिए र हाम्रो प्रयासहरूमा हामीले उत्साह पायौँ। विरोधहरूलाई वास्ता नगरी छोडिदिने हाम्रो नीति थियो।"

TOC Mission

वरिपरिका सबै मण्डलीहरूले ओबेर्लिन उच्च विद्यालयलाई धेरै विरोध गरे र त्यहाँ पढ्ने इच्छा राख्ने आफ्नो मण्डलीका सदस्यहरूलाई चेतावनी पनि दिए। तर परमेश्वर साथमा रहेकाले विरोधहरूले उच्च विद्यालयलाई असर पार्न सकेन। यी कुराहरूको सत्यतालाई हामीले पछि दिएको विवरणहरूबाट थाहा पाउन सकिन्छ। सन् १८३५ मा फिनी पढाउन जाँदा दुई सयजना भएको उच्च विद्यालयको विद्यार्थी सङ्ख्या बढेर सन् १८४० मा पाँच सयजना पुगेको थियो, र सन् १८५० मा हजारभन्दा बढी भएको थियो। त्यसपछिको केही वर्षहरूमा बाह्र सयदेखि चौध सयजनासम्म पुगेको थियो।

हामी यसबाट यो शिक्षा पाउन सक्छौँ कि परमेश्वरले चुनिएको व्यक्तिहरू, जो आफ्नो कामलाई ध्यान दिएर इमानदारीसाथ परमेश्वरको सेवा गरिरहन्छन्, उहाँहरूको विरोधमा लड्नु व्यर्थ हो।

फिनीले भन्नुभएको छ: "देशको विभिन्न भागमा रहेको धेरै विश्वासीहरू र सेवकहरू हाम्रो पक्षमा पनि थिए, जसले हाम्रो लक्ष्य, धारणा र प्रयासहरूप्रति असल विचार बोकेर हाम्रो साथमा उभेका थिए। तिनीहरूले

यी विरोधहरूलाई सही ठानेनन्। विरोधहरूले गर्दा हामीलाई भएको आर्थिक समस्याहरूमा तिनीहरूले आफ्नो पैसा र प्रभावलाई दिएर सहायता गरे। मैले प्रविडेन्सको श्रीमान् च्यापिनको बारेमा कुरा गरेको थिएँ, जसले मलाई धेरै वर्षहरूसम्म वार्षिक ६ सय डलर पठाएर सहायता गर्नुभएको थियो; उहाँको आर्थिक परिस्थितिहरूले उहाँलाई यो गर्न नसक्ने तुल्यायो। बास्टनको श्रीमान् विल्लार्ड सियर्सले श्रीमान् च्यापिनको ठाउँ लिनुभयो, र त्यति नै पैसा दिएर धेरै वर्षहरूसम्म मलाई सहयोग गर्नुभयो। यी समयहरूमा अन्य शिक्षकहरूलाई थाम्न पनि प्रयासहरू भइरहन्थ्यो, र परमेश्वरको अनुग्रहले हामी आँधीबाट निस्क्यौँ।" एलियालाई पोषण गर्ने विधवा झैँ फिनीलाई पोषण गरेका यी मानिसहरूको जीवनमा कति आशिष् आए होलान्!

अध्यक्ष महन् (Mahan), बाइबल टिप्पणीकार प्राध्यापक केवल्स, नयाँ करारको ग्रीक, हिब्रू शिक्षक प्राध्यापक मोर्गन, र फिनी, यिनीहरू सबै उल्लेखनीय व्यक्तिहरू थिए। बुद्धिजीवी लेखक र जाँगरिलो तरिकाले सोच्नेहरू थिए। भर्खरै सुरु भएको उच्च विद्यालयमा यति असल मानिसहरू शिक्षक हुनु महत्त्वपूर्ण कुरा हो। उहाँहरूले ओबेर्लिन एभान्जलिस्ट र ओबेर्लिन त्रैमासिक भन्ने नाउँका पत्रिकाहरू प्रकाशन गरे, जसमा ईश्वरशास्त्र र नैतिकताको बारेमा छलफल गरिन्थ्यो। फिनी नै ईश्वरशास्त्रको प्राध्यापक भएकाले प्रायः उहाँलाई नै धेरै विरोध पनि गरिन्थ्यो। तर फिनीले लेख्नुभएको छ: "बाहिरबाट धुवाँ, धूलो, गलत बुझाई र विरोधहरू आइरहेका यी वर्षहरूमा परमेश्वरले हामीलाई भित्रबाट प्रशस्त आशिष्ले भर्नुभयो। हामी एउटा मण्डलीको रूपमा आफ्नो व्यक्तिगत जीवनमा उन्नति गरेको मात्र नभएर एउटा जागृतिको अवस्थामा नै रहिरह्यौँ। धेरै सङ्ख्यामा विद्यार्थीहरूले उद्धार पाए र परमेश्वरले हामीलाई आफ्नो अनुग्रहको बादलले ढाकिरहनुभयो। दिव्य बतासको प्रभावले हामीलाई वर्षैपिच्छे बगायो र धेरै आत्माको फल फलाउने पनि तुल्यायो।"

"यो कामको सफलताको महिमा पूर्ण रूपमा मैले परमेश्वरलाई दिएको छु; हाम्रो ज्ञान अथवा हामीमा भएको कुनै असल कुराहरूबाट यो सफलता पाएको होइन। हाम्रो परीक्षाको बीचमा पनि हामीले सक्षम तरिकाले काम गर्न सक्ने गरी हामीमाथि परेको दिव्य प्रभावले हाम्रो

TOC Mission

मनलाई ठीक स्थितिमा राख्यो। परमेश्वरले आफ्नो आत्मा हटाउनुभयो भने बाहिरबाट आउने कुनै कुराहरूले हामीलाई यसरी उन्नति गराउन सक्दैन भन्ने कुरालाई हामीले सधैँ महसुस गऱ्यौँ।"

"हामीहरूको बीचमा पनि परीक्षाहरू आए। धेरै विषयहरूको बारेमा हामीले साझा विवाद गऱ्यौँ र कर्तव्य र अन्तसम्म स्थिर रहनु भन्ने कुराहरूको बारेमा हामी कुनै बेला दिनहरू, कुनै बेला हप्ताहरूसम्म छलफल गरिरह्यौँ। यी विषयहरूमा हाम्रो धारणाहरू एउटै थिएन तर यी कुनै पनि कुराहरूले हामीलाई निरन्तर रूपमा छुटाउन सकेन। एक–अर्कालाई आफ्नो व्यक्तिगत धारणाहरूलाई पछ्याउन दिनु हाम्रो सिद्धान्त थियो। हामी फरक भएका कुराहरूमा प्रायः असल सम्झौतामा आइपुग्यौँ, अल्पमत भएको समूहले बहुमत भएको समूहको निर्णयलाई मानिलिन्थ्यो। हामीले लामो समयसम्म शान्तिको बन्धनमा एकताको आत्मालाई कायम राख्यौँ।"

TOG Mission

१२

# बास्टन, प्रविडेन्स र राचेष्टरमा जागृति

## (सन् १८४२-१८४४)

**पुनः पवित्र आत्माको बप्तिस्मा र श्रीमतीको मृत्यु**

बास्टनको विल्लर्स सियर्सले जागृतिको लागि र परिवर्तनशील विषयहरूमा छलफल गर्नको लागि वासिङ्टन स्ट्रिटमा भएको माल्बरो होटेललाई किन्नुभयो; त्योसँग एउटा ठूलो हल जोडेर, आराधना सेवा, जागृति र परिवर्तनशील सभाहरू चलाउन दिनुभयो, जुन कुराहरूको लागि अरू मण्डलीहरूमा ठाउँ पाइँदैन थियो। सन् १८४२ मा माल्बरो भवनलाई प्रयोग गरेर कुनै महिनाहरू त्यहाँ प्रचार गर्नको लागि फिनीलाई आग्रह गर्नुभयो। फिनी आफ्नो सम्पूर्ण शक्तिसहित गएर त्यहाँ कुनै महिनाहरू प्रचार गर्नुभयो। फिनीले लेख्नुभयो: "परमेश्वरले आफ्नो आत्मा तुरुन्तै खन्याउनुभयो, र सुकेको हड्डीहरू हल्लिन थाले। दिनैपिच्छे मानिसहरू सहरको सबै भागहरूबाट मेरो कोठामा सोधपुछ गर्न आउँथे र आशा पाउँदै अगाडि बढे।"

एल्डर नेपले (Knapp), जो प्रख्यात ब्याप्टिस्ट जागृतिका सेवक हुनुहुन्थ्यो, प्रविडेन्समा धेरै विरोधहरूको बीचमा सेवा गर्दै हुनुहुन्थ्यो। ब्याप्टिस्ट दाजुभाइहरूले उहाँलाई बास्टनमा आउने निम्तो दिएको कारण उहाँ बास्टनमा आउनुभयो। त्यही समय फिनीको साथी जोशिया च्यापिन र अरूहरूले फिनीलाई प्रविडेन्समा आउन आग्रह गरे। बास्टन छोड्नु उहाँको लागि ठूलो परीक्षा थियो, तर एल्डर नेपलाई भेटिसकेपछि त्यहाँको परिस्थितिको बारेमा बताएर फिनी जानुभयो।

**प्रविडेन्स**

प्रविडेन्समा परमेश्वरको काम शक्तिशाली रूपमा सुरु भयो। बुझ्न खोज्नेहरूको सङ्ख्या धेरै ठूलो थियो, र सभाघर भीडले भरेको कारण उहाँले तिनीहरूलाई अगाडि बोलाउन सक्नुभएन। हरेक रातिको प्रचार पछाडि ती कोठा भर्खरै उद्धार पाएर रमाइरहेकाहरू र पापले गर्दा काम्दै बुझ्न खोजिरहेका मानिसहरूले भरिन्थ्यो। दुई महिनासम्म लगातार उहाँले परिश्रम गर्नुभयो, र घर फर्किनुभयो। यात्रामा हुँदा परिश्रम र यात्राको थकाइले एक–दुई दिन विश्राम गर्नको लागि राचेष्टरमा रोकिनुभयो।

**राचेष्टर**

उहाँ त्यहाँ आउनुभएको कुरा थाहा पाउँदा त्यहाँका सेवकहरू मिलेर हाम्रा लागि प्रचार गरेर मात्र जानुपर्छ भनी आग्रह गरे। त्यही समय न्यायाधीश जी र वकिलहरूको सङ्गठनको सदस्यहरूले आफ्नो विचारअनुसार नै जिइरहेका वकिलहरूलाई केही शिक्षा दिनुपर्छ भनी लिखित निवेदन दिए। हरेक रात सभाघर भरेको हुन्थ्यो; आफ्नो विचारमा जिइरहेका ती मानिसहरूको मन र विवेकलाई आफूले प्रभाव पार्न सकेको फिनीले महसुस गर्नुभयो। फिनीले लेख्नुभएको छ: “एक रात जाललाई किनारतिर तान्नुपर्छ भनी महसुस गरेँ। त्यो जाललाई मैले वकिलहरूको वरिपरि मिलाएर राखिसकेको थिएँ, र उहाँहरूले विरोध गर्न नसक्ने तर्कहरूद्वारा उहाँहरूलाई बार लगाइसकेको थिएँ। निर्णय लिन अगाडि बोलाउने समयमा, विशेष मैले प्रभाव पार्न चाहेको, त्यहाँको मुख्य व्यक्ति न्यायाधीशलाई मैले देखिनँ; दु:खित हृदयसँग प्रचार अन्त गर्ने बेलामा न्यायाधीशले मेरो कोटलाई तानेको पाएँ। उहाँ बाल्कोनीबाट ओर्लेर तल आएर साँघुरो भऱ्याङबाट चढेर पुलपिटको छेउमा आउनुभएको रहेछ, र उहाँले भन्नुभयो: ‘श्रीमान् फिनी, मेरो नाम काढेर मेरो लागि प्रार्थना गर्नुहुन्न? र म चिन्तितहरूको कुर्सीमा बस्छु।’ सभामा भएको अरू मानिसहरूले यो घटनालाई देखिरहेका थिए, र न्यायाधीशले भनेको कुरा मैले उहाँहरूको अगाडि बताउँदा त्यसले एउटा अचम्मको झट्का दियो। सभाघरको चारैतिर मानिसहरूको भावना विस्फोट हुन थाल्यो। धेरैले शिर झुकाएर रुन थाले, र अरूहरूले गम्भीरतासाथ प्रार्थना गर्न सुरु गरे। न्यायाधीशले पुलपिटको अगाडि घुँडा टेक्नुभयो, र वकिलहरू हिँड्ने बाटोहरूमा र पुलपिटको अगाडि खाली ठाउँमा र जहाँ–जहाँ खाली ठाउँ

पाए त्यहीँ नै घुँडा टेके। मैले अगाडि आउन नबोलाइकन नै यो सबै सुरु भयो, तर आफ्नो पापलाई त्यागेर आफ्नो हृदय परमेश्‍वरलाई दिन र ख्रीष्टको उद्धारलाई स्वीकार गर्न तयार भएकाहरूलाई बाटोमा अथवा खाली ठाउँ, जहाँ ठाउँ छ त्यहाँ नै घुँडा टेक्न साझा रूपमा निम्तो दिएँ। त्यो एउटा शक्तिशाली समय थियो, र हामीले प्रार्थना गरेर सभालाई अन्त गऱ्यौँ।"

भोलिपल्ट दुई बजे मण्डली भवन भऱ्यो; धेरै वकिलहरूले उद्धार पाए, र न्यायाधीश जी त्यसमध्येको प्रथम व्यक्ति हुनुहुन्थ्यो। यो क्रम दिनैपिच्छे बढ्दै गयो। एकजना वकिलले आफू र आफ्नो सारा सम्पत्तिहरूलाई कानुनी रूपमा कागज गरेर फिनीलाई दिनुभयो। बिशप व्हाइट हाउस, जो त्यो सहरमा पास्टर हुनुहुन्थ्यो, र उहाँको मण्डलीका सत्तरीजना मानिसहरू पनि परिवर्तन भए।

राचेष्टरमा त्यति बेला उद्धार पाएका वकिलहरू मध्येमा धेरैले आफ्नो पेसालाई छोडेर सेवा गर्न गए, र धेरैजना चिकित्सकहरूले पनि उद्धार पाए।

**बास्टन (सन् १८४३-१८४४)**

सन् १८४२ मा फिनी बास्टनमा हुँदा, श्रीमान् विलियम मिल्लर (अड्वेन्टिष्ट सिद्धान्तको संस्थापक) पनि त्यहाँ हुनुहुन्थ्यो, र ख्रीष्टको दोस्रो आगमनको बारेमा उहाँले गर्ने प्रचारले धेरै उत्तेजना ल्याउँथ्यो। उहाँले धेरैवटा बाइबल अध्ययनको कक्षाहरू चलाउनुहुन्थ्यो; जसमा फिनी आफै पनि सहभागी हुनुभयो। फिनीले उहाँको किताबहरू ल्याएर पढ्नुभयो। फिनी अन्तिमपल्ट उहाँको कक्षामा सहभागी हुँदा मिल्लरले येशूको दोस्रो आगमनको बारेमा बढी जोड दिएर भन्नुभयो, कि सन् १८४३ मा येशू संसारमा आएर आफ्नो शत्रुहरूलाई नाश गर्नुहुन्छ। दानियलको अगमवाणीलाई आधार मानेर उहाँले यी सबै कुरा बताउनुभयो। मानिसको हातद्वारा नकाटिकनै पहरोबाट आएको त्यो ढुङ्गो ख्रीष्ट येशू हुनुहुन्छ भनी उहाँले सिकाउनुहुन्थ्यो।

फिनीले मिल्लरलाई आफ्नो कोठामा निम्त्याउनुभयो, र अगमवक्ताले

स्पष्ट रूपमा त्यो ढुङ्गो ख्रीष्ट होइन, तर परमेश्वरको राज्य हो भनी बताएको कुरातिर उहाँको ध्यानलाई फर्काउनुभयो, र अगमवक्ताले त्यो ठाउँमा मण्डली अथवा परमेश्वरको राज्यले त्यो मूर्तिलाई नष्ट पार्छ भनी बताएको कुरालाई देखाउनुभयो। यी कुरा यति स्पष्ट थियो, कि मिल्लरले सोझो रूपमा त्यो कुरालाई स्वीकार गर्नुपर्ने भयो। फिनीले लेख्नुभएको छ: "मैले उहाँलाई सोधेँ; 'परमेश्वरको राज्यले त्यो राज्यहरूलाई नष्ट पार्छ भनी भन्दा तरवार र युद्धद्वारा नष्ट पारिन्छ भनी तपाईंले सोच्नुभयो, कि?' उहाँले आफूले त्यसरी विश्वास गर्न सकेको छैन भनी भन्नुभयो। मैले पछि सोधेँ: 'मानिसहरूलाई नाश गर्नु सट्टामा शासनहरूलाई हटाउने कुरा होइन त यो? र परमेश्वरको मण्डलीको प्रभावले सुसमाचारद्वारा मानिसहरूको मनलाई उज्यालो तुल्याउनेद्वारा यो गर्नुपर्ने होइन र? त्यस्तै हो भने, ख्रीष्ट संसारमा एक दिन आएर सबै मानिसहरूलाई नष्ट पार्नुहुन्छ भन्ने तपाईंको सिद्धान्तको जग खोइ त?' मैले उहाँलाई भनेँ: 'तपाईंको शिक्षाको जग यही नै थियो। तपाईंको कक्षाहरूमा यही कुरामा सबैको ध्यानलाई आकर्षण गर्नुभयो; लौ हेर्नुहोस्, गल्ती स्पष्ट छ, अगमवक्ताको आफ्नै शिक्षाहरू तपाईंको विरोधमा छन्।' तर उहाँ र उहाँलाई पछ्याउनेहरूसँग छलफल गर्नु व्यर्थ थियो। असल परिणाम आउने खालको छलफल गर्न नसक्ने गरी, ख्रीष्टको आगमन नजिकै छ भनी विश्वास गरेर तिनीहरू धेरै उत्तेजित भएको अवस्थामा थिए।"

सन् १८४३ मा फेरि निम्तो पाएर फिनी बास्टनमा आउँदा मिल्लरको सिद्धान्तले धेरै प्रभाव पारेको देख्नुभयो, र धेरैले युनिटेरीयन सिद्धान्तलाई पनि पछ्याइरहेका थिए, साथै विश्ववाद सिद्धान्त पनि फैलिरहेको थियो। बास्टनमा विश्वासको जग पल्टेको महसुस उहाँले गर्नुभयो।

हिउँदमा बास्टनमा आउँदा उहाँको जीवनमा भएको अनुभवहरूलाई यसरी लेख्नुभएको छ: "हिउँदमा परमेश्वरले मेरो प्राणलाई पूर्ण रूपमा सुधार्नुभयो, र एउटा ताजा पवित्र आत्माको बप्तिस्मा दिनुभयो। म सधैँ बास्टनमा परिश्रम गर्दा भएको जसरी मेरो मन प्रार्थनामा लामो समय बिताउनेतिर खिचियो। तर यो हिउँदमा व्यक्तिगत पवित्रता, मण्डलीको अवस्था र त्यसलाई चाहेको परमेश्वरको शक्ति भन्ने कुरामा बास्टनमा भएको आर्थोडक्स मण्डलीहरूको कमजोरीपन, उनीहरूको विश्वासको कमजोरीपन र यस्ता समाजको बीचमा उनीहरूलाई भएको शक्तिको

अभाव, यी कुराहरूले मेरो मन भऱ्यो।"

"मैले प्रार्थनामा धेरै समय बिताएँ; मैले बिहान चार बजे उठेर मेरो अध्ययन र प्रार्थनामा समय बिताएँ। बिहानको नास्ताको लागि आठ बजे घण्टी बजुन्जेल प्रार्थना गर्ने तरिकालाई मैले धेरैपटक अपनाएँ। मैले अहिलेसम्म कर्तव्य ठानेको र सम्भव देखेको भन्दा अझै उत्तम अवस्थामा परमप्रभुको लागि आफैलाई अर्पण गर्न मैले धेरै लडन्त लडेँ। योभन्दा अघि धेरैपल्ट मेरो परिवारलाई परमेश्वरको वेदीमा राखेको छु र उहाँको इच्छामा उहाँहरूलाई सुम्पिदिएको छु; तर यो पटक मेरी श्रीमतीलाई परमेश्वरको इच्छामा छोडिदिने कुरामा मलाई धेरै लडन्त भयो। उनी धेरै कमजोरी अवस्थामा थिइन् र अब लामो समय बाँच्ने छैन भन्ने कुरा स्पष्ट थियो। मेरी श्रीमतीलाई र मेरो सबै थोकलाई परमेश्वरको वेदीमा राख्नु भन्ने अर्थलाई मैले यति स्पष्ट कहिल्यै देखेको थिइन र मैले कुनै सर्तविना उनलाई परमेश्वरको इच्छामा छोडिदिने कुरामा घुँडा टेकेर घण्टौँ लडेँ। तर आफूले त्यो गर्न नसकेको थाहा पाएँ। यो कुराले मलाई झट्का दियो र म आश्चर्यचकित भएँ र वेदनाले असिन–पसिन भएँ, थकित हुनुन्जेल प्रार्थनामा लडिरहेँ र परमेश्वर, उहाँले चाहे जस्तै उनको जीवनमा आफ्नो इच्छा पूरा गर्न कुनै प्रतिवादविना आफूले छोड्न नसकेको अवस्थामा आफैलाई भेट्टाएँ।"

"यो कुराले मलाई धेरै दु:खित तुल्यायो। मेरो अनुभवहरूको बारेमा र उसलाई परमेश्वरको पूर्ण इच्छामा सुम्पिदिन नसकेको मेरो अवस्थाको बारेमा मैले मेरी श्रीमतीलाई पत्रमार्फत जनाएँ। मृत्युको तितोपनले मलाई पक्रेको जस्तो भयो, र केही समयको लागि मेरो धर्म ज्ञानमा आधारित भएको जस्तो मात्र देखियो। तर शैतानको अग्निबाणसँग केही समय लडिसकेपछि पहिलेको भन्दा अझै बढी उत्तम रूपमा परमेश्वरको आशिषित र पूर्ण इच्छामा फर्किन परमेश्वरले मलाई सहायता गर्नुभयो। त्यसपछि मैले परमेश्वरलाई भनेँ कि म आफैलाई, मेरी श्रीमतीलाई र मेरो परिवारलाई, उहाँले आफ्नो बुद्धिअनुसार हामीसँग व्यवहार गर्न, पूर्ण रूपमा सुम्पिदिन सक्ने गरी उहाँमाथि भरोसा राख्न सक्ने भएको छु। परमेश्वरको लागि समर्पित भएर जिउनु भन्ने कुराको खास अर्थको बारेमा अझै गहिरो रूपमा बुझ्ने मौका पाएँ। त्यो कुराको बारेमा सोच्दै घुँडामा लामो समय बिताएँ र सबै कुरालाई उहाँको इच्छामा छोडिदिएँ:

मण्डलीका कुराहरू, धर्मको प्रगति, विश्वको उद्धार र मेरै प्राणको अनन्त मृत्यु अथवा अनन्त जीवन, यी सबै थोकलाई उहाँको इच्छामा छोडिदिएँ। मलाई याद भएअनुसार मैले यतिसम्म मेरो पूर्ण हृदयले परमेश्वरलाई भनें कि उहाँको आशिषित इच्छाले जे कुरा गर्न उहाँलाई दिन्छ त्यो कुरा मेरो जीवनमा र मेरो सबै थोकमा गर्न सक्छ। मैले नकार्न सक्ने कुनै पनि कुरा उहाँले गर्नुहुन्न भनी विश्वास गर्न सक्ने गरी उहाँको भलाइ र प्रेममाथि मलाई पूर्ण भरोसा थियो। ममाथि जे गर्न इच्छा लाग्यो त्यो गर्नुहोस् भनी भन्नुमा एक प्रकारको पवित्र साहसलाई मैले अनुभव गरेँ, पूर्ण रूपमा बुद्धिमानी र असल नदेखिने कुनै पनि कुरा उहाँले गर्न सक्नुहुन्न भन्ने भएकाले म र मेरा सबै थोकमाथि उहाँले अनुमति दिने जुनसुकै कुरालाई पनि स्वीकार गर्न मलाई सजिलो थियो। यस्तो प्रकारको गहिरो र पूर्ण रूपमा परमेश्वरको इच्छामा सुम्पिने कुरालाई मैले जीवनमा कहिल्यै अनुभव गरेको थिइनँ।"

"यो कुराले ममा एउटा आनन्द ल्यायो, जुन आनन्द हप्ताँहरू, महिनाँहरू र वर्षाँहरूसम्म बढी रहन्थ्यो। मेरो मन यति आनन्दले भरेको थियो, कि म कुनै कुरामा चिन्तित हुन सकिनँ। मेरो उत्कट र लामो प्रार्थनाको समयहरू सबै रित्तिएर 'तपाईंको इच्छा पूरा होस्' भन्ने कुरामा अन्त भए जस्तो देखिन्थ्यो। मैले जे कुराको लागि प्रार्थना गरिरहेको थिएँ, त्यसको उत्तर मैले नसोचेको तरिकाले पाएँ। मेरो मनमा हुने सबै कुराहरूमाथि 'परमप्रभुका निम्ति पवित्र' भन्ने शब्दहरू कुँदिएको जस्तो देखिन्थ्यो। परमप्रभुले आफ्नो इच्छा पूरा गर्नुहुन्छ र मैले कुनै कुराको लागि फिक्री गर्नुपर्दैन भन्ने कुरामा मलाई बलियो विश्वास थियो। जुन कुराहरूको लागि म अति चिन्तित हुन्थेँ, ती सबै कुराहरू पर हट्यो, र लामो समयसम्म परमेश्वरको उपस्थितिमा समय बिताउन जाँदा म घुँडा टेक्थेँ र स्वर्गमा भए झैँ पृथ्वीमा पनि तपाईंको इच्छा पूरा होस् भनी माग्नु बाहेक अरू कुनै कुरालाई उत्कटतासहित माग्नु मलाई असम्भव भयो। मेरो प्रार्थनाहरू सबै योभित्रै हरायो र परमेश्वरको मुहार हेरेर हाँस्ने र मलाई केही कुरा चाहिँदैन भनी बताउने अवस्थामा नै प्रायः समयहरूमा आफैलाई भेट्टाउँथेँ। मलाई पक्का विश्वास थियो, कि उहाँले आफ्नो बुद्धिमानी र असल इच्छालाई पूरा गर्नुहुन्छ; र मेरो प्राण त्यसमा नै सन्तुष्ट हुन्थ्यो। योभन्दा अघि मैले कहिल्यै नसोचेको र नबुझेको एउटा तरिकाले मेरो प्राण ख्रीष्टसँग विवाहित भए जस्तो लाग्थ्यो।"

“यो नयाँ र फराकिलो अनुभवसहित मैले बास्टनका मानिसहरूलाई प्रचार गरेँ। मेरो मन यी कुराहरूले पूर्ण रूपमा भरेको थियो, र मैले ख्रीष्ट येशूमा भएको पूर्ण उद्धार बाहेक अरू केही कुरा प्रचार गर्न सकिनँ। बाँकी भएको हिउँदको समयहरूलाई, ख्रीष्ट येशूमा भएको पूर्णताको बारेमा सिकाउनुमा नै बिताएँ। धेरै मानिसहरूले मेरो कुरा बुझे तर मेरो प्रचार अधिकांश मानिसहरूको दिमागभन्दा बाहिर गएको मैले थाहा पाएँ।”

बास्टनमा फिनीको जीवनमा भएको यो अनुभव पवित्र आत्माको शुद्धीकरणको बप्तिस्मा हो भनी पवित्रताको बारेमा थाहा पाएकाहरूलाई थाहा हुन्छ। त्यो गहिरो लडन्त; आफ्नो लागि र पृथ्वीमा भएको सबै थोकको लागि मर्नु र परमेश्वरको इच्छाभित्र डुब्नु; पवित्रता पाउनको लागि पुरानो मानिस मर्नु, यी सबै परिचित कुराहरू हुन् ।

जुन हृदयको अवस्थामा उहाँ पुग्नुभयो, त्यो उहाँको पहिलेको अवस्थामा भएको प्रगति हो। उहाँले लेख्नुभएको छ: “त्यति बेलादेखि मैले एउटा धार्मिक स्वतन्त्रता र आनन्द, परमप्रभु र उहाँको वचनमा प्रसन्न हुनु, एउटा स्थिर रहने विश्वास, एउटा ख्रीष्टिय स्वतन्त्रता र बगिनिस्कने प्रेम भन्ने कुराहरूको अनुभव गरेँ, जुन कुराहरू मेरो जीवनको पहिलेको समयहरूमा कहिलेकाहीँ मात्र हुने अनुभव हुन्थ्यो। मेरो बन्धन पूर्ण रूपमा तोडेको जस्तो लाग्यो; र यो समयदेखि एउटा प्रेमिलो बुवासँग एउटा बच्चालाई भएको स्वतन्त्रताको अनुभव गरेँ। परमेश्वरलाई मभित्र भेट्टाउन सकिन्छ जस्तो लाग्थ्यो, यो अर्थले हो कि म परमेश्वरमाथि भरोसा राखेर शान्त रहन सक्छु, मेरो हृदयलाई उहाँको हातमा दिन सक्छु र उहाँको पूर्ण इच्छामा विश्राम गर्दै चिन्ता र दु:खविना जिउन सक्छु।”

**श्रीमतीको मृत्यु**

“यस्तै अवस्थामा केही वर्षहरू बितिसकेपछि मेरी प्रिय श्रीमतीको निधन भयो। यो मेरो लागि ठूलो पीडादायक कुरा थियो; तर मभित्र परमेश्वरको इच्छाको विपरीत कुनै गुनासो थिएन। तर मेरो लागि यो अति ठूलो दु:ख थियो। उनको निधन भएको दिनको रात शोकले मेरो मन यति बलियो रूपमा भऱ्यो कि मेरो दिमाग अनियन्त्रित भयो, र मेरो मन घुम्न थाल्यो। म तुरुन्तै कराउँदै ओछ्यानबाट यसो भन्दै उठेँ, ‘यदि म

परमेश्वरमा विश्राम लिन सकिनँ भने म बौलाउने छु!' "

"त्यो दिन राति चाँडै नै मेरो मनमा परमेश्वरले शान्ति दिनुभयो, तर बेला–बेलामा यो दुःखले ममाथि विजय पाउँथ्यो। एक दिन घुँडा टेकेर यो कुराको बारेमा परमेश्वरलाई बताउँदै गर्दा अचानक उहाँले यसो भने जस्तो लाग्यो: 'तिमीले आफ्नो श्रीमतीलाई तिम्रो खातिर प्रेम गरेको हो कि अथवा उसको खातिर? तिमीले उसलाई प्रेम गऱ्यौ कि अथवा तिमीलाई? यदि तिमीले उसको खातिर उसलाई प्रेम गरेको भए, उनी मेरो साथमा भएको कुरामा तिमी किन दुःखित हुन्छौ? यदि तिमीले उसको खातिर नै उसलाई प्रेम गरेको भए, उनी मसित आनन्दित रहँदा त्यसले तिमीलाई दुःखको सट्टामा आनन्द ल्याउनु परेन त? तिमीले तिनलाई मेरो खातिर प्रेम गऱ्यौ? तिनलाई मेरो खातिर प्रेम गरेको भए, तिनी मसित भएकोमा तिमी दुःख मान्दैनथ्यौ। तिनले पाएको लाभको बारेमा सोच्नुको सट्टामा आफ्नो घाटाको बारेमा किन सोच्छौ र किन त्यसमा बढी ध्यान दिन्छौ? उनी खुशी र आनन्द मनाइरहेको हुँदा तिमी किन दुःख मान्छौ? तिनलाई उसकै खातिर तिमीले प्रेम गरेको भए, तिमी उसको आनन्दमा आनन्द र खुशीमा खुशी मान्दैनौ?' "

"ममाथि आएको भावनाहरूलाई म व्याख्या गर्न सक्दिनँ। यो कुराले मेरो मनको परिस्थितिलाई तुरुन्तै बदल्यो, र बिछोडबाट आएको दुःख सधैँको लागि हटयो।"

# १३

# बेलायतको पहिलो भ्रमण - हार्टफोर्ड, वेस्टेर्न, सिरकुस र राचेष्टरमा जागृति

बेलायत आउन बारम्बार निम्तो आइरहेको हुँदा सन् १८४९ को शरद ऋतुमा आफ्नो दोस्रो श्रीमतीकोसाथ बेलायतको यात्रा सुरु गर्नुभयो।

त्यहाँ हौटन भन्ने गाउँमा अफ्नो परिश्रम सुरु गर्नुभयो। श्रीमान् ब्रउन भन्ने धनी व्यापारी आफ्नो समाजको आत्मिक उजाड अवस्था र चर्च अफ इंग्ल्यान्ड मण्डलीले मानिसहरूलाई बचाउन नसकेको देखेर धेरै दु:खित हुनुभएको थियो। उहाँले एउटा आराधना भवन बनाउनुभयो, र एउटा क्याल्भिनिष्ट सिद्धान्तको प्रचारकलाई भाडामा ल्याउनुभयो। कसैले उद्धार नपाउँदा श्रीमान् ब्रउन असन्तुष्ट हुनुभयो, र प्रचारकले जवाफ दिनुभयो: "श्रीमान् ब्रउन, मानिसहरूलाई परिवर्तन गर्न म परमेश्वर हुँ त? म उनीहरूलाई सुसमाचार प्रचार गर्छु, तर परमेश्वरले तिनीहरूलाई परिवर्तन गर्नुभएन; म दोषी हुँ त?" उहाँले त्यो सेवकलाई हटाउनुभयो, र अर्कोलाई नियुक्त गर्नुभयो, र फिनीलाई निम्तो दिनुभयो। फिनीले काम सुरु गर्नुभयो, र श्रीमान् ब्रउनले मानिसहरूलाई निम्तो दिनुभयो। धेरै माइल टाढाबाट मानिसहरू त्यहाँ आए; फिनीले बातचित गरेको र प्रचार गरेको सुने र उद्धार पाए; र जागृतिको आगोलाई वरिपरिको गाउँहरूमा फैलाए। जस–जसको उद्धारको बारेमा श्रीमान् ब्रउन चिन्तित हुनुहुन्थ्यो, तिनीहरू सबैले उद्धार पाए, र ठूलो भीड परमेश्वरतिर फर्कियो।

**बिर्मिङ्हम**

फिनी त्यहाँबाट बिर्मिङ्हम जानुभयो; श्रीमान् रो. भन्ने ब्याप्टिस्ट

सेवकले फिनीलाई आफ्नो मण्डलीमा निम्तो दिनुभयो, चाँडै नै त्यहाँ धेरै मानिसहरूले उद्धार पाए। “पवित्र आत्मालाई विरोध गर्नु” भन्ने शिर्षकमा फिनीले प्रचार गरेको सुनेर एउटा युनिटेरीयन सिद्धान्तको सेवक मन परिवर्तन भएर साँचो विश्वासमा फर्किनुभयो।

**वोर्सेस्टर**

फिनी वोर्सेस्टर जानुभयो, र युरोपभरिको उत्कृष्ट ईश्वरशास्त्री भनी मानिने डा. रेड्फोर्डसँग मिलेर परिश्रम गर्नुभयो। वोर्सेस्टरमा काम एकदम फलदायी भयो, ताकि एउटा धनी मानिसले, पाँच हजारजना अट्ने र सार्न मिल्ने एउटा भवन तयार गरेर, फिनीलाई सभा चलाउनको लागि त्यसलाई हरेक सहरमा लैजाने र कुनै पनि सम्प्रदायमा सीमित नरहीकन हरेक सहरमा केही महिनाहरू बिताउने सल्लाह दिनुभयो। मनमा डर भएका कुनै सेवकहरूले त्यसलाई धेरै अनौठो देखेर त्यसको विरोधमा सल्लाह दिए। फिनीले सेवकहरूको सल्लाहलाई मान्नुभयो, र त्यो धनी मानिसको योजनालाई इन्कार गर्नुभयो। त्यो फिनीको जीवनको ठूलो गल्ती भयो; जसको बारेमा उहाँले पछिको समयहरूमा धेरै गहिरो रूपमा पछुताउनुभएको थियो।

**लन्डन**

फिनी त्यहाँबाट लन्डन जानुभयो, र व्हाइट फिल्ड  टयाबरनेकलमा परिश्रम गर्नुभयो; त्यो भवनमा तीन हजार मानिसहरू अट्थ्यो। त्यति बेलाको समयमा धर्मप्रतिको चाहना धेरै कम थियो, र आइतबारको सेवामा सहभागी हुनेहरूको सङ्ख्या थोरै हुन्थ्यो। त्यो मण्डलीको पा. डा. क्याम्बेलले भन्नुभएको थियो; लन्डनभरि भएको सेवकहरूले जति मानिसहरूलाई प्रचार गर्छन्, त्योभन्दा बढी मानिसहरूको बीचमा फिनीले बेलुकीको सभाहरूमा प्रचार गर्नुभयो। फिनी कुनै समयहरूसम्म मण्डलीमा प्रचार गरिरहनुभयो; त्यसपछि सोधपुछ गर्ने इच्छा भएकाहरूको लागि सभा चलाउन एउटा कोठा माग्नुभयो। त्यो काम सुरु गर्नको लागि चाहिने परिस्थिति तयार भएको छैन भनी डा. क्याम्बेलले मान्नुहुन्थ्यो, तर फिनीको अडानले गर्दा चालीसजना बस्न मिल्ने एउटा कोठा देखाउनुभयो।

फिनीले भन्नुभयो : “योचाहिँ आधाको आधा पनि छैन!” पास्टर

चकित हुनुभयो, र शङ्का गर्नुभयो, तर फिनीलाई परमेश्वरको रहस्यको बारेमा थाहा थियो; सयौँ मानिसहरू सोधपुछ गर्न इच्छुक छन् भनी विना शङ्का भन्नुभयो। अन्तमा कौपेर स्ट्रिट सडकमा भएको सोह्र सयजना बस्न सक्ने एउटा कोठा(हल) फिनीलाई देखाउनुभयो; फिनीले भन्नुभयो, "मैले चाहेको यही नै हो।" यस्तै कुराहरू अमेरिकामा साध्य छ, तर लन्डनमा सम्भव छैन भनी क्याम्बेलले भन्नुभयो। फिनीले जवाफ दिनुभयो: "सुसमाचार अमेरिकन र बेलायतीहरू दुवैको लागि बराबर हो। मानिसहरूको अवस्थाको बारेमा तपाईंलाई भन्दा राम्रोसँग मलाई थाहा छ; घमण्डले उनीहरूलाई अगाडि आउन दिँदैन भन्ने डर मलाई छैन।" उहाँले सभामा निम्तो दिएर, सोधपुछ सभामा इसाईहरू आउनुपर्दैन र साथै आफ्नो पापको बारेमा चिन्ता नगर्नेहरू आउनुपर्दैन भनी भन्नुभयो, तर जस-जसले आफ्नो प्राणको बारेमा चिन्ता गरेका छन् र परमेश्वरसँग तुरुन्तै मिलापमा आउन तयार छन् र आफ्नो कर्तव्यको बारेमा बुझ्न चाहन्छन्, तिनीहरू मात्र आउँदा हुन्छ भनी भन्नुभयो।

मण्डलीका मानिसहरू कुन बाटो हुँदै जाँदै छन् भनी चिन्ता र डरसहित डा. क्याम्बेलले झ्यालबाट हेरिरहनुभयो। उहाँ आश्चर्यचकित हुने गरी सबै मानिसहरू कौपेर स्ट्रिटमा भएको कोठा(हल)तिर गए, त्यो सडक नै भीडले भऱ्यो र कोठा(हल) पनि भरिसकेको थियो। तिनीहरूले आफ्नो विद्रोह भन्ने हतियारलाई भुइँमा राखेर तुरुन्तै उहाँको इच्छामा समर्पित भएको र साथै उहाँको अधिनतामा रहेर ख्रीष्टलाई मुक्तिदाताको रूपमा स्वीकार गरेको परमेश्वरले चाहनुहुन्छ भनी फिनीले तिनीहरूलाई बुझाउनुभयो। तिनीहरूलाई घुँडा टेक्न भन्न लाग्दा, आफ्नो अनुग्रहको दिनहरूलाई पापमा बिताएँ भनी वेदनाले भरेर एकजना मानिस भीडको बीचमा ठूलो स्वरले रुन थाल्यो। भीड भावनात्मक भएर अनियन्त्रित हुन सक्ने देखेर त्यस मानिसलाई सक्दो शान्त गराउनुभयो, र सबैलाई घुँडा टेक्न लगाएर शान्त रूपमा प्रार्थनामा अगाडि बढ्नुभयो। मानिसहरू रुँदै, विलाप गर्दै प्रार्थनामा रहे।

यो घटना पछाडि यस्ता धेरै घटनाहरूमा सयौँ र हजारौँ मानिसहरू परिवर्तन भए। यसरी हप्तैपिच्छे सेवा सञ्चालन गरी नौ महिना बिताउनुभयो, र लन्डनको सबै भागबाट हजारौँ मानिसहरू आए, र परिवर्तन भए।

डा. क्याम्बेलले फिनीलाई एउटा विद्यालयमा प्रचार गर्न लैजानुभयो; त्यो सेवाको परिणाम स्वरूप धेरैजना विद्यार्थीहरू पछिको समयहरूमा उहाँको मण्डलीमा आउन थाले। फिनी भन्नुहुन्छ: "मानिसले तुरुन्तै निभाउनुपर्ने कर्तव्यको बारेमा स्पष्ट रूपमा उनीहरूलाई सिकाउने कुरामा बेलायतको सेवकहरू धेरै नै अन्धो भए। सेवकहरूले पापीहरूको बारेमा प्रचार गर्छन्, तर तिनीहरूले तुरुन्तै पश्चात्ताप गर्नुपर्छ भनी परमेश्वरले दिएको आज्ञालाई जोड नदिँदा सेवा खेर गयो।"

श्रीमती एलिशबेत चार्ल्स फिनीले (फिनीको श्रीमती) दिदीबहिनीहरूको सभामा बोल्न निम्तो पाउनुभएको थियो, तर धेरैजना दाजुभाइहरू पनि त्यसमा सहभागी हुन आएका थिए, र सभाले यति असल परिणाम ल्यायो कि उहाँलाई अरू धेरै ठाउँहरूबाट निम्तो आयो; यसरी उहाँ नसोचेको तरिकाले परमेश्वरको कामभित्र खिचिनुभयो।

फिनीले गल्ती स्वीकार्नु र त्यसको क्षतिपूर्ति गर्नु भन्ने कुराको बारेमा धेरै प्रचार गर्नुभयो; त्यसले धेरैको विवेकलाई घोच्यो र मानिसहरूले सबै प्रकारको अपराधलाई स्वीकार गरे र हजारौँ पाउण्ड स्टेर्लिङ क्षतिपूर्तिको रूपमा तिरे।

सन् १८५१ को अप्रिल महिनामा ओबेर्लिन कलेजमा उहाँको आवश्यकता भएकाले उहाँ धेरै अनिच्छुकतासहित बेलायतबाट अमेरिका फर्किन जहाजमा चढ्नुभयो। उहाँको सेवाबाट उद्धार पाएको एउटा ठूलो भीड र साथीहरूले उहाँलाई बिदा दिन आएका थिए।

**हार्टफोर्ड**

सन् १८५१ को हिउँदमा फिनीले हार्टफोर्डबाट निम्तो पाउनुभयो। त्यस सहरका मानिसहरू सानो-सानो कुराहरूलाई पनि ध्यान दिने र सजिलोसँग बुझाउन नसक्ने खालका थिए, र पापीहरूलाई मानिसको डर नमानीकन साझा रूपमा परमेश्वरलाई ग्रहण गर्न निम्तो दिन सेवकहरू डराउँथे। फिनीले यी सबै बन्धनहरू तोडिदिनुभयो, र अगाडि आएर घुँडा टेकेर परमेश्वरलाई ग्रहण गर्ने निम्तो दिनुभयो।

एउटा सरकारी विद्यालयमा जागृति सुरु भयो। विद्यार्थीहरूले आफू दोषी भएको महसुस यतिसम्म गरे कि तिनीहरूले पढ्नै सकेनन्, र आफ्नो शिक्षकलाई प्रार्थना गरिदिनुहुन बिन्ती गरे, तर उहाँ इसाई हुनुहुन्न थियो। यो कुराले शिक्षकको हृदयलाई छोयो, र उहाँले पापको महसुस गरेर उद्धार पाउनुभयो; त्यसपछि आफ्नो विद्यालयलाई ख्रीष्टमा डोर्‍याउनुभयो। त्यहाँबाट उद्धार पाएकाहरूको बीचबाट कांग्रिगेस्नल मण्डलीहरूमा मात्रै छ सयजना थपिए।

## सिरकुस (सन् १८६२-१८६३)

त्यसपछिको हिउँदलाई उहाँले सिरकुसमा बिताउनुभयो। फिनीले प्रचार गर्न सुरु गरेको लामो समय नबित्दा नै सुकेका हड्डीहरू हल्लिन थाले। कांग्रिगेस्नल मण्डलीको मुख्य सदस्यहरू, आफू परमेश्वरबाट बरालिएको अवस्थामा जिएको कुरा र आफ्नो पापलाई एक-अर्कासित साथै साझा रूपमा स्वीकार गर्न थाले; साथै एक-अर्काप्रति भएको गलत धारणाहरूलाई मानिलिए। चाँडै नै धेरै मानिसहरूले उद्धार पाउन थाले र मण्डलीहरू खचाखच भए। प्रस्वीटेरीयन मण्डलीहरूले पनि आफ्नो ढोका खोले, र चारैतिर उद्धारको काम फैलियो। दिदीबहिनीहरूको सभाहरूमा श्रीमती एलिशबेत फिनीले पनि उत्तम सफलता पाउनुभयो।

## वेस्टेर्न (१८६४-१८६६)

तीस वर्षपछि, एउटा सुसमाचार प्रचारकको रूपमा आफूले सेवा सुरु गरेको न्यु योर्क प्रान्तको वेस्टेर्नमा फिनी आउनुभयो, र सेवा सुरु गर्नुभयो।

भक्तिसाथ जिउने एउटा परिवारमा जन्मेको एकजना जवान मानिसले "समुद्री डाँकूको आफ्नै किताब" भन्ने नाउँको एउटा किताब पढ्यो, जुन किताबले उसको दिमागमा एउटा अनौठो प्रभाव ल्यायो। आफू एउटा इतिहासले नदेखेको समुद्री डाँकू बन्नु पर्छ र सबै प्रकारको लुटको काम गर्नुपर्छ भनी लक्ष्य उसले बोक्यो, तर उसले पाएको धार्मिक शिक्षा उसको लागि बाधा थियो। उसको आमा-बुवाको प्रार्थना उसको सामु आयो र ऊ अगाडि बढ्न सकेन। पवित्र आत्मालाई दु:खित तुल्याएर निभाउन सक्छ, र त्यसपछि पापको महसुस हुँदैन भनी उसले सुनेको कुरा सम्झेर उसले पवित्र आत्मालाई निन्दित तुल्याउन सुरु गर्‍यो। केही समय पछाडि कुनै

अपराधको काम गरेर आफूमाथि पर्ने असर कस्तो हुन्छ भनी हेर्नको लागि एउटा विद्यालय भवनलाई आगोले जलायो।

फिनीको सभाहरूलाई विरोध गर्दै उसले भन्थ्यो: "न फिनीले, न नरकले मलाई परिवर्तन गर्न सक्छ।"

त्यो सत्य नै हो; दुवैले उसलाई परिवर्तन गर्न सकेन। तर उसले परमेश्वरलाई त्यो हिसाबभित्र ल्याएन। उसको भक्ति गर्ने आमा-बुवाको प्रार्थनाको कारण पवित्र आत्माले उसमा बलियो रूपमा काम गर्नुभयो। ऊ अन्तमा फिनीलाई भेट्न आयो, उसको मुहार झन्डै बौलाएको मानिसको जस्तै थियो। ऊ काम्दै वरिपरिको सामानहरूमा ठोकिँदै कोठाभित्र आयो। ऊ थाम्न सकेसम्म परमेश्वरको विरोधमा खडा भए, र अन्तमा ख्रीष्टमा आफैलाई समर्पण गऱ्यो। फिनीले उसको अनुमतिसाथ उसको पाप र अपराधलाई मानिसहरूको बीचमा बताउनुभयो। परमेश्वरले त्यो घटनालाई अरूको हृदय पग्लाउन प्रयोग गर्नुभयो, र त्यसद्वारा अरूलाई पनि उद्धारमा डोऱ्याउनुभयो।

**राचेष्टर (सन् १८५५ को शरद ऋतु)**

सन् १८५५ को शरद ऋतुमा राचेष्टरमा भएको कुनै मानिसहरूले जागृतिको लागि परमेश्वरको उपस्थितिमा प्रार्थनामा लडे, र अन्तमा विजय पाए। तिनीहरूले त्यो सहरमा आएर परिश्रम गर्नको लागि तुरुन्तै आउन फिनीलाई निमन्त्रणा दिए। उहाँ जान आनाकानी गर्नुभयो। उहाँलाई भेट्न आएका दाजुभाइहरूले ठूलो विश्वाससहित भने, "प्रभुले तपाईंलाई राचेष्टरमा पठाउँदै हुनुहुन्छ, र तपाईं यो हिउँदमा राचेष्टरमा जानुहुन्छ र हामी सबैले एउटा ठूलो जागृतिलाई देख्नेछौँ।" फिनी आनाकानी गर्दै जानुभयो, तर उहाँ त्यहाँ पुगिसकेपछि, यी सबै परमेश्वरबाट आएको थाहा पाउनुभयो। कांग्रिगेस्नल, प्रस्वीटेरीयन, ब्याप्टिस्ट र मेथोडिस्ट, यी सबै मण्डलीहरू एकतामा आए। चाँडै सर्वोच्च अदालतको दुईजना न्यायाधीशहरू, उच्च अदालतको दुईजना न्यायाधीशहरू र वकिल निकायको सदस्यहरूबाट परमेश्वरको नैतिकताको शासनको बारेमा शिक्षा दिन निमन्त्रणा आयो। फिनीले स्वीकार गर्नुभयो, र "परमेश्वरको दृष्टिमा हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउनु" भन्ने पदबाट

प्रवचन दिँदै उहाँले यी कुराहरू देखाउनुभयो:
१. हरेक मानिसमा विवेक छ;
२. हरेक मानिसलाई आफूपरमेश्वरको विरोधमा पापी छु भनी थाहा छ;
३. यसैले उसलाई पापी ठहराउन परमेश्वर बाध्य हुनुहुन्छ;
४. हरेक मानिसको विवेकले उसलाई पापी ठहराएको आफैलाई थाहा हुन्छ।

धेरैको हृदयलाई यो कुराहरूले छोयो। फिनी हरेक रात यी कुराहरूलाई अझै व्याख्या गर्दै जानुभयो; उनीहरूलाई विवेकले दोषी ठहराएको अवस्थामा, कानुनमुनि अनन्त मृत्युको फैसला भएको स्थितिमा छोडिराख्नुभयो। ख्रीष्टबाहेक कुनै आशा नभएको अवस्थामा, उनीहरूलाई पुऱ्याउनुभयो, र अन्तमा ख्रीष्टलाई उनीहरूको अगाडि राख्नुभयो। वकिलहरूको हृदय फुट्यो; उनीहरू सबैले परमेश्वरको हातमा आफैलाई दिए।

यसरी पहिलेको दुईवटा जागृतिहरू जसरी नै काम उच्च ओहोदाको मानिसहरूको बीचबाट सुरु भएर सबै ओहोदाको मानिसहरूको बीचमा फैलियो। व्यापारीहरूले आफ्नो कामदारहरूलाई सभामा सहभागी हुन व्यवस्थापन गरे। काम यति साझा रूपमा फैलियो कि पसलहरू, बैंकहरू, सडकहरू, साझा यातायात जस्तै मानिसहरू भेला हुने हरेक ठाउँमा बातचितको कुरा यही थियो। त्यो सहरमा भएको दिदीबहिनीहरूले सबै ओहोदाको मानिसहरूलाई सभामा लिएर आए, र ख्रीष्टकहाँ डोऱ्याउनको लागि सक्दो प्रयास गरे। रेलमार्गमा काम गर्नेहरू धेरैले उद्धार पाए, कामदारको चासो यति बढी थियो, कि आइतबारको प्रायः कामहरू बन्द हुन्थ्यो। पहिलेको जसरी नै जागृति गाउँ-सहरहरूमा फैलियो।

राचेष्टरको बारेमा फिनीले यसरी लेख्नुभयो: "अरू कुनै पनि ठाउँमा राचेष्टरमा जसरी आनन्दसाथ प्रचार गरेको थिइनँ। तिनीहरू धेरै बुद्धिमानी थिए, र सत्यलाई बुझ्न उत्कट थिए, साथै इमानदारीसाथ न्याय गर्थे, यस्तो अवस्था अरू कुनै पनि ठाउँमा मैले देखेको थिइनँ। योभन्दा बढी शिक्षित मानिसहरू रहने ठाउँहरूमा पनि मैले परिश्रम गरेको छु, तर तिनीहरू परम्परागत संस्कारलाई मान्ने र सजिलै चित्त बुझाउन नसक्ने खालका मानिसहरू थिए, र पवित्र आत्माले शक्ति र स्वतन्त्रतासाथ काम गर्न सक्नुभएन।"

१४

# बास्टन, बेलायत, स्कटल्याण्ड र ओबेर्लिनमा जागृति - फिनीको जीवनको अन्तिम समयहरू

सन् १८५६ को शरद ऋतुमा बास्टनमा आउने निम्तो पाउनुभयो। पार्क स्ट्रिट कांग्रिगेस्नल मण्डलीमा परिश्रम सुरु गर्नुभयो। आराधना सेवा अन्त भइसकेपछि पास्टरले भन्नुभयो: "श्रीमान् फिनी, मेरो मण्डलीको सदस्यहरूको लागि यो प्रचार जति आवश्यक छ, त्यति नै मलाई पनि आवश्यक छ भन्ने कुरालाई तपाईंले थाहा पाएको म चाहन्छु। मेरो आत्मिक अवस्थाको बारेमा लामो समयदेखि म अति नै असन्तुष्ट छु, र मैले तपाईंलाई निम्तो दिएको मुख्य कारण मेरो प्राण साथै मण्डलीको सदस्यहरूको प्राणको लागि पनि हो।" फिनीले उहाँसँग धेरैपटक लामो बातचित गर्नुभयो। एक दिन बेलुकी प्रार्थना सभामा पास्टरले आफ्नो अनुभवहरूलाई उदाहरणको रूपमा बताउँदा त्यो दिन आफू उद्धार पाएको कुरालाई बताउनुभयो।

सन् १८५७ देखि १८५८ को समयहरूमा फिनी फेरि बास्टनमा आउनुभएको थियो, र एउटा महान् जागृति उत्तरीय प्रान्तहरूमा फैलिरहेको थियो। यो यति शक्तिशाली थियो, कि एक हप्तामा पचास हजार मानिसहरू उद्धार पाएको हुनुपर्ने भनी अनुमान गरियो। यो जागृतिको विशेषताचाहिँ यो साधारण विश्वासीहरूको प्रभावद्वारा नै फैलिरहेको थियो, झन्डै सेवकहरू ओझेलमा परे। दैनिक प्रार्थना सभाहरू बास्टनमा सुरु भएर धेरै वर्षहरूसम्म सञ्चालन भयो। शरद ऋतुमा त्यो महान् जागृति फैलिनुभन्दा अगाडि, फल्टन स्ट्रिट न्यु योर्कमा सुरु भएको प्रार्थना सभाले पचास वर्षभन्दा बढी समयसम्म निरन्तरता पायो। यस्ता प्रार्थना सभाहरू उत्तरीय

प्रान्तहरू सबैमा फैलिएको थियो। फिनीलाई बास्टनमा भेटेको एकजनाले भन्नुभएको थियो: "म नेभ्रास्का प्रान्तको ओमाहा सहरबाट आएको हुँ। मैले पूर्वतिर यात्रा गर्दा झन्डै दुई हजार माइल टाढासम्म यस्ता प्रार्थना सभाहरू सञ्चालन भइरहेको देखेँ।"

एउटा मध्यान्ह को प्रार्थना सभा वल्ड साउथ चर्चमा सुरु भयो, र भीडले भऱ्यो र धेरैले भित्र ठाउँ नै पाएनन्। सहरको अरू ठाउँहरूमा पनि दैनिक प्रार्थना सभाहरू सञ्चालन भए। श्रीमती एलिशबेत फिनीले दिदीबहिनीहरूको लागि दैनिक सभाहरू पार्क स्ट्रिटमा सञ्चालन गर्नुभयो।

बास्टन, चार्ल्सटउन, चेल्सी र पूर्व बास्टन, यी सबै ठाउँहरूमा फिनीले प्रचार गर्नुभयो। उद्धार पाएकाहरूलाई गन्न नसक्ने गरी जागृति ठूलो थियो। सबै ओहोदाका मानिसहरूले परमेश्वरलाई खोज्न थालेका थिए।

फिनी लेख्नुहुन्छ: "यो जागृति प्रायः प्रार्थना सभाहरू र व्यक्तिगत परिश्रमहरूद्वारा अगाडि बढिरहेको थियो। सेवकहरूले यसलाई विरोध गरेनन्; तर सबैको मनमा यस्तो लागे जस्तो देखिन्थ्यो, 'कठोर हुने गरी शिक्षा पाइ सक्यौँ; अब समयचाहिँ प्रार्थना गर्नको लागि।' यी प्रार्थनाहरूको उत्तर स्वरूप स्वर्गको झ्यालहरू खोलिए र पवित्र आत्मा बाढी जस्तै गरी बग्नुभयो।" द न्यु योर्क त्रिभ्यूनले जागृतिको बारेमा थप पानाहरूमा प्रकाशन गर्थ्यो।

फिनीले बास्टनमा परिश्रम गरिरहेको हुँदा, प्रख्यात युनिटेरीयन सिद्धान्तको प्रचारक थियोडर पार्करले फिनीको कामलाई रोक्ने प्रयास गर्नुभयो। फिनीले धेरैपल्ट पार्करलाई भेट्न घरमा नै जानुभयो, तर पार्करले, घरमा हुँदा–हुँदै पनि उहाँलाई भेट्न मान्नुभएन। बातचितद्वारा पार्करको ईश्वरशास्त्रमा भएको गल्तीलाई देखाउनु फिनीको विचार थियो। फिनीको सभामा गहिरो प्रभावमा परेर उद्धार पाएकाहरूलाई पार्करले ख्रीष्टबाट फर्काउनुहुन्थ्यो। सबै सम्प्रदायको इसाईहरू मिलेर एउटा विशेष प्रार्थनाको दिन तोके, र परमेश्वरले पार्करलाई परिवर्तन गर्नुपर्छ अथवा उसको प्रभावलाई नाश गर्नुपर्छ, ताकि पापीहरूले उद्धार पाउन सकोस् भनी प्रार्थना गरे। पार्क स्ट्रिट मण्डलीमा चालीसजना जति भेला भएर उत्तर नपाउन्जेल प्रार्थना गरिरहे। एकजना अचानक कराउनुभयो, "मैले

पाएँ; परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुँदो रहेछ!" त्यो समयदेखि सबै कुरा बदल्यो। पार्कर अस्वस्थ हुनुभयो, उपचारको लागि युरोपतिर जानुभयो, तर कहिल्यै फर्कनुभएन। इटालीको फ्लोरेन्समा बित्नुभयो।

फिनीले अब विगतको तीस वर्षदेखि देशभरि जागृतिलाई फैलाउँदै हुनुहुन्छ। उहाँको जागृतिको प्रवचनहरू धेरैले पढे। हजारौँ सेवकहरूले, कसरी आत्मा जित्ने भनी उहाँबाट सिके। जागृति ल्याउनको लागि के गर्नुपर्छ भनी उहाँहरूलाई थाहा थियो, र बाटो खोज्नेहरूसँग कसरी व्यवहार गर्नुपर्छ भन्ने पनि उहाँहरूलाई थाहा थियो। यो सेवाको महत्त्व बुझेर परिश्रम गर्ने सेवकहरू तयार भएको हुँदा फिनी फेरि एकपल्ट बेलायतमा यहाँको जस्तै एउटा जागृति सुरु हुन सक्छ कि भनी हेर्न जाने निर्णय गर्नुभयो।

**बेलायत (सन् १८५८-१८५९)**

उहाँ डिसेम्बर महिनामा लिवरपूल जानुभयो। उहाँलाई फेरि पनि हौटन र सेन्ट अइवेसमा परिश्रम गर्न बोलाउन श्रीमान् ब्रउन लिवरपूलमा आउनुभएको थियो। त्यहाँको सेवकले मादक पदार्थहरूलाई धेरै प्यार गर्नुहुन्थ्यो, र यी सबैबाट अलग हुनुपर्छ भन्ने सिद्धान्तलाई धेरै विरोध गर्नुहुन्थ्यो। फिनीको प्रचारको विरोधमा उहाँ लामो समय खडा हुन सक्नुभएन, त्यो ठाउँ छोडेर जानुभयो। धेरै मानिसहरूले उद्धार पाए, र तिनीहरू मिलेर एउटा नयाँ मण्डलीको स्थापना गरे। फिनी त्यहाँबाट लन्डनमा जानुभयो, र त्यहाँ पनि परमेश्वरले त्यसरी नै काम गर्नुभयो।

फिनीको प्रचारहरू तर्कपूर्ण भएको देखेर बेलायतका सेवकहरूले आश्चर्य माने। डा. क्याम्बेलले पनि यो अझै शंकालाई बढाउँछ, भलाइ ल्याउँदैन भनी भन्नुहुन्थ्यो।

फिनी भन्नुहुन्छ: "म आफै पनि उद्धार पाउनुभन्दा अघि तर्क पूर्ण प्रचार पुलपिटबाट आएको चाहन्थेँ, त्यो अनुभवले मेरो प्रचारको जीवनमा ठूलो प्रभाव पारेको छ। प्रचारकहरूले प्रमाणित गराउनु पर्ने कुराहरूलाई वास्ता नगरीकन जबरजस्ती गर्दा सोच्ने दिमाग भएको मानिसलाई कस्तो हुन्छ भनी मलाई थाहा छ। त्यसै भएकाले त्यस्ता मन भएको मानिसहरूको

आवश्यकतालाई पूरा गर्न धेरै परिश्रम गरेँ। उद्धार पाउनुभन्दा अगाडि मेरो समस्याहरू कस्ता थिए भनी मलाई थाहा छ; यसैले बुद्धिजीवी मानिसहरूको आवश्यकतालाई पूरा गर्न म परिश्रम गर्छु।" डा. क्याम्बेलले फिनीको सेवाद्वारा उद्धार पाएकाहरूलाई जाँचिसकेपछि आफ्नो भूललाई स्वीकार गर्नुभयो।

एकजना चिकित्सकले थोरै समयको विश्रामको लागि फिनीलाई हन्टिङ्टनमा भएको आफ्नो घरमा बोलाउनुभयो। उहाँले थोरै दिन मात्र विश्राम लिनुभयो। आत्माहरूप्रति भएको तृष्णाले उहाँमा काम गऱ्यो; त्यो जलिरहेको आगोलाई उहाँले बन्द गरी राख्न सक्नुभएन। हन्टिङ्टनमा जागृति सुरु भयो; चिकित्सकको पूर्ण परिवारले उद्धार पाए, विशेष गरी उहाँको शंकालु छोरा पनि, जो आफै पनि चिकित्सक हुनुहुन्थ्यो, उद्धार पाउनुभयो, साथै अन्य धेरै मानिसहरूले पनि उद्धार पाए। उद्धार पाएका तिनीहरू सबै मिलेर एउटा नयाँ मण्डली सुरु गरे।

**एडिन्बर्ग- स्कटल्याण्ड**

उहाँले तीन महिना यहाँ सेवा गर्नुभयो, प्रायः समयहरू त्यो सहरको ठूलो भवन भएको डा. किर्कको मण्डलीमा बिताउनुभयो। परमेश्वरले पवित्र आत्मा खन्याउनुभयो, र पास्टर रात-दिन उद्धार पाउनेहरूको बीचमा परिश्रम गर्न व्यस्त हुनुभयो। श्रीमती एलिशबेत फिनीको काम पनि आशिषित भयो। उहाँले, श्रीमती किर्कको (पास्टरको श्रीमती) साथ मिलेर दिदीबहिनीहरूको प्रार्थना सभा सुरु गर्नुभयो, जुन सभा धेरै वर्षहरूसम्म सञ्चालन भयो।

**अबेर्दीन- स्कटल्याण्ड**

उहाँ एडिन्बर्गबाट अबेर्दीनमा आउनुभयो। त्यहाँ फिनीले श्रीमान् फेर्गुसनको मण्डलीमा सेवा गर्नुभयो, जो साम्प्रदायिक पूर्वाग्रहको बन्धनमा थियो, जुन कुरा स्कटल्याण्डभरि नै बलियो रूपमा थियो। पूर्वाग्रहको बन्धनहरू तोडिँदा आत्मिक आशिष् सबै सम्प्रदायको बीचमा बग्न थाल्यो; अरू मण्डलीहरूले पनि फिनीलाई निम्तो दिन थाले। फिनी त्यहाँबाट बाल्टन जानुभयो।

**बाल्टन**

बाल्टन एउटा ठूलो सहर थियो, वरिपरि कारखानाहरू बढी भएको कारण जनसङ्ख्या पनि बढी थियो। फिनी यहाँ आइपुग्दा परमेश्वरको काम तुरुन्तै सुरु भयो। पहिलो दिनको बेलुकी उहाँ जुन घरमा बस्नुभएको थियो, त्यो घरको श्रीमान्, श्रीमती र नोकरहरू सबैले उद्धार पाए। तेस्रो दिन आफ्नो अवस्थाको बारेमा सोधपुछ गर्न आएकाहरूले मण्डली भऱ्यो। त्यो सहरको सबैभन्दा ठूलो हललाई भाडामा लिएर सेवा सञ्चालन गर्दा मानिसहरूको भीडले त्यो हल पनि भऱ्यो। परमेश्वरले आफ्नो आत्मा शक्तिशाली रूपमा खन्याउनुभयो, र दाजुभाइहरू दुई–दुईजना गरेर सहरभरिको मानिसहरूलाई बोलाउन गए। बाल्टन, जोन वेस्लीले (John Wesley) परिश्रम गरेको ठाउँहरू मध्येमा, उहाँलाई मनपर्ने ठाउँ थियो, र त्यहाँ पहिलेदेखि नै असल सेवा र बलियो मण्डलीहरू थिए। अन्य अरू सम्प्रदायभन्दा यिनीहरूको प्रभाव बढी थियो। फिनीले त्यो ठाउँमा अति उत्तम सेवकहरू भेट्टाउनुभएको थियो।

फिनीले बाल्टनको बारेमा लेख्नुभएको एउटा कुरा प्रचारकहरू र सेवकहरूको लागि उपयुक्त हुन्छ। फिनीले लेख्नुभयो: "पापीहरू पश्चात्ताप गर्दै अगाडि आउँदा, मेथोडिस्ट दाजुभाइहरूले भावनात्मक भएर धेरै ठूलो आवाजसहित प्रार्थना गरिरहे। केही समयसम्म यी कुराहरूलाई म यसरी नै हुन दिएँ, ताकि मैले उनीहरूलाई केही बताएर पवित्र आत्मालाई दु:खित तुल्याउने ठाउँमा उनीहरूलाई पुऱ्याउन नपरोस्। उनीहरूको विचारअनुसार जति बढी उत्तेजना प्रकट भयो, त्यति छिटो काम अगाडि बढ्छ, त्यसै भएकाले बेन्चलाई ठटाएर, धेरैजना मिलेर ठूलो स्वरले प्रार्थना गर्थे। अगाडि आएकाहरूको ध्यानलाई यो कुराले अलमलायो भनी मलाई थाहा थियो। आफ्नो अवस्थाको बारेमा चिन्तित भएर सोधपुछ गर्न आउनेहरूको सङ्ख्या क्रमश:साथ बढ्दै गए तापनि अरू ठाउँमा मैले देखेँ जसरी उद्धार पाएकाहरूको सङ्ख्या बढेन।"

"मेथोडिस्ट दाजुभाइहरूसँग मेरो राम्रो परिचय नभएसम्म, दुई–तीन हप्तासम्म यी कुराहरूलाई यसरी नै हुन दिएँ, र एक दिन बेलुकी मानिसहरूलाई अगाडि बोलाउनुभन्दा अघि, मेथोडिस्ट दाजुभाइहरूलाई हामीले फरक तरिका अपनाउनुपर्छ भनी बताएँ । उनीहरूलाई मैले बताएँ,

कि अगाडि आउनेहरूलाई शान्त वातावरणमा सोच्ने समय दिनुपर्छ। उनीहरूले ध्यानसित सुनेर र बुझेर उद्धार पाउनुपर्छ भनी हामी चाहन्छौँ भने कुनै गोलमालविना एउटै आवाजले सिकाउने र प्रार्थना गर्ने काम गर्नुपर्छ। मेरो सल्लाह मानेर परिणाम कस्तो हुँदो रहेछ भनी हेर्न मेथोडिस्ट दाजुभाइहरू सहमत हुनुहुन्छ कि भनी उहाँहरूलाई सोधेँ। उहाँहरू सहमत भए र उहाँहरूको विचारभन्दा यो तरिका अलि फरक भएकाले सुरुमा अलिकति उहाँहरू निराश भए, तर मलाई लाग्छ कि हरेक बेलुकी सभामा उत्तेजना कम भए तापनि उद्धार पाउनेहरूको सङ्ख्या बढ्दै गएको देखेर उहाँहरू सन्तुष्ट भए।"

फिनी बाल्टनमा तीन महिना रहनुभयो, र काम शक्तिशाली रूपमा सबै ओहोदाको मानिसहरूको बीचमा फैलियो, र मान्चेष्टरमा पनि सेवाले धेरै उत्साह ल्यायो, र सभामा सहभागी हुनको लागि त्यो सहरबाट धेरै सङ्ख्यामा मानिसहरू आए। एउटा कपास कारखानाको मालिकले आफ्नो कामदारहरूको लागि प्रचार गर्न फिनीलाई निम्तो दिनुभयो। फिनीले प्रचार गर्नुभयो, र त्यो दिनको मध्यान्ह साठ्ठीजनाले उद्धार पाए। एक दिन बेलुकी फिनीले पाप स्वीकार गर्नु र क्षतिपूर्ति गर्नुको बारेमा प्रचार गर्नुभयो। सुनेकाहरू मध्येमा एकजनाले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नुपर्छ भन्ने वचनअनुसार आफूले गरिनँ भनी बुझेर दुईजना बिचको एउटा घटनाको लागि पचहत्तर सय डलर क्षतिपूर्ति गर्नुभयो। अर्को एउटा घटनामा अर्को एकजनाले तीस हजार डलर क्षतिपूर्ति गर्नुभयो।

**मान्चेष्टर**

सन् १८६० मा फिनी बाल्टनबाट मान्चेष्टरमा आउनुभयो। बाल्टनमा भए जसरी मेथोडिस्ट र कांग्रिगेस्नल सम्प्रदायका दाजुभाइहरूले यहाँ एकमनले काम गरेनन्, र त्यसले पवित्र आत्मालाई दु:खित तुल्यायो र कामलाई कमजोरी तुल्यायो। तर सभाहरूमा चिन्तित भएर सोधपुछ गर्न आउनेहरूको सङ्ख्या बढी नै थियो, र धेरैले पश्चात्ताप गरेर उद्धार पाउनुभयो, तापनि परमेश्वरको वचन र आत्माले शक्तिशाली रूपमा काम गर्नको लागि मौका पाएन।

फिनी र उहाँको श्रीमतीले अगस्ट महिनासम्म मान्चेष्टरमा समय

बिताएपछि सबैबाट बिदा लिएर घर फर्किनुभयो।

फिनी अब साठ्ठी वर्ष पुगिसक्नुभएको थियो। विगतको चालीस वर्षहरू उहाँले धेरैजनाले गर्नुपर्ने ठूलो कामलाई एक्लै गर्दै आउनुभयो, पूर्ण रूपमा थाकिसक्नुभएको थियो, र विश्रामको आवश्यकता थियो। उहाँ घरमा आउँदा धेरै सङ्ख्यामा नयाँ विद्यार्थीहरू र सहरमा नयाँ नागरिकहरू भएको भेट्टाउनुभयो, र जागृतिको ठूलो आवश्यकता त्यो ठाउँमा थियो। जागृतिको लागि चाहिने परिश्रम तुरुन्तै सुरु गर्नुपर्छ भन्ने विचारमा त्यहाँका दाजुभाइहरू थिए। फिनीले त्यो परिश्रम चार महिनासम्म गर्नुभयो, अन्तमा जागृतिले कलेज र सहरलाई पूर्ण रूपले ढाक्यो। उहाँले कहिल्यै नदेखेको एउटा शक्तिशाली सभालाई देख्ने मौका पाउनुभयो, र त्यति बेला उहाँलाई चिसोले असर पार्‍यो, त्यसपछि उहाँ तीन महिना अस्वस्थ हुनुभयो।


फिनीले सन् १८६० सालपछि बाहिरी देशहरूमा जागृतिको लागि परिश्रम गर्न आफूले नसक्ने अनुभव गर्नुभयो, तर आफ्नो ठाउँमा उहाँलाई धेरै परिश्रम गर्नुपर्ने नै थियो। उहाँले कलेजमा ईश्वरशास्त्र पढाउनुहुन्थ्यो, साथै पन्ध्र सयजना भएको मण्डलीमा आइतबारको दिनमा दुईवटा प्रचार गर्नुहुन्थ्यो, जुन काम उहाँले एघार वर्षसम्म गर्नुभयो, सन् १८७१ सम्म।

सन् १८६५ देखि १८६६ भित्र अर्को एउटा शक्तिशाली जागृति ओबेर्लिन उच्च विद्यालयमा भयो, सयौँ विद्यार्थीहरूले उद्धार पाए।

फिनीले हरेक वर्ष विद्यार्थीहरूलाई एउटा विषयसम्बन्धी प्रवचन दिनुहुन्थ्यो। उहाँले फस्ट कांग्रिगेस्नल चर्चको पास्टरको पदलाई र ओबेर्लिन उच्च विद्यालयको जिम्मेवारीलाई सन् १८७२ मा त्याग्नुभयो, तर सन् १८७५ को जुलाई महिनासम्म उच्च विद्यालयसँगको आफ्नो सम्बन्धलाई कायम राख्नुभयो, र वर्षैपिच्छे एउटा विषयसम्बन्धी प्रवचन दिने काम गरिरहनुभयो। उहाँको जीवनको अन्तिम महिनामा शबाथ दिनको बिहान फस्ट कांग्रिगेस्नल मण्डलीमा प्रचार गर्नुभयो। उहाँ त्यति बेला त्रियासी वर्ष पुग्नुभएको थियो, वृद्ध, नरम, कोमल र उज्ज्वल र असल गुणहरूको सुन्दरताले भर्नुभएको थियो।

उहाँको जीवनको अन्तिम दिन शबाथको दिन (आइतबार) थियो, जुन

दिनलाई उहाँले आफ्नो परिवारको बीचमा बिताउनुभयो। बेलुकीको सेवा मण्डलीमा सुरु हुने बेला संगतिको आवाजहरूको बीचमा सूर्य अस्ताउने बेलामा आफ्नो श्रीमतीसँग बाहिर हिँडिरहनुभयो। "त्यति बेला पनि उहाँ एउटा जवान मानिस जस्तै सीधा उभिनुहुन्थ्यो, उहाँको सोच्ने क्षमता उल्लेखनीय थियो, र अन्तसम्म उहाँको सोच्ने क्षमता घटेको थिएन। त्यो दिन बेलुकी घरमा विश्राम गर्दा मुटुमा एउटा दुखाइको अनुभव गर्नुभयो, केही घण्टाहरूको दुखाइपछि सूर्य उदाउँदा, सन् १८७५ अगस्ट १६ तारिखमा उहाँको देहान्त भयो। यसरी पूर्ण समर्पणतामा ख्रीष्टको लागि अन्धकारको शक्तिहरूसँग लडन्तमा जिएर लाखौँलाई ज्योतिमा ल्याएको जीवन शान्त पूर्ण रूपमा अन्त भयो; त्यो शताब्दीको शक्तिशाली धार्मिकताको प्रचारक र आत्मा जित्नुमा सफलता हासिल गरेका सेवक भन्ने इनाम उहाँको साथमा गयो।"




चार्ल्स फिनीको चिहान ढुङ्गो